ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



## किरण पुस्तकालय

तम्घास, गुल्मी




लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री
माननीय धनेन्द्र कार्कीलाई 'हाम्रो पुरुषार्थ' पत्रिका प्रदान ।




लुम्बिनी प्रदेशसभाका सदस्य माननीय डिल्लीराज भुसालबाट
किरण पुस्तकालयलाई रु. एक लाखको चेक हस्तान्तरण ।



सिक्किम, सोरेङ निवासी सन्त श्री रामचैतन्य दाससहितका सन्तहरूलाई सन्त शशिधर स्वामीको
'बाणोपनिषद्'सहित पुस्तकालयका अन्य प्रकाशनहरू हस्तान्तरण ।

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)

❑ वर्ष : ५२ ❑ अङ्क : १ ❑ सम्पूर्णाङ्क : १०४ ❑ कात्तिक-पुस, २०८१

**सम्पादक**

शशि पन्थी

**सह-सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

## किरण पुस्तकालय

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७, ९७६९२९७७८७)

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य : रु.१५०/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९-५२०४५०*

*E-mail : spgulmi 33@gmail.com*

आवरण : राष्ट्रपति भवनमा प्रेस काउन्सिल नेपालको ५५ औं वार्षिकोत्सवको अवसरमा 'हाम्रो पुरुषार्थ'सहित पुरस्कृत हुने विभिन्न पत्रकारहरू

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

*काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

*पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

*रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

*चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

*दाङ प्रतिनिधि*

**प्रा.डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

*पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

*विदेश प्रतिनिधि*

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
**फोन नं. +१७०२-४२८-५५४०**

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

सम्पादकीय

# पृथ्वीलाई सम्झेर

- टुक्राटुक्रामा विभाजित यस हिमवत्खण्डलाई जसले एकताको सूत्रमा उन्यो । जसले सजायो यस सुन्दर फूलबारीलाई । जसले जोड्यो मनहरूलाई विशाल राष्ट्रको भावनामा । जसले चिनायो राष्ट्रको शान र मानलाई । जसले त्यस युगमा पनि सुशासन र देशोन्नतिको सपना देख्यो । त्यस्तो पृथ्वीलाई हामी आज पनि राष्ट्रिय एकताको शान र मान भनेर सम्झिरहन्छौं ।

- देशहरू मेटिइरहेका थिए । मिसिइरहेका थिए - साम्राज्यमा । पहिचान र मान मिचिइरहेका थिए - देशका । हामी यता बाइसी-चौबीसी बनेर आपसमा लडिरहेका थियौं । लडेर दुर्बल बनिरहेका थियौं । भारत जितेर निस्किरहेको थियो अंग्रेजी साम्राज्य । समय बुझेर पृथ्वी उठे, वीरहरू जुटे । एउटा एकताको सूत्र उनियो । एउटा अभियान उठ्यो राष्ट्रएकीकरणको । नायक बने पृथ्वी ।

- हरेक राष्ट्रका जगमा बलिदान र वीरताका गाथा छन् । राष्ट्रनिर्माणका पात्रहरू अनेक छन् । सूत्रधार र नायक हुन् पृथ्वी । राष्ट्रनिर्माणमा धेरैको पसिना बगेको छ, रगत बगेको छ । पुस २७ गते राष्ट्रिय एकता दिवस मान्छौं हामी । यस दिवसले ती उज्ज्वल पुर्खाहरूलाई सम्झाउँछ - जसको साना दुःखले यो राष्ट्र बनेको होइन । ठूला दुःखले बनेको हो यो राष्ट्र ।

- पृथ्वीसँग खानी खनेर देश धनी बनाउने चाह थियो । स्वदेशमै कपडा बुनेर देशलाई सम्पन्न र स्वाभिमानी बनाउने चाह थियो । भ्रष्टाचारीलाई दण्ड दिने चाह थियो । उनका यी चाहनाहरू अधुरै रहे आजसम्म । उनका यी सपनाहरू विपना बन्न सकेनन् आजसम्म । युग फेरिए; तन्त्र फेरिए; मन्त्र फेरिए; पात्र फेरिए; पत्र फेरिए तर खोइ अब त कसैले सपना पनि देख्न छाडे ।

- राष्ट्रिय एकता दिवसले हाम्रो यो विविधतामय फूलबारीलाई सुन्दर र समुन्नत बन्ने सन्देश ल्याओस् । राष्ट्रभक्तिको मियोमा हामी जुटौं, घुमौं र देशोत्थानको अनुष्ठानमा लागौं । एकता दिवस र पृथ्वीको सन्देश यहीं हो हामीलाई । देशनिर्मातालाई सम्मान गरौं ।

-ooo-

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| **अन्तर्वार्ता** | | | |
| १. | कसैले भाषाद्रोह गर्नुहुन्न र ... | खगेन्द्रप्रसाद लुइटेल | १ |
| २. | मैले भोगेको पहिलो र अहिलेको ... | पुष्पराज पोखरेल | १४३ |
| **लेख/आलेख/निबन्ध/समीक्षा/टिप्पणी/संस्मरण/जीवनी** | | | |
| १. | श्राद्धसम्बन्धी विशेष जानकारी | डा. लक्ष्मीकान्त पन्थी | २१ |
| २. | एउटा अधुरो यात्रा | शंकरप्रसाद गौतम | ६१ |
| ३. | अर्थात् उसैको बारेमा | दीन पन्थी | ६९ |
| ४. | जीवनका तीन घुम्ती | शेरजंगबहादुर बस्नेत | ७१ |
| ५. | जिल्लामा हवाइ यातायातको ... | इ. सरोजविक्रम कुँवर | ७४ |
| ६. | पं. ऋषिराम पन्थीको मृत्यु-प्रतीक्षा | डा. रामराज पन्थी | १०५ |
| ७. | नोबेल साहित्य पुरस्कार जित्ने... | जयदेव गौतम | ११३ |
| ८. | गुल्मीका एक समाजसेवी ... | कृष्णबहादुर कुँवर | १३० |
| ९. | कवि योगेश्वरको पुस्तकालयबाट | हरिराज भट्टराई | १३७ |
| **कथा/लघुकथा** | | | |
| १. | दुःख/सुख | महानन्द ढकाल | ११२ |
| २. | टइट | सपूत कार्की | १२२ |
| **गीत/कविता/गजल/मुक्तक** | | | |
| १. | पाऊँ आत्मिक चेतना | मुकुन्द शर्मा चालिसे | ५६ |
| २. | मान्छे | थानेश्वर पन्थी | ५९ |
| ३. | फुइँ | नारायण खनाल नीलम् | ६८ |
| ४. | स्वतन्त्रता | गणेशपुण्य श्रेष्ठ | ७० |
| ५. | गुल्मीतिरै पुग्दछु | भरतराज पौडेल | ७३ |
| ६. | रेसुङ्गा | श्रीराम ज्ञवाली | ९६ |
| ७. | गणतन्त्र | कृष्ण पन्थी | ९७ |
| ८. | कलम | गोविन्दप्रसाद घिमिरे 'वेदमणि' | ९८ |
| ९. | बोल्दिनँ म | चरित्रा शाह | ९९ |
| १०. | फुल्छ तब नै, नेपालको यौवन | कृष्णशरण उपाध्याय पौडेल | १०० |
| ११. | नाथे सुन | मित्र गौतम | १०१ |
| १२. | नमस्कार | उषा जोशी | १०३ |
| १३. | हाम्रो झण्डा | भाष्कर गौतम | १०४ |

| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १४. | गजल | लीलाराज दाहाल | ११० |
| १५. | यो देश जाने कता ? | काशीनाथ मिश्रित | १२७ |
| १६. | भाषा सिकौं के गरी ? | विष्णुहरि पौडेल | १२९ |
| १७. | फूलहरू | रामबाबु सुवेदी | १४२ |


**स्थायी स्तम्भहरू**


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | शिवशरण झवाली | १ |
| ३. | अनुभव/अनुभूति | शेरजंगबहादुर बस्नेत | १४३ |
| ४. | पुस्तकालय परिचय | सञ्चमाया तामाङ | १५१ |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | १५५ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १५६ |
| ७. | यताउताबाट | दैनिक निर्णय, हिमालय टाइम्स | १६३ |
| ८. | पाठक-प्रतिक्रिया | सुवास मरासिनी | १६५ |
| ९. | किरण पुस्तकालयका आजीवन सदस्यको परिचय | | १६८ |
| १०. | हाम्रो पुरुषार्थका आजीवन/स्थायी ग्राहकहरूको नामावली | | १७० |


ooo


# हार्दिक अनुरोध !

- **फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।**
- **जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।**
- **सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।**
- **गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।**
- **खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।**

**अनुरोधक**

**छत्रकोट गाउँपालिका**

**चोएगा, गुल्मी**


# आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडाजस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हवा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समयसमयमा बन्द गर्ने गरौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# कसैले भाषाद्रोह गर्नुहुन्न र गर्नेलाई छोड्नु पनि हुन्न ।



✍ **खगेन्द्रप्रसाद लुइटेल**

*(प्राध्यापक डाक्टर खगेन्द्रप्रसाद लुइटेल चर्चित समालोचकका साथै साहित्यकार पनि हुनुहुन्छ । उहाँको जन्म वि. सं. २०१८ पौष २५ गते तेह्रथुम जिल्लाको सोल्मा ९ कालिमाटीमा भएको हो । उहाँले अङ्ग्रेजी विषयमा बी. एड. र नेपाली विषयमा विद्यावारिधिसम्मको अध्ययन गर्नुभएको छ । जागिरे जीवनमा उहाँ त्रिभुवन विश्वविद्यालयमा नेपाली केन्द्रीय विभागको विभागीय प्रमुख पनि हुनुभयो । उहाँका कथा, कविता र निबन्धका अतिरिक्त समालोचनाका प्रशस्त पुस्तकहरू प्रकाशित छन् । एक सयको हाराहारीमा प्रकाशित त्यस्ता पुस्तकहरू देश विदेशका शिक्षालयमा पठनपाठन हुन्छन् । साहित्यसिर्जना र समालोचनाका क्षेत्रमा लागेर उहाँले अनेक पुरस्कार पनि प्राप्त गर्नुभएको छ । नेपाली कविताको संरचनात्मक अध्ययनमा विद्यावारिधि गर्नुभएका लुइटेलसँग हाम्रो पुरुषार्थका लागि शिवशरण ज्ञवालीले गर्नुभएको कुराकानी यहाँ प्रस्तुत छ ।-सम्पादक)*

**१. खगेन्द्र गुरु, नमस्कार ! तपाईंको जन्म, पारिवारिक पृष्ठभूमि र शिक्षादीक्षाका बारेमा बताइदिनुहुन्छ कि ?**

❑ मेरो जन्म २०१८ साल पौष २५ गते तेह्रथुम जिल्लाको सोल्मा-९, कालिमाटीमा बुबा पण्डित इन्द्रप्रसाद लुइटेल र आमा योगमाया लुइटेलको जेठो छोराका रूपमा भएको हो । मेरा पुर्खा पैतृक रूपमै संस्कृतको राम्रो ज्ञान हासिल गरेका शिक्षित पण्डित थिए । मेरा हजुरबुबा गौरीशङ्कर त्यसबेलाका थोरै मात्र पढेलेखेका मानिसमा पर्ने जिल्लाका मात्र नभई त्यस क्षेत्रकै प्रख्यात विद्वान् पण्डित हुनुहुन्थ्यो । उहाँ ठूलाघरे पण्डित, मन्तरे पण्डित र गौरीशङ्कर पण्डितका नामले त्यस क्षेत्रमै कहलिएको प्रसिद्ध पण्डित हुनुहुन्थ्यो । चारै वेदको ज्ञाता भएकाले उहाँलाई चतुर्वेदी पण्डित पनि भन्ने गर्थे । मेरो बुबा पनि

शास्त्रीसम्मको अध्ययन गरेका पण्डित हुनुहुन्थ्यो । हाम्रो कालिमाटी डाँडामा टाढैबाट देखिने घरभित्रै दाइँ गर्न मिल्ने निकै ठूलो घर थियो । १९९० सालको भूकम्पको बेला अरूका सबै घर भत्किएर नष्ट भए तापनि हाम्रो घर भने भत्किएको थिएन तर २०४५ सालको भूकम्पले भने केही क्षति पुऱ्यायो । सम्पन्न पण्डित परिवारमा जन्मिएको हुँदा हामीलाई खानलाउनको दुःख थिएन । विभिन्नतिर धनसार थिए । गुज्राँती भैंसी, घोडा पालेका थिए । मेरा पुर्खाहरू सम्पन्न परिवारका हुनाको साथै सामाजिक कार्यमा पनि सक्रिय भएकाले विभिन्न चौतारा र मन्दिरको समेत निर्माण गरेका थिए । हजुरबाका नाममा २००७ सालअगि स्थापित विद्यालय अहिले पनि छँदैछ ।

मैले आफ्नै गाउँमा हजुरबाका नाममा स्थापित गौरीशङ्कर प्रा.वि.मा एकै पटक कक्षा ३ मा भर्ना भई प्राथमिक शिक्षा प्रारम्भ गरेँ । कक्षा ३ मा विद्यालय सर्वप्रथम भई ५ कक्षामा लगियो । ५ कक्षामा पनि विद्यालय सर्वप्रथम भएँ । त्यसपछि एकै वर्षमा सुनसरी जिल्लाको जनता मा.वि. इटहरीबाट कक्षा ६, तेह्रथुमको रत्न नि.मा.वि. सोल्माबाट कक्षा ७ दुबै कक्षासमेत एकै वर्षमा सर्वप्रथम नै भई उत्तीर्ण गरेँ । नवीन शिक्षा सदन मा.वि.मा ८, ९ र १० कक्षाको अध्ययन गरी त्यहीँबाट २०३३ सालमा आफ्नो व्याचमा एकजना मात्र एस.एल.सी.मा उत्तीर्ण भएँ । धनकुटा बहुमुखी क्याम्पसबाट २०३५ सालमा प्रवीणता प्रमाणपत्र तह र त्यहीँबाट स्नातक तह दुबै सर्वप्रथम नै भई उत्तीर्ण गरेँ । २०४४ सालमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागबाट स्नातकोत्तर तह (नेपाली) र बी.एड्. (अङ्ग्रेजी) गरी नेपाली केन्द्रीय विभागमै प्राध्यापन गर्न थालेँ । मैले त्रिभुवन विश्वविद्यालयबाटै विद्वत्वृत्तिमा २०५८ सालमा **कविताको संरचनात्मक विश्लेषण**मा विद्यावारिधि गरेँ । म नेपालीमा संरचनावादमा विद्यावारिधि गर्ने प्रथम व्यक्ति हुँ ।

म प्राथमिक तहदेखि उच्च तहसम्म सधैं सर्वप्रथम भएको विद्यार्थी हुँ । प्राथमिक तहदेखि विद्यावारिधि तहसम्म सर्वप्रथम भई जेहेनदार छात्रवृत्ति तथा विद्वत्वृत्ति प्राप्त गरेको विद्यार्थी हुँ । मैले निबन्ध लेखन, वक्तृत्वकला, वादविवाद, हाजिरीजबाफ,विभिन्न खेलकुद प्रतियोगितामा सर्वप्रथम भएबापत पटकपटक विशेष पदक, पुरस्कार, प्रमाणपत्र र प्रशंसापत्र प्राप्त गरेँ ।

**२. तपाईंले धेरै किताब लेख्नुभएको छ, यसबारे बताइदिनुस् न ।**

❑ मेरा किताब केकति छन् भन्ने कुरा सार्वजनिक नै छन् । हालसम्म मेरा **गाइड** (उपन्यास, अङ्ग्रेजीबाट नेपालीमा अनुवाद, २०४९), **शोधविधि** (२०५२), **ध्वनिविज्ञान र वर्णविज्ञान** (२०५३), **नेपाली प्रकृति प्रत्यय कोश** (२०५३, सम्पा.), **नेपाली बृहत् शब्दकोश, संशोधन-परिमार्जन** (२०५३), **नेपाली कविता** (२०५४),

**नेपाली एकाङ्की** (२०५४), **नेपाली कवि र कविता** (२०५४), **नेपाली निबन्ध** (२०५४), **हाम्रो नेपाली किताब** कक्षा ८ संशोधन-परिमार्जन (२०५४), **नेपाली कविता र आख्यान** (२०५५), **नेपाली गद्य, भाषासाहित्य र इतिहास** (२०५५), **नेपाली गद्य र भाषासाहित्य** (२०५५), **नेपाली कविता, नाटक र इतिहास** (२०५६), **हाम्रो नेपाली किताब** कक्षा ९ संशोधन-परिमार्जन (२०५६), **हाम्रो नेपाली किताब** कक्षा १० संशोधन-परिमार्जन (२०५६), **आधुनिक नेपाली समालोचना** (२०५७), **भाषासाहित्य सिद्धान्त** (२०५७), **हाम्रो नेपाली किताब** कक्षा ६ संशोधन-परिमार्जन (२०५८), **कोशविज्ञान** (२०५८), **हाम्रो नेपाली** किताब कक्षा ७ संशोधन-परिमार्जन (२०५९), **पहरी भाषा संस्कृति** (२०५९), **नेपाली भाषाव्याकरण र नाटक** (२०६०), **नेपाली काव्य र साहित्य** (२०६०), **नेपाली गद्य** (२०६०), **आधुनिक भाषाविज्ञान** (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०), **सनत रेग्मीका प्रतिनिधि कथा** (सम्पा. २०६०), **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** (सम्पा.२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६१), **प्रयोजनपरक विशेष नेपाली** (२०६२), **कविताको संरचनात्मक विश्लेषण** (२०६२), **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३), **डा. बल्लभमणि दाहालका रचनाहरू** (सम्पा.२०६३), **हाम्रो नेपाली** कक्षा नर्सरी (२०६४), **हाम्रो नेपाली** कक्षा एल केजी (२०६४), **हाम्रो नेपाली** कक्षा यु केजी (२०६४), **हाम्रो नेपाली** कक्षा १ (२०६४), **हाम्रो नेपाली** कक्षा २ (२०६४), **हाम्रो नेपाली** कक्षा ३ (२०६४), **हाम्रो नेपाली** कक्षा ४ (२०६४), **हाम्रो नेपाली** कक्षा ५ (२०६४), **हाम्रो नेपाली** कक्षा ६ (२०६४), **हाम्रो नेपाली** कक्षा ७ (२०६४), **हाम्रो नेपाली** कक्षा ८ (२०६४), **नेपाली व्याकरण** कक्षा १ (२०६६), **नेपाली व्याकरण** कक्षा २ (२०६६), **नेपाली व्याकरण** कक्षा ३ (२०६६), **नेपाली व्याकरण** कक्षा ४ (२०६६), **नेपाली व्याकरण** कक्षा ५ (२०६६), **नेपाली व्याकरण** कक्षा ६ (२०६६), **नेपाली व्याकरण** कक्षा ७ (२०६६), **नेपाली व्याकरण** कक्षा ८ (२०६६), **नेपाली व्याकरण** कक्षा ९-१० (२०६६), **नेपाली काव्य समालोचना** (२०६७), **नेपाली नाट्य समालोचना** (२०६७), **नेपाली गीत गजल** भाग १ (२०६७), **पूर्वआधुनिक नेपाली साहित्यको इतिहास** (सन् २०१०), **आधुनिक नेपाली साहित्यको इतिहास** (वि.सं. १९९१ पछि) (सन् २०१०), **देवकोटापूर्वका नेपाली कविता** (सन् २०१०), **देवकोटाउत्तरका नेपाली कविता** (सन् २०१०), **मोहन कोइरालाउत्तरका नेपाली कविता** (सन् २०१०), **समपूर्वका नेपाली नाटक** (सन् २०१०), **समउत्तरका नेपाली नाटक** (सन् २०१०), **देवकोटापूर्वका नेपाली आख्यानेतर गद्य** (सन् २०११), **लोकसाहित्य** (सन् २०११), **पूर्वीय साहित्य सिद्धान्त** (सन् २०११), **पाश्चात्य साहित्य र समालोचना सिद्धान्त** (सन् २०११), **नेपाली निबन्ध समालोचना** (२०६८) **पाश्चात्य साहित्य सिद्धान्त** (२०६८), **लोकसाहित्य परिचय** (२०६८), **चाउरिएको जिन्दगी** (२०६८, श्यामव्यङ्ग्यात्मक निबन्ध), **बार वर्षपछि हनिमुन** (२०६८, नियात्रा), **नेपाली**

**उपन्यासको इतिहास** (२०६९), **नेपाली वर्णविन्यास** (२०६९), **हरिहर शास्त्रीका प्रमुख कविता** (२०६९, सम्पा.), **बरालको आँसु** (२०६९, सम्पा.), **मेरो नेपाली किताब** कक्षा नर्सरी (२०७०), **मेरो नेपाली किताब** कक्षा एल केजी (२०७०), **मेरो नेपाली किताब** कक्षा यु केजी (२०७०), **मेरो नेपाली किताब** कक्षा १ (२०७०), **मेरो नेपाली किताब** कक्षा २ (२०७०), **मेरो नेपाली किताब** कक्षा ३ (२०७०), **मेरो नेपाली किताब** कक्षा ४ (२०७०), **मेरो नेपाली किताब** कक्षा ५ (२०७०), **मेरो नेपाली किताब** कक्षा ६ (२०७०), **मेरो नेपाली किताब** कक्षा ७ (२०७०), **नेपाली वर्णविन्यास** (नियम, समस्या र समाधान) (२०७४), **मानक नेपाली वर्णविन्यास** (नियम, समस्या र समाधान) (२०७५), **डायस्पोराको सैद्धान्तिक स्वरूप** (२०७९) गरी एक सयजति पुस्तकाकार कृति प्रकाशित छन् ।

मेरा किताब नेपाल र विदेशका विभिन्न विश्वविद्यालयमा पढाइ हुन्छन् । मेरा स्वदेशी तथा विदेशी विभिन्न छापा तथा अनलाइन पत्रपत्रिकाहरूमा प्रशस्त अनुसन्धानमूलक समालोचनाहरू, भाषासाहित्य, संस्कृति र डायस्पोरासम्बन्धी प्रशस्त अनुसन्धानात्मक लेखरचनाहरू प्रकाशित छन् । मेरा विभिन्न लेखकका विभिन्न विधाका थुप्रै कृतिहरूको समीक्षाका साथै थुप्रै श्यामव्यङ्ग्यात्मक निबन्ध, नियात्रा, प्रबन्ध, कविता, कथा पनि प्रकाशित छन् । मैले स्वदेश तथा विदेशका थुप्रै लेखकहरूका विभिन्न विधाका प्रशस्त कृतिहरूको भूमिका पनि लेखेको छु । मैले नेपाली जाति पुगेजति विश्वका थुप्रै देशको भ्रमण गरी विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनमा डायस्पोरासम्बन्धी कार्यपत्र प्रस्तुत गरी डायस्पोराबारे व्याप्त अन्योलहरूको निराकरण गरेको छु ।

म संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विकास र मानक स्थापना तथा नेपाली भाषासाहित्य, नेपाली डायस्पोरिक साहित्यको विकासमा विशिष्ट योगदान तथा नेपाली भाषाको मानकीकरणमा विशिष्ट योगदान पुऱ्याएबापत विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय साहित्यिक, शैक्षिक-प्राज्ञिक एवं सामाजिक सङ्घसंस्थाहरूबाट पटकपटक सम्मानित-अभिनन्दित भएको छु ।

**३. लामो समय प्राध्यापन क्षेत्रमा बिताउनुभयो, समालोचना र सिर्जनामा कलम चलाइरहनुभएको छ, यी कार्यमा लाग्ने प्रेरणास्रोत के होला ?**

❑ सुरूदेखिकै कुरा गर्ने हो भने त मैले २०३३ सालदेखि नै विभिन्न विद्यालयमा शिक्षण गरेँ । साढे तीन दशकभन्दा बढी त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गरेँ । यसबीचमा प्रशस्तै अनुसन्धान कार्य गरेँ । पुस्तक पनि सयजति प्रकाशित भए । लेख त कति छापिए भन्ने यकिन गर्न सकिन्न । देशविदेशका थुप्रै लेखकका विभिन्न विधाका कृतिका भूमिका पनि प्रशस्तै लेखेँ । स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहका प्रशस्तै विद्यार्थीको शोधनिर्देशन, आन्तरिक र

बाह्यपरीक्षण गरियो । यो काम औपचारिक र अनौपचारिक रूपमा कति गरियो यकिन छैन । यसै बीचमा समालोचना र सिर्जना पनि प्रशस्तै लेखियो । समालोचनाका अतिरिक्त कविता, कथा, निबन्ध आदि थुप्रै लेखिए । समालोचना पनि सिर्जना नै हो । यसलाई पुनर्सिजना भन्ने गरिन्छ । समालोचना र सिर्जनामा कलम चलाउने स्पष्ट प्रेरणास्रोत यही नै हो भन्ने छैन । म कसैको प्रभाव र प्रेरणाबाट यतातिर लागेको नभई परिवेशले नै मलाई समालोचना र सिर्जनातर्फ कलम चलाउन उत्प्रेरित गरेको हो ।

**४. भाषा, साहित्य र लोकसाहित्य क्षेत्रमा समालोचना तथा खोज अनुसन्धान गर्नुभएको छ, त्यस्तो खोज अनुसन्धान विशेषगरी कृतिको संरचनात्मक पक्षको अध्ययनमा मात्रै केन्द्रित भएर गर्नुहुन्छ, यसो गर्दा कृतिका अन्य पक्ष ओझेलमा पर्दैनन् ?**

❑ नेपाली समालोचना प्रभाववादी भासमा भासिएको हुँदा मैले नेपाली समालोचनालाई त्यस भासबाट बाहिर निकालेर वस्तुवादितातर्फ लगेको हुँ । मैले भाषा, साहित्य र लोकसाहित्यका क्षेत्रमा प्रशस्तै समालोचना तथा खोज अनुसन्धान गरेको कुरा सर्वविदितै छ । यी सबैको समालोचना तथा खोज अनुसन्धान गर्दा विशेषगरी कृतिको संरचनात्मक पक्षको अध्ययनमा मात्रै केन्द्रित भएको भने होइन । मैले कृतिको संरचनात्मक विश्लेषण गर्दा त्यसका अन्तरबाह्य समग्र पक्षको विश्लेषण गर्ने प्रारूप निर्माण गरेको छु र त्यसै प्रारूपका आधारमा जुनसुकै र जस्तासुकै कृतिको विश्लेषण गर्दा पनि त्यसको वस्तुवादी निष्कर्ष निकालेको छु ।

प्रभाववादी कित्ताका समालोचक भनाउँदा कतिपय टिप्पणीकारले कृतिको संरचना भनेको यसको बाहिरी पक्ष मात्र हो भन्ने हल्का बुझाइका कारण यस्तो सोच्न सक्छन् । यो अल्पज्ञानको परिणाम हो । मेरा समालोचना पढ्नेहरूले कृतिका वस्तु र शिल्पसम्बन्धी समग्र पक्षको वस्तुवादी विश्लेषण र मूल्याङ्कन गरेको कुरा राम्ररी बुझेका छन् । यसर्थ संरचनात्मक अध्ययनले कृतिका बाह्य पक्षको मात्र अध्ययन गर्छ र अन्य आन्तरिक पक्ष ओझेलमा पर्छन् भन्ने भ्रम फैलाउने काम प्रभाववादी कित्ताका समालोचकबाट भएको हो, यस्ता भ्रमबाट हामी सबै मुक्त हुनुपर्छ । संरचनावादी समालोचना वस्तुवादी र वैज्ञानिक समालोचना पद्धति हो र यसले कृतिको बाह्यान्तरिक समग्र पक्षको वस्तुवादी विश्लेषण गर्छ ।

**५. कवितामा समालोचना गर्दा यहाँले प्रगीतलाई विशेष महत्त्व दिनुभएको पाइन्छ, सामान्य पाठकले प्रगीत भन्नाले के कुरालाई बुझ्न सकिन्छ ?**

कविता मूलतः प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी तीन प्रकारका हुन्छन् । चलनचल्तीका भाषामा प्रगीतात्मक कविता भन्नाले फुटकर कविता,

गीत, गजल, मुक्तक, हाइकु आदि, आख्यानात्मक कविता भन्नाले खण्डकाव्य र महाकाव्य तथा नाटकीय कविता भन्नाले द्वन्द्वको प्रबलता भएका कवितालाई बुझ्नुपर्छ । मैले समालोचना गर्दा प्रगीत वा प्रगीतात्मक कवितालाई मात्र विशेष महत्त्व दिएको होइन, सबै खाले कवितालाई उत्तिकै महत्त्व दिएर समालोचना गरेको छु । मैले कविताको संरचनात्मक विश्लेषण नामक शोधग्रन्थमा स्पष्ट प्रारूप निर्माण गरी प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तीनै खाले कृतिको विश्लेषण गरेको छु भने अन्य विधाका प्रशस्तै कृतिको विश्लेषण पनि गरेको छु त ।

**६. तपाईंले निबन्ध विधामा पनि कलम चलाउनुभएको छ, सिर्जना र समालोचनामा कुन गाह्रो छ ?**

❑ मैले निबन्धमा मात्र होइन कविता र कथामा पनि कलम चलाएको छु । सिर्जना र समालोचनामा कुन गाह्रो र कुन सजिलो भन्ने हुन्न । जुनसुकै काम गर्न गारै हुन्छ । केही नगरी चुपचाप लागेर बस्नचाहिँ सजिलो होला तर म त्यस्तो गर्न सक्दिन । आवश्यकताअनुसार एउटै समयमा सिर्जना र समालोचना दुईटै गर्नुपर्ने परिस्थिति पनि आउँछ । यसरी सँगसँगै गर्दा पनि योचाहिँ सजिलो भन्ने हुन्न सुरूमा दुबै गारो हुन्छ पछि क्रमशः दुबै सजिलो हुँदैजान्छ ।

**७. यहाँले निबन्धमा ठेउको, लुरीकान्तेजस्ता ठेट शब्द प्रयोग गर्नुभएको पाइन्छ, यस्ता शब्द प्रयोगको सामर्थ्य कसरी प्राप्त गर्नुभयो ?**

❑ मैले निबन्धमा यस्ता अनेकौँ ठेट शब्द प्रयोग गरेको छु । कतिपय नयाँ शब्दको निर्माण गरेर पनि प्रयोग गरेको छु । यस्ता शब्द प्रयोगको सामर्थ्य यसरी नै प्राप्त भो भन्ने हुन्न । परिस्थितिअनुसार आफैँ फुत्त आउँछन् र प्रयोग गरिन्छ । यस्ता शब्द अधिक प्रयोग हुँदै गएमा सामान्य लाग्नथाल्छन् तर सीमित प्रयोग भएमा विशिष्ट लाग्छन् । मैले निर्माण गरेका कैयौं शब्दले शब्दकोशमा पनि प्रविष्टि पाइसकेका छन् ।

**८. विश्वविद्यालयले सिर्जनालाई फुल्न फक्रन दिनुभन्दा पनि शोध र समालोचनाका नाममा कुण्ठित गरेको छ भन्ने भनाइप्रति यहाँ के भन्नुहुन्छ ?**

❑ विश्वविद्यालयले सिर्जनालाई फुल्न फक्रन दिनुभन्दा पनि शोध र समालोचनाका नाममा कुण्ठित गरेको छ भन्ने भनाइ उपयुक्त होइन । स्नातकोत्तर तहको पाठ्यक्रममा शोध, सिर्जना र समालोचना सबै छुट्टाछुट्टै सिङ्गो विषयका रूपमा राखिएका छन् । शोधपत्र लेखन र सिर्जनापत्र लेखन दुबैलाई उत्तिकै अङ्कभार प्रदान गरिएको छ । विद्यार्थीको रुचिअनुरूप शोधपत्र लेखन र सिर्जनापत्र लेखन दुबैलाई खुला गरिएको छ । यसर्थ सिर्जनालाई कुण्ठित

गरियो भन्ने कुरा सरासर गलत हो । सबैले सिर्जना गर्न सक्दैनन् र सबैले शोध गर्न पनि सक्दैनन् । नसक्नेलाई यसै गर्नुपर्छ भनी जबर्जस्ती पनि गरिन्न । उनीहरूको योग्यता, क्षमता र रुचिअनुरूप शोध वा सिर्जना गर्न स्वीकृति दिइन्छ । सिर्जनालाई कुण्ठित गरेको भन्ने कुरा यस बारेमा जानकारी नै नभएका व्यक्तिले लगाउने आरोप मात्र हो ।

**९. यहाँ त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागको विभागीय प्रमुख हुँदा विभागको भौतिक र शैक्षिक-प्राज्ञिक दुबै क्षेत्रमा कायापलट नै गर्नुभो, यति छोटो समयमा यो कसरी सम्भव भयो ?**

❑ मैले विभागको नेतृत्व तहमा बसेर केकस्ता काम गरेँ भन्ने कुरा जगजाहेरै छ । जीर्णावस्थामा रहेको विभागीय भवन मर्मतसम्भारका साथै विभागको समग्र भौतिक संरचना निर्माण गरियो । मेरो कार्यकाल छोटो भए पनि धेरै काम गरिएको कुरा सर्वविदितै छ । काम गर्न समय होइन इच्छाशक्ति चाहिन्छ र चुनौतीसँग सामना गर्ने हिम्मत हुनुपर्छ । म नेपाली केन्द्रीय विभागको विभागीय प्रमुख हुँदा मेरा कार्यकालमा गरिएका प्रमुख भौतिक कार्य यी हुन् :

- ◆ विभागका सबै प्रशासनिक कोठा, प्यासेज र अगाडि पछाडि दुबैतिरका भित्ताका साथै सिङ्गो विभागीय भवनका सबै कोठा, भित्रबाहिर पूरै रङ्गरोगन ।
- ◆ पुराना दुईवटा शौचालयलाई भान्सा र भण्डारका रूपमा निर्माण गराई रङ्गरोगन ।
- ◆ सबै कोठाका फाटेका सिलिङहरू मर्मतसम्भार तथा बिग्रिएका सबै झ्याल मर्मत गरी फुटेका सिसा फेर्ने ।
- ◆ विभागपछाडिको शौचालय मर्मतसम्भार र रङ्गरोगन ।
- ◆ शौचालय र वरपर ढल निकास ।
- ◆ विभागका सबै कोठामा जीर्ण भई च्यातिएर काम नलाग्ने अवस्थामा रहेका पुराना कार्पेट हटाएर नयाँ कार्पेट राख्ने काम ।
- ◆ विभागका सबै सोफाको गद्दा फेरेर रङ्गरोगन गर्ने तथा प्रयोग हुनसक्ने सोफाका खोल धोएर प्रयोग गर्ने काम ।
- ◆ बैठक कक्ष निर्माण ।
- ◆ विभागीय प्रशासन र लेखाको व्यवस्थापन ।
- ◆ विभागमा तातो, चिसो खानेपानीका लागि डिस्पेन्सरको व्यवस्था ।

- कार्यालय र शौचालयमा समेत बिजुली बत्तीलगायत अन्य सबै व्यवस्थित गर्ने काम ।
- प्रयोग गर्न नसकिने अवस्था रहेका झ्यालमा नयाँ पर्दा फेर्ने तथा प्रयोग गर्नसकिने पर्दा धोएर प्रयोग गर्ने ।
- विभागका सबै स्टिलका दराज र टेबल तथा फलामका कुर्सीहरू मर्मतसम्भार तथा रङ्गरोगन गराउने ।
- विभागीय पुस्तकालयमा दराज, र्‍याक थपी शोधपत्र र पुस्तकहरूलाई व्यवस्थित गरी पुस्तकालयको व्यवस्थापन ।
- विभागका बिग्रेका सबै कम्प्युटरहरू मर्मतसम्भार गराई प्रयोगमा ल्याउने काम ।
- विभागमा अव्यवस्थित रहेका बिजुली बत्तीलाई व्यवस्थित गर्ने तथा निर्माण गरिने भान्सा र भण्डारमा नयाँ बत्ती जडान ।
- विभागमा खानेपानीको धारा जडान ।
- विभागको अगाडिपछाडि बगैँचा निर्माण ।
- विभागअगाडि र पछाडि पेटी निर्माण गरी ढलान गर्ने तथा विभागअगाडिको चौरका चारैतिरको कुलेसो प्लास्टर गर्ने तथा विभागको अगाडि र पछाडि चौरमा वृक्षरोपण गरी बगैँचा निर्माण गर्ने ।
- वर्षायाममा विभागको पश्चिमपट्टिको भिरालोबाट बाढी आएर विभाग डुबानमा पर्ने अवस्था रहेकाले त्यहाँबाट आउने बाढी रोक्नका लागि बाटाछेउमा पर्खाल निर्माण गरी विभागलाई डुबानबाट जोगाउने काम ।
- विभागका पुराना काम लाग्ने कागजात तथा अन्य समान भण्डारमा व्यवस्थित रूपमा राख्ने ।
- विभाग र दर्शनाचार्य-विद्यावारिधितर्फ नाम उल्लेख भएका साइनबोर्ड र सबै कोठाको नामाङ्कित बोर्ड तथा सूचनापाटी बनाउने ।
- विभाग तथा दर्शनाचार्य-विद्यावारिधि कार्यक्रममा रहेका बिग्रेका सबै कुर्सी मर्मत गरी तिनको गद्दा फेर्ने र रङ्गरोगन ।
- दर्शनाचार्य-विद्यावारिधि कार्यक्रमका कार्यालयलाई व्यवस्थित गरी सिलिङ फ्यान लगाउने ।
- सबै कक्षाकोठामा सिलिङ फ्यान लगाउने तथा रङ्गरोगन ।

- विभागका नाममा ७-८ रोपनी जग्गा दर्ता ।
- जीर्णावस्थामा रहेको महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिक वरिपरि ग्रेनाइट लगाएर मर्मतसम्भार तथा पित्तलको छाता र रङ्गरोगन गरी पुनर्निर्माण आदि ।

विभागीय प्रमुखका प्रशासनिक कार्य मात्र नभएर शैक्षिक-प्राज्ञिक कार्य पनि धेरै हुन्छन् । नेपाली केन्द्रीय विभागको प्रमुखका दैनन्दिन कामबाहेक विभागीय प्रमुख नेपाली विषय समिति तथा नेपाली विषय स्थायी समितिको अध्यक्ष पनि हुने भएकाले पाठ्यक्रम निर्माण, संशोधन-परिमार्जन पनि गर्नुपर्छ । विभागीय प्रमुख स्नातक तहदेखि दर्शनाचार्य-विद्यावारिधि तहसम्मकै प्रश्नपत्र निर्माण र संशोधन-परिमार्जन समितिको तथा उत्तरपुस्तिका सम्परीक्षण समितिको समेत अध्यक्ष हुने भएकाले ती कामलाई व्यवस्थित गरियो । मेरा कार्यकालमा गरिएका प्रमुख शैक्षिक-प्राज्ञिक कार्य यी हुन् :

- दर्शनाचार्य-विद्यावारिधि तहको पाठ्यक्रम निर्माण ।
- स्नातकोत्तर तहको पाठ्यक्रम निर्माण ।
- विदेशीहरूका लागि चार वर्षे स्नातक तहको पाठ्यक्रम निर्माण ।
- चार वर्षे स्नातक तहको पाठ्यक्रम संशोधन-परिमार्जन ।
- जुनसुकै विषयमा स्नातक गरेकाले नेपाली स्नातकोत्तर पढ्न पाउने व्यवस्था ।
- स्नातक तहदेखि दर्शनाचार्य-विद्यावारिधि तहसम्मकै प्रश्नपत्र निर्माण र संशोधन-परिमार्जनलाई सुव्यवस्थित ।
- प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण-सम्परीक्षण कीर्तिपुरकेन्द्री भएकामा अन्यत्र विस्तार ।
- स्नातक, स्नातकोत्तर र दर्शनाचार्य-विद्यावारिधि तहसम्मकै प्रश्नपत्रको सिरानमा अङ्ग्रेजी लेख्ने परिपाटीलाई हटाई नेपाली लेख्ने कार्यको थालनी ।
- स्नातक, स्नातकोत्तर र दर्शनाचार्य-विद्यावारिधि तहका उत्तरपुस्तिका परीक्षणमा देखिएका लापर्बाही र अव्यवस्थालाई सुधार गर्न सम्बद्ध परीक्षकलाई नै बोलाएर उत्तरपुस्तिका पुनःपरीक्षण गराइयो ।

- ◆ त्रिभुवन विश्वविद्यालयका उच्चपदस्थ पदाधिकारीसमेतलाई आमन्त्रण गरी काठमाडौं उपत्यकाभरिका शिक्षकहरूलाई प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण-सम्परीक्षणसम्बन्धी अभिमुखीकरण गोष्ठी सम्पन्न ।
- ◆ अनुसन्धानमूलक पत्रिका वाङ्मय प्रकाशन र त्यसमा लेख प्रकाशन कीर्तिपुरकेन्द्री भएकामा अन्यत्रकालाई पनि अवसर प्रदान ।
- ◆ विद्यावारिधिसम्बन्धी गोष्ठीलाई व्यवस्थित ।
- ◆ नेपाली विषय समितिबाट सबै सङ्काय र अध्ययन संस्थानमा प्रयोजनपरक अनिवार्य नेपाली राख्न आग्रह गर्ने निर्णय ।
- ◆ त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागको स्थापना दिवस मनाउन सुरू ।
- ◆ त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका सुरूदेखिका विभागीय प्रमुखहरू र विभिन्न साहित्यकारहरूका फोटा कार्यालयमा राख्ने काम आदि ।

यीबाहेक विश्वविद्यालयका साथै अन्यत्रका पनि विविध खाले गोप्य काम त प्रशस्तै गरियो । यीमध्ये कतिपय भौतिक र शैक्षिक-प्राज्ञिक कार्य विभाग स्थापना भएदेखि अहिलेसम्म भएका थिएनन् । विभागको अवस्था जर्जर थियो । यति काम पहिलेका प्रमुखले नै गर्नुपर्थ्यो, कसैले गरेनन् मैले गरें । यी अति सामान्यजस्ता लागे पनि पहिलेदेखि कहिल्यै कसैले नगरेका काम भएकाले विशिष्ट बने । पहिलेका विभागीय प्रमुख आफ्नो अधिकारक्षेत्रबारे सचेत नभएको पनि देखियो । मलाई पनि केही व्यक्तिले केही भरौटेहरूलाई उकासेर काम गर्न नदिन खोजेका थिए तर मैले गरेरै छाडें ।

**१०. विभागको नेतृत्व तहमा बसेर अध्ययन गर्दा नेपाली भाषा र साहित्यको वर्तमान अवस्था कस्तो पाउनुभयो ?**

❑ म त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागको प्रमुख हुनुभन्दा धेरै पहिले नै नेपाली भाषा र साहित्यको अवस्थाबारे राम्रै जानकारी थियो । नेपाली भाषामाथि चौतर्फी आक्रमण भएको कुरा सर्वविदितै छ । पहिले मानक नेपाली भाषा अन्तर्राष्ट्रिय सञ्जालका माध्यमबाट र पछि नेपाली केन्द्रीय विभागको प्रमुख र विषय समितिको अध्यक्षका हैसियतबाट भाषाद्रोहीहरूलाई ठेगान लगाइयो । अहिले भाषाभँडुवाहरू प्रायः ठेगान लागिसकेका छन् । विभागको नेतृत्व तहमा बसेर अध्ययन गर्दा नेपाली भाषा र साहित्यको वर्तमान अवस्था भाषा विरोधीहरूले बाहिर हल्ला गरेजति कमजोरचाहिँ छैन ।

**११. विभागीय प्रमुख हुँदा यहाँले जुनसुकै विषयमा स्नातक उत्तीर्ण गरेकाले पनि नेपाली विषयमा स्नातकोत्तर पढ्न पाउने व्यवस्था गर्नुभयो, यसो गर्नुको कारण के हो ? यसबाट नेपाली भाषा, साहित्य र समालोचनाका क्षेत्रमा केकस्तो सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्नुभएको छ ?**

❑ जुनसुकै विषयमा स्नातक उत्तीर्ण गरेकाले पनि नेपाली विषयमा स्नातकोत्तर पढ्न पाउने व्यवस्था पहिले नै गर्नुपर्थ्यो तर कुनै पनि विभागीय प्रमुखले यतातिर ध्यान दिएनन् वा गर्न आवश्यक ठानेन् वा गर्न सकेनन्, यी जे भए पनि गरेनन् । यो गर्नु अत्यावश्यक थियो त्यसैले गरियो । नेपाली भाषा बिगारेर खान पल्केका कतिपयले यसको विरोध गरेको सुनिए पनि सर्वत्र यसको स्वागत र समर्थन नै भयो । मेरा कामप्रति ईर्श्या गर्ने र मलाई मन नपराउनेले पनि यसलाई समर्थन गरेकै छन् । देशविदेशका लाखौंले समर्थन र बधाइ दिएकै छन् । यो अन्तर्राष्ट्रिय अभ्यास पनि हो । केहीले कुरा नबुझेर र केहीले मैले गरेको भनेर विरोध गरेका थिए, ती सब पछि लज्जित भएर कुना पसे ।

कतिपय शुभचिन्तकहरूले चाहिँ पृष्ठभूमि बेगर एकैपटक एम. ए. मा नेपाली कसरी पढ्लान् भनेर चिन्ता व्यक्त गरेको पनि देखियो । भाषाद्रोही केही व्यक्तिले एघार र बार दुबै कक्षामा अनिवार्य नेपाली हटाइसकेका थिए, मेरै नेतृत्वमा दुबै कक्षामा अनिवार्य नेपाली राख्न बाध्य पारिएको कुरा जगजाहेरै छ । स्नातक तहमा पनि अनिवार्य नेपाली सबैले पढ्नैपर्छ । स्नातक तहमा मूल विषय नेपाली नपढ्नेका लागि पनि नेपाली भाषासाहित्यको अध्ययन राखिएको छ । यी सबैबाट पृष्ठभूमि तय हुन्छ ।

केहीले विद्यार्थी सङ्ख्या घटेकाले शिक्षकको जागिर जोगाउन यसो गरेको पनि भनेको सुनियो । सबैलाई खुला गर्दा विद्यार्थी सङ्ख्या बढ्नु स्वाभाविक हो तर यसको जागिरसँग कुनै सम्बन्ध छैन । म सेवनिवृत्त हुँदै गरेका व्यक्तिलाई जागिर जोगाउनु थियो र ?

यो निर्णयबाट नेपाली भाषा कमजोर हुन्छ भन्ने पनि केही देखिए । यसबाट नेपाली भाषा कमजोर होइन झन् मजबुत र लोकप्रिय हुन्छ । यो कुरा त सुरूमै पुष्टि भइसक्यो । स्नातक तहमा नेपाली पढेका भन्दा नपढेकाले बढी अङ्क ल्याएका छन् । यसबाट नेपाली भाषा, साहित्य र समालोचनाको विस्तारमा निःसन्देह सकारात्मक प्रभाव पर्छ र पर्न थालिसकेको पनि छ ।

यसबारेमा उति बेलै मैले अनेकौं सञ्चार माध्यममा प्रशस्तै अन्तर्वार्ताका माध्यमबाट यसको आवश्यकता र उपयोगिताबारे प्रस्ट पारिसकेको कुरा सर्वविदितै छ ।

**१२. तपाईंले मानक नेपाली भाषा अन्तर्राष्ट्रिय सञ्जाल पनि गठन गर्नुभयो । तपाईं यसको अध्यक्ष पनि हुनुहुन्छ । यसको आवश्यकता र गतिविधिका बारेमा बताइदिनुहोस् न ?**

❑ एक हजार वर्षभन्दा अगिदेखि विकास र विस्तार हुँदै आएको नेपाली भाषाको आधुनिक कालको सुरूतिरै प्रकाशित हेमराज पाण्डेको **गोरखा भाषाचन्द्रिका व्याकरण** (१९६९), सोमनाथ शर्माको **मध्यचन्द्रिका** (१९७६) लगायतका विभिन्न व्याकरणहरूले पनि नेपाली भाषाको मानकीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली भाषाको आधुनिक कालीन समयावधिमा भाषा विषयक विभिन्न आन्दोलन र अभियानहरू व्यक्तिगत रूपमा सञ्चालन गरिएका पाइन्छन् । यस सन्दर्भमा **हलन्त बहिष्कार आन्दोलन** (१९६५) र **झर्रोवादी आन्दोलन** (२०१३) तथा **नेपाली कसरी शुद्ध लेख्ने ?** (१९९१) भन्ने अभियान नेपाली भाषाको विकासमा उल्लेख्य छन् । यी विविध आन्दोलन र अभियानले नेपाली भाषाको विकासमा केही न केही योगदान पुऱ्याएकै देखिन्छ । नेपाली भाषालाई मानकीकरण र स्तरीकरण गर्ने सन्दर्भमा कतिपय संस्थागत प्रयासहरू पनि भएका छन् । तिनमा **अनिवार्य नेपाली शिक्षण निर्देशन** (२०३६, २०४६), **नेपाली बृहत् शब्दकोश** (२०४० र २०५८) लगायतको पनि उल्लेख्य भूमिका रहेको छ । यसरी एक हजार वर्ष पार गरिसकेको नेपाली भाषामा उहिलेदेखि अहिलेसम्म थुप्रै व्याकरण र कोशको निर्माणका साथै साहित्यका सबैजसो विधाका प्रशस्त कृतिहरूको सिर्जना भइसकेको र यसले मानक स्वरूपसमेत ग्रहण गरिसकेको हुँदा यो एउटा विकसित र सम्पन्न भाषा हो ।

उल्लिखित व्याकरण र शब्दकोशमा प्रस्तुत दृष्टिकोणले नेपाली भाषामा खासै विवाद उत्पन्न गरेको नदेखिए पनि पछिल्लो समयमा विशेषतः २०६६ सालदेखि नेपाली भाषाको सर्वाधिक महत्त्वपूर्ण पक्ष वर्णविन्यासका क्षेत्रमा विवाद उत्पन्न गरेको देखिन्छ । २०६६ सालमा केही व्यक्तिद्वारा **चन्द्रगढी घोषणापत्र**का नामबाटप्रचलित ह्रस्व-दीर्घ, पदवियोग तथा संयुक्त वर्णको खुट्टो काटेर बिगार्नेजस्ता अनावश्यक सन्दर्भहरू भित्र्याउने प्रयत्न गरियो । २०६६ सालमै अनिवार्य नेपाली विषय स्थायी समितिका नामबाट प्रकाशित **अनिवार्य शिक्षण निर्देशिका**ले नेपाली वर्णविन्यासको परिवर्तनका नाममा प्रचलनभन्दा भिन्न ढङ्गले पदवियोगसम्बन्धी प्रसङ्गहरू प्रस्तुत गर्दै ह्रस्व-दीर्घसम्बन्धी कतिपय भिन्न दृष्टिकोणहरू प्रस्तावित गरेको छ । यसले 'विश्वविद्यालय' जोडेर लेखिएको लेटर हेडमा 'विश्व विद्यालय' छुट्ट्याएर लेखी भाषाप्रेमीलाई भड्काउने काम गऱ्यो । यसै समितिका नाममा २०६५ सालमा प्रकाशित **नेपाली साहित्यिक रचना** नामक पुस्तकमा भने 'विश्वविद्यालय' लाई जोडेरै प्रस्तुत गरिएको छ । 'विश्वविद्यालय' जस्ता शब्द अनिवार्य नेपालीको व्याकरणमा

छुट्याउने अनि पाठ खण्डमा जोड्ने भन्ने कुरा त हुँदैन । यसरी एउटै समितिका व्यक्ति समूहबाट तयार पारिएका दुईवटा पुस्तकमा भिन्नभिन्न वर्णविन्यास प्रस्तुत गरी लेखनलाई अव्यवस्थित तुल्याइयो । यसमा ह्रस्व-दीर्घसम्बन्धी कतिपय दृष्टिकोण प्रस्तावित भए पनि धेरजसो शिष्ट परम्परामै आधारित छन् ।

यसपछि २०६७ सालमा केही व्यक्तिहरूबाट उच्च माध्यमिक शिक्षा परिषद्को लोगोमा सबैको नेपाली नामक पुस्तक तयार गरी त्यसलाई सबैतिर अनिवार्य रूपमा लागु गर्नु भन्ने हुकुमी शैलीको परिपत्र जारी गर्नाका साथै सञ्चार माध्यमबाट सूचनासमेत प्रसारण गरियो । नेपाली वर्णविन्यासमा प्रचलित शिष्ट परम्परालाई पूरै खल्बल्याएर तयार पारिएको यस पुस्तकले एकाधिकारवादी चिन्तनका साथै निषेधको प्रक्रिया अनुसरण गरेकाले यसको सर्वत्र विरोध भयो र भइरहेको छ । २०६७ सालमै नेपाल प्रज्ञा-प्रतिष्ठानले नेपाली भाषा सङ्गोष्ठी गरे तापनि ठोस निष्कर्ष निकाल्न नसकी अलमलकै स्थितिमा छोडिदियो ।

२०६६ सालपछि देखापरेका भाषिक अराजकताको प्रतिक्रियास्वरूप २०६८ सालमा केही व्यक्तिहरूको सक्रियतामा **ललितपुर घोषणापत्र** जारी गरी नेपाली भाषाको वर्णविन्यासलाई निकै पछाडि फर्काउने प्रयत्न गरियो भने २०६९ सालमा त्यसलाई केही व्यवस्थित गर्ने प्रयत्न गरिएको छ । २०६९ सालमै शिक्षा मन्त्रालयबाट पाठ्यक्रम विकास केन्द्रका नाममा जारी गरिएको परिपत्र र त्यसैका आधारमा तयार पारिएको भनिएको प्रकाशन शैली (२०७०) ले ह्रस्व-दीर्घ तथा पदयोग र वियोगसम्बन्धी प्रचलित परम्पराका कतिपय सन्दर्भका साथै विशेषतः संयुक्त वर्णसम्बन्धी परम्परा र प्रचलनलाई भत्काई भाषालाई कुरूपतातर्फ धकेलेर माध्यमिक तहको शिक्षालाई अस्तव्यस्त तुल्याउने काम गऱ्यो । सरकारी निकायले परिपत्र गरी भाषा लाद्ने काम गर्नु उपयुक्त होइन । २०७२ सालमा **नेपाली बृहत् शब्दकोश**लाई मनपरी ढङ्गबाट भत्काएर नेपाली मानक भाषालाई नै अस्तव्यस्त तुल्याइयो ।

नेपाली भाषामा विवाद निम्त्याउने काम घोषणापत्र, परिपत्र र केही व्यक्तिबाट तयार पारिएका पुस्तकबाट भइरहेको देखिन्छ । यसरी विवाद उत्पन्न गर्नेमा विशेषतः **चन्द्रगढी घोषणापत्र** (२०६६), अनिवार्य नेपाली विषय समितिका नाममा तयार पारेको भनिएको **अनिवार्य नेपाली शिक्षण निर्देशिका** (२०६६), केही व्यक्तिबाट तयार पारिएको **सबैको नेपाली** (२०६७), नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित **नेपाली भाषा सङ्गोष्ठी** (२०६७), **ललितपुर घोषणापत्र** (२०६८), **नेकशुले** (२०६९), शिक्षा मन्त्रालयबाट पाठ्यक्रम विकास केन्द्रका नाममा जारी गरिएको **परिपत्र** (२०६९) र त्यसैका आधारमा तयार पारिएको भनिएको प्रकाशन **शैली** (२०७०), **अन्तर्राष्ट्रिय नेपाली भाषा सङ्गोष्ठी** (२०७२) तथा **नेपाली बृहत्**

**शब्दकोश** (२०७२) को उल्लेख्य भूमिका रहेको हुँदा यिनबारे सङ्क्षिप्त चर्चा आवश्यक छ ।

केही व्यक्तिद्वारा व्यक्तिविशेषको जन्मोत्सव अभिनन्दन समारोहका नाममा नेपाली भाषाको वर्णविन्याससम्बन्धी गोष्ठी गरिएको भनी प्रायोजित रूपमा नेपाली वर्णविन्याससम्बन्धी **चन्द्रगढी घोषणापत्र** (२०६६) जारी गरियो । यसमा संयुक्त वर्णको खुट्टो काटेर बिगार्ने, ह्रस्व-दीर्घसम्बन्धी प्रचलित नियम वा शिष्ट प्रयोगलाई उल्टाएर श्रुतिसमभिन्नार्थक शब्द 'फूल' लाई 'फुल' बनाउने तथा नामयोगीलाई पदवियोग गर्नेजस्ता अराजक गतिविधि गरिएका छन् ।

त्रिभुवनविश्वविद्यालय, अनिवार्य नेपाली विषय समितिका नाममा तयार पारिएको **अनिवार्य नेपाली शिक्षण निर्देशिका** (२०६६) समितिको लिखित निर्णयविना नै व्यक्तिविशेषले तयार पारेको बुझिन्छ । यसमा शिष्ट प्रचलन विपरीत अक्षर वा लिपिचिह्न गणना गरी नामयोगी, विशेषण-विशेष्य, समस्त शब्द, द्वित्व शब्द तथा संयुक्त क्रियालाई पदवियोग गर्ने भन्ने अवस्तुवादी सन्दर्भ प्रस्तुत गरिएका छन् । यसमा 'विश्व विद्यालय' 'व्रत राज, लाला नाथ' आदि अविभक्त शब्द छुट्याउने त्रुटिपूर्ण पक्ष भए पनि यसै त्रुटिमा समेत एकरूपता छैन । यसमा कतै जोडिएको र कतै छुट्ट्याइएको स्थिति भएकाले यसबारे सम्बद्ध व्यक्ति नै स्पष्ट नभएको देखिन्छ । यस्ता कतिपय त्रुटि भए पनि यसमा 'जून', 'तीर', 'फूल' जस्ता श्रुतिसमभिन्नार्थक शब्दलाई यथावत् छोड्ने सकारात्मक पक्ष पनि छन् । यसमा कतिपय सङ्ख्यावाची दीर्घ शब्दलाई ह्रस्व लेख्नु उपयुक्त हुन्छ भनी प्रस्तावका रूपमा प्रस्तुत गर्नुलाई अन्यथा मान्नु आवश्यक छैन ।

यसरी हेर्दा नेपाली भाषाको मानक वर्णविन्यास बिगार्ने कामको थालनी व्यक्तिगत रूपमा **चन्द्रगढी घोषणापत्र** (२०६६) बाट र संस्थागत रूपमा **अनिवार्य नेपाली शिक्षण निर्देशिका** (२०६६) बाट एकै साल भएको हो ।

उच्च माध्यमिक शिक्षा परिषद्को लोगोमा केही व्यक्तिबाट तयार पारिएको **सबैको नेपाली** (२०६७) नामक पुस्तकले नेपाली वर्णविन्यासमा प्रचलित शिष्ट परम्परालाई पूरै खल्बल्याएर जथाभावी पदवियोग गर्ने, श्रुतिसमभिन्नार्थक शब्दलाई ह्रस्व गर्ने, प्रसिद्ध साहित्यकारका नाम र रचनालाई जथाभावी बिगार्नेजस्ता चरम अराजकता र विकृति भित्र्यायो र नेपाली भाषालाई नै तहसनहस पार्‍यो । सर्वत्र विरोध भएको यस्तो विकृत पुस्तकलाई देशभर अनिवार्य रूपमा लागु गर्नु भन्ने आदेशमूलक परिपत्र जारी गरिएपछि यसले एकातिर नेपाली भाषामा अस्तव्यस्तता र अराजकता निम्त्यायो भने अर्कातिर नेपाली भाषाको पठनपाठनमा संलग्न शिक्षक-विद्यार्थीलगायत सबैलाई अन्योलग्रस्त र आक्रोशित तुल्यायो । एकाधिकार, निषेध र अराजकताले ग्रस्त

यस पुस्तकले पठनपाठनमा भइरहेको एकरूपता पनि भङ्ग गरायो र तमाम विद्यार्थीलाई नेपाली भाषाप्रति वितृष्णा पैदा गऱ्यो । यति मात्र होइन एकाधिकारवादी चिन्तनका साथै निषेधको प्रक्रिया अनुसरण गरिएका कारण नेपाली भाषालाई भद्रगोल पारेर बिगार्ने र कतिपय व्यक्तिलाई पश्चगमनतर्फ अग्रसर तुल्याउने मूल संवाहक यही पुस्तक बनेको छ । **अनिवार्य नेपाली शिक्षण निर्देशिका**को प्रस्तुति सापेक्षित रूपमा केही मत्थर खालको देखिए पनि सबैको भनिएको तर कसैको पनि हुन नसकेको **सबैको नेपाली**को प्रस्तुति निषेधकारी र अराजक खालको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित नेपाली भाषा सङ्गोष्ठी (२०६७) मा प्रस्तुत गरिएका कतिपय कार्यपत्र शिष्ट परम्परामा आधारित र सन्तुलित भए पनि कतिपय चन्द्रगढी घोषणापत्रकै प्रतिबिम्बका रूपमा देखापरेका छन् । अझ स्पष्ट रूपमा भन्ने हो भने यी कार्यपत्रमध्ये कतिपय समस्यालाई सुल्झाउने खालका समाधानमुखी छन् भने कतिपय समस्यालाई बल्झाउने खालका छन् । चन्द्रगढी घोषणापत्रकै प्रतिबिम्बका रूपमा रहेको यस गोष्ठीले निर्णयका नाममा केही बुँदा प्रस्तुत गरी संयुक्त वर्णको खुट्टो काटेर बिगार्ने, ह्रस्व-दीर्घसम्बन्धी प्रचलित शिष्ट प्रयोगमा रहेका 'फूल' जस्ता श्रुतिसमभिन्नार्थक शब्दलाई हटाएर 'फुल' बनाउने, नामयोगीलाई पदवियोग गर्नेजस्ता चन्द्रगढी घोषणापत्रकै अराजक गतिविधिलाई पुनरावृत्त गर्दै अझ थप शिष्ट परम्पराका विपरीत संयुक्त क्रियालाई पदवियोग गरी इकार दीर्घ गर्ने, इच्छार्थक क्रियाका बीचको उकार ह्रस्व गर्नेलगायत थुप्रै विकृति थोपरेर नेपाली भाषाको वर्णविन्याससम्बन्धी समस्या समाधान गर्नाको सट्टा झन् बल्झाउने काम गरेको देखिन्छ ।

**चन्द्रगढी घोषणापत्र**, **अनिवार्य नेपाली शिक्षण निर्देशिका**, **सबैको नेपाली**, **नेपाली भाषा सङ्गोष्ठी** आदिका नामबाट निम्त्याइएका भाषिक अराजकताको प्रतिक्रियास्वरूप केही व्यक्तिहरूको सक्रियतामा **ललितपुर घोषणापत्र** (२०६८) जारी गरियो । विशेषतः ह्रस्व-दीर्घ तथा 'श, ष, स' मा केन्द्रित ललितपुर घोषणापत्रमा मान्य भइसकेका कतिपय सन्दर्भलाई पुरानैतिर फर्काउने वा आगन्तुक शब्दको वर्णविन्यासमा निकै पछिल्तिर फर्काउने प्रयत्न गरिएको छ भने नेकशुले (२०६९) मा प्रस्तुत यसको संशोधित रूपमा समेत ह्रस्व लेखनमा पूरै पचिसकेका 'दाइँ, बसाइँ, लडाइँ' जस्ता शब्दलाई दीर्घ बनाएर अपवाद भन्ने, पदयोग र वियोगमा कतिपय अस्पष्ट कुराहरू प्रस्तुत गर्ने वा कतिपयलाई जोडेर वा छुट्ट्याएर दुबै किसिमले लेख्नसकिन्छ भनेर गन्जागोल स्थितिको सिर्जना गर्नुका साथै कतिपय सन्दर्भमा पश्चगामी यात्रा प्रारम्भ गरिएको छ । यति हुँदाहुँदै पनि चन्द्रगढी घोषणापत्रका तुलनामा ललितपुर घोषणापत्र केही उदार देखिन्छ ।

यसको तात्पर्य चन्द्रगढी घोषणापत्र वा ललितपुर घोषणापत्रमा लेखिएका कुरा सब त्रुटिपूर्ण छन् तिनलाई मान्नै हुँदैन भन्ने होइन । यी दुबै घोषणापत्रमा कतिपय परम्पराकै निरन्तरता र कतिपय लागु गर्न सकिने सुधारात्मक पक्ष सुझाइएका भए पनि तिनमा कतिपय विकृतिसमेत देखिन्छन् । अगिल्लो घोषणापत्र अराजकतातर्फ र पछिल्लो घोषणापत्र पश्चगमनतर्फ उन्मुख छन् । भाषाजस्तो संवेदनशील पक्षलाई लहडी घोषणापत्रको विषय नबनाएर बौद्धिक-प्राज्ञिक विषय बनाउनु उपयुक्त हुन्छ । कसैको जन्मोत्सव वा जन्मजयन्ती आदिको अवसर पारेर घोषणापत्र जारी गर्दै जाने र त्यसैलाई पदीय दुरूपयोग गरी संस्थागत निर्णय गराउनेतर्फ लागिएमा त्यो स्वीकार्य हुँदैन र त्यसले भाषाको विकास नभई विनाश गर्छ ।

यसैगरी शिक्षामन्त्रीलाई स्वीकृत गराएर शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रका नाममा जारी गरिएको परिपत्र (२०६९) र पाठ्यक्रम विकास केन्द्रबाट तयार पारिएको भनिएको **प्रकाशन शैली** (२०७०) ले ह्रस्व-दीर्घ तथा पदयोग र वियोगसम्बन्धी प्रचलित मानक परम्पराका कतिपय सन्दर्भका साथै विशेषतः संयुक्त वर्णसम्बन्धी मानक परम्परा र प्रचलनलाई भत्काई भाषालाई कुरूपतातर्फ धकेलेर माध्यमिक तहको शिक्षालाई अस्तव्यस्त तुल्याउने काम गऱ्यो । शिक्षामन्त्रीलाई स्वीकृत गराउन उक्साउनेमा रमेशप्रसाद भट्टराई, हेमाङ्गराज अधिकारीलगायत थिए । सरकारी निकायले परिपत्र गरी भाषा लाद्ने काम गर्नु उपयुक्त होइन ।

२०७२ साल फागुन २८-३० मा नेपाल प्रज्ञा-प्रतिष्ठान तथा भानु प्रतिष्ठानको संयुक्त आयोजनामा भनी नेपालको पूर्वी सिमाना मेची नदी छेउको काँकरभिट्टामा केही व्यक्ति भेला गरेर **अन्तर्राष्ट्रिय नेपाली भाषा सङ्गोष्ठी २०७२** नाम दिई सात बुँदे घोषणापत्र जारी गरेर नेपाली भाषामा थप भ्रम सिर्जना गरी यसलाई अझ कमजोर तुल्याउने काम गरिएको देखिन्छ । आम साहित्यकारहरूको साझा संस्था नेपाल प्रज्ञा-प्रतिष्ठानका तथाकथित प्राज्ञ भनाउँदाहरूले प्रतिष्ठानको खर्चमा केही आसेपासे जम्मा गराएर घोषणापत्र जारी गर्दै नेपाली भाषाको अस्तित्व नै सङ्कटमा पर्ने गरी बखेडा सिर्जना गरिनु निन्दनीय कार्य हो ।

**नेपाली बृहत् शब्दकोश** (२०७२) मा **चन्द्रगढी घोषणापत्र**भन्दा पनि अराजक ढङ्गले शिष्ट प्रयोगमा प्रचलित संयुक्त वर्णको जथाभावी खुट्टो काट्ने, ह्रस्वदीर्घ र वर्णका कारण अर्थमा फरक आउने 'फूल' जस्ता श्रुतिसमभिन्नार्थक शब्दलाई प्रविष्टिबाट हटाउने र तिनलाई अनेकार्थी शब्दका रूपमा प्रविष्टि दिने, एकार्थबोधक रूढ तथा समस्त शब्दलाई पदवियोग गर्ने, नामयोगी, द्वित्व, संयुक्त

क्रिया र व्यक्तिनामको थरभन्दा अगि आउने सबै शब्द पदवियोग गर्ने, वर्ण, अक्षर वा लिपिचिह्न गणना गरी पदयोग र पदवियोग गर्ने, 'हरू' हटाएर 'हरु' गर्नेजस्ता अराजक कार्य गरी शब्दकोशलाई नै कुरूप तुल्याइएको छ । **नेपाली बृहत् शब्दकोश** (२०७२) को संशोधन-परिमार्जन नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित नेपाली भाषा सङ्गोष्ठी (२०६७) को निर्णयअनुरूप गरिएको भनिए पनि सोही निर्णयमा उल्लिखित व्यक्तिवाचक नाम प्रचलनअनुसार नै जोडेर लेख्ने भनिएकामा हेमाङ्ग राज, जीवेन्द्र देव आदि छुट्याएर लेखिएको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानमै रहेका दुईजना राजमध्ये 'दिनेशराज' जोड्ने अनि 'हेमाङ्ग राज' छुट्ट्याउने भन्ने कुरा कुनचाहिँ नियममा पर्छ ? नेपालीका विशिष्ट विद्वान्हरू बालकृष्ण पोखरेल, वासुदेव त्रिपाठी, बल्लभमणि दाहाल, कृष्णप्रसाद पराजुली, गोपीकृष्ण शर्मा आदिबाट तयार पारिएको अनि केशवप्रसाद उपाध्याय, शरद्चन्द्र शर्मा भट्टराई, खगेन्द्रप्रसाद लुइटेल, हर्षनाथ भट्टराई आदिबाट संशोधन-परिमार्जन गरिएको यस शब्दकोशलाई अहिले आएर यसरी जथाभावी बिगार्ने छुट कसैलाई छैन ।

म मानक नेपाली भाषा अभियान अन्तर्राष्ट्रिय सञ्जालको अध्यक्ष भएको र मेरा नेतृत्वमा रहेको यस सञ्जालले भाषाभँडुवालाई ठेगान लगाएर मानक नेपाली भाषालाई जोगाएको कुरा सर्वविदितै छ । नेपाल प्रज्ञा-प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय, साझा प्रकाशन, नेपाल सरकार शिक्षा मन्त्रालयबाट संस्थागत रूपमै अमानक नेपाली वर्णविन्यास प्रयोग गरी नेपाली भाषालाई मास्ने काम गरेका र केही व्यक्तिले वैयक्तिक स्वार्थपूर्तिका लागि पदीय दुरूपयोग गरेर नेपाली भाषामाथि खेलबाड गरी अक्षम्य भाषिक अपराध गरेकाले २०७३ भदौ १६ गते त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागबाट मेरा संयोजकत्वमा 'त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग मानक नेपाली भाषा अभियान–२०७३' नामक समिति गठन गरी नेपाली भाषाको लेख्य मानक प्रयोगलाई केही व्यक्ति र निकायबाट जबर्जस्ती भत्काई नेपाली भाषाका प्रयोक्तालाई दिग्भ्रमित तुल्याउने दुष्प्रयास भएकाप्रति आपत्ति जनाउँदै विज्ञप्ति जारी गरेर अवधारणासमेत प्रस्तुत गरियो । नेपाली भाषाको मानकीकरणका लागि यस अभियानबाट प्रस्तुत गरिएका अवधारणा र चालिएका कदमप्रति समर्थन र नेपाली भाषामा बल्झाइएका विवाद, अव्यवस्था एवं अराजकताप्रति विरोध जनाउँदै विभिन्न क्याम्पस तथा सङ्घसंस्थाहरूबाट विज्ञप्ति जारी गरिए - गराइए ।

यसैगरी २०७३ कात्तिक १० गते विभिन्न विश्वविद्यालयका प्राध्यापक, साहित्यकार, प्राज्ञ, सञ्चारकर्मी, कानुन व्यवसायीलगायत देशविदेशका विभिन्न

सङ्घसंस्थासँग सम्बद्ध विभिन्न क्षेत्रका भाषिक प्रयोक्ताहरूबाट मेरै अध्यक्षतामा 'मानक नेपाली भाषा अभियान अन्तर्राष्ट्रिय सञ्जाल' गठन गरी अवधारणासमेत प्रस्तुत गरेर नेपाली भाषाको मानकीकरणमा अझ सशक्त रूपले क्रियाशील रहेको कुरा सर्वविदितै छ । नेपाली भाषाको मानकीकरणका सन्दर्भमा सञ्जालले राष्ट्रियस्तरमा नेपाल शिक्षक महासङ्घ, नेपाल शिक्षक सङ्घ, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, प्याब्सन आदि तथा अन्तर्राष्ट्रियस्तरमा अनेसासलगायत विभिन्न सरोकारवाला सङ्घसंस्थासँग सहकार्य गर्दै तीमार्फत दबाबमूलक विज्ञप्ति जारी गराएर आन्दोलनलाई सशक्त तुल्याइएको कुरा जगजाहेर नै छ । मेरा नेतृत्वको सञ्जालको सशक्त एवं तीव्र दबाबबाट गराइएका प्रमुख कार्यहरू यी हुन् :

- २०७३-६-१४ मा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागबाट **अनिवार्य नेपाली शिक्षण निर्देशिका** (२०६६) मा प्रयुक्त अमानक वर्णविन्यास खारेज गराइयो ।
- २०७३-७-३० मा नेपाल प्रज्ञा-प्रतिष्ठानबाट **नेपाली बृहत् शब्दकोश** (२०७२) खारेज गराई मानक वर्णविन्यासअनुरूप प्रकाशित गराइयो ।
- २०७३-८-३ मा नेपाली विषय स्थायी समितिबाट **अनिवार्य नेपाली शिक्षण निर्देशिका** (२०६६) मा प्रयुक्त अमानक वर्णविन्यास खारेज गराइयो ।
- २०७३-९-८ मा नेपाली भाषा तथा राष्ट्रिय भाषा शिक्षा विषय स्थायी समितिबाट **अनिवार्य नेपाली शिक्षण निर्देशिका** (२०६६) मा प्रयुक्त अमानक वर्णविन्यास खारेज गराइयो ।
- २०७३-११-२२ मा साझा प्रकाशनबाट मानक वर्णविन्यास प्रयोग गर्ने निर्णय गराइयो ।
- २०७३-१२-२९ मा नेपाल सरकार शिक्षा मन्त्रालयबाट २०६९ सालमा जारी गरिएको अमानक वर्णविन्याससम्बन्धी परिपत्र बदर गराएर नेपाल सरकार शिक्षा मन्त्रालय राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट विद्यालय तहमा प्रयुक्त अमानक वर्णविन्यास खारेज गराई देवनागरी लिपिमा छापिएका विद्यालय तहका सबै पुस्तक मानक वर्णविन्यासअनुरूप प्रकाशित गराइसकियो । सञ्जालले चैत २९ गतेलाई **भाषा दिवस** घोषणा गरी मनाइरहेको छ ।

- उच्चमाध्यमिक शिक्षा परिषद्‌बाट अमानक वर्णविन्यासमा छापिएको **सबैको नेपाली** (२०६७) पुस्तक मानक वर्णविन्यासअनुरूप परिमार्जन गरी पुनःप्रकाशन गराइयो ।
- राष्ट्र बैंकबाट सबै बैंकका एटिएममा नेपाली भाषा अनिवार्य गराइयो ।
- निजी क्षेत्रका प्रकाशन संस्थाहरूबाट अमानक वर्णविन्यासमा छापिएका पुस्तकहरू मानक वर्णविन्यासअनुरूप प्रकाशित गराइयो ।
- विद्युतीय र छापासञ्चारमा मानक वर्णविन्यासको प्रयोग गराइयो ।
- सरकारी निकायबाटै कक्षा ११ र १२ बाट हटाइएको अनिवार्य नेपालीलाई दुबै कक्षामा अनिवार्य गराइयो आदि ।

मानक नेपाली भाषा अभियान अन्तर्राष्ट्रिय सञ्जालका यी सबै गतिविधिलाई नेपाली भाषाको मानकीकरणको आन्दोलनमा ज्यादै महत्त्वपूर्ण उपलब्धि मानिएको र नेपाली भाषाको मानकीकरणमा सञ्जालको विशिष्ट भूमिका र योगदान अतुलनीय एवं अद्वितीय रहेको कुरा कसैका सामु छिपेको छैन । अहिले सञ्जालको अभियान यी निर्णयहरूलाई पूर्ण रूपमा कार्यान्वयन गराउन अनुगमन गर्ने तथा नेपाली भाषाको विकासमा विविध गतिविधि सञ्चालन गर्ने कार्यका साथै नेपालमा चल्ने सवारी साधनमा इम्बोस्ड नम्बर नेपालीमा राख्न लगाउने कार्यमा केन्द्रित छ र यो कार्य पनि धेरै अगाडि बढेको छ ।

विभिन्न सरकारी निकायबाट गरिएका भाषिक अराजकतालाई मेरा नेतृत्वमा रहेको मानक नेपाली भाषा अभियान अन्तर्राष्ट्रिय सञ्जालले सच्याएर मानकीकरण गरिसकेको कुरा घामझैं छर्लङ्ग हुँदाहुँदै पछिल्लो समय केही व्यक्तिहरूले सर्वोच्चका फैसलाको गलत व्याख्या गरी सब काम आफैंले गरेको भन्ने दुष्प्रचार गर्ने कुकर्म गरिरहेका छन् ।

**१३. नेपाली भाषालाई विगत लामो समयदेखि नै हेयका दृष्टिले हेरिन्छ, यो भाषालाई प्रतिष्ठित तुल्याउन के गर्नुपर्ला ?**

- नेपाली भाषालाई विगत लामो समयदेखि नै यदाकदा हेयका दृष्टिले हेर्ने गरेको पाइन्छ । यसरी हेयका दृष्टिले हेर्नेमा आफूलाई अङ्ग्रेजीको ज्ञाता ठान्ने र नेपाली भाषा बिगारेर खान पल्केका मात्र छन् । म अङ्ग्रेजीबाट नेपालीमा आएको मान्छे हुँ । सक्कली नेपालीले नेपाली भाषालाई हेयका दृष्टिले हेर्ने कुरै आउँदैन । नेपाली भाषा अहिले नेपालमा मात्र सीमित नरहेर लगभग विश्वव्यापीकरण भइसकेको छ । यस अर्थमा नेपाली भाषा प्रतिष्ठित नै छ ।

नेपाली भाषालाई प्रतिष्ठित तुल्याउन यसमाथि अनावश्यक चलखेल गर्नुहुन्न । नेपाली भाषा हाम्रो प्राण र पहिचान हो भनेर यसको सम्मान गर्नुपर्छ ।

**१४. नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछि विद्यालय शिक्षाको माध्यम अङ्ग्रेजीलाई बनाउने लहर चल्यो, यस्तो कार्यले नेपाली भाषालाई नै कमजोर तुल्याई राष्ट्रिय भावनामा आघात पुगेन र ? यस सन्दर्भमा राज्यको भाषा नीति कस्तो हुनुपर्ला ?**

❑ नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछि मात्र विद्यालय शिक्षाको माध्यम अङ्ग्रेजीलाई बनाउने लहर चलेको होइन, यो पहिलेदेखि नै थियो । यसपछि अलि विस्तार भएको मात्र हो । विद्यालयमा पढाइने सबै विषय अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउने कार्यबाट केही मात्रामा नेपाली भाषालाई कमजोर तुल्याउँछ र राष्ट्रिय भावनामा पनि आघात पुग्नसक्छ तर यसको तात्पर्य अङ्ग्रेजी माध्यममा पठनपाठन गर्नु नै हुन्न भन्ने होइन । वर्तमान विश्वपरिवेशमा अङ्ग्रेजी भाषा आवश्यक छ पनि तर अङ्ग्रेजी आवश्यक छ भन्नुको तात्पर्य नेपाली भाषा आवश्यक छैन भन्ने होइन । अङ्ग्रेजी भाषा आवश्यक हो भने नेपाली भाषा अनिवार्य हो । अझ भनौं नेपाली भाषा सपना देख्ने भाषा हो भने अङ्ग्रेजी भाषा जागिर खाने र समय र परिवेशानुकूल प्रयोग गरिने भाषा हो । नेपाली भाषा हाम्रो पहिचानकै सर्वप्रमुख कडी भएकाले राज्यको भाषा नीति र शिक्षा नीतिमा समेत यसलाई विशेष महत्त्व दिनु अनिवार्य हुन्छ । जुनसुकै मुलुकको एउटा राष्ट्रभाषा हुन्छ र त्यो अधिकांशले प्रयोग पनि गर्छन् । नेपालको पनि राष्ट्रभाषा नेपाली भएकाले राज्यले यसलाई जगेर्ना गर्नुपर्नेमा बेलाबखत सरकारी निकायबाटै नेपाली भाषा बिगारेर लथालिङ्ग पार्ने काम हुनु दुःखद कुरा हो ।

**१५. अन्तिममा हाम्रो पुरुषार्थका माध्यमबाट पाठकलाई केकस्तो सन्देश दिन चाहनुहुन्छ ?**

❑ वर्तमान राजनीतिक लुछाचुँडीले सबैजसोमा नकारात्मकताले जरो गाड्दै गएको छ । देश र नेपाली भाषाप्रति नकारात्मक हुनु भनेको हाम्रो अस्तित्व समाप्त पार्नेतर्फ अग्रसर हुनु हो । देश र नेपाली भाषा हाम्रो प्राण हो, यसको जगेर्ना सबैको दायित्व हो भन्ने बोध सबैमा हुनु जरूरी छ । भाषा रहे मात्र हामी रहन्छौँ भाषा नरहे हाम्रो अस्तित्व पनि समाप्त हुन्छ भन्ने कुरा बुझेर वैयक्तिक स्वार्थपूर्तिका लागि नेपाली भाषालाई थिल्थिल्याएर यसको चीरहरण गर्नेतर्फ लाग्नु अपराध हो । कसैले भाषाद्रोह गर्नुहुन्न र गर्नेलाई छोड्नु पनि हुन्न ।

ooo

# श्राद्धसम्बन्धी विशेष जानकारी

✍ **डा. लक्ष्मीकान्त पन्थी**
**बौद्ध, रामहिटी, काठमाडौं**

यसभन्दा पहिले पनि 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क १०३ मा श्राद्धसम्बन्धी केही जानकारी भन्ने लेखमा श्राद्धको प्रारम्भ कसरी भएको रहेछ ? भन्ने कुराका साथै श्राद्धमा कस्ता ब्राह्मणलाई निमन्त्रणा गर्ने र कस्तालाई निमन्त्रणा गर्न नहुने इत्यादि कुराहरूका साथै श्राद्धका प्रकारहरू पनि बताइएको छ । अनि तर्पणका विषयमा पनि केही कुरा बताइएको छ । किन्तु यतिले मात्र श्राद्धसम्बन्धी विशेष जानकारी त्यसमा अझै नपुग भएको हुँदा त्यस्ता विषयमा प्रश्न उठाई भरसक तिनका उत्तर पनि खोज्ने प्रयत्न यस लेखमा गर्न खोजिएको छ । ती प्रश्नहरू यस्ता छन् –

### १. श्राद्ध भनेको के हो ?

श्राद्धको परिभाषा मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि सबैजसो धर्मशास्त्र ग्रन्थहरूमा र धेरैजसो पुराणहरूमा पनि बताइएको देखिन्छ । संक्षेपमा देहावसान भइसकेका पितृहरूका निमित्त उद्देश्य गरेर देश, काल र पात्रको समेत यथोचित विचार गरी श्रद्धा र विधिपूर्वक पिण्डदान गर्नु, जलदान गर्नु एवम् ब्राह्मणभोजनपूर्वक दक्षिणा गर्नु श्राद्ध हो ।

**देशे काले च पात्रे च श्रद्धया विधिना च यत् ।**
**पितृनुद्दिश्य विप्रेभ्यो दत्तं श्राद्धमुदाहृतम् ॥** इत्यादि

अर्थात् देश भन्नाले यज्ञीय देश, श्राद्धीय देश भन्ने बुझ्नुपर्छ । जस्तो कि श्राद्ध गर्नु पनि पितृयज्ञ हो । याज्ञवल्क्य स्मृतिअनुसार स्वभावैले जहाँ कृष्णसार मृग चर्छ त्यस्तो देशमा यज्ञादि एवम् धार्मिक कार्य गर्नु भनिएको छ । यस्मिन् देशे मृगः कृष्णः तस्मिन् धर्मान् निबोधत । (याज्ञवल्क्यस्मृति १/२) भन्ने बताइएको हुँदा र गंगा, गोदावरी, यमुना आदि नदीहरू तथा कुरूक्षेत्र, काशी, गया प्रयाग, आदि पवित्र तीर्थक्षेत्रहरूमा श्राद्ध गर्नुपर्छ भन्ने देशे शब्दको आशय हो ।

काल भन्नाले जुन तिथि वा पर्वमा श्राद्ध गर्नु भनी उल्लेख गरिएको छ त्यस्तो तिथि वा पर्वकालमा श्राद्ध गर्नुपर्छ । जस्तो कि पितृको क्षयतिथि, औँसी, पूर्णिमा, व्यतीपात योग, अक्षय तृतीया, संक्रान्तिका दिनहरू, महालय पक्ष तथा युगादि एवम् मन्वादि तिथिहरूमा श्राद्ध गर्नुपर्छ भन्ने काले शब्दको आशय हो ।

सद्‌गुणी, सदाचारी एवम् वेदवेदान्त पढेको सत्पात्र ब्राह्मणलाई श्राद्धमा बोलाएर भोजन गराई दक्षिणा दिनुपर्छ भन्ने 'पात्रे'शब्दको आशय हो ।

होमश्च पिण्डदानं च तथा ब्राह्मणभोजनम् ।

श्राद्धशब्दाभिधेयं स्यादेकस्मिन्नौपचारिकम् ॥

एकै ठाउँमा बसेर होम गर्नु, पिण्डदान गर्नु, ब्राह्मणभोजन गर्नु श्राद्ध शब्दका वाच्यार्थ हुन् । यसको स्पष्टार्थ के हो भने अन्नसंकल्प गरिसकेपछि जुन कव्यवाडनलादि पितृहरूलाई जलमा हवन गरिन्छ त्यसबाट हवन गरेको सिद्ध हुन्छ । विकिरान्न समर्पण गरेपछि पिण्डदान गर्नुभन्दा पहिले जुन निमन्त्रित ब्राह्मणहरूलाई मन्दमन्द भोजन गर्नुहोस् भनेर सिद्धान्न दिइन्छ त्यसबाट सिद्धान्न दान हुन्छ । ब्राह्मणभोजन र दक्षिण दान त प्रसिद्धै छन् । यति चार काम श्राद्धमा गर्नुपर्ने मुख्य हुन् ।

## २. श्राद्धकर्ताले र श्राद्धमा निमन्त्रित ब्राह्मणले पालन गर्नुपर्ने विशेष नियमहरू के-के हुन् ?

स्नान आदि गरी शुद्ध हुनुपर्ने, ब्रह्मचर्य पालन गर्नुपर्ने, काम, क्रोध, लोभ, मोह त्याग्नुपर्ने, लामो बाटो नहिँड्ने र परिश्रम साध्य काम नगर्ने, ठूलो भारी नबोक्ने, दाँत नमाझ्ने, श्राद्धकै विषयबाहेक अन्य विषयमा लिने दिने आदि व्यवहार नगर्ने र परान्नभोजन पनि नगर्ने, होम आदि पनि नगर्ने र पुनर्भोजन पनि नगर्ने, इत्यादि नियमहरू धैर्य एवं शान्तिपूर्वक पालन गर्नुपर्दछ ।

**दन्तधावनताम्बूलं स्निग्धस्नानमभोजनम् ।**
**रत्यौषधपरान्नानि श्राद्धकृत् सप्त वर्जयेत् ॥**

**पुनर्भोजनमध्वानं भाराध्ययनमैथुनम् ।**
**दानं प्रतिग्रहं होमं श्राद्धभुक्त्वष्टवर्जयेत् ॥**

## ३. एकोद्दिष्ट श्राद्ध भनेको के हो ? क्षयतिथिमा नै एकोद्दिष्ट श्राद्ध गर्नुपर्ने किन ?

चान्द्रमासको हिसाबले आउने शुक्लपक्ष र कृष्णपक्षको विचार गरी जुन तिथिमा मातापिता आदि पितृको प्राणान्त भएको थियो सोही महिना र तिथिको विचार गरी सोही दिनमा एकजनालाई मात्र उद्देश्य गरेर विधिपूर्वक एउटै पिण्डदान गर्नु एकोद्दिष्ट श्राद्ध हो ।

विशेष कारणबिना अन्य तिथिमा एकोद्दिष्ट श्राद्ध गर्नुहुँदैन । त्यो तिथिमा पनि एकोद्दिष्ट श्राद्धको समय मध्यान्ह काल हो भनिएकोले मध्यान्हकालमै गर्नुपर्दछ ।

यदि पार्वणश्राद्ध गर्नुपर्ने भएमा पार्वणश्राद्धको तिथि विचार गरी अपरान्ह कालमा गर्नुपर्दछ ।

**पूर्वाह्ने दैविकं श्राद्धमपराह्ने तु पार्वणम् ।**
**एकोद्दिष्टं तु मध्याह्ने प्रातर् वृद्धिनिमित्तकम् ॥**

यसको अर्थ दैविक श्राद्ध भन्नाले देवतालाई उद्देश्य गरेर गरिने श्राद्ध पूर्वाह्नमा गर्नुपर्दछ । पार्वण श्राद्ध गर्नुपर्ने भएमा अपराह्न कालमा गर्नुपर्दछ । यदि एकोद्दिष्ट श्राद्ध गर्नुपर्ने भएमा मध्याह्नकालमा गर्नुपर्दछ किन्तु वृद्धिश्राद्ध भन्नाले आभ्युदयिक श्राद्ध भने प्रातःकालमै गर्नुपर्छ ।

अब यहींनेर यस्तो शंका आउँछ - यदि एउटै कर्ताले एकै दिनमा एकोद्दिष्ट श्राद्ध र पार्वण श्राद्ध पनि गर्नुपर्ने भएमा कसरी गर्ने भन्ने कुरामा भन्छन् -

**यद्येकत्र भवेयातामेकोद्दिष्टं च पार्वणम् ।**
**पार्वणं त्वभिनिर्वर्त्य एकोद्दिष्टं समाचरेत् ॥**

यस पंक्तिमा पहिले पार्वण गरी एकोद्दिष्ट गर्नु भनेजस्तो अर्थ देखिन आए तापनि श्राद्धचन्द्रिकाकारले यसलाई पूर्वम् एकोद्दिष्टं अभिनिर्वर्त्य पश्चात् पार्वणम् समाचरेत् यस्तो अर्थ गरेका छन् किनभने माथिको श्लोकमा एकोदिष्टं तु मध्याह्ने अपराह्ने तु पार्वणम् भनिएकोले श्राद्धचन्द्रिकाकारले गरेको अर्थ मिलेको छ र उचितै छ । कुनै विशेष कारणवश श्राद्ध रोकिएमा जुठो सुतक परेको भएमा शुद्धि हुने दिनमा गर्नुपर्छ । अरू विशेष कारण भएमा त्यसभन्दा पछि आउने एकादशीमा अथवा अमावास्या तिथिमा गर्नुपर्दछ ।

## ४. पार्वण श्राद्ध भनेको के हो ?

बाह्रै महिनाका संक्रान्ति दिनहरू आदिलाई पर्व भनेर तोकिएको देखिन्छ । यी दिनहरूमध्ये बाह्रै महिनाका बाह्रवटा औँसी तिथि (मलमासमा पर्ने औँसीसमेत) र आश्विनकृष्ण पितृपक्षका पन्ध्र दिनका सबै तिथिहरूमा मृत्यु भएका पितृहरूको एकोद्दिष्ट श्राद्ध (एकपिण्डात्मक श्राद्ध) गर्नुहुँदैन । यी दिनमा मृत्युभएका पितृहरूको एकोद्दिष्ट श्राद्धगर्ने दिनमा एकपार्वण विधिले त्रिपिण्डात्मक श्राद्ध गर्नुपर्दछ । जस्तै उक्त तिथिहरूमा पिताको मृत्यु भएको रहेछ भने एक वर्षपछि सोही दिनमा पितृ, पितामह र प्रपितामहका लागि छुट्टाछुट्टै पिण्ड दिने विधि एकपार्वण विधि हो । त्यस्तै उक्त तिथिहरूमा माताको मृत्यु भएको रहेछ भने एक वर्षपछि आउने सोही तिथिमा मातृ, पितामही र प्रपितामहीको बेग्लाबेग्लै पिण्ड दिएर गरिने त्रिपिण्डात्मक श्राद्ध पनि एकपार्वण श्राद्ध हो ।

यस्तो एकपार्वण श्राद्ध गर्ने कर्ताले पितृपक्षको औँसी तिथिमा भने मातामह, प्रमातामह र वृद्धमातामह र अन्य पितृव्य मातुलादि एकोद्दिष्टगणीय पितृलाई समेत पिण्डदान गर्नेगरी पार्वण श्राद्ध गर्नुपर्छ ।

**अमावास्यां क्षयो यस्य प्रेतपक्षेऽथवा पुनः**
**पार्वणं तस्य कर्तव्यं नैकोद्दिष्टं कदाचन** – शङ्खस्मृति

आश्विन कृष्णपक्षका लागि त विशेष वचन पनि छ । त्यो के भने –

**सूर्ये कन्यागते श्राद्धं यो न कुर्याद् गृहाश्रमी ।**
**धनं पुत्राः कुतस्तस्यपितृनिःश्वासपीडनात् ।।**

यसको अर्थ सूर्य कन्या राशिमा उदाउँदा अर्थात् आश्विन महिनाको कृष्णपक्षमा जो गृहस्थाश्रमीले पितृश्राद्ध गर्दैन त्यसका धन र पुत्रहरू पनि पितृहरूको तातो श्वासले उडाइदिने हुँदा कसरी रहुन् र ? अर्थात् रहँदैनन् । यसको सारांश के हो भने आश्विन कृष्णपक्षमा पार्वण श्राद्ध गर्नाले हामीलाई पितृहरूको आशीर्वादले धन सम्पत्ति मिल्ने र सन्तानहरूको दीर्घायु हुने कुरा बुझिन्छ । अर्थात् यसबाट कर्ताको भलाइ नै हुन्छ । भनिएकै छ कि -

**आयुः प्रजां धनं विद्यां स्वर्गमोक्षसुखानि च ।**
**प्रयच्छन्ति तथा राज्यं पितरः श्राद्धतर्पिताः ।।**

**आयुः पुत्रान् यशः स्वर्गं कीर्तिं पुष्टिं बलं श्रियम् ।**
**पशून् सौख्यं धनं धान्यं प्राप्नुयात् पितृपूजनात् ।।**

## ५. छोरा नभएकी विधवाले श्राद्ध गर्नुपर्ने स्थिति भएमा कसरी गर्ने ?

यदि छोरा नभएकी विधवाले आफ्ना पतिको श्राद्ध गर्नुपर्ने भएमा उनको वार्षिक क्षयतिथिमा एकोद्दिष्ट श्राद्ध गरिसकेपछि अब आउने आश्विन कृष्णपक्षमा भरसक आफ्ना देवरहरूमध्येबाट अथवा भतिजाहरूमध्येबाट पार्वण श्राद्ध गराउनु राम्रो र सजिलो हुन्छ । त्यो अवस्था नभएमा आफैले पार्वण श्राद्ध गर्नुपर्ने भयो भने उनले चारवटा पार्वण गर्नुपर्ने हुन्छ । श्राद्धप्रकाशमा **चत्वारः पार्वणाः प्रोक्ता विधवायाः सदैव हि** यस्तो वचन उल्लेख गरिएको छ । यसअनुसार गर्नुपर्ने चार पार्वण श्राद्धहरू यसप्रकार छन् –

१. आफ्ना पति, ससुरा र बुढाससुराको

(स्वभर्तृतत्पितृपितामहानाम्)

२. आफ्ना पतिका आमा, हजुरआमा र जिजुहजुरआमाको

(स्वभर्तुर्मातृपितामहीप्रपितामहीनाम्)

३. आफ्ना पिता, पितामह र प्रपितामहको

(स्वपितृपितामहप्रपितामहानाम् सपत्नीकानाम्)

४. आफ्ना मावली हजुरबुबा, बुढा हजुरबुबा र जिजु हजुरबुबाको (स्वमातामह–प्रमातामह–वृद्धप्रमातामहानाम् सपत्नीकानाम्)

यसरी त्रिपिण्डात्मक चारवटा पार्वण गर्दा बाह्रवटा पिण्ड दिनुपर्दछ । यसपछि एकोद्दिष्टगणीय पितृका रूपमा दिनुपर्ने भएमा आफ्ना पतिका दाजुभाइहरूलाई सपत्नीक भनेर, आफ्ना मामाहरूलाई सपत्नीक भनेर, त्यस्तै आफ्ना पतिका दिदीबहिनीहरूलाई सधवा भनेर, आफ्ना पनि दिदीबहिनीहरूलाई सधवा भनेर दिँदा हुन्छ ।

यदि विधवा स्वयं अशक्त अवस्थामा भएर चारै पार्वण गर्न नसक्दा दोस्रो र चौथो चाहिं छोड्न मिल्छ किन्तु पहिलो र तेस्रो चाहिं गर्नैपर्छ ।

## ६. मातामह श्राद्ध गर्नुपर्ने किन ?

पार्वण श्राद्धमा पिण्डदान गर्दा **मातुः पितरमारभ्य त्रयो मातामहाः स्मृताः । तेषां तु पितृवच्छ्राद्धं कुर्युर्दुहितृसूनवः** यस्तो वचन निर्णयसिन्धुमा भएकोले यसको अर्थको आशय के हो भने मातामह पक्षका तीन पुस्तासम्मका पितृहरूले छोरीतर्फबाट पनि पिण्डप्राप्तिको आशा राखेका हुन्छन् । त्यस्तो पिण्डदान छोरीले सीधै गर्न नमिल्ने हुँदा उनका छोराबाट अर्थात् छोरीका छोराले मातामह पक्षका तीन पुस्तासम्मलाई महालय पक्षमा गरिने पार्वण श्राद्धमा मातामह–प्रमातामह–वृद्धप्रमातामहानाम् सपत्नीकानाम् भनेर छुट्टाछुट्टै पिण्डदान गर्नुपर्दछ । यदि शक्ति र सामर्थ्य भएमा त मामाहरू भए पनि नभए पनि घटस्थापना हुने दिनमा यस्तो मातामह पक्षको महालय श्राद्ध एकपार्वण विधिले सपत्नीक भनेर पनि गर्नुपर्छ भन्ने व्यवस्था छ ।

## ७. आभ्युदयिक श्राद्ध भनेको के हो ?

अभ्युदय भनेको उन्नति हुनु हो । त्यस्तो उन्नति हुँदैगर्दा घरमा आभ्युदयिक श्राद्ध गर्नुपर्छ । जस्तै पुत्रजन्म हुँदा, व्रतबन्ध, विवाह आदि माङ्गलिक कार्य गर्दा, कुनै पनि धार्मिक यज्ञ गर्दा, सप्ताह आदि पुराण लगाउँदा, तीर्थयात्रा गर्दा, नवीनगृह प्रवेश गर्दा, यस्ता उन्नतिसूचक शुभकर्महरूमा आभ्युदयिक श्राद्ध गरी पितृहरूलाई खुशी पार्नुपर्दछ । आभ्युदयिक श्राद्धमा संकल्पपूर्वक पितृहरूको

सम्झना गर्दै सिधादान गर्दा हुन्छ । दधिअक्षता मुछेर बलि दिने व्यवस्था छ, पिण्ड दिनु पर्दैन । ब्राह्मण भोजन, दक्षिणादान आदि भने गर्नुपर्छ ।

## ८. श्राद्धका भेद कति छन् ?

श्राद्धका भेदहरू नित्यश्राद्ध, नैमित्तिकश्राद्ध, काम्यश्राद्ध, वृद्धिश्राद्ध, सपिण्डनश्राद्ध, दैवश्राद्ध, एकोद्दिष्टश्राद्ध पार्वणश्राद्ध, गोष्ठीश्राद्ध, शुद्धिश्राद्ध, मातृश्राद्ध, यात्राश्राद्ध, पुष्टिश्राद्ध, कर्माङ्गश्राद्ध, तीर्थश्राद्ध, आदि छन् । श्राद्धका प्रकार भने सयभन्दा बढी छन् । यस विषयको विस्तार अघिल्लो लेखमा गरिएको छ ।

## ९. के प्राचीनकालमा पनि श्राद्ध गर्ने चलन थियो ?

हो, थियो । यस विषयका प्रमाणहरू रामायणमा, महाभारतमा र विभिन्न पुराणहरूमा सविस्तार गरिएको भेट्न सकिन्छ । जिज्ञासा हुनेहरूले त्यहाँ हेर्दा हुन्छ ।

## १०. श्राद्ध गर्न नसक्ने स्थिति भएमा के गर्ने ?

श्राद्ध गर्न नसक्ने अवस्था दुई प्रकारले हुनसक्छ ।

१. श्राद्धकर्ता बिरामी भएमा वा साह्रै कमजोर अवस्था भएमा – यस्तो स्थिति हुँदा छोराबाट वा आफ्ना बान्धवहरूबाट सो नभए ब्राह्मणद्वारा पनि प्रतिनिधि राखेर श्राद्ध गराउनुपर्दछ । त्यसो गर्न पनि सम्भव नभएमा अनुकल्प विधिले आमान्न संकल्प गरी सीधादान, ब्राह्मण भोजन, दक्षिणादान आदि गरी श्राद्ध हुनसक्छ ।

२. श्राद्धकर्ता अति नै गरीब भएको अथवा टाट पल्टेको अवस्थामा उसको साथमा केही पनि हुन सकेन भने कम्तीमा एक मुठी सातुसम्म जुटाएर नदी किनारमा गई आज मेरो पितृश्राद्धको दिन हो गरीबीको कारणले मैले श्राद्ध गर्न नसकेको हुँदा यही सातुको पिण्ड बनाई पितृलाई अर्पण गर्दछु भनी पिण्डदान गरी नदीको जलले तर्पणसमेत गर्नुपर्छ । यति पनि गर्न नसक्ने अवस्था भएमा स्नानादि गरी पूर्व फर्केर आफ्ना दुबै हात माथि उठाई काखी देखिने गरी सूर्यनारायणलाई नमस्कार गर्दै आज मेरो पितृश्राद्धको दिन हो मेरो औकात केही नभएकोले मैले श्राद्ध गर्न सकिन, पितृहरूले मलाई माफ गरून् भनेर हात जोड्दै आफ्ना पितृहरूलाई प्रार्थना वा स्तुति गर्नुपर्दछ । सो प्रार्थनामन्त्र यस्तो छ –

**न मेऽस्ति वित्तं न धनं न वान्यत्**
**श्राद्धोपयोग्यं स्वपितॄन्नतोऽस्मि ।**

**तृप्यन्तु भक्त्या पितरो मया नुतौ**
**कृतौ भुजौ वर्त्मनि मारूतस्य । श्रा.क १०९९**

## ११. के नेपाल, भारतजस्ता देशहरूबाहेक अरू अरू देशवासीहरूले पनि श्राद्ध गर्ने गर्छन् त ?

गर्छन् । किन्तु उनीहरूको श्राद्धगर्ने तरिका भने भिन्नै प्रकारको हुन्छ । जस्तो कि जर्मनी देशमा त्यहाँका मानिसहरूले हरेक वर्ष २१ अक्टोबरमा मृतात्मा दिवस मनाउने गर्छन् । सो दिन आ–आफ्ना पितृहरूको चिहान भएको क्षेत्रमा सरसफाइ गरी सो ठाउँमा कोइलाको धुलो छरी त्यसमाथि पितृहरूले गरेका विभिन्न गतिविधिको सम्झना हुने गरी चित्रहरू बनाउने र त्यहाँ मृतात्माको पुष्टि र शान्तिका लागि विभिन्न प्रकारका केक आदि खाद्यपदार्थ तथा फूलमालाहरू राखिदिने गर्छन् । यसो गर्दा उनीहरूका पितृ त्यहाँ आउँछन् भन्ने विश्वास छ ।

जापान देशमा हरेक वर्ष अगस्त महिनामा लगातार तीन दिनसम्म मृतात्मा पर्व मनाइन्छ । त्यसबेला लामालामा बाँसका लिङ्गाहरूमा अनेक रङ्का बत्तीहरू बाली झल्काउने र पूरै गाउँशहर उज्यालो बनाउने गर्छन् । त्योबेला घरका सबै झ्यालढोकाहरू खुला राख्ने र मृतात्माहरू कुनै कारणले बाहिर जान नसकेको भए जाउन् र खुशी होऊन् भन्ने सोचाइ राखिन्छ । गाउँसहरका निवासीहरू पनि एकआपसमा जुटेर लट्ठी घुमाउँदै गाउँसहरबाट बाहिरसम्म निस्कने र मृतात्मालाई बाहिर पुऱ्याएर घर फर्कने गर्छन् । यस्तो जुलुस खास गरी जुन जुन घरमा त्यो वर्षभित्र मृत्यु भएको छ तिनीहरूले हाम्रो नेपालका शहरबजारमा गाईजात्रा निकालेजस्तै गरी निकाल्छन् ।

फ्रान्स देशमा त्यहाँका जनताले नोभेम्बर महिनाको मध्यमा (All Old Souls Day) अर्थात् सबै पुराना मृतात्माहरूको दिन मनाउने गर्छन् । यो दिन चर्चमा गएर मृतात्माहरूको लागि विशेष प्रार्थना पनि गर्दछन् ।

इटालीअन्तर्गत पर्ने सिसिली द्वीपमा त्यही मृतात्मा दिवस (All Old Souls Day)का दिन घरका आमाबाबुले साना केटाकेटीहरूलाई गोप्य रूपमा उपहार दिन्छन् । तिनीहरूले बालबालिकाहरूलाई यस्तो भन्छन् कि "आज राति तिम्रा हजुरबुबा हजुरआमाहरूले तिमीहरूलाई उपहार ल्याइदिन्छन् ।" यस्तो भनेर केटाकेटीहरू सुतिसकेपछि उनीहरूलाई थाहा नदिईकन बजारबाट ल्याएको खेलौना आदि उपहार उनीहरूको सिरानमा राखिदिन्छन् । बिहान उठेर बच्चाहरूले आफ्नो सिरानमा राखेको खेलौनाहरू देख्दा साँच्चि नै हजुरबुबा हजुरआमाहरूले ल्याइदिएको सम्झेर खुशी हुन्छन् ।

इंगल्याण्ड, इटाली र स्कटल्याण्डमा पनि हरेक वर्ष नोभेम्बर महिनामा (Souls Evening) अर्थात् मृतात्माहरूको लागि सन्ध्या मनाउँदै हाम्रोतिर तिहारमा दीपावली गरेजस्तै बत्ती बालेर उज्यालो सन्ध्या मनाउँछन् ।

इन्डोनेसिया अन्तर्गत पर्ने सुम्बा द्वीपमा हरेक वर्ष जनवरी महिनामा मृतात्माहरूको पर्वदिन मनाउने गरिन्छ । यो दिनमा मानिसहरूले आफ्नो पूर्वजहरूको सम्झना हुने गरी उनीहरूको चिहान भएको ठाउँमा भोजको लागि आफ्ना मित्र तथा सम्बन्धीजनहरूलाई निमन्त्रणा गर्ने गर्छन् र त्यहाँ भोज खाएपछि पनि धेरै बेरसम्म रही मृतात्माहरूले गरेका क्रियाकलापहरूको सम्झना एवम् प्रशंसा गर्छन् ।

अफ्रिका देशमा रहेका दहोमियन (Dahomeans) जातिद्वारा हरेक वर्ष अप्रिल महिनामा मृतात्मा दिवस मनाउने गरिन्छ । यो दिनमा उनीहरू परस्पर मिलेर प्रसादको रूपमा जौको मदिरा तयार गर्छन् र एक अर्कालाई उपहार दिन्छन् र त्यो मृतकको चिहानमा दुई दिनसम्म राखिदिन्छन् । तेस्रो दिनमा घरका सबै मानिस त्यस चिहानमा गएर त्यो मदिराको भाँडो घरमा ल्याउँछन् र प्रसादको रूपमा त्यो मदिरा पिएर खुशी हुँदै नाचगान गर्ने गर्छन् ।

हङ्कङ्मा प्रतिवर्ष चाइनिज नयाँ वर्षका दिनमा अर्थात् फरवरीको आरम्भमा हङ्कङ् निवासी चाइनिजहरूले आ-आफ्ना मृतकहरूको चिहान भएको ठाउँमा राम्रोसँग सफा गरी त्यहाँ विभिन्न प्रकारका स्वादिष्ट खानेकुराहरू अर्पण गर्छन् । साथै, अगरबत्ती एवम् कपुर जलाई पितृहरूको सम्मान गर्छन् ।

अमेरिका देशमा पनि रेड इन्डियन समुदायमा मृतात्माहरूको लागि फरवरी महिनामा शान्ति समारोह मनाइन्छ । हाम्रो आश्विन कृष्णपक्षमा श्राद्धपक्ष चलेजस्तै उनीहरूको यो समारोह धेरै दिनसम्म चल्छ । यो समारोहका दिनहरूमा मदिरापान, मासु, तमाखु, चुरोट, बिँडी आदिको सेवन पनि निषिद्ध हुन्छ । यी दिनमा एक गाउँका निवासीले अर्को गाउँका निवासीहरूलाई सामूहिक रूपमा भोजनका लागि आमन्त्रण गर्छन् । उनीहरूको धारणामा निमन्त्रित पाहुनाहरू मृतात्माहरूका प्रतिनिधिस्वरूप हुन्छन् । आमन्त्रित गाउँलेहरू रङ्गीबिरङ्गी लुगा लगाएर त्यहाँ पुग्ने गर्छन् र त्यहाँका गाउँलेहरूले आफ्ना मृतात्माहरूको सम्झनामा उनीहरूलाई अँगालो मारेर रूँदै रूँदै उनीहरूको स्वागत गर्छन् । त्यसपछि त्यहाँ मीठा-मीठा खानेकुराहरू खान दिने र सबै मिलेर नाचगान पनि गर्ने गर्छन् ।

## १२. इस्लाम तथा क्रिश्चियन संस्कृतिमा पनि श्राद्ध हुन्छन् ?

हुन्छन् । इस्लाम धर्ममा सुन्नी र सिया गरी खास गरी दुई सम्प्रदाय छन् । घरको आफन्त मानिस मर्दा सुन्नी सम्प्रदायका मानिसहरूले अति दुःख मानेर मुहर्रमको समयमा रूने कराउने र हातले छाती पिट्ने पनि गर्छन् तर सिया सम्प्रदायमा यस्तो दुःख पर्दा स्तब्ध भएर शान्तिपूर्वक रहन्छन् । कुनैबेला त यसमा पनि रूने, कराउने गर्छन् । यी दुबै थरी इस्लाम धर्म मान्ने हुन् । यिनीहरू दुबै थरीले मृतकको शवलाई लगेर खाल्डोमा राख्ने र माटोले पुर्ने गर्छन् । अनि त्यो ठाउँ पत्ता लाग्न सकोस् भनी त्यहाँमाथि कुनै मौलोजस्तै नमेटिने र नबिग्रने चिह्न बनाउँछन् । त्यो ठाउँलाई कब्र वा कब्रस्तान भनिन्छ । अनि त्यहाँ सबै जम्मा भएर मृतात्माको जीवन र उसका वंशजहरूलाई सुख मिलोस् भनेर प्रार्थना गर्ने गर्छन् । अरू केही गर्दैनन् । सुन्नी सम्प्रदायका मानिसले भने शवलाई गाडेको तेस्रो दिनमा त्यहाँ पुगेर दीनदुःखीहरूलाई खानेकुरा बाँड्छन् । आफ्ना नजिकका बन्धुवर्गलाई पनि राम्रोसित भोजन गराउँछन् । त्यसपछि घरमा आएर सक्नेहरूले मृतकलाई शान्ति मिलोस् भनी कुरानका केही अशंहरू पाठ गर्ने गर्छन् । यस्तै उनीहरूले वर्षमा एकपटक गर्ने बकरीद पर्वमा पनि आफ्ना घरका मृतात्माहरूलाई शान्ति मिलोस् भनी अरफाकर्म गर्ने गर्छन् । यस्तो अरफाकर्ममा पवित्र जौकोपीठोको छुट्टै किसिमको खाद्य सामाग्री बनाएर दीनदुःखीलाई बाँड्ने र आफूहरूले पनि खाने गर्छन् । यस्तो गरिसकेपछि आफ्नो घरको पछिल्लो मृतात्मा पुराना पितृहरूसँग मिलेको भन्ने जानेर खुशी हुन्छन् । यति गरिसकेपछि उनीहरूको वर्षदिनमा पनि वार्षिक कर्म हुने गर्छ । यस्तो वार्षिक कर्मलाई उर्सकर्म भनिन्छ । यसमा पनि श्रद्धापूर्वक दान, भोजन, आदि दिने र धार्मिक ग्रन्थ कुरान पाठ गर्ने काम हुन्छ ।

क्रिश्चियन संस्कृतिमा पनि मृतात्माहरूको लागि श्राद्ध गर्ने काम हुन्छ । उनीहरूको समाजमा मरेको मानिसको शवलाई स्नान गराई सेतो कपडाको कोट, पतलुन आदि लगाइदिने र कपाल कोरिदिने गर्छन् । अनि त्यसलाई शिरदेखि पाउसम्म सेतो कपडाले ढाकिदिन्छन् । त्यसपछि उनीहरूको पुरोहित (पादरी)ले ईश प्रार्थना गर्छन् । त्यसपछि शवलाई काठको बाकस (कोफिन)मा राख्छन् । विवाहित व्यक्ति मरेको भएमा त्यो बाकसभित्र सेतो कपडा बिछ्याउँछन् र बाहिर कालो कपडाले ढाक्छन् । अविवाहित व्यक्ति मरेको रहेछ भने बाकसको भित्र र बाहिर दुबैतिर सेतो कपडाले ढाक्छन् । यसरी सेतो कपडाले ढाकेको बाकसबाट सांसारिक प्रपञ्चबाट मुक्त भएको पवित्र मानिस भन्ने उनीहरू बोध गर्छन् । यस्तो शवलाई चिहानतिर लैजाँदा सबैभन्दा अगाडि सेतो कपडा पहिरिएको पुरोहित (पादरी) त्यहाँ चिहानमा पुगेपछि पनि पुरोहितले ईशप्रार्थना गर्छन् । त्यसपछि शवलाई खाडलमा गाडेर माटोले पुर्ने गर्छन् । त्यसको सोझै माथि कुनै

प्रकारको चिह्न बनाएर त्यसमा मृत व्यक्तिको नाम, उमेरका साथै उसले गरेका सेवादि कर्म संक्षेपमा लेख्ने गरिन्छ ।

यसरी गर्ने गरिएको शवको अन्त्येष्टि कर्मबाट इसाई र मुसाई समाजमा पनि श्राद्ध भएको र आत्माको अस्तित्व छ भन्ने कुरा उनीहरूले मानेको बुझ्न सकिन्छ ।

## १३. श्राद्ध तर्पणको रहस्य र आवश्यकता के हो ?

हाम्रो पौरस्त्य सनातन धर्ममा वर्णाश्रम व्यवस्थाका अनुयायीहरूमा एउटा बालक (छोरा) जन्मनासाथ उसलाई तीन प्रकारका ऋणहरू लाग्दछन् । ती हुन् –

१. **देवऋण**

देवऋण उसले जीवनमा धार्मिक भावनापूर्वक यज्ञ, होम र दान गरेर तिर्नुपर्दछ । अर्थात् यसो गर्न सकेमा देवऋण तिरिन्छ ।

२. **ऋषिऋण**

ऋषिऋण विद्या पढेर, पढाएर, अध्यात्मज्ञान गरेर, आत्मज्ञानी हुन सकेमा तिरिन्छ ।

३. **पितृऋण**

पितृहरूले सुख पाऊन् र उनीहरू भोकाएको अवस्थामा तृप्त होउन् भन्ने उद्देश्यले उनीहरूको क्षयतिथिमा तथा अमावश्याहरूमा श्रद्धा र विधिपूर्वक पिण्डदान, जलतर्पणका साथै ब्राह्मणभोजनादि गराउनाले तिरिन्छ । सनातन धर्ममा यति मात्र होइन अतिथि (पाहुनालाई), जोगी एवम् भिक्षुलाई र गाई कुकुर, काग आदि पशुपन्छीलाई पनि यथाशक्ति अन्नजल दिएर तृप्त गर्नुपर्ने व्यवस्था छ । यदि यस्तो गर्न सकिएन भने वा यस कुरालाई बेवास्ता गरियो भने गीताशास्त्रले भनेजस्तै **पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रिया** (गीता १/४२) अर्थात् पिण्डतर्पणादि क्रियाहरू लोप भएमा उसका पितृहरूको अधःपतन हुन्छ । अतएव तर्पण र श्राद्धतर्पणको आवश्यकता छ । अर्को कुरा पुत्र शब्दको सार्थकता पनि श्राद्धतर्पणादि कर्म गर्नाले सिद्ध हुन्छ । सो के भने जुन छोराले पुत् नाम गरेको नरकबाट आफ्ना पितृपितामहादिलाई तार्न सक्छ भने त्यस्तोलाई पुत्र भनिन्छ भन्ने कुरा स्वयं ब्रह्माजीले बताएका छन् –

**पुंनाम्नो नरकाद् यस्मात् त्रायते पितरं सुतः ।**
**तस्मात्पुत्र इति प्रोक्तः स्वयमेव स्वयंभुवा ॥**

यस्तै कुरा देवीभागवतमा पनि बताएको भेटिन्छ–

**जीवतो वाक्यकरणात् क्षयाहे भूरिभोजनात् ।**
**गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥** दे.भा.६।४।१५

अर्थात् जीवित रहँदासम्म पिताले भनेको मान्नाले, मृत्यु भइसकेपछि उनको क्षयतिथिमा श्राद्ध गर्नाले र ब्राह्मणभोजन गराउनाले अनि गयादि तीर्थमा गएर पिण्डदान गर्नाले पुत्रको पुत्रता अर्थात् पुत्र शब्दको सार्थकता हुन्छ ।

अर्को एउटा महत्त्वपूर्ण कुरा यो पनि हो कि छोराहरू बाल्यावस्थामा रहंदा उनीहरूलाई पालन-पोषण गर्ने, संरक्षण गर्ने र हुर्काउने बढाउने काम उनका बाबुआमाहरूले गरेका हुन्छन् । अन्त्यमा आफूले कमाएको र भोग गरेको चल अचल सबै सम्पत्ति उनीहरू भन्नाले छोराहरूलाई नै छोडेर गएका हुन्छन् । त्यसैले त्यो सम्पत्ति भोग गर्ने छोराहरूबाट उनीहरूले अन्नजल पाउने आशा पनि राखेका हुन्छन् । त्यसकारण पितृहरूलाई अन्नजलद्वारा तृप्त गराउनु छोराहरूको कर्तव्य नै हुन आउँछ ।

अतएव दिवंगत पितृहरूलाई तृप्ति होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक श्राद्ध गर्नाको रहस्य र आवश्यकता यही हो भन्ने बुझ्नुपर्छ ।

## १४. श्राद्धमा दिएको अन्नजल पितृहरूले कसरी पाउँछन् ?

जसरी हामीले नाम ठेगाना राम्रोसँग लेखेर पठाएको चिठी हुलाकीले वा इमेलबाट पनि त्यो ठेगानामा सहजै पुग्छ त्यसैगरी हामीले श्राद्ध गर्दा श्राद्धविधिमा उल्लेख भएअनुसार हाम्रा पितृहरूको गोत्र, नाम र सम्बन्ध पनि उल्लेख गरेर अन्नजल दिने गर्छौं । त्यो अन्नजललाई हामीले श्राद्धमा पूजा गरेका ब्राह्मणहरूद्वारा अग्निष्वाता आदि पितृहरूसम्म पुग्दछ । उनीहरूले हाम्रा पितृहरू जहाँ छन् त्यहाँ उनीहरू जस्तो अवस्थामा छन् त्यस्तै खाद्यपदार्थका रूपमा पुऱ्याइदिने काम गर्छन् । जस्तो कि पितृहरू देवता भएका भए अमृतका रूपमा, पितृहरू पशुपन्छी भएका भए घाँसपानीका रूपमा, पितृहरू सर्प भएका भए हावाका रूपमा र पितृहरू मानिसै भएका भए मीठा-मीठा खाद्यसामाग्रीका रूपमा पुऱ्याइदिन्छन् ।

## १५. श्राद्धपक्ष कहिले हो र श्राद्धकर्ममा गर्नुपर्ने मुख्य काम के–के हुन् ?

आषाढ शुक्लपूर्णिमा (गुरुपूर्णिमा) देखि परको पाँचौ पक्ष अर्थात् आश्विन महिनाको कृष्ण पक्षका पन्ध्रदिनलाई श्राद्धपक्ष भनिएको देखिन्छ ।

**आषाढ्याः पञ्चमे पक्षे कन्यासंस्थे दिवाकरे ।**
**यो वै श्राद्धंनरः कुर्यादेकस्मिन्नपि वासरे ।**
**तस्य सवंत्सरं यावत् तृप्ताः स्युः पितरो ध्रुवम् ।** श्रा.क १९७

**आषाढ्याः पञ्चमे पक्षे यः श्राद्धं नकरिष्यति ।**
**शाकेनाऽपि दरिद्रो वा सोऽन्त्यजत्वमुपैष्यति ।** श्राद्धमयूख १६

यसरी शास्त्रले निश्चित गरेको समय अर्थात् श्राद्धपक्षमा सक्नेले पन्ध्रैदिनसम्म महालय श्राद्ध गर्नुपर्छ । नसक्दा आफ्ना पिताको तिथि पारेर सोही तिथिमा एक दिनमात्र भए पनि गर्नुपर्छ भन्ने व्यवस्था भएकोले श्राद्धपक्षका दिनहरूमध्ये आफ्ना पिताको तिथि परेको दिन अवश्य श्राद्ध गर्नुपर्छ ।

अब श्राद्धकर्म के हो भन्ने विषयमा श्राद्धपक्षमा श्रद्धापूर्वकपितृ-पितामह-प्रपितामह सपत्नीक तथा मातामह-प्रमातामह-वृद्धप्रमातामह सपत्नीकलाई पार्वणश्राद्धीय पितृ भनेर श्रद्धा एवं ् विधिपूर्वक उनीहरूको सद्गति र अक्षयतृप्तिका लागि श्राद्धकर्म गरिन्छ । साथै, अन्य एकोद्दिष्टगणीय पितृहरूका लागि पनि एकोद्दिष्ट पितृका रूपमा (ताताम्बात्रितयं सपत्नजननी...) इत्यादि श्लोकोक्त क्रमले श्रद्धा र विधिपूर्वक एक-एक पिण्ड दिइन्छ । यही नै श्राद्धकर्म हो । यहाँ श्राद्ध शब्द श्रद्धापूर्वक मृत पितृहरूको उद्देश्य गरेर गरिने श्राद्धक्रियाको लागि पारिभाषिक शब्द हो किनभने श्रद्धापूर्वक जीवित व्यक्तिको सेवा आदि कर्म गर्दा त्यसलाई श्राद्ध भनिदैंन ।

यस्तो श्राद्धमा श्रद्धाको मधुरभाव अन्तर्निहित छ । जुन मातापिताबाट हाम्रो शरीर प्राप्त भयो, पालनपोषण भयो र उनीहरूकै चलअचल सम्पत्ति उपभोग गर्न पाएर पनि, ती पितृहरू अर्थात् मातापिता आदिका सुख र तृप्तिका लागि हामीले सत्पात्र ब्राह्मणलाई बोलाएर विधिपूर्वक श्राद्धकर्म एवं सेवा सत्कार गर्न सकेनौँ भने अथवा उपेक्षा भावले श्राद्धकर्म गरेनौँ भने अर्को कृतघ्न को हुन सक्ला ? यो अति नै विचारणीय कुरा हो । अतएव श्राद्धपक्षमा र एकोद्दिष्ट श्राद्ध गर्ने दिन अर्थात् क्षयतिथिमा पनि विधिपूर्वक एकोद्दिष्ट श्राद्ध गर्नाले मातापिता आदि पितृहरूको आत्मा तृप्त हुन्छ, उनीहरूको लोकान्तर गमन सहज हुन्छ । प्रेतयोनिमा रहेको भए प्रेतत्व हट्छ । त्यसैले यथाविधि देश, काल र समयको विचार गरेर श्रद्धापूर्वक पितृहरूलाई पिण्डदान गर्नाले उनीहरू कष्टबाट मुक्त हुन्छन् ।

## १६. अन्त्येष्टिक्रियाको रहस्य के हो ?

हाम्रो सनातन हिन्दुधर्ममा अध्यात्मशास्त्र (आत्मज्ञान)को धेरै ठूलो महत्त्व बताइएको छ । यतिसम्म कि चार पुरुषार्थमध्ये आत्मज्ञान गर्नु र त्यसबाट मोक्षफल प्राप्त गर्नु परम पुरुषार्थ नै हो । याज्ञवल्क्यस्मृतिमा यस कुरालाई विशेष जोड दिएर यस्तो भनिएको छ -

**इज्याचारदमाहिंसा दानं स्वाध्यायकर्मणाम् ।**
**अयं तु परमो धर्मो यद् योगेनात्मदर्शनम् ।।** या. स्मृति १।८

(अर्थात् यज्ञगर्नु, आचारमा रहनु, इन्द्रियदमन गर्नु, अहिंसा गर्नु, दानगर्नु र स्वाध्याय अर्थात् विद्या पढ्नु पढाउनु सबै धर्म हुन् तिनमा पनि यो त सबैभन्दा ठूलो धर्म हो कि जुन योगद्वारा आत्मदर्शन हुन सकोस् ।) हाम्रा धर्मशास्त्रहरूमा बालकमा शरीरोपयोगी तथा अध्यात्मज्ञानको संस्कारका लागि गर्भाधान आदि गरिएका विभिन्न संस्कारहरू गर्नुपर्ने व्यवस्था छन् जसमध्ये अन्तिम संस्कारलाई अन्त्येष्टिसंस्कार भनिन्छ । यदि अन्त्येष्टि संस्कार गरिएन भने हाम्रो शरीर छोडेर गएको जीवात्मा जो देहाभिमानी हुन्छ उसले आफ्नो शारीरिक सम्बन्ध वा देहाभिमानलाई छोड्न भनौं बिर्सन सक्दैन । त्यसैले ऊ त्यही शरीरको खोजीमा घरको वरिपरि भौंतारिई रहन्छ र दुःख पाउँछ । अर्थात् उसका ऐहलौकिक वासनाहरू छुट्दैनन् । त्यसैले उसका ऐहलौकिक वासनाहरू छुटाउनका लागि मृतशरीरलाई विधिपूर्वक अग्निदाह गरेर दशकर्महरू सम्पन्न गरिन्छ । त्यसपछि उसको क्षयतिथिमा गर्नुपर्ने मासिक श्राद्धहरू, आब्दिक श्राद्धहरू एवं सपिण्डी श्राद्धसमेत गरी देहाभिमानबाट मुक्त गरिन्छ ।

यसपछि मात्र उसका पाँच कर्मेन्द्रियहरू, पाँच ज्ञानेन्द्रियहरू, पाँच प्राणवायुहरू एवं मन र बुद्धिसमेतका सत्र तत्त्वहरू सूक्ष्म शरीर लिएर स्वकर्मअनुसार त्यो जीवात्मा षाट्कौशिक स्थूल शरीरमा प्रवेश गर्दछ । अनि मात्र यही स्थूल शरीरले आफ्नो प्रारब्धअनुसार आफूले गरेका कर्मफल भोग्दछ भन्ने शास्त्रीय धारणा एवं मान्यता छ । यही नै अन्त्येष्टिक्रिया संस्कारको रहस्य एवं महत्त्व हो । त्यसैले हाम्रो घरमा पालिएका कुकुर, बिराला, गाई, भैंसी आदि जीवहरूको मृत्युपछि उनीहरूको देहाभिमान नरहने हुँदा अन्त्येष्टि संस्कार गर्ने व्यवस्था नभएको हो । परन्तु मनुष्यहरूको भने देहाभिमान वा ऐहलौकिक वासना मेटाउनैका लागि अन्त्येष्टि संस्कार गर्ने परम्परा चलिआएको हो ।

यहाँनेर एउटा के कुराको उल्लेख गर्न आवश्यक छ भने तीन वर्ष नपुगेका बालकहरूमा देहाभिमान नचढिसकेकोहुदाँ उनीहरूको मृत्युभएमा उक्त सबै संस्कार गरिदैंनन् र साथै सन्यासीहरूले पनि घरायसी भनौं वा व्यावहारिक प्रपञ्चबाट सन्यास लिइसकेका हुनाले उनीहरूको मृत शरीरको अग्निसंस्कार गर्ने व्यवस्था शास्त्रमा बताइएको छैन । किनभने उनीहरूले जीवित अवस्थामै आफ्नो स्त्री, पुत्र, परिवार, धन, सम्पत्ति आदि सबै सांसारिक वासनाहरू त्यागी भगवान्को चरणकमलमा अनुराग राख्ने गर्छन् । त्यसैले सन्यासीहरूको शारीरिक मोह एवं वासनाहरू मेटिएका हुन्छन् भन्ने मान्यता रहेको छ ।

## १७. श्राद्धगर्दा दक्षिण फर्किनुपर्ने किन ?

हाम्रो पृथ्वीबाट सबैभन्दा नजिकको आकाशमा चन्द्रमा रहन्छन् । चन्द्रमादेखि माथिल्लो कक्षमा पितृलोक विद्यमान छ । **'विधूर्ध्वभागे पितरो वसन्ति ।'** यस्तो

पितृलोक दक्षिण दिग्भागमा रहेको छ । यसरी चन्द्रमाभन्दा माथिको पितृलोकमा रहेका पितृहरूलाई श्राद्धमा आह्वान गर्दा **आयन्तु नः पितरः सोम्यासोऽग्निष्वात्ताः पथिभिर्देवयानैः** अर्थात् हे दक्षिणाकाशमा बसेका हाम्रा पितृहरू हो ! अग्निष्वातादि पितृहरूका साथमा देवयानको बाटो हुँदै यहाँ आउनुहोस् भनेर बोलाइन्छ । यसरी दक्षिण दिशाबाट आउने पितृहरूको स्वागतका लागि दक्षिणतर्फ फर्केर नै स्वागत गर्नु उचितै हो । व्यवहारमा पनि घरमा आउँदै गरेका पाहुनाको स्वागत गर्नुपर्दा जताबाट पाहुना आउँदै छन् त्यही दिशातिर फर्केर स्वागत गर्ने चलन त छदैंछ ।

## १८. अपसव्य र सव्य हुनुपर्ने किन ?

धार्मिक कार्यमा कर्मसाक्षीका रूपमा एउटा दीप बालिन्छ भने श्राद्धमा त रक्षोघ्न दीप पनि बाल्नुपर्छ । देवपूजा गर्दा जनै सव्य भएको हुनुपर्छ भन्ने र श्राद्धमा पितृपूजा गर्दा जनै अपसव्य हुनुपर्छ भन्ने व्यवस्था गरिएको छ । श्राद्धकर्म गर्दा देवताको र पितृको पनि एकसाथ पूजा हुने हुँदा यसरी सव्य र अपसव्य हुनुपरेको हो । अर्थात् विश्वेदेव ब्राह्मणहरू देवता हुन्, यिनको पूजा गर्दा सव्य हुनुपर्छ । पितृब्राह्मणहरू अग्निष्वातादि पितृहरूकै प्रतिनिधि हुन् । यिनको पूजा गर्दा अपसव्य हुनुपर्छ । त्यसैले श्राद्ध गर्दा सव्य र अपसव्य दुबै हुनुपरेको हो । यस्तो किन त भने हाम्रा पितृहरूको पूजा गर्दा पितृहरू अलि काफर भनौँ कमजोर हुने हुनाले उनीहरूको पूजा गर्दा त्यो पूजा सामग्री आदि सबै तुरून्तै राक्षसहरूले हरण गर्दछन् । यस्तै किसिमले ती राक्षसबाट जोगाउनका लागि पहिले विश्वेदेव ब्राह्मणको आह्वान गर्ने अनिमात्र पितृब्राह्मणको आह्वान गर्ने र त्यस्तै विश्वेदेव ब्राह्मणको पूजा गरेर त्यसपछि पितृब्राह्मणको पूजा गर्ने व्यवस्था गरिएको छ । यस्तै किसिमले पिण्डदान आदि सबै कर्म सकिएपछि ब्राह्मण विसर्जन गर्दा भने पहिले पितृ ब्राह्मणको विसर्जन गरेर त्यसपछि देवब्राह्मणको विसर्जन गर्नुपर्छ । यसै कारणले भनिएको छ –

दैवपूर्वं श्राद्धम् ।

**दैवपूर्वं नियुञ्जीत पश्चात् पित्र्यं यथाविधिः ।**
**पूर्वं पित्र्यं नियुञ्जानः क्षिप्रं नश्यति मानवः ।** श्रा.क ११९७

**दैवपूर्वं भवेच्छ्राद्धं वर्जयित्वा विसर्जनम् ।**
**प्रश्नं च दक्षिणां चैव भुक्ते चाचमनं विना ।** पा.गृ.सु.टी ४४८

यी सबै कारणले श्राद्धकर्मका लागि आह्वान गरिएका पितृहरू एवं उनीहरूको पूजाविधिसमेतको सुरक्षार्थ विश्वेदेव ब्राह्मणलाई बोलाउने र उनीहरूको पूजा

गर्नुपरेको हो । यी दुबैको छुट्टाछुट्टै पूजा गर्नुपर्ने हुँदा पूजासामाग्री पनि छुट्टाछुट्टै बनाएर सव्य र अपसव्य पनि हुनुपरेको हो ।

## १९. श्राद्धमा भूस्वामी किन ?

श्राद्धमा प्रयोग गरिने सबै वस्तुहरू श्राद्धकर्ताले आफै जुटाउन सक्ने कुरा हुन् किन्तु श्राद्ध गर्ने ठाउँ भन्नाले भूमि अथवा वन, नदी, तट, मन्दिर इत्यादि सबैको स्वामी त आफू नभएको हुन सक्छ । त्यस्तो श्राद्ध गर्ने भूमिको स्वामी त कोही न कोही हुन्छ । अतः त्यस ठाउँको स्वामीका निमित्त थोरै भए पनि निष्क्रय अथवा किराया वा भाडा वा करका रूपमा श्राद्धीय सामाग्रीबाट थोरै अन्नदान गरेर केही थोरै समयका लागि भए पनि त्यो ठाउँलाई आफ्नो बनाउन भूस्वामीको लागि केही सिधा दिएर सो ठाउँ आफ्नो बनाउने प्रचलन छ ।

## २०. श्राद्धमा गोग्रास र काकबलि तथा श्वानबलि दिनुपर्ने किन ?

श्राद्धमा गाईलाई गोग्रास दिने, कुकुरलाई र कागलाई पनि थोरै बलि (खाद्यान्न) दिने प्रचलन छ । यस्तो प्रचलन शास्त्रर्निदिष्ट एवं प्रामाणिक पनि हो । धर्मशास्त्रका विभिन्न ठाउँमा काकबलि र श्वानबलि पनि दिनुपर्ने व्यवस्था देखिन्छ । वाल्मीकि रामायणमा (७/१८/२९) र मनुस्मृतिमा (३/९२) पनि काकबलि एवं श्वानबलि दिनुपर्ने व्यवस्था भएको देखिन्छ । यसअनुसार काकबलि र श्वानबलि दिने प्रचलन शास्त्रीय नै हो । वाल्मीकि रामायणमा स्वयं यमराजले आफ्नो दूत कागलाई यस्तो भनेको देखिन्छ - हे कौवा ! जब तिमीले केही खान पाउला अनि यमलोकमा रहेका पितृहरू तृप्त हुनेछन् ।

**ये च मद्विषयस्था वै मानवाः क्षुधयार्दिताः ।**
**त्वयि भुङ्क्ते सुतृप्तास्ते भविष्यन्ति सबान्धवाः ॥** (वा.रा. ७/१८/२९)

त्यस्तै कुकुरलाई पनि बलि दिनुपर्छ भनिएको छ ।

**दौ श्वानौ श्यामशबलौ वैवस्वतकुलोद्भवौ ।**
**ताभ्यामन्नं प्रयच्छामि यममार्गावरोधकौ ॥**

"यमद्वार छेकेर बस्ने गरेका वैवस्वतकुलमा जन्मेका काले र छिरबिरे दुईवटा कुकुरलाई अन्न दिन्छु" भनेर कुकुरलाई बलि दिनुपर्छ । यस्तो बलि खानपाए भने ती कुकुरले यमराजको द्वारमा जानको लागि बाटो छोडिदिन्छन् ।

## २१. काग र कुकुरको पितृहरूसँग सम्बन्ध के छ ?

यमलोकका स्वामी यमराजलाई पितृपति हुन् भनिएको छ । काग र कुकुरहरू यमराजका दूत हुन् । दूतहरूले यस लोकमा मनिसहरूले गर्ने गरेको सदाचार र

कुआचार (भ्रष्टाचार, अनाचार, दुराचार र व्यभिचारसमेत)लाई नियाल्ने गर्छन् र त्यसको रिपोर्ट यमराजकहाँ पेश गर्छन् । त्यसो त भूलोकमा रहने सम्पूर्ण मनुष्यहरूले गरेका कामहरूको साक्षी बस्ने काम सूर्य, चन्द्रमा, आगो, वायु, आकाश, पृथ्वी, जल, आफ्नै हृदय, यमराज, दिन, रात र दुबै सन्ध्या समय र स्वयं धर्मले पनि गर्छन् –

**आदित्यचन्द्रावनलानिलौ च द्यौर्भूभिरापो हृदयं यमश्च ।**
**अहश्च रात्रिश्च उभे च सन्ध्ये धर्मश्च जानाति नरस्य वृत्तम् ॥**

उक्त भनाइहरूबाट पितृहरूको सम्बन्ध काग र कुकुरसँग मात्र होइन माथि बताइएका सूर्य, चन्द्र आदि देवता र आफ्नै हृदयसँग पनि भइरहेको हुन्छ । त्यसैले लुकेर छिपेर पनि गरेको सदाचार एवं कुआचार सबै यमराजले थाहा पाउँछन् ।

## २२. तीन पुस्तासम्मका सन्ततिहरूले नै श्राद्ध गर्नुपर्ने किन ?

वेदादि शास्त्रहरूमा वर्णन गरिएअनुसार वसु, रुद्र र आदित्य यी तीन देवताहरूलाई क्रमशः पितृ, पितामह र प्रपितामहका प्रतिनिधि देवता मानिएको छ । त्यसैले पार्वण श्राद्धमा पितृ, पितामह र प्रपितामहलाई पिण्ड दिनुभन्दा पहिले नै विश्वेदेव ब्राह्मणलाई निमन्त्रणापूर्वक पूजा गर्ने गरिन्छ किनभने पितृपोषक देवता वसु, रुद्र र आदित्यलाई मानिएको छ । पितृ, पितामह र प्रपितामहलाई सम्बोधन गर्दा पनि हामी वसु, रुद्र र आदित्यस्वरूप भनेरै सम्बोधन गर्ने गर्छौं । मनुस्मृतिमा भनिएको छ –

**त्रयाणामुदकं कार्यं त्रिषुपिण्डः प्रवर्तते ।**
**चतुर्थःसम्प्रदातैषां पञ्चमो नापि विद्यते ॥**

(पिता, पितामह र प्रपितामह तीनजनाको पार्वण श्राद्धमा पिण्डदान र तर्पण हुन्छ । चौथो श्राद्धकर्ता दाता यजमान हुन्छ । पाँचौ अर्को छैन ।)

मनुको यस भनाइबाट पार्वण श्राद्धमा पिण्डदान गर्ने तीनजनालाई मात्रै हो भन्ने बुझिन आउँछ ।

अर्को कुरा हाम्रो सामाजिक व्यवहारमा र विवाह गर्दा पनि क्रमशः राजिनामा, तमसुक आदि लेख्दा तीन पुस्ते नाम खुलाएर लेख्ने, कुनै अर्को मानिससँग नाम जुध्न आयो भने बाउ बाजेको नामबाट प्रमाणित गर्ने चलन छ । यसले गर्दा वास्तविक व्यक्तिको सही परिचय अगाडि आउँछ । त्यस्तै श्राद्धमा पनि हामीले नाम, गोत्र र सम्बन्धसमेत खुलाएर सङ्कल्प गरी श्राद्धमा अर्पण गरिएको कव्य

स्वरूप द्रव्य पदार्थ नित्य पितृहरू वसु, रुद्र र आदित्यसम्म पुग्ने, त्यसपछि उनीहरूले हाम्रा पितृलाई दिएर अक्षय तृप्ति गराउने कुरा बुझिन आउँछ ।

## २३. आश्विन कृष्णपक्षमा नै श्राद्ध गर्नुपर्ने किन ?

श्राद्धका पाँच भेदहरूमध्ये पार्वण श्राद्ध पनि एक हो । फेरि, आश्विन कृष्ण पक्षका पन्ध्र दिनलाई श्राद्धपक्ष अथवा पितृपक्ष भनौं पितृपर्व भनिएको छ । पर्वणि भवं पावर्णम् भनेर पार्वण शब्दको व्युत्पत्ति गरिएको हुनाले पितृपक्षका पन्ध्र दिनहरू पितृहरूको सामूहिक पर्व हो । त्यस्तै,

**कन्यागते सवितरि पितरो यान्ति सत्सुतान् ।**
**यावच्च कन्यातुलयोः क्रमादास्ते दिवाकरः ।**
**शून्यं प्रेतपुरं तावद् यावद्वृश्चिकदर्शनम्** (म.भा.दानपर्व)

(कन्या राशिमा सूर्य पुगेको बेला पितृपक्षका पन्ध्रै दिनदेखि लिएर तुला राशिमा सूर्य रहुन्जेल अर्थात् कार्तिक महिनाभर सबैका पितृहरू प्रेतपुर खालि गरेर आफ्ना छोरानातिहरूका घरमा पिण्डपानी पाउने आशाले आई बस्छन् ।)

यस्तो भनाइ भएको र

**श्राद्धं कन्यागते भानौ यो न कुर्याद् गृहाश्रमी ।**
**धनं पुत्राः कुतस्तस्य पितृकोपाग्निपीडनात् ॥** (म.भा.)

(जो गृहस्थाश्रमीले कन्या राशिमा सूर्य पुगेको बेला पितृश्राद्ध गर्दैन भने त्यसका धन र छोराहरू पनि पितृहरूको क्रोधरूपी तातो श्वासले उडाइदिने हुँदा के रहन पाउन् ? अर्थात् रहदैंनन्)

यसको ध्वन्यार्थ के निस्किन्छ भने पितृश्राद्ध गरेमा हाम्रो धनधान्यादि वैभव सम्पन्न हुने र सन्तानहरूको पनि दीर्घायु हुने हुँदा कर्ताले आफ्नै भलो हुने कुरा विचार गरी पितृश्राद्ध गर्नुपर्दछ ।

एउटा अर्को विचारणीय कुरा के छ भने असोज कार्तिक दुबै महिनामा सूर्यको गति नीच राशिमा चल्ने भएकोले यो बेलामा पितृहरूलाई आउन जान पनि सहज हुने कुरा बुझिन आउँछ ।

## २४. श्राद्धका लागि अमावश्या तिथि नै प्रशस्त मानिएको किन ?

सामान्यतया अमावश्या तिथि पितृहरूको प्रिय तिथि हो । त्यसैले अमावश्यामा श्राद्ध गर्नाले पितृहरू सन्तुष्ट एवम् प्रसन्न हुन्छन् । यस्तो कसरी भने अमावश्या

तिथिमा सूर्य र चन्द्रमा एउटै बिन्दुमा पुगेका हुन्छन् । त्यसले गर्दा अमावश्या तिथिमा दिएको अन्नजल पितृहरूमा छिट्टै पुग्दछ । यसकारण अन्य तिथिमा गर्न नपाएको वा कुनै विशेष कारणले रोकिएको वा तिथि थाहा नभएको भएमा पनि अमावश्यामा श्राद्ध गर्नु उपयुक्त हुन्छ भन्ने निर्णय भएको हुनसक्छ ।

## २५. श्राद्धको जिम्मेवारी छोरामाथि नै किन ?

पहिलो कुरा श्राद्ध गर्ने अधिकारी जेठो छोरा र सो अनुपस्थित रहेकोमा वा छुट्टिभिन्न भइसकेका भएमा अरू छोरा पनि हुन् । किनभने बाबुबाजेले कमाएको घरजग्गा सम्पत्ति छोराहरूले नै उपभोग गरेका हुन्छन् । त्यसमा पितृहरूले पनि भाग पाउने आशा राखेका हुन्छन् । त्यसैले छोराहरूले नै श्राद्ध गर्नु उपयुक्त एवं उचित हो ।

यसमा थप कुरा के छ भने यदि छोराहरू छैनन् भने सम्पत्तिका हकदार अरू बन्धुवर्ग वा धर्मपुत्र आदिले श्राद्ध गर्नुपर्छ । छोरो भएर पनि सानै उमेरदेखि धेरै टाढाको परदेशमा गएको, चिठीपत्र वा कुनै सम्पर्कमा नरहेको, बाबुको सम्पत्तिको उपभोग पनि नगरेको स्थिति रहेछ भने उसले श्राद्ध नगर्दा त्यति धेरै दोष लाग्दैन किन्तु सम्पत्ति वा जग्गा लिएर खाने अन्य छोराहरू वा बन्धुवर्गले श्राद्ध गर्नुपर्छ ।

## २६. श्राद्धमा कुशको आवश्यकता किन ?

एउटा कुरा त कुशको उत्पत्ति ब्रह्माजीसँगै भएको हो **(विरिञ्चिना सहोत्पन्नः परमेष्ठी निसर्गतः । नुद सर्वाणि पापानि दर्भ स्वस्तिकरोभव ।।)** भनिन्छ । त्यसैले कुशलाई पवित्र र पापनाशक मानिएको छ । अर्को कुरा कुशको आसनमा वा कुश बिछाएमा पृथ्वीबाट आउने प्रदूषण वा कुनै करेन्ट रोक्ने क्षमता कुशमा हुने भएकोले त्यस्तो कुश देवपूजा र पितृपूजा आदि यज्ञहरूमा ग्राह्य मानिएको छ । कुशको आसन बनाएर त्यसमा बस्ने चलन धेरै पहिलेदेखि चलेको छ । त्यस्तै पितृपिण्डहरू पनि कुश बिछाएर त्यसमाथि दिनुपर्ने चलन रहिआएको छ । यसैगरी श्राद्धमा प्रयोग गरिने ब्राह्मण, पवित्र एवं मोटकहरू कुशबाटै बनाइन्छ । त्यसैले कर्मपात्र तथा तिलाञ्जलिमा पनि कुशको प्रयोग गर्ने चलन चलेको छ । यदि कुश हुनसकेन भने काँस, शिरू, दूबो त्यो पनि हुननसके जौको नल, वा पात त्यो पनि नभएमा गहुँको नल वा पात त्यो पनि नभएमा बाबियो, उक्त कुनै पनि नभएमा सुन वा चाँदी वा तामाजस्ता पवित्र धातुहरू भए पनि हातमा राखेरै श्राद्ध वा पूजाजस्ता पुण्यकर्म गर्नुपर्छ भन्ने शास्त्रनिर्देश छ । यति मात्र होइन स्नान, दान, तर्पण र आसनमा समेत कुशको प्रयोग गर्नैपर्ने बताइएको देखिन्छ ।

तलका प्रमाणहरूले यिनै कुराहरूलाई पुष्टि गर्छन् –

**कुशकाशशरा दूर्वा यवगोधूमवल्वजाः ।**
**सुवर्णं रजतं ताम्रं दशदर्भाः प्रकीर्तिताः ।**
**स्नाने दाने तथा होमे स्वाध्याये तर्पणेऽपि च ।** पा.गृ.टी. ४४५

**कुशपाणिः सदा तिष्ठेत् ब्राह्मणो दम्भवर्जितः ।**
**नित्यं हरन्ति पापानि तृणराशिमिवानलः ।** श्राद्धकल्प ६२४

**कुशपूतं भवेत् स्नानं कुशेनोपस्पृशेद् द्विजः ।**
**कुशेन चोद्धृतं तोयं सोमपानेन सम्मितम् ।** पराशरस्मृति १२/२८

**कुशमूले स्थितो ब्रह्मा कुशमध्ये तु केशवः ।**
**कुशाग्रे शङ्करं विद्यात् सर्वे देवाः समन्ततः ।** श्राद्धमयूख ५६

**कुशहीना तु या सन्ध्या तिलहीनं तु तर्पणम् ।**
**दानं च दक्षिणाहीनं तत्सर्वं निष्फलं भवेत् ।** आ.सूत्रावलि ८

**कुशेषूत्तानपाणिस्तु जुहूयाद्वै घृतप्लुतम् ।**
**शेषं देवाय दातव्यं पितृभ्यस्तदनन्तरम् ।** (पा.गृ.टी. ४७०)

**कुशोपरि निविष्टेन तथा यज्ञोपवीतिना ।**
**सर्वं कर्म प्रकर्तव्यं अन्यथा विफलं भवेत् ।** सं. दीपक १/१०

अर्को कुरा कुशहरू, मन्त्रहरू, तिलहरू वा सुन, चाँदीविना रित्तो हातले मात्र जल दिएको छ भने त्यस्तो जल पितृहरूले पाउँदैनन् । त्यो त राक्षसहरूले हरण गर्छन् भन्ने हेमाद्रिमा भएको श्राद्धप्रकरणको वचनलाई शिवराज आचार्य कौडिन्यायन गुरुले आफ्नो पुस्तकको भूमिका पृष्ठ १२०मा उल्लेख गर्नुभएको हुँदा पितृश्राद्ध, पितृतर्पण वा देवपूजामा समेत कुशको आवश्यकता पर्ने कुरा स्पष्ट हुन्छ ।

**दर्भैर् मन्त्रैस् तिलैर् हेम्ना रजतेन विना जलम् ।**
**दत्तं हरन्ति रक्षांसि तस्माद् दद्यान् न केवलम् ॥**
हेमाद्रि. श्राद्ध., पृ. ११७९ ।

### २७. श्राद्धमा फलामका भाँडामा पकाउने कुरा त परैजावोस् देखाउनै नहुने किन ?

फलामको भाँडा उपयोग नगर्नु भनेको हुनाले तिनको प्रयोग गर्नुहुँदैन किनभने फलामका भाँडा देखे भने पितृहरू भाग्छन् भन्ने लिखित वचन छ । भरसक सुन,

चाँदी, तामा, काँसोका भाँडा हुनुपर्छ, सो नभएमा यदि माटाका भाँडा उपयोग गर्नुपरयो भने नयाँ नै हुनुपर्छ तर फलामको भाँडो श्राद्धस्थलमा राख्नुहुँदैन ।

**पाकभाण्डानि सौवर्णरौप्यताम्रोद्भवानि च ।**
**काँस्यानि मृन्मयं तूक्तं नव्यमेव मनीषिभिः ॥**

**न कदाचित्पचेदङ्गमयः स्थालीषु पैतृकम् ।**
**अयसो दर्शनादेव पितरो विद्रवन्ति हि ॥** (वा.पु.)

"अयःपात्रे न भुञ्जीत" भनेकोले फलामको भाँडामा भोजन पनि गर्नुहुँदैन ।

## २८. श्राद्धकर्ताले नीवी-बन्धन गर्नुपर्ने किन ?

श्राद्धकर्तामा श्राद्धविघ्नकर्ता राक्षसको दृष्टि नपरोस् भन्नका लागि नीवी-बन्धन गर्नुपरेको हो । यस्तो नीवी नान्दी श्राद्धमा बायाँ कम्मरमा राख्नुपर्छ र अन्य श्राद्धहरूमा दाहिने कम्मरमा राख्नुपर्छ ।

## २९. श्राद्ध गर्दा बालिएको बत्तीलाई दक्षिणतिरै फर्काउनुपर्ने किन ?

श्राद्धमा दुईवटा बत्ती बाल्नुपर्छ । एउटा देवताहरूको पूजाको लागि कर्मसाक्षी दीपका रूपमा र अर्को पितृहरूका लागि रक्षोघ्नदीपका रूपमा । किनभने श्राद्धमा देवताहरूको पनि पूजा हुन्छ । विश्वेदेव ब्राह्मणहरू देवता हुन् ।

पितृहरू दक्षिणतिरबाट आउँछन् र श्राद्धविघ्नकारक राक्षसहरू पनि दक्षिणतिरबाटै आउने हुँदा पितृहरूलाई स्वागत गर्नका लागि र श्राद्धविघ्नकारक राक्षसहरूलाई धपाउनका लागि पनि रक्षोघ्नदीप दक्षिणतिर फर्काएर बाल्नुपर्छ ।

**दीपो देवालये प्राच्यां श्राद्धे वै दक्षिणामुखे ।**
**प्रमादाद् व्यत्ययं कर्ता प्रायश्चित्तं समाचरेत् ॥** (स्कान्दे)

यसर्थ कर्मसाक्षी दीपलाई पूर्व फर्काएरै पूजा गर्ने हो किन्तु रक्षोघ्न दीपलाई भने दक्षिण फर्काएर पूजा गर्नुपर्छ ।

## ३०. यदि मृत व्यक्तिले पुनर्जन्म लिइ नै हाल्छ भने त्यस्तोलाई श्राद्धमा पिण्डदान गर्नुपर्ने किन ?

पहिलो कुरा मृत व्यक्ति कहाँ जान्छ ? कसरी रहेको हुन्छ ? भन्ने कसैलाई थाहा हुँदैन । उसले पुनर्जन्म लिनुभन्दा पहिले नै आफूले कमाएका धर्म-कर्म भनौं वा पुण्य-पापहरूको भोग गर्नैपर्छ । त्यस्ता पुण्यपाप भोग गर्न कति समय लाग्छ भन्ने पनि हामीलाई थाहा हुँदैन । त्यसैले श्राद्ध गर्दैरहनुपर्छ । अर्को कुरा उनको

पुनर्जन्म भइसकेको भए पनि मानव, देवता वा पशुपन्छी आदि कुनै जन्म लिएका भए पनि श्राद्ध गर्दैरहनुपर्ने विधान छ । त्यो श्राद्धको फल पितृले आफ्नै आहारका रूपमा पाउँछन् । यदि पितृलाई ब्रह्मज्ञान नै भएको रहेछ र मुक्त भएका रहेछन् भने पनि श्राद्धकर्ताले श्राद्ध गर्दैरहनुपर्छ । यसको राम्रो फल श्राद्धकर्तालाई मिल्छ भन्ने कुरा शास्त्रमा उल्लेख गरिएको छ ।

**आयुःप्रजां धनं विद्यां स्वर्गमोक्षसुखानि च ।**
**प्रयच्छन्ति तथा राज्यं पितरःश्राद्धतर्पिताः ॥** ....इत्यादि

## ३१. श्राद्धमा विश्वेदेव गण र पितृगणका लागि भनेर छुट्टाछुट्टै ब्राह्मण निमन्त्रण गर्नुपर्ने किन ?

श्राद्धमा विश्वेदेव ब्राह्मण भनेका देवता हुन् । पार्वण श्राद्धमा विश्वेदेव ब्राह्मणको पूजा गर्नुपर्ने विशेष विधान भएकोले विश्वेदेव ब्राह्मण २ (पुरुरव-माद्रव)लाई पूजा गर्नुपर्छ । निमन्त्रित ब्राह्मण पनि सके दुईजना नभए एकजना विश्वेदेव ब्राह्मणकै प्रतिनिधि हुनाले छुट्टै पूजा गर्नुपर्छ । अर्को अग्निष्वातादि पितृहरूका प्रतिनिधि पितृब्राह्मण हुन् । त्यसैले पितृब्राह्मण प्रतिनिधि पनि सके दुई जना नभए एकजना छुट्टै निमन्त्रणा गर्ने र पूजा गर्ने हो ।

## ३२. श्राद्ध गर्ने दिनमा कुनै कारणले श्राद्ध रोकिएमा के गर्ने ?

श्राद्ध रोकिने अवस्था जुठो सुतक पर्नगएमा हुनसक्छ । त्यस्तो भएमा सुतक परेको भए एघारौँ दिनमा र जुठो परेको भएमा तेह्रौँ दिनमा श्राद्ध गर्नुपर्छ, रोक्नुहुँदैन । अर्को कुरा महालय श्राद्धमा श्राद्धकर्ताकी पत्नीले पिण्ड पकाउनुपर्ने हुँदा यदि पत्नी रजस्वला भएमा पनि श्राद्ध रोकिने हुनसक्छ । यस्तो स्थिति भएमा भरसक श्राद्धकर्ताले नै पिण्ड पकाउने र श्राद्ध गर्ने गरेमा राम्रो हुन्छ । यदि त्यसो गर्न नसकिने भएमा रजस्वला भएकी पत्नी शुद्ध भएपछि (उनको रजोनिवृत्ति भएमा पाँचौ वा सातौँ दिनमा) श्राद्ध गर्नुपर्छ । यदि श्राद्धमा ब्राह्मण (कुशनिर्मित ब्राह्मण)को निमन्त्रण गरिसकेपछि कुनै जूठो सुतक पर्नआएको थाहा हुनआयो भने यस्तो अवस्थामा श्राद्ध रोक्नुहुँदैन, रोक्नुपर्दैन भन्ने उल्लेख गरिएको छ ।

## ३३. मलमासका तिथिहरूमा मरेकाको वार्षिक श्राद्ध कहिले गर्ने ?

मलमास (अधिकमास) परेको बेला पहिले शुक्लपक्ष आउँछ अनि कृष्णपक्ष आउँछ । यो अमान्तमास हो । शुक्लपक्षका तिथिहरूमा मृत्युभएको भएमा एकवर्ष पुग्दा आउने त्यही महिनाको त्यही तिथिमा वार्षिक श्राद्धगर्ने र आगामी वर्षमा पनि त्यही महिनाको त्यही तिथिमा गर्नुपर्छ । परन्तु कृष्णपक्षका तिथिहरूमा मृत्यु

भएको रहेछ भने शुक्लपक्षपछि कृष्णपक्ष आउने भएको हुनाले आगामी वर्ष त्यही महिनाको शुक्लपक्ष सकिएपछि आउने कृष्णपक्षका त्यही तिथिमा वार्षिक श्राद्धगर्ने र अरू अरू वर्षहरूमा पनि त्यही पल्लो महिनाको कृष्णपक्षको सोही तिथिमा एकोद्दिष्ट श्राद्ध गर्नुपर्छ । जस्तो कि श्रावण महिनामा मलमास परेको रहेछ र मलमासको कृष्णपक्षको कुनै तिथिमा मृत्यु भएको भए आगामी वर्ष भाद्र महिनाको कृष्णपक्षको सोही तिथिमा वार्षिक श्राद्ध गर्ने र अरू अरू वर्षमा पनि भाद्र कृष्णपक्षकै सोही तिथिमा एकोद्दिष्ट श्राद्ध गर्नुपर्छ । यदि शुक्ल पक्षमा मृत्यु भएको भए त श्रावण महिनाकै शुक्लपक्षमा एकोद्दिष्ट श्राद्ध गर्नुपर्छ भन्ने कुरा माथि भनिएकै छ । यहां एउटा कुरा के विचार गर्नुपर्छ भने मलमास परेको महिनाको अठार वर्ष पुगेपछि सोही महिनामा दोहोरिएर मलमास पर्न आउँछ । त्यस्तो हुँदा भने मलमासकै शुक्ल पक्ष वा कृष्ण पक्षको तिथि समातेर एकोद्दिष्ट श्राद्ध गर्नुपर्छ । त्यस्तो वर्षमा भाद्र कृष्णपक्ष पर्खिरहनु पर्दैन ।

### ३४. पूर्णिमा तिथिमा मरेकाको महालय श्राद्ध कुन तिथिमा गर्ने ?

महालय श्राद्ध अपरपक्षमा भन्नाले कृष्णपक्षमा गर्नुपर्ने हुँदा पूर्णिमा तिथिमा मृत्यु भएका व्यक्तिको पार्वण श्राद्ध अथवा महालय श्राद्ध महालय पक्षको औँसी तिथिमा गर्नुपर्छ अथवा एकादशी वा द्वादशीमा गर्नुपर्छ । पहिले जुन तिथिमा गर्ने निर्णय भएको छ, वर्षैपिच्छे सोही तिथिमा गर्ने हो । तिथि हेरफेर गर्न भने हुँदैन ।

### ३५. शस्त्रादिहत भएर वा कुनै दुर्घटनामा परी वा जलमा डुबेर वा नदीले बगाएर वा भीरबाट या रुखबाट लडेर मरेका वा आत्महत्या गरेका व्यक्तिको महालय श्राद्ध कहिले गर्ने ?

महालय पक्षको चर्तुदशी तिथिमा यस्ता व्यक्तिहरूको एकोद्दिष्ट विधिले श्राद्ध गर्नुपर्दछ ।

### ३६. पं. वोपदेवद्वारा रचना गरिएको भनिएको ताताम्बात्रितयम्_ इत्यादि श्लोकले बताएको क्रमअनुसार महालयश्राद्धमा पिण्डदान गर्ने र तर्पण गर्ने प्रचलन भएको देखिन्छ । के यस्तै गर्नुपर्ने हो ?

उक्त श्लोक त पं. वोपदेवद्वारा सजिलोको लागि तयार गरिएको हो । जहाँसम्म क्रमको कुरा छ त्यो त संस्कारगणपति र श्राद्धचन्द्रिकामा पनि यस्तै बताएको देखिन्छ ।

**आदौ पिता ततो माता सपत्नजननी तथा ।**
**मातामहाः सपत्नीकाः स्वपत्न्यस्तदनन्तरम् ॥**

**पितृस्वसा मातृस्वसा श्वशुरो गुरुरिक्थदौ ।**
**एते स्युः पितरस्तीर्थे तर्पणे च महालये ॥** (सं.ग. ८०७)

**उपाध्यायगुरुश्वश्रूपितृव्याचार्यमातुलाः ।**
**श्वशुरभ्रातृतत्पुत्रपुत्रर्त्विक् प्रियपोषकाः ॥**

**भगिनीस्वामिदुहितृजामातृभगिनीसुताः ।**
**पितरः पितृपत्नीनां पितुर्मातुश्च या श्वसा ॥**

**सखिद्रव्यदशिष्याश्च तीर्थे चैव महालये ।**
**एकोद्दिष्टविधानेन पूजनीयाः प्रयत्नतः ।** (श्रा. चन्द्रिका ८३)

अथ महालये विशेष :- तत्रोद्देश्या उच्यन्ते, पितृव्य-भ्रातृपुत्र-पितृष्वसृ-मातुल-मातृस्वसृ-भार्या-पितृव्यपुत्र-भगिनी-दुहितृ-भागिनेय-आचार्य-श्वशुर-श्वश्रू-पाध्याय-गुरु - सखि-द्रव्यद-शिष्यादय इति (एते खलु पिण्डार्हाः) पा.गृ.टी ४६६

यहां महालये विशेषको अर्थ एकोद्दिष्टगणीय पितृहरूलाई पनि महालयश्राद्धमा पिण्डजल अर्पण गर्नुपर्छ भन्ने बुझाउनका लागि हो ।

## ३७. पितामाता जीवित भएकै अवस्थामा अरूको श्राद्ध गर्न हुने कि नहुने ?

पितामाता जीवित भएको अवस्थामा अरूको श्राद्ध गर्न सामान्यतया हुँदैन । यदि सौतेनी आमा छन् र उनका छोरा छैनन् भने पिता माताको आज्ञा लिएर उनको काजक्रिया गर्न र पछि एकोद्दिष्ट श्राद्धगर्न हुन्छ तर पार्वणश्राद्ध गर्न हुँदैन ।

यहाँ एउटा विशेष कुरा के छ भने यदि पिताको मृत्यु भइसकेपछि माता जीवित रहंदा पनि पिताको सबै अन्त्येष्टिकर्म र प्रतिवर्ष आउने एकोद्दिष्ट तथा पार्वण श्राद्धहरू पुत्रहरूले गर्नुपर्छ । (यस्तो त गर्ने चलन छँदैछ) । फेरि, कुनैबेला माताको मृत्यु भएमा माताको अन्त्येष्टिकर्म गरिसकेपछि माताको आशौच अवधि भएको वर्षभित्र पनि पितृश्राद्धहरू गर्नुपर्छ, रोक्नुहुँदैन । उक्त क्रम पहिले माताको मृत्यु भएको रहेछ र पछिपिताको मृत्यु हुनआएमा पनि पिताको आशौच अवधि भएको वर्षभित्र माताको वार्षिक श्राद्ध गर्नुपर्छ, रोक्नुहुँदैन । परन्तु माथि बताएअनुसार पिताको वा माताको आशौच अवधि भएको वर्षभित्र अरू कसैको श्राद्ध भने गर्नुहुँदैन । प्रमाण यस्तो छ – यहाँ "महागुरुनिपाताशौचे विशेष" भन्ने शीर्षकमा

**पितर्युपरते पुत्रो मातुः श्राद्धान्निवर्तते ।**
**मातर्यपि च वृत्तायां पितृश्राद्धादृते समाम् ॥** (शुद्धिप्र. ८८)

उक्त श्लोकको अर्थ गर्दा धेरै विद्वान्हरू पनि अलमलमा पर्छन् । यहाँ चौथो पाउमा भएको ऋते शब्दलाई दोस्रो पाउमा भएको श्राद्धात् शब्दका पछाडि पनि अन्वय गर्नुपर्छ । त्यसो गरेमा पूरा अर्थ खुल्छ । अर्थात् पिताको मृत्यु भएको वर्षमा आमाको वार्षिक श्राद्धबाहेक अरूको श्राद्ध गर्नु हुँदैन र माताको मृत्यु भएको वर्षभित्र पिताको वार्षिक श्राद्धबाहेक अरूको श्राद्ध गर्नुहुँदैन भन्ने अर्थ स्पष्ट हुन्छ । कारण पिता माता दुबै महागुरु भएकाले हो ।

### ३८. बदरीनाथको ब्रह्मकपालमा तीर्थश्राद्ध गरेपछि पनि फेरि पितृश्राद्ध गर्ने कि नगर्ने ?

बदरीनाथको ब्रह्मकपालमा पुगेर तीर्थश्राद्ध गरिसकेपछि फेरि गया आदि तीर्थमा गएर तीर्थश्राद्ध गर्नुहुँदैन । घरमा भने श्राद्ध गर्नुपर्छ, छोड्नुहुँदैन । कथन्चित् दोस्रो तेस्रो पटक पनि फेरि बदरीनाथमा पुगेमा त ब्रह्मकपालमा फेरि फेरि पनि श्राद्ध गर्नुपर्छ । प्रमाण सनत्कुमारसहिंतामा उल्लेख भएअनुसार यस्तो छ –

**शिरः कपालं यत्रैतत्पपात ब्रह्मणः पुरा ।**
**तत्रैव बदरीक्षेत्रे पिण्डं दातुं प्रभुः पुमान् ॥**

**मोहाद् गयायां दद्याद् यः स्वपितृन् पातयेत् स्वकान् ।**
**लभते च ततः शापं नारदैतन्मयोदितम् ॥**

सनत्कुमारसंहितामा स्वयं विष्णुले नारदलाई भन्छन् - बदरीतीर्थक्षेत्रमा रहेको ब्रह्मकपालमा श्राद्ध गरेर फर्किएका व्यक्तिले फेरि गया आदि तीर्थमा श्राद्ध गर्नुपर्दैन । यदि अज्ञानतावश गर्छ भने उसले आफ्ना मुक्त भएका पितृहरूलाई पनि अधःपतन गराउँछ, आफू पनि श्रापको भागी हुन्छ ।

### ३९. श्राद्धमा पिण्डनिर्माण गर्दा छुट्टै भाँडामा खीर पकाएर पिण्ड दिने चलन छ । यस्तै गर्नु ठीक हो कि पिण्डनिर्माण गर्दा अरू अरू सामाग्रीहरू पनि मिसाउनुपर्ने हो ?

सामान्यतः हाम्रो प्रचलनमा छुट्टै काँसको भाँडामा खीर पकाएर त्यसैको पिण्ड दिने प्रचलन छ । तापनि श्राद्धमा ब्राह्मणभोजनका लागि भनेर पकाइएका दाल, भात, तरकारी, अचार, खीर, मनभोग, हलुवा, दूध, दही, घिउ एवं सातु, पिना, गुड र साग इत्यादि यथासम्भव ग्राह्य मानिएका देखिन्छन् –

**सक्तुभिः पिण्डदानं च संयावैः पायसेन वा ।**
**कर्तव्यमृषिभिः प्रोक्तं पिण्याकेन गुडेन वा ॥**
(देवीपुराणको र ब्रह्मपुराणको वचन, निर्णयसिन्धु, पृ. ३६१)

भन्ने कुरा गुरु शिवराज आचार्य कौडिन्यायनले आफ्नो एकोद्दिष्ट श्राद्धविधिको विस्तृत भूमिका पृष्ठ ७६मा प्रमाण दिएर लेख्नुभएको छ । अनि श्राद्धविधिमा पनि विकिरान्न दान गरेपछि निमन्त्रित ब्राह्मणहरूलाई भान्सामा पकाएको अलि अलि गरी सबैथोक खानदिनु भन्ने समेत लेखिएको तथा ब्राह्मणले भोजन गरिसकेपछि शेषमन्नं किम् क्रियताम्? (अब बाँकी रहेको अन्न के गरौँ ?) भन्ने प्रश्न गरिएको र त्यसको उत्तरमा इष्टै सह भुज्यताम् (सबै इष्टमित्रहरूका साथमा भोजन गर्नुहोस्) भन्ने उत्तर लेखिएको तथा श्राद्धमा पितृहरूलाई निवेदन नगरिएको अन्न खानु हुँदैन भन्ने निषेध वचन–

**मांसमन्नं तथा शाकं गृहे यच् चोपसाधितम् ।**
**न च तत् स्वयमश्नीयाद् विधिवद् यन् न निर्वपेत् ॥**

(मार्कण्डेयपुराण २६/४८, द्र. – ब्रह्माण्डपुराण ३/११/३३–३४, स्मृतिचन्द्रिका, श्राद्ध. पृ. २०६. हेमाद्रि. श्राद्ध. पृ. १५१७श्राद्धकाशिका, पृ. ४८५)समेत भएको हुँदा पिण्डदान गरेपछि भान्सामा पाकेका र ब्राह्मणभोजनका लागि तयार गरिएका सबैथोक– "सर्वमन्नमुपादाय" (याज्ञवल्क्यस्मृति १/२४२) भन्ने वाक्यांशको व्याख्यामा स्मृतिचन्द्रिकाकारले "श्राद्धार्थपाकसिद्धं सर्वप्रकारकमन्नं स्तोकंस्तोकमुद्धृत्य क्वचित् पात्रे समवदाय" भनेर स्पष्ट पारेकाले ब्राह्मणभोजनका लागि तयार पारिएका सबैथोक पस्किएर पिण्डमा चढाउनै पर्ने देखिन्छ । अन्न शब्दको वाच्यार्थ पनि पाकेको भात भनौं सामान्यतः भोज्यपदार्थ नै भएकोले उक्त अर्थ गरिएको उचितै हो जस्तो लाग्छ ।

## ४०. श्राद्धमा पिण्डदान गरेपछि मासुको नैवेद्य लगाउन हुन्छ भन्ने मात्र होइन मासु चढाउनु पर्छ भन्ने पनि सुनिएको छ । के यो कुरा ठीक हो ?

श्राद्धमा मांस प्रयोग गर्न हुन्छ भन्ने कुरा धेरैजसो धर्मशास्त्र ग्रन्थहरूमा उल्लेख गरिएको छ भनेर प्राध्यापक डा. शिवराज आचार्य कौडिन्यायनज्यूले तयार गरेर २०५८ सालमा प्रकाशन समेत गर्नुभएको एकोद्दिष्टश्राद्ध पद्धति भन्ने पुस्तकको मसिना अक्षरमा छापिएको १३० पृष्ठ लामो भूमिकाभित्रका ५९ पृष्ठदेखि ७० पृष्ठसम्मका १२ पृष्ठहरूमा धेरै लामो चर्चा वा छलफल गर्नुभएको छ । साथै वाराणसीस्थ सम्पूर्णानन्द-संस्कृत विश्वविद्यालयको सारस्वती सुषमामा (वर्ष ६०, अङ्क १, २; वि.सं. २०६२, पृष्ठ १२९-१८२) "श्राद्धे मांसप्रयोगस्तदीयवेदशास्त्रप्रामाण्यविचारश् च" भन्ने निबन्ध पनि प्रकाशित गर्नुभएको छ । (मैले आफ्नो बाल्यकालमा गाउँघरमै हुँदा यस्तो के पनि सुनेको थिएँ भने– "राजा महेन्द्रले गैँडा मार्न लगाएर गैँडाको मासु तथा रगतसमेत ल्याई आफ्ना पिता त्रिभुवनको श्राद्धमा गैँडाको मासु चढाएका थिए अनि रगतले तर्पण

पनि गरेका थिए रे") यो कुरा अहिले शिवराज गुरुको भूमिका हेर्दा उहांले उल्लेख गर्नुभएको मिताक्षरामा उल्लिखित –

"मुन्यन्नं ब्राह्मणस्योक्तं मांसं क्षत्रियवैश्ययोः ।
मधुप्रदानं शूद्रस्य सर्वेषां चाऽविरोधि यत् ॥"

(अर्थात् मुनिहरूले सेवन गर्ने अन्न भन्नाले जौ, घैय्या भन्ने धान तथा फापर आदि ब्राह्मणका लागि श्राद्धमा मुख्य हुन्छ । श्राद्धमा मांसको प्रयोग क्षत्रिय र वैश्यको लागि मुख्य हुन्छ । अनि शूद्रका लागि मह, श्राद्धमा चढाउने मुख्य वस्तु हो ।) यसमा तोकिएअनुसार गर्दा शास्त्रविरोधी हुँदैन । यस्तै शिवराज गुरुले उल्लेख गर्नुभएका "पितृदेवताऽतिथिपूजायामप्येव पशुं हिंस्यात्" (वासिष्ठधर्मसूत्र ४/५) "वध्याश्च धर्मार्थे (पशवः)" (गौतमधर्मसूत्र २/८/३७) यज्ञार्थं ब्राह्म्णैर् वध्याः प्रशस्ता मृगपक्षिणः । भृत्यानां चैव वृत्यर्थमगस्त्यो ह्याचरत् पुरा ॥ बभूवुर् हि पुरोडाशा भक्ष्याणां मृगपक्षिणाम् । पुराणेष्वृषियज्ञेषु ब्रह्मक्षत्रसवेषु च ॥" (मनुस्मृति ५/२२, २३), "मधुपर्के च यज्ञे च पितृदैवतकर्मणि । अत्रैव पशवो हिंस्या नाऽन्यत्रेत्यब्रवीन् मनुः ॥ एष्वर्थेषु पशून् हिंसन् वेदतत्त्वाऽर्थविद्द्विजः । आत्मानं च पशुं चैव गमयत्युत्तमां गतिम् ॥" (मनुस्मृति ५/४१, ४२) इत्यादि वचनहरूको अर्थ विचार गर्दा हाम्रो आचारशास्त्रमा भएको अतिथि देवो भव, पितृदेवो भव, मातृदेवो भव इत्यादि मर्यादा अनुसार अतिथिको सम्मानमा र पितृहरूको सम्मानमा तोकिएका पशुहरूको वध गरेर भए पनि सम्मान गर्न अर्थात् मासु चढाउन हुन्छ । यस्तो काममा पशुवध गर्दा पनि त्यो कर्तालाई पाप लाग्दैन र त्यो पशु पनि उत्तम गतिमा प्राप्त हुन्छ भन्ने अर्थ बुझिन आउँछ । त्यस्तै पहिले पहिले छोरीको विवाहमा जन्ती आउँदा जन्तीको सम्मानमा, पहिलोपटक दुलही लिएर घर आएका ज्वाइँको सम्मानमा र श्राद्धमा पनि पितृहरूको सम्मानमा मासु टक्र्याउनु पर्छ, यो कुरा शास्त्रविहित छ भन्ने पनि सुनिएकोले पहिले पहिले श्राद्धमा मासु चढाउने चलन रहेछ भन्ने कुरा बुझिन आउँछ ।

दाङका नाम चलेका विद्वान् टेकनाथ गौतमको पुनर्विवाहविमर्श (२०५५) भन्ने पुस्तकमा उल्लेख भएको दाङमा बाहुनहरूले पनि सम्वत् १९२० सम्म वार्षिक श्राद्धमा खसी काट्थे भन्ने कुरा बुढापाकाहरूबाट सुनेका र त्यहाँका ठकुरीहरूले अझै काट्दै छन् भन्नेसमेत लेखेका र काठमाडौंका हिन्दू नेवारहरूमा पनि श्राद्धमा मासुको प्रयोग गर्ने परम्परा भएको र भक्तपुरका नेवार समाजमा पनि श्राद्धमा मासु चढाउने चलन भएको कुरा बुझिन आएको छ । पद्मपुराणमा "यदाहारो भवेत् तेन पूजयेत् पितृदेवताः" (स्वर्गखण्ड ५८/४) "यदन्नं पुरुषोऽश्नाति तदन्नास्तस्य देवताः" (स्कन्द पु. ६/२२०/४९), "यदन्नं पुरुषो भवति तदन्नास् तस्य देवताः" (वाल्मीकिरामायण, अयोध्या. १०३/३०, १०४/१५) "यदन्ना हि नरा

राजन् तदन्नास्तस्य देवताः" (महाभारत अनुशासनपर्व ६६/६१) । उल्लेख भएको र उक्त वाक्यहरूको सारांश "जसका घरमा जस्तो खाने चलन छ त्यहाँ आएका अतिथि देवता र पितृ देवताहरूले पनि त्यस्तै खाद्यपदार्थ खान रुचाउँछन् भन्ने कुरा बुझिने हुँदा अतिथि र पितृहरूका लागि भनेर प्रोक्षण गरिएको मासु टक्र्याउनु पर्ने र प्रसादका रूपमा आफूले पनि खान हुने कुरा शास्त्रविरूद्ध नदेखिने भए तापनि अघिपछि आफूखुशी पशुहिंसा गरेर मासु खान नहुने शास्त्रको सम्मति देखिन्छ । साथै श्राद्धमा मासको दाल पकाउने र फुरौला बनाएर चढाउने चलन मांस प्रयोगकै अर्को वैकल्पिक रूप हो भन्ने पनि स्पष्ट हुन्छ ।

मैले अनुसन्धानको क्रममा पढेको धर्मदिग्दर्शन भन्ने पुस्तकमा पनि श्राद्धमा पितृहरूलाई मासु चढाउन हुन्छ भन्ने कुरामा लामो छलफल गरिएको थियो ।

पितृश्राद्धमा कस्तो कस्तो मांस प्रयोग गर्नाले कति कति समय तृप्ति हुन्छ भन्ने कुरा मनुस्मृतिको अध्याय ३, श्लोक २६८ देखि ३ सम्म बताइएको द्रष्टव्य छ । यी मध्ये बार्ध्रीणस नामको बोकाको मासु भएमा सबैभन्दा बढी समयका लागि बाह्र वर्षसम्म तृप्ति हुने कुरा देखिन्छ । (बार्ध्रीणस के हो भन्ने कुरा पनि त्यहाँ श्लोक २७१को टीकामा स्पष्ट खुलाइएको देखिन्छ । जो लामा लामा कान भएको बुढो सेतो बोको छ, जसले नदी आदिमा पानी पिउँदा दुबै कान पनि पानी पिउन पुग्छन् त्यस्तो बोकोलाई त्रिपिब भनिन्छ । त्यस्तो बोकोको मासु पितृहरूलाई बढी मनपर्छ भन्ने बताइएको देखिन्छ । यही कुरा मूल गरूडपुराणमा पनि यस्तो लेखिएको देखिन्छ–

**हविष्यान्नेन वै मासं पायसेन तु वत्सरम् ।**
**मात्स्य-हारिणकौरभ्र-शाकुन-च्छाग-पार्षतैः ॥**

**ऐण-रौरव-वाराह-शाश-मांसैर् यथाक्रमम् ।**
**मासवृद्ध्याऽपि तुष्यन्ति दत्तैरिह पितामहाः ॥** – १/१९/३७, ३८

यस्ता तोकिएका माछा, हरिण, पक्षीं, बोका, ऐण नामको मृग, रुरु नामको मृग, बंदेल, खरायो र गैंडासम्मका मासुले पितृहरूलाई महिना, दुई महिना, तीन महिना, छ महिना र गैंडाको मासु भएमा बाह्र महिनासम्म पितृहरू तृप्त हुने किन्तु हविष्यान्न तथा खीरको पिण्ड दिएमा पितृहरू एक वर्षसम्म तृप्त हुन्छन् भन्ने कुरा लेखिएको भए पनि श्राद्धमा मासुको प्रयोग गर्नु कलियुगमा निषेध छ भन्ने बाधक वचन भएकोले यसो गर्नु अनुचितै देखिन्छ ।

**अग्निहोत्रं गवालम्भं सन्यासं पलपैतृकम् ।**
**देवराच्च सुतोत्पत्तिं कलौ पञ्चविर्वजयेत् ॥**

(अग्निहोत्रयज्ञ, गोमेधयज्ञ, सन्यासग्रहण, श्राद्धमा मांसको प्रयोग र देवरबाट नियोगविधिले सन्तान जन्माउने काम कलियुगमा निषेध गरिएका छन् भन्ने देखिन्छ । कतैतिर अग्निहोत्रंको ठाउँमा अश्वालम्भं भन्ने पाठान्तर पनि भेटिन्छ । उक्त वाक्यलाई धर्मसिन्धु तथा निर्णयसिन्धुको कलिवर्ज्य प्रकरणमा लेखिएका तलका श्लोकहरूले पुष्टि गरेको देखिन्छ–

**समुद्रयातुः स्वीकारः कमण्डलुविधारणम् ।**
**द्विजानामसवर्णासु कन्यासूपयमस्तथा ।।**

**देवराद्यैः प्रजोत्पत्तिर्मधुपर्के पशोर्वधः ।**
**मांसदानं तथा श्राद्धे वानप्रस्थाश्रमस्तथा ।।**

**दत्ताक्षतायाः कन्यायाः पुनर्दानं परस्य च ।**
**दीर्घकालं ब्रह्मचर्यं नरमेधाश्वमेधकौ ।।**

**महाप्रस्थानगमनं गोमेधश्च तथा मखः ।**
**इमान् धर्मान् कलियुगे वर्ज्यानाहुर्मनीषिणः ।।**

... इत्यादि (धर्मसिन्धु सुबोधिनी नेपालीटीका पृष्ठ ७६०, पं.हेमराज शर्मा पौडेल । निर्णयसिन्धु, निर्णयसागर प्रेसको पञ्चम संस्करण, पृष्ठ २६२)

त्यसैले हाम्रो प्रचलन अनुसार खीरकै पिण्ड दिँदा पितृहरूलाई अक्षयतृप्ति हुने कुरासमेत लेखिएको हुँदा खीरकै पिण्ड दिनु उचित देखिन आउँछ । यदि खीरको पिण्ड दिने स्थिति नभएमा जौको पीठोबाट पनि पिण्ड दिने प्रचलन रहिआएको छ ।

## ४१. मातृनवमी श्राद्धमा को–कोलाई कसरी पिण्ड दिने ?

मातृनवमी श्राद्धमा यदि माताको सधवा अवस्थामा मृत्यु भएको भएमा एकपिण्डात्मक श्राद्ध गर्नुपर्छ । परन्तु पछिपिताको मृत्यु भइसकेपछि भने यो श्राद्ध गर्नुपर्दैन ।

## ४२. एकपार्वण श्राद्ध भनेको के हो ?

एकपक्षीय पार्वणलाई एकपार्वण भनिन्छ जस्तो कि औँसी तिथिमा र महालय पक्षका तिथिहरूमा मृत्यु भएको व्यक्ति पिता भएमा पितृ, पितामह र प्रपितामहका लागि त्रिपिण्डात्मक श्राद्ध गर्ने विधि एकपार्वण हो । अथवा उक्त दिनहरूमा आमाको मृत्यु भएको भए माता, पितामही र प्रपितामहीका लागि त्रिपिण्डात्मक श्राद्ध गर्ने विधि नै एकपार्वण श्राद्ध विधि हो ।

**४३. श्राद्धमा जुटाउनैपर्ने तीनवटा महत्त्वपूर्ण विषय के हुन् ?**

**त्रीणि श्राद्धे पवित्राणि दौहित्रःकुतपस्तिलाः ।**
**त्रीणि चात्र प्रशंसन्ति शौचमक्रोधमत्वराम् ॥** (मनु ३/२३५)

अर्थात् श्राद्धमा छोरीको छोरा, मध्याह्नपछिको समय र तिल यी तीन पवित्र मानिन्छन् । शुद्धता, अक्रोध, नहडबडाउनु यी तीन नियम प्रशंसनीय छन् ।

**क्रोधेनैव च यद् दत्तं यद् दत्तं त्वरया पुनः ।**
**यातुधाना विलुम्पन्ति यच् च पापोपपादितम् ॥**

(औशनस, स्मृतिसन्दर्भ, पृ. १५८३) अर्थात् क्रोध गरेर पितृहरूलाई जो दिइएको हुन्छ त्यस्तो वस्तुमा पाप अर्थात् कल्मष रहने हुँदा त्यस्तो वस्तुलाई राक्षसहरूले हरण गर्छन् भनिएकोले रिसराग नगरी, हडबड नगरी श्राद्धकर्म शान्त भएर गर्नुपर्छ ।

**दिवसस्याष्टमे भागे मन्दो भवति भास्करः ।**
**सः काल कुतपो ज्ञेयः पितृणामङ्कमक्षयम् ।** (शातातपः)

अर्थात् दिनको आठौँ मुहूर्तलाई कुतप काल भनिएको छ ।

श्राद्धमा दौहित्र भन्नाले छोरीको छोरो, दौहित्रम् भन्नाले तिल र कुतपम् भन्नाले कुश, नेपालमा बनेको कम्बल, ब्राह्मण तथा आठौँ मुहूर्त पनि हुन् ।

**तत्राष्टमो मुहूर्तोयःसकालः कुतपःस्मृतः ।**

**४४. विश्वेदेवहरू के-के नाम गरेका हुन्छन् र कुन-कुन श्राद्धमा ककसलाई बोलाउनुपर्छ ?**

ब्रह्माजीको छातीबाट उत्पन्न भएका धर्म नामका प्रसिद्ध देवता छन् जसलाई हामी नमो धर्माय महते भनेर नमस्कार गर्छौं । उनले दक्षप्रजापतिकी विश्वा नाम गरेकी छोरीलाई विवाह गरेका थिए । विश्वाबाट धर्मका दश भाइ छोरा जन्मिए । यिनै धर्मका दश भाइ छोराहरू विश्वेदेव हुन् । विश्वेदेवहरूलाई श्राद्धमा पूज्य हुने निर्देश हुनाले यिनीहरूलाई श्राद्धमा निमन्त्रणा गर्नुपर्छ । कुन-कुन श्राद्धमा भने इष्टि श्राद्धमा ऋतु र दक्ष दुईलाई, नान्दीश्राद्धमा सत्य र वसु दुईलाई, नैमित्तिकश्राद्धमा काम र काल दुईलाई, काम्यश्राद्धमा धुरि र लोचन दुईलाई तथा पार्वणश्राद्धमा पुरुरव र माद्रव दुईलाई विश्वेदेव ब्राह्मणका रूपमा बोलाउनुपर्छ । परन्तु नित्यश्राद्ध, एकोद्दिष्टश्राद्ध र मातृ श्राद्धमा विश्वेदेवलाई बोलाउनु पर्दैन ।

**४५. हरेक किसिमका पूजाआजा गर्दा र श्राद्धमा पनि प्रायश्चित्त गर्ने गरिन्छ । यसको तात्पर्य के हो ?**

यद्यपि प्रायः शब्दका धेरै अर्थहरू छन् । परन्तु यहाँ प्रायः शब्दको अर्थ पाप हो र चित्त शब्दको अर्थ त्यसको शुद्धीकरण हो । श्राद्धकर्ताले पनि श्राद्ध गर्नुभन्दा पहिले नै प्रायश्चित्त गरेर शुद्ध भएको हुनुपर्छ । त्यसैले प्रायश्चित्त गर्ने चलन रहेको हो ।

**प्रायः पापं विजानीयात् चितं तस्यैव शोधनम् ।**

**४६. पिण्डदान गरिसकेपछि त्यो पिण्ड कहाँ सेलाउने ?**

पिण्डदान कार्य सम्पन्न भइसकेपछि पितृब्राह्मणपूर्वक ब्राह्मण विसर्जन गर्ने र श्राद्धाङ्ग तर्पण पनि गरिसक्नुपर्छ । त्यसपछि दक्षिणा संकल्प गरेर पिण्ड सेलाउनुपर्दछ । पिण्ड सेलाउँदा भरसक गङ्गाजीमा अथवा अन्य गण्डकी, कोशी, त्रिशूलीजस्ता महानदीहरूमा, सो प्राप्तहुन नसके प्रदूषणमुक्त जलप्रवाह भएका नदीमा, सो पनि नभए ठूला ताल तलैयाहरूमा सेलाउनुपर्छ । यदि जलमा सेलाउन अनुकुल परेनभने गाईलाई, अथवा जोत्न छोडेको बुढो गोरूलाई, अथवा बुढो बोकोलाई पनि पिण्ड खुवाउन हुन्छ । यदि पिण्ड सेलाउने समयमा कुनै जोगी, साधु, सन्त, महात्मा वा कुनै ब्राह्मणले "म भोकाएको छु, मलाई खान दिनुहोस्" भनेमा पितृ नै आएका रहेछन् भन्ने सम्झेर उनलाई दिन हुन्छ ।

**४७. औँसीतिथिमा हलो बार्ने, ढिकी कुट्ने, जाँतो पिस्ने, सुपो फड्कार्ने र घाँसपात काट्न नहुने किन ?**

अमावास्या तिथिमा चन्द्रमाका १५ कला क्षय हुन्छन् र सोह्रौँ कला जो क्षय हुँदैन त्यो सूर्यको साथमा उदय र अस्त हुन्छ । यसरी त्यो कला त्यो दिन तीन मुहूर्त सूर्यमा, तीन मुहूर्त जलमा, तीन मुहूर्त वनस्पतिमा र तीन मुहूर्त पृथ्वीमा अनि तीन मुहूर्त गाईगोरूमा बस्नजाने हुँदा त्यो दिन हलो जोत्ने र घाँसपात काट्ने तथा ढिकी कुट्ने र जाँतो पिस्ने तथा सुपो फड्कार्ने कामहरू निषिद्ध गरिएका हुन् ।

**४८. यदि श्राद्धकर्ता नै बिरामी भएको वा अरू कनै कारणले अशक्त भएर श्राद्ध गर्न नसक्ने भएमा श्राद्ध गर्नुको विकल्प के हुन सक्छ ?**

कर्ताले बिरामी भएर वा अरू कारणले आफैँ बसेर श्राद्ध गर्न नसक्ने भएमा भतिजो वा नजिकको बन्धु कुनैलाई प्रतिनिधि बनाएर श्राद्ध गर्न मिल्छ । अथवा ब्राह्मणद्वारा पनि श्राद्ध गर्न मिल्छ । यो पनि हुन सकेन भने सामग्रीसहितको

आमान्न अर्थात् सिधा सङ्कल्प गरेर अनुकल्पका रूपमा पनि श्राद्ध गरेको ठहर्छ । परन्तु, साथै ब्राह्मण भोजन र दक्षिणा भने गर्नुपर्छ ।

**४९. यदि कुनै व्यक्तिले म कुनै व्रतको पालन र धर्म कर्म एवं श्राद्ध पनि केही गर्दिन भन्छ भने त्यस्तोलाई के भन्ने ?**

हाम्रो सनातन धर्ममा ईश्वर छन् र पितृहरू पनि हुन्छन् भन्ने आस्था विश्वास एवम् भरोसा छ । त्यसैले सनातन धर्ममा व्रत, पूजा र श्राद्ध आदि गर्ने व्यवस्था छ र त्यसको परिपालन पनि भइरहेको छ । यदि कसैले आफूलाई जन्माउने पालनपोषण गर्ने, हुर्काउने, बढाउने र पढाइ लेखाइ गराएर संसार देखाउने मातापितालाई वर्षभरिमा एक दुई दिन गर्नुपर्ने पितृयज्ञका रूपमा गरिने श्राद्धकर्म पनि मिथ्यादृष्टि राखेर म व्रत, पूजा, श्राद्ध आदि केही गर्दिन र चाडपर्वहरू पनि मनाउँदिन भन्छ भने त्यस्तोलाई मिथ्यादृष्टि भएको नास्तिक व्यक्ति भनिन्छ । त्यस्तो नास्तिक व्यक्तिको कुनै औषधि छैन । त्यस्तालाई कृतघ्न भन्नुबाहेक अरू कुनै शब्द छैन ।

**५०. नेपालको तराई भागतिर अहिले पनि सन्तरामपालका भक्तहरूले "केवल मोक्षप्राप्तिका लागि चाहिने भक्ति र ज्ञानमात्र गरे पुग्छ । कर्मकाण्डले बताएका कुनै पनि कर्म गर्नुपर्दैन र पितृश्राद्ध पनि गर्नुपर्दैन" भन्ने गर्छन्, यो कुरा के हो ?**

मोक्षप्राप्ति पनि धर्म हो । धर्मको परिभाषा गर्ने सन्दर्भमा मनुस्मृतिमा–

**विद्वद्‌भिः सेवितः सद्‌भिर्नित्यमद्वेषरागिभिः ।**
**हृदयेनाभ्यनुज्ञातो यो धर्मस्तं निबोधत ॥** २/१

**श्रुतिस्मृत्युदितं धर्ममनुतिष्ठन् हि मानवः ।**
**इह कीर्तिमवाप्नोति प्रेत्य चानुत्तमं सुखम् ॥** २/९

इत्यादि र यज्ञवल्क्यस्मृतिमा–

**इज्याचारदमाहिंसा दानं स्वाध्यायकर्मणाम् ।**
**अयं तु परमो धर्मो यद् योगेनात्मदर्शनम् ॥** १/८

(अर्थात् यो त सबैभन्दा ठूलो धर्म हो कि जुन योगद्वारा आत्मदर्शन हुन सकोस् ।) भनिएकै छ । फेरि धर्म र कर्म भनेका दाहिने र बायाँ हात जस्तै हुन् । एक हातले मात्र काम गरेर सफल हुँदैन । एक हातले मात्र ताली बज्दैन भन्ने लोकोक्ति नै छ । शास्त्रले एक गृहस्थलाई कर्तव्यनिर्देश गरेका न्यूनतम कुरा पञ्चयज्ञ (देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ र ब्रह्मयज्ञ) गर्नु हुन् । देवयज्ञ

भन्नाले पाञ्चायन देवपूजन गर्नु, भूतयज्ञ भन्नाले बलिवैश्वदेव गर्नु, पितृयज्ञ भन्नाले श्राद्धतर्पणादि गर्नु, मनुष्ययज्ञ भन्नाले अतिथि, जोगी, भिखारी र अनाथ बालबालिकालाई अन्नदान गर्नु, ब्रह्मयज्ञ या ऋषियज्ञ भन्नाले वेद पुराणादिको यथाशक्ति स्वाध्याय गर्नु, सत्संगत गर्नु हुन् । यी बाहेक सदाचार, धर्माचार, शिष्टाचार, कुलाचार, लोकाचार, नैतिकाचार आदि हुन् । उक्त कर्महरू गृहस्थका कर्तव्यकार्यभित्र पर्दछन् । यी बाहेक अकार्य पनि शास्त्रनिर्दिष्टै छन् । ती हुन् – अनाचार, दुराचार, कदाचार, भ्रष्टाचार, व्यभिचार, अनैतिकाचार आदि पनि शास्त्रनिर्दिष्टै छन् ।

वेदान्त शास्त्रअनुसार विचार गर्दा जम्मा तीन तत्त्व देखा पर्छन् । तिनमा –

१. **परब्रह्मपरमात्मा** यसैलाई सच्चिनानन्द, निर्गुण, अक्षय, अव्यय तत्त्व भनिएको हो । यो ज्ञानीले मात्र जान्न, बुझ्न, अनुभव गर्न सकिने विषय हो । निर्गुण ब्रह्मको परिभाषा यस्तो छ –

**सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् ।**
**स भूमिं सर्वतः स्पृत्वाऽत्यत्तिष्ठद् दशाङ्कुलम् ।।** (शुक्लयजुर्वेद३१अ.)

**अपाणिपादो जबनो ग्रहीता पश्यत्यचक्षुः सशृणोत्यकर्णः ।**
**स वेत्ति वेद्यं न च तस्यास्ति वेत्ता तमाहुरग्र्यं पुरुषं महान्तम् ।।**
(श्वेताश्वतरोपनिषद् ३/१९)

**न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।**
**अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ।।**
(भगवद्गीता अध्याय २, श्लोक २०)

**आश्चर्यवत्पश्यति कश्चिदेनमाश्चर्यवद्वदति तथैव चान्यः ।**
**आश्चर्यवच्चैनमन्यः शृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित् ।।**
(भगवद्गीता अध्याय २, श्लोक २९)

**सर्वतः पाणिपादं तत् सर्वतोऽक्षिशिरोमुखम् ।**
**सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।।**
(भगवद्गीता अध्याय १३, श्लोक १३)

२. **जीवजगत्** भन्नाले जो तँ, तिमी, तपाइँ, हजुर, हामी, लेखक, पाठक, पशु, पन्छी, कीट, पतंग, वृक्ष, वनस्पति, लता, गुल्म आदि चर अचर प्राणी सबै आब्रह्मस्तम्बपर्यन्त जलस्थल पर्वतादि सबै हौं ।

३. **मायाजाल** भन्नाले परब्रह्म परमात्मा र जीवजगत् दुबैको माझमा बाक्लो पर्दाजस्तो बनेर रहेको छ जो महामायाकै स्वरूप हो । सप्तशती (चण्डी)मा पनि भनिएको छ

**ज्ञानिनामपि चेतांसि देवी भगवती हिसा ।**
**बलादाकृष्य मोहाय महामाया प्रयच्छति ॥**

अर्थात् जसले धर्म, कर्म, सदाचार नित्य निरन्तर गर्ने गरेको छ, सत्यवादी, सत्कर्मकर्ता छ त्यसका लागि उक्त मायाको बाक्लो पर्दा पातलो हुँदै जान्छ र उसले आफ्नो नजिकै रहेको परब्रह्म परमात्मालाई देख्न, अनुभव गर्न र जान्न सक्छ । परन्तु जो देहाभिमानमा अल्झिएको छ, असदाचार गर्नेगर्छ, शास्त्रनिर्देश मान्दैन, ईश्वरको सत्तालाई मिथ्यादृष्टि राख्दछ त्यस्तोले भने परब्रह्म परमात्माको साक्षात्कार गर्न सक्दैन किनभने उक्त मायाको पर्दाले बाक्लो भएर छेक्छ । यिनै कुरालाई गीताशास्त्रमा यसरी बताइएको देखिन्छ –

**यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।**
**न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥**

(जो शास्त्रविधि छोडेर जथाभावी गरे भने ।
सिद्धि पाउन सक्दैनन् पाउन्नन् सुख-सद्गति ॥)

**तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।**
**ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥**

(शास्त्रै प्रमाण छन् सारा कार्याऽकार्य बुझाउन ।
तस्मात् शास्त्र प्रमाणैका कार्यमा चल अर्जुन !)
(भगवद्गीता अध्याय १६, श्लोक २३, २४)

अब प्रश्न उठ्छ ब्रह्म के हो ? र जीवजगत् के हो ? भन्ने । ब्रह्म नित्य हो, शाश्वत हो, समष्टि हो सर्वव्यापक हो, अक्षय हो, अविनाशी हो, सर्वकारण हो, अपरिवर्त्य हो, र सनातन हो ।

भगवान् कृष्णमा यही स्वरूपलाई देखेर अर्जुनले भनेका छन् –

**त्वमक्षरं परमं वेदितव्यं त्वमस्य विश्वस्य परं निधानम् ।**
**त्वमव्ययः शाश्वतधर्मगोप्ता सनातनस्त्वं पुरुषो मतो मे ॥**
(भगवद्गीता ११/१८)

उक्त लक्षणहरूले लक्षित सच्चिनान्दस्वरूप परब्रह्म परमात्मा छ ।

त्यस्तै जीवजगत् अनित्य हो, अस्थिर हो, व्यष्टि हो, एकदेशीय हो, विनाशशील हो, कार्यरूप हो र परिवर्तनशील छ । यस्तो जीवात्माले परब्रह्म परमात्मालाई जान्नका लागि ऊसँग न्यूनतम चार साधन वा योग्यता हुनुपर्छ । ती योग्यता भएमा मात्र ऊ परमात्माको जिज्ञासु हुन सक्छ । ती चार योग्यता हुन् –

१. इहामुत्रार्थफलभोगविरागः (यो लोक र परलोकमा प्राप्त हुनसक्ने सुख दुःखादि फलको भोगमा विरक्ति हुनुपर्छ ।)

२. शम, दम, उपरति, तितिक्षा, श्रद्धा, समाधान नामका षट्सम्पत्ति (भन्नाले मनशान्ति, इन्द्रियदमन, वैराग्यभाव, सहनशीलता, निष्ठा वा भरोसा र चित्तैकाग्रता हुनुपर्छ ।)

३. नित्यानित्यवस्तुविवेकः (नित्यवस्तु र अनित्यवस्तु के हो भन्ने कुरा छुट्याउन सक्ने विवेक हुनुपर्छ ।)

४. मुमुक्षुता(मोक्षहुने चाहना राख्नुपर्छ ।)

यति चार योग्यता भएको व्यक्तिमा मात्र ब्रह्मज्ञान गर्ने अधिकार वा योग्यता हुनसक्छ ।

यस्तो विशाल, व्यापक परब्रह्मलाई हामीले तँ, तिमी, तपाइँ, हजुर जे सुकै भने पनि केही फरक पर्दैन । न उ रिसाउँछ, न खुसाउँछ । हामीले त सकिन्छ भने उसको स्वरूपको ज्ञान गर्ने हो । देवताका पनि देवता स्वयं श्रीमहादेवले ब्रह्मको स्तुति यसरी गरेको देखिन्छ –

**त्वं कारणं परमकारणकारणानां वेद्योऽसि वेदविदुषां सततं त्वमेकः ।**
**त्वं मार्गणीयमसि किञ्चनमूलवाचां वाचामगोचर चराचरदिव्यमूर्ते ॥**

**वेदा विदन्ति न यथार्थतया भवन्तं ब्रह्मादयोऽपि न चराचरसूत्रधार ।**
**त्वं हंसि पासि विदधासि समस्तमेकः कस्ते स्तुतिव्यतिकरो मनसाप्यगम्य ॥**

ब्रह्मको स्वरूप निर्गुण, निराकार, निरञ्जन भएको हुनाले पछि पछिका लौकिक कवि, महाकविहरूले पनि निर्गुण र सगुण दुबै स्वरूपको उल्लेख गरी भजन, कीर्तन वा प्रार्थना गर्ने गरेको हामी देख्नसक्छौँ । जस्तै –

**यो देवःसविताऽखिलस्यजगतो ब्रह्माऽन्यरूपेण यो**
**विष्णुःपालयिता य एव च शिवः संहारको मायया ।**
**यश्चाऽचक्षुरनन्तदृग् बहुशिरा योऽपाणिपादो जवी**
**वेदैरूक्तमनन्यथैव घटते तस्मै नमो ब्रह्मणे ॥**

(पं. भीमकान्त पन्थी, जगदम्बिकावैभवम्)

यस्तो स्वरूपको ब्रह्मलाई ऋतेज्ञानान् न मुक्तिः भनेको हुनाले पहिले ज्ञान हुनुपर्छ अनि मात्र मुक्ति हुनसक्छ । ब्रह्मको विवर्त नै जगत् हो भन्ने कुरा नबुझेका र यही जगत्मा भएका भूमि, देह, गेह कलत्रपुत्रादिमा भएको मोह त्याग्न नसकेका तथा काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यादिलाई छोड्न नसकेका देहात्मवादी व्यक्तिले कुनै साधु महात्माको प्रवचन वा कथा सुन्दैमा र "मैले ब्रह्म बुझेँ, मलाई ब्रह्मज्ञान भयो" भन्दै हिँडेको भरमा ब्रह्मज्ञान हुनसक्ने विषय होइन ।

यस्तै यस्तै श्राद्धसम्बन्धी विषयमा विशेष जानकारी लिनका लागि अरू पनि धेरै प्रश्नहरू उठाउन सकिन्छ । ती सबै प्रश्नहरूको उत्तर लेख्नखोज्दा यो लेख धेरै लामो हुनेभएकोले अहिले यत्तिकैमा उपसंहार गर्दछु । यो लेख तयार गर्दा धेरै जना स्वनामधन्य पूर्वसूरि लेखकहरूका पुस्तकहरू हेरी यहाँ ती ती पुस्तकहरूबाट केही उद्धरण समेत गरिएका छन् । साथै, श्री ऋषिराम घिमिरे, श्री कोषराज न्योपाने तथा प्रा.डा. शिवराज आचार्य कौडिन्यायन गुरुका पुस्तकसमेत हेरी यो लेख तयार गर्दा उपयोग गरिएको हुनाले सबै पूर्वोक्त लेखकहरूप्रति विशेष आभार प्रकट गर्दछु ।

**इमान् प्रश्नोत्तरान् लेखान् पठित्वा तोषमाप्नुयुः ।**
**अबोधेन प्रबोधेन दुर्जनाः सुजना अपि ॥**
**निःसुखे जीवलोकेऽस्मिन् प्रीतियोगः सुदुर्लभः ।**
**यस्य कस्याऽपि मोदश्चेज्जायेत सफलः श्रमः ॥**

०००


# फिल्ड रेखाङ्कनको लागि आवश्यक कागजात

✓ जग्गाधनी प्रमाण-पूर्जा
✓ मालपोत कर तिरेको रसिद
✓ नागरिकता
✓ निवेदन

**नापी कार्यालय**
**गुल्मी**

# पाऊँ आत्मिक चेतना

✍ **मुकुन्द शर्मा चालिसे**
**कैलाशकुञ्ज, बूढानीलकण्ठ, काठमाडौं**

गर्ने हो व्यवहारमा कति कुरा के हो नगर्ने कुरा
वास्ता नै नगरेर हिँड्दछ कुनै मानौँ बनी बेसुरा
त्यस्तो मानिस मूर्ख हो जुन सधैँ भड्कन्छ बेकारमा
बोक्ने आसुरवृत्ति निश्चय दुखी बन्नेछ संसारमा ॥

आफ्नो शौच क्रियाकलाप कुन हो थाहै नपाईकन
गर्ने घृण्यविचार मानिसहरू त्यस्तै गरी भोजन
पर्छन् रोग र शोकमा पछि तिनै चेत्तै नचेत्ने तर
जालान् आखिर नारकीय पथमा यद्वा अँध्यारातिर ॥

चोला मानिसको लिए पनि कुनै जान्नन् सदाचारमा
छाडा कर्म गरेर मोजरसमा झुम्छन् दुराचारमा
यस्तो ताल लिएर जीवन गयो उद्देश्य नै भाँडियो
उल्टो पन्थ हिँड्यो कि पान्थ गहिरो डन्डूरमा गाडियो ॥

साँचो के अनि झूट के यति कुरा वास्ता नराखीकन
बोल्ने गर्छ कुनै अनेक किरिया हाली नथाकीकन
फ्याङ्लो मानिस हो त्यही फतफते विश्वासमा डग्छ ऊ
जम्मैबाट घृणा मिली पतनको बाढीसितै बग्छ ऊ ॥

कोही भन्दछ छैन सर्जक कुनै आफै बन्यो सृष्टि यो
यद्वा यौन भएर सिर्जित भयो यौनाङ्ग नै हेतु हो
यस्ता तर्क लिएर दार्शनिक झैँ ठूला कुरा गर्छ ऊ
धोखा खान्छ पछाडि अन्त्यदिनमा टोलाउँदै मर्छ ऊ ॥

कैल्यै पूर्ण हुँदैन यो रहर वा सांसारिकी कामना
त्यस्तैमा मन लाउने बहकिने बेकार हो तिर्सना
राखी दम्भ घमण्ड बाह्य चिजको फँस्ने वृथा पाशमा
जाला डङ्ग पछारिएर पछि ता दुर्भाग्यमा नाशमा ॥

चोखो छैन विचार कर्म जसको ती हुन् विना बुद्धिका
त्यस्ताको श्रम खेर जान्छ जुन छन् मैमत्त बेशुद्धिका
चिन्ता मात्र लिएर रूपधनको प्राणान्त पर्दा पनि
झोक्राएर अतालिने मनुजको दुःखी हुने जीवनी ॥

मस्ती गर्नु छ जिन्दगीभरि मरी के लान पाइन्छ र ?
यो नै अन्तिम सत्य हो, अनि मरी फर्केर आइन्छ र ?
यस्तै नास्तिकवादमा लहसिने अन्याय गर्ने पनि
के जाओइन अन्ध कूप पथमा छोडेर यो जीवनी ॥

कुम्ल्याएँ यति आज भोलि उसरी सम्पत्ति कुम्ल्याउँछु
जम्मा गर्छु धनाढ्य बन्छु सबको चम्चागिरी पाउँछु
यस्तो धाक लिएर उम्लिरहने उन्माद देखाउने
संसारैभरि छन् पिशाचमतिका ती निश्चितै नासिने ॥

मेरा शत्रुहरू सबै जितिसकेँ बाँकी भए राख्तिनँ
मैमात्रै हुनुपर्छ विश्वविजयी अर्को कुनै देख्तिनँ
आफै ईश्वर मै हुँ भन्छ जसले हेरेर चारैतिर
यस्ता पामरको भविष्य कसरी होला सुखी आखिर ? ॥

काम क्रोध र लोभ यी नरकका ढोकाहरू छन् खुला
संसारी मनुवा तिनैतिर सदा सर्काउँछन् पाइला
त्यस्तो दारुण नारकीय पथको यात्री अभागी नबन्
हे मेरो मति ! भित्र आइज छिटो आत्मानुरागी तँ बन् ॥

हामीले लिनुहुन्न मासु मदिरा बासी जुठो फोहर
दुर्गन्धी रसशून्य वस्तु सब यी हुन् तामसी आखिर
यस्ता भोजनबाट इन्द्रियहरू साथै रहेको मन
जाला अन्त बतासिएर जसले गर्ला वृथा चिन्तन ॥

जोड्छन् धेर कुतर्कका गफ फुँदा सन्देहवादीहरू
श्रद्धाहीन भई अधर्मपथका फोस्रा गफाडीहरू
त्यस्ता नास्तिकता लिने खलहरू घुम्दै रहन्छन् यता
जन्मन्छन् अनि मर्दछन् जुनिजुनी बन्छन् स्वयं बेपता ॥

जिभ्रो मात्र रमाउने मन भने भड्काउने हुन् जति
तातो उग्र कडा पिरो अनि रुखो खाना बनून् त्याज्य ती
यस्ता राजस भोग दुःखकर छन् लान्छन् यिनै शोकमा
हाम्रो सुन्दर जिन्दगी पनि छिटो जाला कडा रोगमा ॥

आशा व्यर्थ लिई विनाशतिरको गन्तव्य रोज्ने अनि
उल्टा कर्म गरेर भोगरसमा चुर्लुम्म डुब्ने पनि
अज्ञानी सब आसुरी प्रकृतिका जान्छन् अँध्यारातिर
निर्धक्कै अपराधमा छ जुन ऊ के जान्न कारातिर ? ॥

ठूलो ज्ञान यही रहेछ मनको भण्डार खोलौँ अब
फालौँ तीन कुरा अवश्य यसमा बढ्ता नबोलौँ अब
के हुन् तीन कुरा सधैर्य सबले बेला छँदै जान्नु छ
काम, क्रोध र लोभ हुन् यति कुरा गीता पढी मान्नु छ ॥

जस्तो शान्त भयो समीरण भने बत्ती सिधा बल्दछ
त्यस्तै चित्त भयो सुसंयत भने आत्मच्छटा खुल्दछ
जानूँ यत्ति नभड्कियोस् मन यिनै सांसारिकी वृत्तमा
पाऊँ आत्मिक चेतना चमचमी निष्कम्प यो चित्तमा ॥

ooo

# मान्छे

✍ **थानेश्वर पन्थी**
**धापसी, काठमाडौं**

आफ्नो प्रशस्तिमा मान्छे रम्ने रैछ जति पनि ।
अर्काको होस् त प्रशस्ति सुन्न चाहन्न क्यै पनि ।।
उन्नति र भलो खालि आफ्नै चाहन्छ ऊ सधै ।
अर्काको प्रगती देख्दा खिन्न भैहाल्छ बेसरी ।।

सप्रेको बाली अर्काको न ऊ सक्दछ देख्न नै ।
नखाँदा अरूले मिठो उस्लाई हुन्छ सैह्य नै ।।
चुहिने घरको छानो होस् आफ्नो छैन मत्लब ।
अर्काको गतिलो छानो देख्यो कि हुन्छ छट्पट ।।

आफ्नो क्यै नहुँदा मान्छे बरू चित्त बुझाउँछ ।
परन्तु अरूले केही गर्‍यो कि जल्न थाल्दछ ।।
आफ्नो उन्नतिमा ह्वैन हाँस्छ ऊ अरू खस्कँदा ।
आफ्नो दुर्गतिमा ह्वैन रून्छ ऊ अरू उस्कँदा ।।

जान्छ मन्दिरमा खाली आफ्नै निम्ति सधै सधै ।
अर्काको निम्ति बाल्दैन धूप बत्ती कहीं कतै ।।
नबोल्ने भित्र द्यौता छन् सुन्दैनन् अरूका कुरा ।
तै पनि गर्छ मान्छेले ऊसँगै मनका कुरा ।।

मृत्युको ऊ समाचार सुन्दामा अरूको कतै ।
न त स्तब्ध ऊ देखिन्छ मान्छे साँच्चै छ स्वार्थी है ।।
परन्तु जब त्यो मृत्यु घुस्छ आफ्नै कुटीमुनि ।
छाती पिटी पिटी रून्छ हा ! के यस्तो भयो भनी ।।

उल्टो मति छ मान्छेको उल्टोमै रम्न जान्दछ ।
उपदेश दिने मान्छे देख्यो कि शत्रु ठान्दछ ।।
सृष्टिले कसरी यस्तो मान्छेको रचना गर्‍यो ।
बाध्यता के पर्‍यो कुन्नि कोही बुझ्दैन यो कुरो ।।

उही राग तिरस्कार घृणा विद्वेष पल्पल ।
उही इर्ष्या उही क्रोध उस्तै सोंच निरन्तर ॥
बोक्दै अजस्र घृणा र द्वेषको भारी हर्दम ।
सधै उचो हुने मान्छे पुड्को बन्दैछ दिन्दिन ॥

पैसा, पद र सम्पत्ति, मानको अभिमानको ।
घडा फुटेपछि मात्र मान्छे बन्नेछ कामको ॥
मान्छेको मनको कालो मैला हट्नेछ जुन् दिन ।
सारा संसार उज्यालै उज्यालो हुन्छ त्यो दिन ॥

०००

# उपभोक्तावर्गमा अनुरोध

- ✓ कारोबारस्थलमा साइनबोर्ड, मूल्यसूची भए/नभएको साथै प्याकिङमा अधिकतम खुद्रा मूल्य MRP भए/नभएको हेरौं ।
- ✓ प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, उत्पादन मिति, उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।
- ✓ उत्पादन मिति र उपभोग्य मिति नभएको वा केरमेट भएको वस्तु खरिद नगरौं ।
- ✓ वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ भण्डार विधि, उपभोग तरिका छ/छैन, हेरौं ।
- ✓ औषधि तथा औषधिजन्य पदार्थहरूको प्याकिङमा उपभोग्य मिति र उपभोग गर्ने तरिका छ/छैन हेरौं ।
- ✓ सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा प्यान वा भ्याट बिल लिने गरौं ।
- ✓ अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको विक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा घरेल तथा साना उद्योग कार्यालय, गुल्मीमा उजुरी गरौं ।
- ✓ कमसल वस्तु वा सेवाको प्रयोगबाट हुने कुनै हानी नोक्सानी भएमा सम्बन्धित जिल्ला क्षतिपूर्ति समितिमा उजुरी गरौं ।
- ✓ व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

**अनुरोधक**

**घरेलु तथा साना उद्योग कार्यालय**

**गुल्मी**

# एउटा अधुरो यात्रा

✍ **शंकरप्रसाद गौतम**
**रुरुक्षेत्र-४, गुल्मी**

हरिद्वारको पतञ्जलिको योग शिविरको सातदिनको तालिका एकै प्रकारको थियो । बिहान चार बजे उठ्ने, आठ बजेसम्म योगमा व्यस्त रहने अनि दिनभर सैद्धान्तिक कक्षामा डुब्ने । शरीरिक र मानसिक रूपमा थकित महसुस हुन लागेको थियो । केही सहभागीहरू शिविरबाट बाहिर निस्कन चाहन्थे तर त्यो संभावना थिएन । हरिद्वारमा श्रावण महिनामा चल्ने कवडले यातायात अस्तव्यस्त पारेको थियो र भोलि यातायातको चाप अझ बढ्ने अन्दाज आयोजकलाई थियो । संभवतः त्यसैले आयोजकले एकदिन पहिला शिवर छोड्न सक्ने सूचना दिए ।

हाम्रा अधिकांश साथीहरू नेपाल फर्किने तयारी गर्न थाले, तर म भने भारतका धार्मिक स्थलहरूमा घुम्ने सोंचमा थिएँ, "जहाँ इच्छा त्यहाँ उपाय" । अन्ततः घुम्न जाने तीन जनाको समूह बन्यो, सुवास, जगन्नाथ र म ।

शिविरबाट बाहिर निस्कदा, "पिञ्जराबाट छुटेको सुगा"जस्तो स्वतन्त्र महसुस भयो । अपशोच ! यो क्षण धेरै बेरसम्म टिक्न सकेन । किनकि सडकमा यातायातका साधनहरू निकै कम चलेका थिए । चलेका सवारी साधनले बसपार्क जान मानेनन् । धेरैबेर शिवर अगाडि उभिनु ठीक लागेन र पैदलयात्रा शुरू गरियो । दिशाहीन यात्रा । कहाँ जाने ? केही थाहा छैन । तीनै जनासँग मोबाइलको सीम थिएन । शिविरभन्दा अघि एक अर्कालाई चिनेका पनि थिएनौं । तीनजना उस्ता उस्तै परिएछ । अब भने कपडा र पतञ्जलिका पुस्तकले भारी झोला बोकेर हिड्न थाल्यौं ।

केहीबेर हिडेपछि चिया पसल भेटियो, त्यहाँ पुगेर बसपार्क पुग्ने सवारीका बारेमा सोध्यौं, तर संभावना न्यून भएको जानकारी पायौं । भाग्यले, अचानक एउटा बस आयो । बसभित्र धेरै भीडभाड थियो बस्ने त कुरै छोडौं उभिने पनि ठाउँ थिएन । आखिर जानु थियो, जबर्जस्ती बसभित्र छिरियो । केहीबेरपछि यात्रापश्चात् बस रोकियो । बाहिर निस्केर हेर्दा मान्छेको भीड । नेपालमा जन आन्दोलनको बेला त्यस्तै भीड हुन्थ्यो । यस प्रसंगमा बालकृष्ण महाराजको भनाइ सम्झिएँ – "नेपालमा पतञ्जलिलाई व्यापार गर्न खोजेको आरोप छ, त्यो किमार्थ होइन । हाम्रो उद्देश्य त नेपालमा कृषि तथा जडीबुटी उद्योग स्थापना गरी रोजगारीको सिर्जना गर्ने हो । व्यापारै गर्ने हो भने भारत नै पर्याप्त छ, नेपालको

जनसंख्याभन्दा बढी मानिसहरू हरिद्वारमै आउजाउ गर्छन् ।" हाम्रो वरिपरिको भीडले उहाँको भनाइलाई पुष्टि गर्दै थियो ।

तीनै जना भीडमा हिड्यौं, कताकता हराउने डर उब्जियो । हराइयो भने भेट्टाउने सम्भावना न्यून थियो । हरिद्वारबाट छिटै निस्कन उचित ठानी कतै पैदल कतै छोटो दूरीको टेम्पु गर्दै ऋषिकेश जाने जीप भेट्यौं । हरिद्वारदेखि ऋषिकेशसम्मको दूरी २९ कि.मी. थियो । ऋषिकेश पुग्दा युद्ध जितेको अनुभव भयो । त्यतिबेला साँझको ९ बज्नै लागेको थियो । होटेल खोजी एउटा रूम बुकिङ्ग गर्‍यौं । काउण्टरमा नाम दर्ता गरी काउन्टरवालासँग केही भलाकुसारी गरियो । उनले भोलि बिहान ४:३० बजे बद्री जाने बस पाइने जानकारी गराए अनि हामीले बसपार्क पत्ता लगायौं । भोलि बिहान बद्री जानको लागि तीनवटा टिकट लिएर फर्कियौं । टिकट खरिदपछि बल्ला भोक लागेको महसुस भयो, जाँदा खुला भएका खाजाघर बन्द भएको देख्यौं, घडी हेर्दा रातको १२:०० बज्न लागेको । धन्न ! सुर्खेततिर घर हुने एउटा नेपालीको पसल खुला रहेछ । त्यहाँ बिस्कुट, जुस र पानीले भोक हटाउने प्रयास गरियो । रूममा पुग्दा १ बज्न लागेको  थियो । सुवासलाई हल्का ज्वरो आएको थियो । सिटामल खाएर सुत्न लगाइयो ।

बिहान ३:३० बजे सबै उठियो, नित्यकर्म गरेर बद्री जाने तयारी गरियो । हाम्रो रूम होटलको चौथो तलामा थियो, ४ बज्न थालेको हुँदा लिफ्टको सहारा लिने निधो गरियो । भित्र पसेपछि लिफ्ट बन्द भयो । अपशोच ! लिफ्ट चलेन । लाइन पनि थियो । माथि तल कतै जाँदैन कुनै पनि बटनले काम गरेनन् । "बाहिर कोही छ" चिच्याइयो । बिहान ४ बजे कसले सुन्थ्यो । भाग्य, लिफ्टको ढोकामा सानो प्वाल थियो, त्यसैले नमोरिने आशा पलायो । पीर थियो, बद्री जाने बस छुट्ला कि भन्ने । आपत्को बेला भगवान्लाई सम्झियो । के गर्ने दु:ख परेको बेलमा भगवान् सम्झने त हो । आश्चर्य ! करिब ५ मिनटपछि लिफ्ट आफै खुल्यो । पाँच मिनेटको समय व्यतीत गर्न लिफ्टमा फस्नेलाई मात्र थाहा हुन्छ, वर्णन गर्न सकिन्न । लिफ्टबाट बाहिर निस्कदा तीनै जना हाँस्न थाल्यौं । यो भोगाइपछि पुनः लिफ्टमा चढ्ने साहस हामीमा भएन । सिढीबाट तल ओर्ली, दौडदै बसपार्क पुगियो ।

बद्री जाने बस स्टाट भैसकेको थियो । भगवान्को कृपाले बस चाहिँ छुटेन, बसमा चढियो । म झ्यालमा बसें । झ्यालको सिसा खोलें । सरर्र हावा चलेको थियो । हावाले मुहारमा सुम्सुम्याउँदा आनन्दले मन फुरुङ्ग भयो । केहीबेर पहिला मृत्यलाई जितेझैं अनुभव भएको थियो । पहाडी क्षेत्र, चिसो हावा, मनमा फूर्ति, बद्री पुग्ने उत्कट चाहना । बस चल्दै गर्दा वशिष्ठ गुफा, टेम्पल, शिवपुरी,

ब्यासी, कौडियाला हुँदै देवप्रयाग पुगियो । देवप्रयागमा भागीरथी र अलकनन्दा नदीको पवित्र संगमस्थल देख्दा मन भक्तिभावले भरियो । बसैबाट पवित्र तीर्थस्थलको दर्शन गरियो । बस अलि बेरमा खाजा खानका लागि रोकियो । आलु, परौठा र दही खायौँ अनि सुन्दर दृश्यका फोटा मोवाइलमा कैद गर्‍यौं ।

हाम्रो लागि मोबाइलको काम क्यामराको मात्र थियो । १२ बज्दा रुद्रप्रयाग पुगियो, जहाँबाट बद्रीनाथ र केदारनाथ जानेबाटो छुट्टिंदो रहेछ । केहीबेर बस अगाडि बढेपछि फेरि खाना खान बस रोकिन्छ । भारतमा पनि नेपालमा जस्तै एउटामात्र होटल भएको ठाउँमा बस रोकी खाना खान लगाउने चलन रहेछ । खानापछि बस हिड्दा मलाई भने भातेनिद्रा लागेछ । आँखा खुल्दा साथी जगन्नाथ मोबाइल खोज्दै थिए । उनको मोबाइल हराएछ । बसमा सिटमुनी हेरियो, सबै यात्रुलाई सोधियो, तर कतै भेटिएन । कसैले देखें भनेनन् । बसमा खस्यो कि ? खाना खाने होटेलमा छोडियो कि ? अडकल गर्दागर्दा बस रोकियो । पहिरोको कारण बाटो बन्द । सबै यात्रु बसबाट ओर्लिए । हामीले फेरि बसभित्र मोबाइल खोज्यौं तर भेटिएन । अब मोवाइल भेट्ने आशा न्यून भयो ।

बिहान लिफ्टमा अड्किएको भन्दा मोबाइल हराउने विषय सामान्य हो तथापि मोबाइल हराउँदाको व्यथा, जसले हराएको छ उसलाई मात्र थाहा हुन्छ । "पाँच वर्षअघिको कुरा हो । म र मेरा साथी रामप्रसाद पन्थी प्रशिक्षणको सिलसिलामा पोखरा गएका थियौं । पोखरा गएपछि फेवाताल घुम्न नजाने कुरै भएन । हामी डुङ्गा चढ्यौं, हाम्रो साथमा तीन जोडी भारतीय पर्यटक पनि थिए । सबैले उत्साहपूर्वक मोबाइलबाट फोटा खिच्न थाले । ती भारतीयहरू निकै खुसी देखिन्थे– उनीहरू पहिलो पटक फेवातालको डुँगामा चढेका रहेछन् । मेरो लागि भने फेवातालको डुँगा सामान्य नै थियो, धेरैपटक चढिसकेको थिएँ । तथापि फेवातालमा सवार गर्दा सधै नयाँ अनुभव हुन्छ, बीचमा डुँगा पुग्दा मलाई सेल्फी खिच्न मन लाग्यो । मोवाइल निकालेर सेल्फी खिच्दै थिएँ, अकस्मात् मेरो हातबाट मोबाइल कसैले तानेको जस्तो महसुस भयो । हेर्दा हेर्दै मेरो मोबाइल फेवा तालमा विलीन भयो । सबै जना एकक्षण स्तब्ध । डुँगा चलाउनेलाई सोधें– "के यसलाई फिर्ता ल्याउने उपाय छ ? उनले नम्रापूर्वक भने–"कुनै उपाय छैन" । त्यस पश्चात् सबैले आ–आफ्ना मोबाइल सुरक्षित ठाँउमा राखे, फोटो खिच्ने उत्साह हरायो ।

बेलुका होटलको कोठामा फर्किंदा मोबाइलको आवश्यकता खड्कियो – घरका कसैको फोन नं. सम्झिन सकिनँ । दिमाग शून्य भएजस्तो लाग्यो । पहिले लेनलाइनका समयका सबैका फोन नंम्बर मलाई कण्ठ थियो । साथीहरूले मेरो सम्झने बानीमा भर पर्थे । तर प्रविधिमा निर्भर हुँदै जाँदा कति कमजोर भएछु

भन्ने कुरा बल्ल थाहा भयो । मैले यो कथा साथी जगन्नाथलाई सुनाएँ, अनि भनें – "कहिलेकाहीं यस्तै हुन्छ । चिन्ता नगर्नुस् एउटा गुम्दा अर्को आउँछ" मेरो भनाइपछि उनको अनुहारमा मुस्कान देखियो ।


झण्डै दुई घण्टाको प्रतीक्षापछि बाटो खुल्यो । त्यसपछि गोचर, कर्णप्रयाग, लंगासू, सोनला हुदै नन्दप्रयाग पुग्यौं । नेपालका पहाडी गाउँझैं लाग्ने केही बस्तीमा बाटो खनेको देखियो । यो देख्दा हाम्रा गाउँघरको याद आयो । बसमा एकजना स्थानीयसँग कुरा गर्दा थाहा लाग्यो, यहाँका मानिसहरू पनि गाउँबाट शहरमा बसाइ सर्ने क्रममा रहेछन् । उनले सुनाए –"यो भूभाग पहिला नेपालको थियो रे" उक्त कुरा उनले हजुरबाबाट थाहा पाएका रहेछन् । इतिहासमा पढेको कुमाऊ गडबालसम्म नेपालको भूभाग भएको प्रसङ्ग दिमागमा आयो ।

लभभग ५ बजेतिर हामी बसपार्कमा पुगेका थियौं । हामीसँगैको बसमा यात्रा गरेका एकजनाले सोधे–"तपाईंहरूलाई बस्ने व्यवस्था चाहिन्छ ।" ढुङ्गा खोज्दा द्यौता मिलेजस्तो लाग्यो, हामी तुरुन्त "हो" भन्यौं र उनका पछि लाग्यौं । उनले हामीलाई एउटा टेन्टमा लगे । टेन्टमा रात बिताउने नयाँ अनुभव लिन मन लाग्यो । टेन्टभित्र तीनवटा बेड र अलिकति खुला ठाउँ, अनि बाथ रूम र ट्वाइलेट पनि थियो । सबै सुविधा भएको टेन्ट देखेर एकरात सजिलै बिताउन सक्ने ठान्यौं । एकक्षण आराम गर्‍यौं, तर धेरै बेर आराम गर्न मन लागेन । सबै जना झोला टेन्टमै राखेर मन्दिरतर्फ लाग्यौं ।

आहा ! मन्दिर भव्य र विशाल थियो । बेलुकामा बिजुलीले सुनमा सुगन्ध थपिएको थियो । तीर्थालुहरूको भीडले भरिएको थियो । बेलुका आरती हुने थाहा पायौं र आरती हेरेरमात्र फर्किने निधो गर्‍यौं । हामीसँग एकघण्टा समय थियो । बद्रीनाथको दर्शन गर्न लाइनमा बस्यौं र सजिलै बद्रीनाथको दर्शन गरियो । मन्त्रोच्चारणसँगै आरती भयो, बद्रीनाथको दर्शन र आरतीपश्चात् मन शान्त र आनन्दित भयो । मन्दिर नजिकै रहेको तातोपानी कुण्डमा भोलि बिहान चार बजे नुहाउन आउने वाचा गरी फर्कियौं ।

टेन्टको सुताइ आरामदायी भयो । बिहानै चारबजे उठेर तातोपानी कुण्डमा पुगियो । अहा ! कस्तो तातो पानी, खुट्टा राख्दा पोल्ने । नुहाउन साथीहरू कुण्डमा पस्न डराए तर म सिधै कुण्डभित्र पसैं । आनन्दले भरिएर तीन डुबुल्की लगाएँ । साथीहरू पनि हौसिएर कुण्डमा पसे । म कुण्डबाट बाहिर निस्किएँ, साथीहरू केही बेर त्यहीं रमाइरहे । फूलप्रसाद लिएर बद्रीनारायणको दर्शन पश्चात् माना गाउँतर्फ लाग्यौं । बिहानै सवारी नभएपछि बढी भाडा तिरेर जिप लियौं । छोटो यात्रा भए पनि रमाइलो भयो ।

माना गाउँ भारतको उत्तराखण्ड राज्यको चमौली जिल्लामा अवस्थित छ, जुन समुद्र सतहबाट ३२०० मिटर उचाइमा छ । यसलाई भारतको प्रथम गाउँ भनिदो रहेछ । यहाँभन्दा केही पर तिब्बतको सीमाना पर्दो रहेछ । माना गाउँमा होमस्टेहरू रहेछन् । पर्यटकहरू गाउँले जीवनशैली र प्राकृतिक सौदर्यको आनन्द लिन तिनै होमस्टेमा बस्दा रहेछन् । गाउँको पारिपट्टि सरस्वती नदीको उद्गमस्थल देख्न पायौं । नदी पार गर्न एउटा शिला राखिएको थियो, जसलाई "भीमसेन पुल" भनिदो रहेछ । किंम्बदन्तीअनुसार पौराणिक कालमा पाण्डवहरू स्वर्गारोहण गर्ने बेलामा भीमले ठूलो शिला उठाएर नदी पुल निर्माण गरेका रहेछन् । नजिकै सरस्वतीको नदीको उद्गमस्थल, व्यास र गणेशको मन्दिर पनि रहेछन् । सोही स्थानमा बसेर व्यासले महाभारतको कथा गणेशजीलाई भनेको भन्ने मान्यता छ । करिब २ घण्टा घुमफिरपश्चात् फर्किने निर्णय गर्‍यौं ।



***बद्रीनाथको दर्शन***

टेन्टमा फर्किदा ९ बजिसेको थियो, बसपार्क जाँदा, त्यहाँ केदार जाने बस छुटी सकेछ । हामी दश बजे रुद्रप्रयागतर्फ जाने अर्को बसमा चढ्यौं, जहाँबाट केदारनाथ जाने सवारी साधन पाइन्छ । १२ बजे खाना खान बस रोकियो । खाना खाएको धेरैबेरसम्म पनि बस हिडेन, ड्राइभरलाई सोध्दा अघि बटो बन्द भन्ने जानकारी पायौं । २ घण्टा बसेपछि बसका यात्रुहरूले अगाडि बढाउन भनेकोले ड्राइभरले गाडी गुडाए । नभन्दै बाटो बन्द थियो, करिब ६ घण्टापछि मात्र बाटो खुल्यो । केदारनाथको त कुरा छोडौं रुद्रप्रयागसम्म पनि नपुगिने भो । करिब आठ बजे सानो बजारमा गाडी रोकियो अनि भोलिमात्र गाडी जाने कुरा कन्डक्टरले बताए । एकमात्र उपलब्ध होटलमा खाना र बासको लागि असाध्यै महँगो भएपछि सबै यात्रीहरू क्रुद्ध भए र छलफल गर्न थाले । सोपछि कन्डक्टर गाडी अगाडि बढाउन राजी भए पनि ड्राइभरले मानेनन् । अन्ततः कतिपयले बसमै सुत्ने निर्णय गरे पनि हामीले भने एउटा कमन हल पाएर त्यहीं रात बितायौं ।

बिहान ४ बजे हिड्ने कुरा थियो तर ढिलाइ भयो, ५:३० बजे मात्र यात्रा शुरू भयो । रुद्रप्रयाग पुग्दा ७ बजेको थियो, हामीले सोँचेजस्तो सजिलो त्यहाँबाट

केदारनाथ जाने सवारी साधन पाइने रहेनछ । करिब २ घण्टा बसेपछि गुप्तकाशीसम्म जाने जीप पायौं । केही घण्टा पहाडी बाटो उकालो ओह्रालो पार गरी गुप्त काशी पुग्यौं । त्यहाँबाट अर्को जीप चढेर सोनप्रयाग पुग्यौं । अन्तिममा सोनप्रयागदेखि गौरीकुण्डसम्मको यात्रा पनि जीपमै गरियो । लभगभ पाँच बजेमात्र गौरी कुण्डसम्म पुग्यौं ।

गौरीकुण्ड हिन्दूहरूको प्रसिद्ध तीर्थस्थल हो । यसलाई पार्वती कुण्ड पनि भनिंदो रहेछ । पौराणिक मान्यताअनुसार भगवान् शिवलाई पतिका रूपमा पाउनका लागि यहीं बसेर पार्वतीले काठोर तपस्या गरेकी थिइन् । उनको तपस्यादेखि प्रसन्न भएर भगवान् शिवले पार्वतीलाई विवाह गर्ने वचन दिएका थिए रे । गौरीकुण्ड समुद्र सतहदेखि १९८२ मिटरको उचाइमा अवस्थित  छ । त्यहाँबाट केदारनाथ मन्दिर जान १६ किमिभन्दा बढी पैदल वा घोडामा यात्रा गर्नुपर्ने रहेछ । आज यतै बसौँ भोलि बिहानै हिडौला भन्ने सल्लाह भयो । श्रीराम होटलमा एउटा रूम बुक गरी, झोला राखेर बाहिर घुम्न निस्कियो । गौरीकुण्डको तातो पानी स्पर्श गरियो । धेरै बेरसम्म घुमिएन निकै भोक लागेको थियो । होटलमा खाना खाएर भोलिको पैदलयात्राका लागि आवश्यक लौरो, औषधि किनी रूममा गएर सुतियो ।

यात्राको थकानले म पल्टिने बित्तिकै निदाएछु । ९ बजेतिर जाग्दा त "जाऊँ भागौं" भनिरहेका थिए । जगन्नाथ र सुवास बाहिर गएका रहेछन् । मुसलधारे पानी परिरहेको थियो । के भो मैले मेसो नै पाइन । घर हल्लेजस्तो लाग्यो, भूकम्प आएछ कि भन्ने ठानैँ । अर्को रूमबाट एकजना भारतीयले मलाई सोधे – "के भएको ?" भूकम्प होला मैले भनें । अनि म सुतें, त्यतिबेला साथीहरू बाहिर जाऊँ भन्दै रूममा आए । बाहिर पानी परिरहेको छ म जान्न भनें । साथीहरू बाहिरजाने सल्लाह गर्दै थिए । पुनः घर हल्लेजस्तो भयो । यसपटक पुलिसले नै घरबाट निकालेको कुरा साथीहरूले बताए । मेलै उठेर बरण्डामा गएर हेरें, साच्चि नै पुलिसले सुरक्षित स्थानमा जान अनुरोध गरेको देखैँ । पुलिस आउनुभन्दा त पहिला सुरक्षित स्थानमा जानु बेस भन्ठानेर छाता, जुता, झोला लिएर निस्कन थालें तर साथीहरू निकै अत्तालिएका थिए । त्यसै निस्कन थालेका थिए । मैले भनें – "झोला साथैमा लानुपर्छ ।" बाहिर मुसलघारे पानी परिरहेको थियो । प्रहरीका साथ सुरक्षित स्थानतर्फ गयौं ।

स्वास्थ्य चौकी, प्राथमिक विद्यालय, प्रहरी चौकी र हवाइ मैदान चारवटा सुरक्षित स्थल तोकिएको रहेछ । स्वास्थ्य चौकी सबभन्दा नजिक थियो । त्यहाँ यात्रु तथा स्थानीयहरूले भरिएको थियो । एकैक्षण कम्पाउण्डमा बसियो । भीडभाडमा साथी सुवास भेटिएनन् । यहाँभन्दा विद्यालय जाउँ सुवास त्यतै गए कि भन्ठानेर

जगन्नाथ र म विद्यालयतर्फ गयौं । त्यो प्राथमिक विद्यालय रहेछ । साना बेन्च थिए । जगन्नाथ भित्र गएनन् म भित्र गएर बेञ्चमा बसें । धेरै जनाले बिडी तानेका थिए । बिडीको गन्ध ह्वास्स नाकभित्र पऱ्यो । नेपालमा जस्तो सार्वजनिक बसमा बिडी पिउन रोक रहेनछ । एक दुई जनाले मात्र बिडी तानेको भए त ठीकै थियो । यहाँ त धेरैले धुवाँ उडाइरहेका थिए । म बाहिर निस्कें जगन्नाथ बाहिर नै थिए । पानी परिरहेको थियो ।

हामी प्रहरी चौकीमा पुग्यौं । बरन्डा लगभग भरिएको थियो । प्रहरीले महिला र वृद्धलाई भित्र कोठामा व्यवस्था गरेका रहेछन् । हामी बरण्डामा बस्यौँ । आजको रात यहीं बिताउने निधो गरियो । सुवासलाई खोज्न पर्‍यो भनी जगन्थाले छाता लिएर खोज्न गए, तर उनी भेटाएनन् । फेरि म सुवासलाई खोज्न गएँ । तर सुवास भेटिएनन् । म पुनः प्रहरी चौकीमै गएँ । पानी कम हुँदै थियो । त्यतिबेला रातको २ बज्दै थियो । प्रहरीले चौकीमा खिचडी पकाएका रहेछन् । सबैलाई खिचडी खान अनुरोध गरे । हिजो चाडै खाना खाएको र भिज्दै हिडडुल गर्दा अत्यन्तै भोक लागेको थियो । तातो तातो खिजडी खाँदा मज्जा आयो । खाना खुवाउँदै प्रहरीले भने–"कुनै चिन्ता नगर्नुस्, तपाईंहरूको खानेबस्ने व्यवस्था हामी गर्छौं, नदी पनि शान्त हुँदैछ । " प्रहरीको व्यवहारले हामीलाई निकै प्रभावित बनायो । सुतेका वृद्ध बच्चालाई उठाई उठाई खिचडी खुवाए । यात्रीहरूलाई विभिन्न ठाउँमा बस्ने व्यवस्था गरेका रहेछन् । हामीले बसेको होटलमा जान अनुरोध गर्‍यौं । श्रीराम होटल सुरक्षित स्थानमा नै थियो । ठीक छ, तर ढोका बन्द नगर्नुलोला, कुनै समस्या आए हामी आउँछौं भने । जाँदै गर्दा प्रहरी इन्चार्जले भने–"हाम्रो सेवा कस्तो लाग्यो ?" दुबै जनाले प्रहरीलाई एकै स्वरमा भन्यौं - एकदम राम्रो, यो भन्नको लागि मात्र नभएर मनैदेखि निस्केको आवाज थियो । कोठामा जाने भनियो, तर कोठाको चावी सुवाससँग थियो । झ्याल खुला भए झ्यालबाट पसौंला भनी कोठामा पुगियो, सोँचेजस्तै झ्याल खुलै रहेछ ।

बिहान हामी सुतिरहेका बेला सुवास पनि आइपुगे । उनी हिजो चौकीभित्रको कोठाको एउटा कुनामा सुतेका रहेछन् । तयार हुनुहोस्, केदारनाथ जाऊँ भन्न लागे । "राति ठूलो पानी परेकोले बाटोको अवस्था के छ ? बुझेर मात्र जानुपर्छ मैले भनें ।" जगन्नाथले पनि मेरो साथ दिए । बाहिर तीर्थयात्रीहरूको चहलपहल थियो । मन्दाकिनी नदी शान्त थिइन् । गौरीकुण्ड बालुवाले भरिएको थियो । नदी किनाराका झुपडा बढीले बगाएको थियो । प्रहरीले माइकिङ्ग गर्दै आए– "अहिले फर्किनुस् बाटो बन्द छ, चार दिनपछि आउनु होला ।" हामीसँग फर्किनेबाहेक अर्को विकल्प थिएन । जय केदारनाथ ! भन्दै फर्किन तयार भयौं । पहिरोका कारण फर्किने बाटोसमेत बन्द रहेछ । तीर्थयात्रीको ठूलो जमघाट थियो । कसैले पैदल हिड्ने बाटो बताए, सोही अनुसार ५ कि.मी.हिड्यौं ।

त्यहाँभन्दा अगाडि झन् ठूलो पहिरो रहेछ । एक डेढ घण्टासम्म जङ्गलमा नयाँ बाटो बनाउँदै उकालो लाग्यौं, जहाँ गरेटोसम्म थिएन । यसरी हिड्ने सयौं यात्रीहरू थियौं । झाडी पन्छाउँदै एक कि.मी. उकालो, आधा कि.मी. सिधा र फेरि ओरालो झर्न थाल्यौ । उकालोभन्दा ओरालो झर्न झन कठिन भयो । प्रहरीले रुखमा रसी टाँगेर ओरालो झर्न मद्दत गरे । प्रहरीको कार्य यहाँ पनि सह्रानीय थियो । जनतन सडकमा पुगेपछि एउटा बस भेटी फर्कियो । केदारनाथको दर्शन गर्ने चाहना भने अधुरो नै रह्यो ।

ooo

*// कविता //*

# फुइँ

✍ **नारायण खनाल नीलम्**
**मालारानी–३, अर्घाखाँची**

देखेर
चिटचिट्ती
पसिना निस्किएको निधार
कलेटी परेका ओठ
ओइलिएको नजर
सोधेँ, मुखिया बालाई
के भो हजुर ?
आकाशवाणी जस्तो उत्तर आयो
"समृद्धिको वेग थाम्न नसकेर" ।

ठीक त्यसैबेला
नजिकैको टौवाबाट
एउटा
परालको त्यान्द्रोले
बडो तुजुकसँग
हाँको हाल्यो
ओइ मान्छे !
म
कच्याककुचुक बनेको पनि
"सिङ्गै धरा काँधमा राखेर चारचौरस डुल्दा नै हो ।"

ooo

# अर्थात् उसैको बारेमा

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

- म उसको परिभाषा जान्दिनँ तर म उसमा भरोसा गर्छु । दुख्खमा, विपत्तिमा ऊ मसँगै हुन्छ । ऊ सँगै भएको अनुभूतिले ममा आँट बढ्छ । धैर्य बढ्छ त्रास घट्छ । म आँखा चिम्लेर उसलाई देख्छु । ऊ मेरो मनमा बस्छ । मन्दिरमा बस्नेलाई धूप चाहिन्छ, धजा चाहिन्छ, अक्षता चाहिन्छ, भेटी चाहिन्छ । मनमा बस्नेलाई त केवल विश्वास र केवल श्रद्धा भए पुग्छ । मनमन्दिरभन्दा ठूलो मन्दिर कहाँ छ ?

- ऊ कणकणमा छ । ऊ घटघटमा छ । ऊ जनजनको मनमनमा छ । ऊ केही पाउँदा खुशी हुने र नपाउँदा रुने बालक होइन । ऊ त जगत्को पालक हो । भोक र भोजनको व्यवस्था उसैले गर्छ । वासना र बीजको व्यवस्था उसैले गर्छ । सृष्टि उसैको मायामा चल्छ । जीवन उसैको छायामा चल्छ । ऊ विना यो जगत् चल्दैन । यो ब्रह्माण्ड चल्दैन । ज्ञानविज्ञान सब उसकै मायामा चल्छन् । कर्म र नियति दुबै उसकै इच्छामा चल्छन् ।

- मैले धान, मकै, कोदो, जौं रोप्छु । मैले आँप, लिची, केरा, सुन्तला रोप्छु । ती हुर्काउने, फुलाउने, फलाउने म होइन । तिनमा रङ्ग, रूप र रस भर्ने म होइन । तिनमा मिठास भर्ने म होइन । मैले गुलाब रोपें । उसैले फूल फुलायो । फूलमा रूप, रङ्ग, गन्ध उसैले भऱ्यो । मैले त केवल हेरें, सुँघें र सुमसुम्याएँ मात्र । मैले केही फलाइनँ, उसैको बारीमा पसेर भोगमात्र गरें । बीजबाट वृक्ष बनाउने म होइनँ । वृक्षमा बीज बनाउने पनि म होइनँ । मभित्रको म पनि ऊ नै हो । म त उसको अंशमात्र हुँ । ऊभन्दा कुशल कारीगर देखिनँ मैले अरू । अदृश्य भईकन दृश्य सजाउँछ उसले ।

- उसलाई कुन नामले पुकारूँ ? पानी जे भने पनि तिर्खा मेट्छ । अरू नामले पुकारूँ टाढाभैंm लाग्छ, त्यसैले म भन्छु सोऽहम् । अर्थात् त्यो मै हुँ । ऊभन्दा पृथक् छैन म । वर्णन, चित्रण र मूर्तिहरूमा उसका आकार छन् । आकारहरूमा केही व्यापार छन्, केही विभेद छन्, केही छोटा चित्त छन् । तर मेरो ऊ वर्णनातीत छ, निराकार छ । जाति, वर्ण, देश, कालभन्दा पर छ, व्याप्त छ जगत्मा ।

❑ मैले उसलाई झल्झलाकार मन्दिरहरूमा खोजें । पावन तीर्थ र धामहरूमा खोजें । एकान्त गुफामा खोजें । गेरुवा वस्त्रहरूमा खोजें । सुगन्धित धूप र चन्दनहरूमा खोजें । भद्र महिलाहरूका पूजाथालीमा खोजें । कतै नपाएर म निरास थिएँ । यसो एकै छिन आँखा चिम्लेर हेरेको मात्र के थिएँ ऊ त मभित्रै पो रहेछ ।

ooo

---

*// कविता //*

# स्वतन्त्रता

✍ **गणेशपुण्य श्रेष्ठ**
**रिडी, गुल्मी**
**(हाल - बुटवल, रूपन्देही)**

ऊ स्वतन्त्रता चाहन्छ,
ऊ निर्भीक छ ।
ऊसँग कुनै वाद छैन
सेतोलाई सेतो भन्छ
कालोलाई कालो भन्छ
अरू केही जान्दैन ।
ऊ विकृति, विसङ्गतिलाई
चिरफार गर्दछ ।
जातीय रङ्गभेद नीति मान्दैन
ऊ झोले माहात्म्य जान्दैन ।
ऊ मानवतावादी बन्न खोज्दछ ।
दुःखी गरीबको सहारा हुन खोज्दछ
दानवताको घोर विरोध गर्छ ।
उसले हाम्रोलाई भन्दा
राम्रोको बखान गर्दछ ।
उसले रङ्गीन कात्रो
आवश्यक देख्दैन,
अन्तिममा सेतो पवित्र
कात्रोको आशा राख्दछ ।

ooo

# जीवनका तीन घुम्ती

✍ **शेरजंगबहादुर बस्नेत**
**रेसुङ्गा न.पा.-३, भाडगाउँ, गुल्मी**

बाल्यावस्था, युवावस्था र वृद्धावस्था मान्छेका उमेरअनुसारका अवस्था हुन् । हरेक मान्छेले उमेर र क्षमताअनुसार कर्म गर्नुपर्छ । यसरी नै जीवन अगाडि बढ्ने गर्छ । यही कुरालाई हृदयंगम गरी रूपन्देही सिद्धार्थनगरमा स्थापित समता टेलिभिजनमा हरेक क्षेत्रका अनुभवी, विद्वान्, समाजसेवी, व्यवसायी महानुभावहरूसँग यिनै जीवनका तीन घुम्तीका अनुभवहरूबारे प्रश्नोत्तर गर्ने जमर्को गरेको थिएँ । ती अनुभवी महानुभावहरूले विगत, वर्तमान र भविष्यको बारेमा आफ्ना अनुभव र अनुमान प्रकट गरेका थिए । उनीहरूबाट वर्तमान निराशाजनक भएको र भविष्य अन्धकारमय रहेको अभिव्यक्ति प्रकट भएको थियो । वयोवृद्ध व्यक्तित्वहरूसँग गरिएको उक्त अन्तरङ्ग वार्तालाई जीवनका तीन घुम्ती भनिएको थियो जो युट्युभमा समेत राखिएको थियो ।

समयक्रममा मान्छेमा बाल्य, यौवन र वृद्धावस्था आउँछन् । हरेक बालकहरू बाँच्न सके युवा पनि हुन्छन्, वृद्ध पनि हुन्छन् । जीवन चञ्चल छ । वृद्धावस्थामा मान्छेलाई बढ्ता हेरचाह चाहिन्छ, सुखशान्ति चाहिन्छ । अहिले समाजमा, परिवारमा र राष्ट्रमै पनि नियम, अनुशासन र सुशासनमा विचलन आएको छ । देश तड्पिएको छ, सिङ्गो समाज छट्पटिएको छ ।

२०४७ को संविधानले जति खुसी २०७२ को संविधानले दिन नसकेको महसुस भइरहेछ । प्रजातन्त्रपश्चात् पनि युद्ध भए, नेपाली दाजुभाइहरू नै मरे, सम्पत्ति स्वाहा भयो । यसरी आएको संविधानले पनि जनतालाई सुख र सन्तोष दिन सकेन । संविधानमा लेखिएका हरफहरू हरफमै सीमित रहे । नेता र नेतृत्वप्रति चरम वितृष्ण उत्पन्न भइरहेछ । पार्टीका घोषणा-पत्रहरू पढ्न र सुन्नका मात्र रहे, लागु भएनन् । न यहाँ रोजगारी बढे, न इलम बढे । यहाँ केवल दुइटा कुरा बढे विदेशी ऋण र विदेश जाने मान्छेमात्र बढे । दिनदिनै नेताहरूले अकूत सम्पत्ति कमाएको, भ्रष्टाचार बढेको समाचार आइरहेछन् ।

नेपाली नागरिकले खोजेको के हो ? शिक्षा, स्वास्थ्य, यातायात, विद्युत्, खानेपानीको सुप्रबन्ध, सुशासन, शान्ति र देशमै योग्यतानुसारको रोजगारी न हो । अहिले युवाहरूको अनुहार रोजगारी नपाएर मलीन छ । वृद्धहरूको अनुहार सन्ततिहरूको सहारा नपाएर मलीन छ । के देश विकास भनेको देशवासीको

मुहारमा खुसी र हाँसो ल्याउनु होइन र ? मुट्ठीभर मान्छेहरू धनी र सुखी हुँदैमा राष्ट्र नै सुखी र समृद्ध हुन्छ र ? यस्तै प्रश्नहरू अहिले उठिरहेछन् ।

उर्वर युवाकाल राष्ट्रसेवा र समाजसेवामा बिताएका हामीहरू यस्तै कारणहरूले जन्मघरमै बस्न पाउँदैनौं । यसै सन्दर्भमा म पनि रूपान्देही झरें । रूपन्देहीमा पाकापुस्ताका अनुभव र अनुभूतिलाई सञ्चारमाध्यमबाट जनसमक्ष ल्याउने काम गरें । अहिले म राजधानीमा छु । यहाँ पनि मित्रहरूको सहयोगमा विभिन्न सामाजिक र धार्मिक संस्थाहरूसँग जोडिएको छु । अहिले आफू व्यक्तिगत रूपमा खुसी रहे पनि समाज र देशको स्थिति देखेर दुःखी छु ।

राजनीति सबै नीतिहरूको मेरूदण्ड रहेछ । राजनीतिलाई व्यवसाय होइन, सेवा हो भन्ने सोंच र कर्म हुनुपर्छ । अरू फोहर हुँदा पानीले धुनुपर्छ तर पानी नै फोहर भएपछि केले धुने ? सबै नागरिक सचेत बनौं, सानातिना स्वार्थबाट माथि उठेर देशका लागि जागौं, लागौं ।

वृद्धहरू युवाझैं कर्ममा जुट्न नसक्लान् तर आफ्नो अनुभव विद्या र बुद्धिबाट समाजको मार्गनिर्देशन गर्न सक्छन् भन्ने अनुभूति मलाई भैरहवामा 'जीवनका तीन घुम्ती' कार्यक्रम चलाउँदा नै भएको थियो । राजनीतिले समाजमा द्वन्द्व ल्याउनुहुँदैन ।  द्वन्द्वका घाउ अहिले पनि चहराउँदै छन् । समाजमा मान्छे स्वतन्त्र, निर्भय भएर शिर ठाडो बनाएर बाँच्न पाउनुपदर्छ । देश सबैको हो । शासकको पनि हो, शासितको पनि हो । यो सन्देश देशका प्रौढ नागरिकहरूको हो । प्रौढ नागरिकहरूको आवाजलाई मुखरित गर्दै गाउँ, जिल्लाका सामाजिक, धार्मिक, शैक्षिक संस्थाहरूको विकासमा काम गर्दै म आइरहेछु । अहिले राजधानीमा बसेर पनि देशको चिन्ता गरिरहेछु, सामाजिक सेवामा समर्पित भइरहेछु । जीवनका तीन घुम्तीमध्ये वृद्धावस्थामा पुगेका मित्रहरूलाई भन्न चाहन्छु म - जीवनको यस घुम्तीमा पनि निरास नहुनुस्, सक्रिय हुनुस् र समाजसेवामा जुटेर जीवनलाई सफल र सार्थक बनाउनुहोस् ।

ooo


## थाहा पाउनुभयो ?

**किरण पुस्तकालय, गुल्मीबाट 'हाम्रो पुरुषार्थ' राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाका १०४ अङ्क निस्किसकेका छन् । तपाईंले कुनै अङ्क पढ्न छुटाउनुभयो कि ?**

# गुल्मीतिरै पुग्दछु

✍ भरतराज पौडेल
गुल्मी (हाल - काठमाडौं)

गुल्मेली हुनुको ममत्व छ ममा हुन्थ्यो कहाँ मत्सर।
पाखापर्वत-लेक-फाँट-पहरा सम्झन्छु झन् निर्झर ।
रेसुङ्गा रमणीय लाग्छ मधुरो सत्प्रेमको चाह छ
थाप्ले लेक, हिले पहाडतिरकै नौलो सधैं राह छ ।।१।।

कालीतीरविषे छ वेग जलको सम्झन्छु झन् मख्ख छु
ऐले दूर भए नि चित्त सहसा गुल्मीतिरै पुग्दछु ।
मायामोह अनन्त बग्छ मनमा उड्दै छु छन् कल्पना
जाग्दो जन्मथलो भुलिन्छ कसरी नौलो छ यो सिर्जना ।।२।।

ख्यालीगीत म गाउँथें रहरिला इच्छा बढाईकन
चल्थ्यो कीर्तन नाच्दथें हुटहुटी राम्रै थियो सज्जन।
झाम्रे नै पनि हेर्दथें सरस झन् हुन्थे नि ती मारुनी
खैजेडी-मुजुरा- मृदङ्गसँगका सङ्गीत बिर्सन्न नि ।।३।।

बस्थ्यौं बास कुटीविषे पनि रमी चल्थे नि सत्सङ्गत
ऐले साधु कता गए ? कति हुनन् ? सोच्दै छु यो निश्चित ।
मेलापात गरे नि पर्वभरिमा जान्थ्यौं रिडीमा पनि
भो सप्ताह भने सबै मिलिजुली जुट्थ्यौं कि छौं बैगुनी ।।४।।

जाऊँ जन्मथलो थला परिसक्यो भन्ने कतै बुझ्दछु
रित्ता छन् घरगाउँका घरहरू के भो हरे ! सुन्दछु ।
सारङ्गी पनि बज्दथे घरघरै लागे हराए कता ?
भन्छन् - के छ दशा बडो कठिन भो घट्दै छ रे मित्रता ! ।।५।।

जे होस् फर्कनुपर्छ जन्मथलमै आत्मीयता-शेष छ
प्यारा मानिसका समीप सहसा पुग्ने सदिच्छा नि छ ।
गुल्मेली वनकुञ्जकै परिधिमा छन् कल्पना सुन्दर
रेसुङ्गा पुरुषार्थ गर्छ जसरी सौन्दर्य मेरो घर ।।६।।

ooo

# जिल्लामा हवाइ यातायातको महत्त्व : रेसुङ्गा विमानस्थलको अध्ययन

✍ इ. सरोजविक्रम कुँवर
रेसुङ्गा-२, गुल्मी

**'विमान यो प्रमाण हो कि यदि इच्छाशक्ति छ भने, हामी असम्भवलाई पनि सम्भव बनाउन सक्छौं ।'**
**– एडवर्ड वर्नन रिकेनब्याकर**

**प्रमुख शब्दावली :** भौगोलिक संरचना, हवाइ यातायात, विमानस्थलको निर्माण, रेसुङ्गा विमानस्थल, स्थानीय विकास, राष्ट्रिय अर्थतन्त्र ।

## १. प्रस्तावना

नेपालको भौगोलिक संरचना विविध र चुनौतीपूर्ण छ, जसमा पर्वतीय क्षेत्रहरू र दुर्गम स्थानहरू विशेष रूपमा रहेका छन् । यस्ता स्थानहरूमा यातायातको पहुँच प्रायः जटिल र समय सीमित हुन्छ, जसले गर्दा विकास र समृद्धिमा ठूलो बाधा उत्पन्न गर्न सक्छ । तर, हवाइ यातायातले यी समस्याहरूलाई प्रभावकारी ढंगले समाधान गर्न सक्ने क्षमता राख्छ । विमानस्थलको निर्माण र त्यसको सुचारू सञ्चालनले स्थानीय र राष्ट्रियस्तरमा ठूलो परिवर्तन ल्याउन सक्छ, विशेष गरी द्वन्द्व, प्राकृतिक प्रकोप, र दुर्गम स्थानहरूमा पहुँचको हिसाबले । नेपालको रेसुङ्गा विमानस्थल यसै किसिमको एक महत्त्वपूर्ण संरचना हो, जसले जिल्लास्तरमा परिवहनको सञ्जाललाई थप सुदृढ बनाउन र स्थानीय विकासमा योगदान पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्नेछ । रेसुङ्गा विमानस्थलको स्थापना र यसको प्रभावले न केवल क्षेत्रीय, तर राष्ट्रिय अर्थतन्त्रमा पनि प्रभाव पार्न सक्छ । यस विमानस्थलको माध्यमबाट हवाइ यातायातको पहुँच सजिलो र सस्तो बनाउन सकिन्छ, जसले गर्दा पर्यटन, कृषि, स्वास्थ्य र व्यापारका क्षेत्रमा नयाँ अवसरहरू सिर्जना गर्न सकिन्छ । यस अध्ययनको उद्देश्य भनेको रेसुङ्गा विमानस्थलको महत्त्व र यसको जिल्ला विकासमा कस्तो प्रभाव पर्ने हो भन्ने विषयमा बृहत् विश्लेषण गर्नु हो । यसले रेसुङ्गा विमानस्थलको भौतिक, आर्थिक र सामाजिक प्रभावहरूको मूल्याङ्कन गर्दै, त्यसका सम्भावनाहरू र चुनौतीहरूलाई पत्ता लगाउन मद्दत पुऱ्याउनेछ । यस अध्ययनले यस क्षेत्रको समग्र विकासमा विमानस्थलको महत्त्व र योगदानलाई स्पष्ट बनाउने लक्ष्य राखेको छ ।

## २. विमानस्थल र हवाइ मार्गको परिभाषा

**विमानस्थल (Airport)** : विमानस्थल वायुयान प्रस्थान वा अवतरण गर्न तथा उडान भर्नको लागि तयार परिएको संरचना हो । यसमा रनवे (जहाँ विमान उडान र अवतरण गर्छ), टर्मिनल भवन (जहाँ यात्रुहरू चेक-इन, सुरक्षा जाँच, र बोर्डिङ प्रक्रिया पूरा गर्छन्), हवाइ यातायात नियन्त्रण केन्द्र (विमानहरूको ट्राफिक नियन्त्रण), र अन्य पूर्वाधार (जस्तै, पार्किङ, तेल आपूर्ति, लोडिङ क्षेत्र आदि) समावेश छन् ।

विमानस्थल क्षेत्र भन्नाले विमानस्थल वा हवाइ उडानको सुरक्षित संचालन तथा नियन्त्रण गर्ने वा तत्सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदान-प्रदान गर्ने कामको निमित्त प्रयोग हुने कुनै यन्त्र तथा संचार वा उड्डयन सहाय (नेभिगेशनल एड) उपकरणहरू सम्पर्क भएका वा नभएका सबै स्थान, भवन, टहरा, टाबर, जहाज, डुङ्गा र घाट हो ।

**हवाइमार्ग (Airway)** : हवाइ मार्ग भनेको दुई वा दुईभन्दा बढी विमानस्थलहरूलाई जोड्ने वायुमार्ग हो जसमा विमानहरूले उडान गर्न सक्छन् । हवाइमार्ग एक भूभागको जस्तै नभएर आकाशमा एक निश्चित रेखामा स्थित हुन्छ र यसको ट्राफिक हवाइ यातायात नियन्त्रण (ATC) द्वारा निगरानी गरिन्छ । हवाइमार्गलाई एउटा कूटनीतिक, प्रशासनिक, र प्राविधिक ढाँचामा व्यवस्थित गरिएको हुन्छ, जसले विमानहरूको सुरक्षित र समयमै यात्रा सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ ।

## ३. रेसुङ्गा विमानस्थलको परिचय



***Fig : Satellite Image of Resunga Airport***

रेसुङ्गा विमानस्थल लुम्बिनी प्रदेशको गुल्मी जिल्लाको सिमिचौरमा अवस्थित छ, जुन पाल्पा-तम्घास मूल सडकबाट लगभग ३ किलोमिटर दक्षिणमा पर्छ । यो विमानस्थल समुद्री सतहदेखि १५२९.२६७ मिटर (५०१५ फिट) उचाइमा रहेको छ र यसको स्थानाङ्क VNRG हो । यस विमानस्थलमा पहिलो परीक्षण उडान वि.सं. २०७५ को जेठ २५ गते सम्पन्न गरिएको थियो ।

यस विमानस्थलको हवाइ संरचनामा ५२० मिटर लम्बाइ र २० मिटर चौडाइ भएको एस्फाल्ट कन्क्रिट रनवे छ, जसलाई रनवे १५/३३ नाम दिइएको छ, साथै १८०० वर्गमिटर क्षेत्रफल भएको एप्रन (विमान पार्किङ स्थल) छ । हाल यो विमानस्थल सञ्चालनमा छ र यसले गुल्मी क्षेत्रलाई नेपालका अन्य ठाउँसँग जोड्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।




**फोटो सौजन्यः Onlinekhabar**

## Gulmi –Resunga (Airport -ICAOM VNRG)

| Elevation | Runway Size | Coordinates | Since |
|---|---|---|---|
| 1526 m | 520m×20m | 28°01'17 . 58"N<br>083°15′20 . 4"E | 2023 |

रेसुङ्गा विमानस्थलको निर्माण कार्य २०६३ सालमा सुरू भएको थियो, जुन समय एमाले नेता प्रदीप जवाली पर्यटन मन्त्रीको रूपमा कार्यरत हुनुहुन्थ्यो । २०७२ सालपछि मात्र यसको निर्माणले तीव्रता लियो । निर्माणको कुल लागत ३३ करोड रूपैयाँ परेको थियो । विमानस्थल निर्माणको क्रममा २८ परिवारको जमिन अधिग्रहण गरिएको थियो, जसमध्ये १४ परिवार विस्थापित भएका थिए ।

गुल्मीको रेसुङ्गा विमानस्थलमा निर्माण सुरू भएको १६ वर्षपछि २०७९ सालको पुष २४ गते पहिलो पटक तारा एअरको नाइन एन. एएलओ ट्वीनअटर जहाजले प्रदर्शन उडान (डेमो फ्लाइट) गरेको थियो ।



**फोटो सौजन्यः Investopaper**

दोस्रो पटक २०८० सालको वैशाख १५ गते नेपाल वायुसेवा निगम र रेसुङ्गा नगरपालिकाबीच सम्झौता भएपछि निगमको जहाजले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट परीक्षण उडान गरी रेसुङ्गा विमानस्थलमा अवतरण गरेको थियो ।




**फोटो सौजन्यः Onlinekhabar**

यहाँ गुल्मीको रेसुङ्गा विमानस्थलको निर्माण र सञ्चालनसँग सम्बन्धित प्रमुख घटनाहरूको तालिका छः

| मिति | घटना |
|---|---|
| २०६३ साल | रेसुङ्गा विमानस्थलको निर्माण कार्य सुरू भयो । |
| २०७२ साल | विमानस्थलको निर्माण कार्यमा तीव्रता आयो |
| २०७५ साल, जेठ २५ | रेसुङ्गा विमानस्थलमा पहिलो परीक्षण उडान सम्पन्न भयो । |
| २०७९ साल, पुष २४ | तारा एयरको नाइन एन एएलओ ट्वीनअटर जहाजले रेसुङ्गा विमानस्थलमा पहिलो प्रदर्शन उडान (डेमो फ्लाइट) गऱ्यो । |
| २०८० साल, वैशाख १५ | नेपाल वायुसेवा निगम र रेसुङ्गा नगरपालिकाबीच सम्झौतापछि निगमको जहाजले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट परीक्षण उडान गरी रेसुङ्गा विमानस्थलमा अवतरण गऱ्यो । |
| २०८० साल, वैशाख २९ | रेसुङ्गा विमानस्थलमा व्यावसायिक उडानहरू सुरू भए । |

## ४. वर्तमान अवस्थामा विमानस्थलको स्थिति

यस विमानस्थलमा अहिले नेपाल वायुसेवा निगमको ट्वीनअटर जहाजले उडान भरेको छ, जसले गुल्मी तथा आसपासका यात्रुलाई सुलभ यात्राको सुविधा प्रदान गरेको छ । काठमाडौंबाट करिब १ घण्टाको दूरीमा रहेको रेसुङ्गा विमानस्थलले गुल्मीका साथै अर्घाखाँची, प्यूठान, बागलुङ र पाल्पाका यात्रुहरूलाई पनि सेवा प्रदान गर्दै आएको छ ।

### रेसुङ्गा विमानस्थलका हालका उडान समय तालिका :

RA–177 (Kathmandu – Resunga) :

उडान समय : बुधबार र शुक्रबार

उडान समय : 06:15 (काठमाडौँबाट) / 07:10 (रेसुङ्गामा पुग्ने समय)


RA–178 (Resunga– Kathmandu) :

उडान समयः बुधबार र शुक्रबार

उडान समयः 07:25 (रेसुङ्गाबाट) / 08:20 (काठमाडौँमा पुग्ने समय)


नेपाल वायुसेवा निगम र रेसुङ्गा नगरपालिकाबीच सम्झौता भएपछि हरेक हप्ता सोमबार र बुधबार नियमित उडान सञ्चालन भएको छ । सम्झौता अनुसार, नगरपालिकाले प्रति उडान ३० प्रतिशत सिट यात्रु भर्ने ग्यारेन्टी गरेको छ, जसले व्यावसायिक उडानलाई निरन्तरता दिन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । हाल यस विमानस्थलमा नेपाल एयरलाइन्स, तारा एयर, समिट एयर र सीता एयरका साना जहाजहरू मात्र अवतरण गर्न सक्छन् । तारा एयरले यसअघि नै परीक्षण उडान गरिसकेको भए पनि पोखरामा यतीको जहाज दुर्घटनापछि यसको योजना स्थगित गरिएको छ ।

AIRCRAFT MOVEMENT/DEP, MOVEMENT DATA –2023–2024




*Source : CAAN/Flight Permission Department*

AIRCRAFT MOVEMENT/ARR, MOVEMENT DATA–2023–2024




*Source : CAAN/Flight Permission Department*

**विश्लेषण**

यो चार्टले २०२३ मेदेखि २०२४ नोभेम्बरसम्म रेसुङ्गा विमानस्थलमा भएको विमान आवागमनलाई प्रतिनिधित्व गर्छ । चार्ट अनुसार, २०२३ मे महिनामा ३ वटा उडान भएको देखिन्छ । तर, जुन र जुलाई २०२३ मा कुनै पनि उडान दर्ता गरिएको छैन । अगस्ट २०२३ मा ३ उडान पुनः सुरू भएको र त्यसपछि नोभेम्बर २०२३ मा उडानको संख्या ६ मा पुगेको देखिन्छ ।

२०२३ डिसेम्बरदेखि २०२४ मेसम्म उडान आवागमनमा स्थिर वृद्धि भएको पाइन्छ । डिसेम्बर २०२३ मा ७ उडान दर्ता भएका छन्, जुन लगातार मार्च २०२४ सम्म ६ देखि ७ को बीचमा स्थिर छ । २०२४ अप्रिलमा सबैभन्दा बढी १४ उडान भएको छ, जुन चार्टको उच्चतम विन्दु हो । मे २०२४ मा पनि उल्लेखनीय रूपमा १० उडान भएका छन् ।

तर, २०२४ जूनदेखि उडानको संख्या घट्दै गएको देखिन्छ । जुलाई २०२४ मा कुनै पनि उडान दर्ता गरिएको छैन । त्यसपछि, अगस्टदेखि नोभेम्बर २०२४ सम्म प्रति महिना २ उडानको स्थिर दर कायम रहेको छ ।

चार्टले रेसुङ्गा विमानस्थलमा मौसमी उतारचढाव देखाउँछ । जाडो र वसन्त ऋतु (नोभेम्बरदेखि अप्रिल) मा उडान संख्या स्थिर र उच्च छ भने, मनसुन र ग्रीष्म ऋतु (जुन-अगस्ट) मा कमी आएको छ । २०२४ अप्रिलमा भएको १४ उडान

उच्च विन्दु हो, जसको कारण चाडपर्व, पर्यटन वा अनुकूल मौसम हुन सक्छ । जुन र जुलाई २०२३ र २०२४ मा उडान शून्य हुँदा विशेष ध्यान दिनुपर्ने पक्ष हो, जसमा प्राविधिक, मौसमसम्बन्धी वा मागसँग सम्बन्धित समस्या हुनसक्छ ।

यस डेटा अनुसार, विमानस्थलको सञ्चालन सुधारका लागि मौसमी चुनौतीहरूलाई सम्बोधन गर्ने, अप्रिलको जस्तै उच्च उडान आवागमनलाई प्रवर्धन गर्ने, र मनसुन तथा ग्रीष्म ऋतुमा उडान संख्या बढाउन योजना बनाउने आवश्यक देखिन्छ ।

## ५. लेखको उद्देश्य : रेसुङ्गा विमानस्थलको अध्ययनद्वारा जिल्लामा विमानस्थल सम्पर्कको महत्त्वको विश्लेषण

रेसुङ्गा विमानस्थलको अध्ययन गर्नाले यस क्षेत्रको समग्र विकास र विभिन्न पक्षहरूको सुधारमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्छ । यस लेखको उद्देश्य रेसुङ्गा विमानस्थलको अवस्थिति र यसको प्रभावलाई विश्लेषण गरेर, जिल्लामा विमानस्थलको सम्पर्कको महत्त्वलाई बुझ्नु हो ।

**लेखले निम्नलिखित मुख्य उद्देश्यहरूमा ध्यान दिनेछ :**

**५.१ आर्थिक विकासमा योगदान :** रेसुङ्गा विमानस्थलको स्थापना र सञ्चालनले जिल्लाको पर्यटन, व्यापार, र उद्योगमा कसरी सकारात्मक प्रभाव पार्दछ भन्ने कुरा विश्लेषण गर्ने । विशेष गरी कृषि, हस्तशिल्प, र साना उद्योगको बढोत्तरीका अवसरहरू पनि यसअन्तर्गत समावेश गरिनेछन् ।

**५.२ संचार र यातायात सुधार :** विमानस्थल सम्पर्कको मद्दतले जिल्लामा यात्रा गर्ने सुविधालाई कसरी सहज र सस्तो बनाउन सकिन्छ भन्ने कुरा अन्वेषण गर्ने । यसले यातायातको गति र सहजतालाई कसरी सुधार गर्न सक्छ भन्ने विश्लेषण गर्दछ ।

**५.३. समाज र जीवनस्तरमा सुधार :** विमानस्थलको सम्पर्कले जिल्लामा रोजगारीका अवसरहरू सिर्जना गर्ने, शैक्षिक र स्वास्थ्य सेवाहरूको पहुँच बढाउने, र जीवनस्तरमा सुधार ल्याउने उपायहरूबारे चर्चा गर्ने ।

**५.४ पर्यटनको प्रवर्धन :** विमानस्थलको सम्पर्कले जिल्लामा पर्यटन क्षेत्रको विकासलाई कसरी उत्प्रेरित गर्न सक्छ भन्ने कुरा विश्लेषण गर्ने ।

**५.५ सामाजिक र सांस्कृतिक लाभ :** विमानस्थलको सम्पर्कले स्थानीय समुदायबीच सामाजिक र सांस्कृतिक आदानप्रदानलाई प्रवर्धन गर्ने, विभिन्न

क्षेत्रका मानिसहरूलाई नजिक ल्याउने र समृद्धिका सामाजिक फाइदाहरूलाई उजागर गर्ने ।

## ६. विमानस्थल सम्पर्कको महत्त्व

विमानस्थल सम्पर्कको महत्त्व नेपालको आर्थिक, सामाजिक र भौगोलिक परिप्रेक्ष्यमा अत्यन्तै महत्त्वपूर्ण छ । नेपाल जस्तो भू-आकृतिक दृष्टिले जटिल देशमा, जहाँ उच्च पहाड र दुर्गम क्षेत्रहरू प्रशस्त मात्रामा छन्, विमानस्थल सम्पर्कले विभिन्न क्षेत्रीय र राष्ट्रिय विकासका लागि मुख्य भूमिका खेल्दछ । यहाँ विमानस्थल सम्पर्कको महत्त्वका मुख्य पक्षहरूलाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

### ६.१. आर्थिक र व्यापारको वृद्धि

क) सस्तो र द्रुत यातायात : विमानस्थल सम्पर्कले व्यापार र उद्योगका लागि सस्तो र र द्रुत यातायातको विकल्प उपलब्ध गराउँछ । व्यापारिक सामग्रीहरूको ढुवानी र यात्रीहरूको सवारी सुविधा सुलभ बनाउँछ, जसले गर्दा नेपालका विभिन्न भागका बीच व्यापारको गति बढ्छ ।

ख) आन्तरिक र अन्तर्राष्ट्रिय व्यापारको वृद्धि : नेपालका प्रमुख विमानस्थलसँग सम्पर्कले अन्तर्राष्ट्रिय व्यापारका अवसरहरू खोल्दछ, जसले देशका विभिन्न उद्योगहरूलाई नयाँ बजार र ग्राहकसम्म पुऱ्याउन मद्दत पुऱ्याउँछ । खासगरी कृषि, हस्तशिल्प र पर्यटनका क्षेत्रमा विमानस्थल सम्पर्कको महत्त्व अत्यधिक छ ।

ग) सीमापार कारोबारको वृद्धि : नेपाललाई भारत, चीन र अन्य दक्षिण एशियाली मुलुकहरूसँग सीधा हवाइ सम्पर्कको माध्यमबाट कारोबारी साझेदारीलाई प्रवर्धन गर्न मद्दत मिल्दछ । यसले आर्थिक समृद्धि र क्षेत्रीय सहकार्यको वृद्धि गर्दछ ।

### ६.२. पर्यटनको प्रवर्धन

क) द्रुत पहुँच : विमानस्थल सम्पर्कले देशको प्रमुख पर्यटकीय गन्तव्यहरूसम्म द्रुत र सस्तो पहुँच सुनिश्चित गर्दछ । यसले स्थानीय र अन्तर्राष्ट्रिय पर्यटकहरूको आकर्षण बढाउँछ ।

ख) आन्तरिक र अन्तर्राष्ट्रिय पर्यटन प्रवर्धन : विमानस्थल सम्पर्कको माध्यमबाट पर्यटकहरूले नेपालका विभिन्न पर्यटकीय स्थलहरू सजिलैसँग घुम्न

सक्छन् । यसले नेपालको पर्यटन उद्योगलाई विश्वभरबाट आगन्तुकहरूको आकर्षण बढाउन मद्दत गर्दछ ।

ग) आर्थिक योगदान : पर्यटनको वृद्धिले रोजगारका अवसरहरू, होटल, यातायात सेवा र अन्य उद्योगहरूको विकासमा योगदान पुऱ्याउँछ, जसले समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्दछ ।

### ६.३. आवश्यक सेवाहरूको सहजता

क) चिकित्सा र आपत्कालीन सेवा : विमानस्थल सम्पर्कले दुर्गम र पहाडी क्षेत्रहरूमा स्वास्थ्य सेवा र आपत्कालीन उपचारको पहुँच बढाउँछ । जस्तै, दुर्गम क्षेत्रमा आपत्कालीन चिकित्सा सेवा, जीवन रक्षाका लागि हेलिकप्टर वा विमानमार्फत शीघ्र सेवा पुऱ्याउन सकिन्छ ।

ख) प्राकृतिक प्रकोप र आपत्कालीन राहत : नेपालमा प्रायः भूकम्प, बाढी, पहिरो र अन्य प्राकृतिक प्रकोपहरू आउने खतरा रहन्छ । विमानस्थल सम्पर्कले राहत र वचाव कार्यमा द्रुत प्रतिक्रिया सुनिश्चित गर्छ ।

ग) सरकारी र मानवाधिकार गतिविधिहरू : विशेष गरी दुर्गम क्षेत्रहरूमा मानवअधिकार र सरकारका राहत कार्यक्रमहरू पनि विमानस्थल सम्पर्कका माध्यमबाट प्रभावकारी ढंगले पुऱ्याउन सकिन्छ ।

### ६.४. सामाजिक र सांस्कृतिक कनेक्टिविटी

क) स्थानीय समुदायहरूको सशक्तीकरण : विमानस्थल सम्पर्कले गाउँघर र शहरी क्षेत्रहरू बीचको दूरी घटाउँछ र विभिन्न समुदायहरूको एकअर्कासँगको समन्वयलाई सुलभ बनाउँछ । यसले देशभित्रको सामाजिक समृद्धि र सहकार्यलाई बढावा दिन्छ ।

ख) विदेशी नेपाली समुदायसँग सम्पर्क : नेपालका विदेशी नागरिक (प्रवासी नेपाली) का लागि विमानस्थल सम्पर्क महत्त्वपूर्ण छ, जसले उनीहरूको घर फर्किन र परिवारसँग सन्तुलन राख्न मद्दत पुऱ्याउँछ ।

ग) सांस्कृतिक आदानप्रदान : विमानस्थल सम्पर्कले विभिन्न संस्कृतिहरूको आपसी आदानप्रदान र समझदारीलाई प्रोत्साहन गर्दछ । अन्तर्राष्ट्रिय यात्रामा रहेका नागरिकहरूले नेपालका सांस्कृतिक विशेषतासँग परिचित हुने अवसर पाउँछन् ।

### ६.५. सुदृढ हवाइ यातायात नेटवर्क

क) सार्वजनिक र निजी क्षेत्रको समन्वय : विमानस्थल सम्पर्कले सार्वजनिक र निजी क्षेत्रका बीचमा प्रभावकारी समन्वय र साझेदारीको अवसर सिर्जना गर्दछ । यसको माध्यमबाट, यात्रुहरूको सवारीको सुगमता र दक्षता सुनिश्चित गर्न, हवाइ यातायात सेवाहरूको सुधार, र विमानस्थलका पूर्वाधारको विकासमा सहयोग पुऱ्याउन सकिन्छ । यसले समग्र यात्रा अनुभवलाई सहज र प्रभावकारी बनाउन मद्दत पुऱ्याउँछ ।

ख) हवाइ यातायात क्षेत्रको विकासः विमानस्थल सम्पर्कले व्यापार, पर्यटन, र आपत्कालीन सेवामा सुधार ल्याउँछ, यात्रुहरूको सुगम आवागमन सुनिश्चित गर्छ र यो राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा जोड्ने एक सशक्त माध्यम बन्नेछ ।

### ६.६. सुरक्षा र राष्ट्रिय एकता

क) सुरक्षा र आपत्कालीन अवस्था : नेपालका दुर्गम क्षेत्रहरूको सुरक्षा व्यवस्थाका लागि विमानस्थल सम्पर्कले महत्त्वपूर्ण भूमिका खेल्दछ । यसले सुरक्षा बलको शीघ्र प्रवाह र आपत्कालीन प्रतिक्रिया व्यवस्थापनलाई सजिलो बनाउँछ ।

ख) राष्ट्रिय एकता र सामूहिक परिचालन : विमानस्थल सम्पर्कले देशका विभिन्न भू-भागका बीचको दूरी घटाउँछ र एकीकृत राष्ट्रिय समन्वय र विकासमा योगदान पुऱ्याउँछ । यसले राज्यको प्रभावकारी पहुँच र प्रशासनिक क्रियाकलापलाई पनि सजिलो बनाउँछ ।

## ७. रेसुङ्गा विमानस्थलको आर्थिक र सामाजिक प्रभाव

रेसुङ्गा विमानस्थलको विकासले स्थानीय समुदाय र समग्र क्षेत्रीय स्तरमा आर्थिक र सामाजिक सुधार ल्याएको छ । यस विमानस्थलको सम्पर्कले व्यापार, कृषि, पर्यटन, स्वास्थ्य सेवाहरू र सामाजिक एकतामा ठूलो योगदान पुऱ्याएको छ । तल यसका विभिन्न पक्षहरूको विस्तृत विश्लेषण गरिएको छ ।

### ७.१ कृषि उत्पादनको प्रसारण र व्यापारिक सम्भावनाहरू

रेसुङ्गा विमानस्थलको सम्पर्कले स्थानीय कृषि उत्पादनको बजारसम्म पहुँच बढाउन मद्दत गरेको छ । कृषि उत्पादनहरू, विशेषगरी फलफूल, अन्न, र जडीबुटीहरूलाई बाह्य बजारमा ल्याउन विमानस्थलको महत्त्वपूर्ण भूमिका रहेको छ ।

उत्पादनको प्रसारण : विमानमार्फत ताजै कृषि उत्पादनहरूलाई नेपालका अन्य प्रमुख शहरहरूमा र विदेशमा निर्यात गर्न सजिलो भएको छ । यसले स्थानीय कृषकहरूलाई बजारमा प्रवेश दिन्छ र उत्पादनको मूल्य वृद्धि गर्दछ ।

व्यापारिक सम्भावनाहरू : विमानस्थलको सम्पर्कले व्यापारिक गतिविधिहरूलाई गति दिन्छ, जसले कृषक र व्यापारीहरूको बीचमा सिधा कारोबारका अवसरहरू खोल्दछ । कृषि व्यापारका लागि नयाँ अवसरहरूको सृजनामा महत्त्वपूर्ण प्रभाव पार्छ ।

## ७.२ स्थानीय उद्यमको विकास र रोजगार सिर्जना

रेसुङ्गा विमानस्थलको विकासले स्थानीय उद्यमहरूलाई ठूलो फाइदा पुऱ्याएको छ ।

व्यापारिक वातावरण : विमानस्थल सम्पर्कसँगै, व्यापार र सेवासँग सम्बन्धित विभिन्न उद्योगहरूको विकास भइरहेको छ । उदाहरणका रूपमा, कन्स्ट्रक्शन, यातायात र खुद्रा व्यापारको क्षेत्रमा नयाँ सम्भावनाहरू खुलिरहेका छन् ।

रोजगार सिर्जना : विमानस्थलको सञ्चालन र त्यससँग जोडिएका सेवाहरू (यातायात, होटल, गाइड सेवा आदि) ले स्थानीय जनतालाई रोजगार दिने अवसर प्रदान गरेको छ । यसले रोजगारको अवसर सिर्जना गर्दै, स्थानीय बेरोजगारीको समस्यामा केही हदसम्म समाधान दिएको छ ।

## ७.३ रेसुङ्गा र आसपासका क्षेत्रहरूमा पर्यटनको वृद्धि

रेसुङ्गा विमानस्थलको सम्पर्कले गुल्मी र आसपासका क्षेत्रहरूको पर्यटनमा ठूलो योगदान गरेको छ ।

पर्यटन प्रवर्धन : रेसुङ्गा विमानस्थलले विदेशी र आन्तरिक पर्यटकहरूको आगमनलाई बढावा दिएको छ । पर्यटकहरूलाई नेपालका ऐतिहासिक, धार्मिक र प्राकृतिक स्थलहरूको सुन्दरता अनुभव गर्न विमानमार्फत सहजता प्राप्त भएको छ ।

द्रुत पहुँच : विमानस्थलको सम्पर्कले दूरदराजका क्षेत्रहरूमा पर्यटकहरूको पहुँचलाई सरल र सुविधाजनक बनाएको छ । यसले यी क्षेत्रका लागि पर्यटनको क्षेत्रमा नयाँ अवसरहरू सिर्जना गरेको छ ।

## ७.४. नयाँ पर्यटन स्थलहरूको प्रचार र स्थानीय होटल, गाइड, ट्रांसपोर्ट व्यवसायको विकास

रेसुङ्गा विमानस्थलसँगको कनेक्टिविटीले नयाँ पर्यटन गन्तव्यहरूको प्रचारमा सहयोग पुऱ्याएको छ ।

नयाँ स्थलहरूको प्रवर्धनः रेसुङ्गा र आसपासका क्षेत्रका ऐतिहासिक र धार्मिक स्थलहरूको लोकप्रियता बढेको छ । यसले क्षेत्रीय पर्यटनमा वृद्धि गरेको छ र नयाँ स्थलहरूको प्रचार गर्न मद्दत पुऱ्याएको छ ।

व्यावसायिक अवसरहरू : पर्यटनको वृद्धिसँगै, स्थानीय होटल, गाइड, ट्रान्सपोर्ट सेवा र अन्य पर्यटन सम्बद्ध व्यवसायहरूको पनि विकास भएको छ । स्थानीय गाइडहरू, होटल मालिकहरू र ट्रांसपोर्ट व्यवसायीहरूले प्रत्यक्ष लाभ प्राप्त गरेका छन्, जसले स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाएको छ ।

## ७.५. आपत्कालीन चिकित्सा र उद्धार सेवाहरूको सुधार

रेसुङ्गा विमानस्थलको सम्पर्कले आपत्कालीन चिकित्सा र उद्धार सेवाहरूमा सुधार ल्याएको छ ।

आपत्कालीन सेवा : विमानस्थलले आपत्कालीन अवस्थामा स्वास्थ्य सेवाको पहुँच सुधार गर्न मद्दत पुऱ्याएको छ । बाढी, पहिरो, दुर्घटना वा अन्य आपत्कालीन स्थितिहरूमा, तत्काल हेलिकप्टर सेवा वा अन्य आपत्कालीन हवाइ यातायातद्वारा राहत र उद्धार कार्यमा सहयोग पुग्छ ।

चिकित्सा पहुँच : दुर्गम क्षेत्रका बासिन्दाहरूको लागि तत्काल चिकित्सा सेवा पुग्न विमानस्थलको महत्त्वपूर्ण भूमिका रहेको बताइएको छ । छ । यसले स्वास्थ्य सेवा विस्तार र आपत्कालीन उद्धार कार्यको गति तीब्र बन्दछ ।

## ७.६ स्थानीय समुदायको स्वास्थ्य र सुरक्षा प्रणालीमा वृद्धि

विमानस्थलले स्थानीय समुदायको स्वास्थ्य र सुरक्षा प्रणालीलाई सुधार्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ ।

स्वास्थ्य र सुरक्षा सुधार : विमानस्थल सम्पर्कले विशेष गरी स्वास्थ्य सेवा प्रदायकहरूको लागि अस्पताल र क्लिनिकसँगको सम्बन्धलाई मजबुत बनाएको छ, जसले हवाइमार्गद्वारा तत्काल उपचारमा मद्दत पुऱ्याउँछ ।

सामाजिक सुरक्षामा योगदान : विमानस्थलले सुरक्षा सेवाको पहुँचमा सुधार ल्याएको छ, जसले समुदायको समग्र सुरक्षा प्रणालीमा योगदान पुऱ्याएको छ ।

### ७.७ शहरी र ग्रामीण क्षेत्रका बीचको दूरी घटाउनु

रेसुङ्गा विमानस्थलले शहरी र ग्रामीण क्षेत्रका बीचको भौतिक र सामाजिक दूरीलाई घटाएको छ ।

सम्पर्क सुधार : विमानस्थलको सम्पर्कले काठमाडौंलगायतका प्रमुख शहरहरूसँग गुल्मी र आसपासका दुर्गम क्षेत्रहरूको सम्पर्कलाई सहज बनाएको छ । यसले शहरी र ग्रामीण क्षेत्रका बीचको भिन्नता घटाउन मद्दत गरेको छ ।

सामाजिक एकता : दुर्गम क्षेत्रका नागरिकलाई राष्ट्रियस्तरमा जोड्न र उनीहरूको आवाजलाई अझ प्रभावकारी बनाउन विमानस्थलले योगदान पुऱ्याएको छ ।

### ७.८ बाह्य स्रोतहरूबाट सामाजिक र सांस्कृतिक विकासमा योगदान

विमानस्थलले बाह्य स्रोतहरूबाट सामाजिक र सांस्कृतिक विकासमा योगदान पुऱ्याउने अवसर पनि सिर्जना गरेको छ ।

सांस्कृतिक आदानप्रदान : रेसुङ्गा विमानस्थलको सम्पर्कले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सांस्कृतिक आदानप्रदानलाई प्रोत्साहन दिएको छ । नेपालका विभिन्न सांस्कृतिक पक्षहरूको प्रचार र नेपाली समाजको बहुसांस्कृतिक मूल्यहरूको सम्मानमा वृद्धि भएको छ ।

विदेशी नागरिकहरूको आगमन : सहज हवाइ यातायातमार्फत विदेशी आगन्तुकहरूको आवागमन बढाउँछ, जसले स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउँछ । विमानस्थलहरूको प्रभावकारी सम्पर्कले नेपाललाई विश्वसँग जोड्दै, अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न मद्दत पुऱ्याउँछ ।

## ८. रेसुङ्गा विमानस्थलसँग सम्बन्धित चुनौतीहरू

रेसुङ्गा विमानस्थलको सम्पर्कले महत्त्वपूर्ण आर्थिक र सामाजिक लाभ पुऱ्याएको भए पनि, यसका समक्ष विभिन्न चुनौतीहरू पनि छन् जसले यसको क्षमता र प्रभावकारिता सीमित गरेका छन् । यी चुनौतीहरूले विमानस्थलको पूर्णतया सञ्चालन र विकासमा अवरोध पुऱ्याउन सक्छन् । रेसुङ्गा विमानस्थलसँग सम्बन्धित प्रमुख चुनौतीहरूलाई निम्नानुसार उल्लेख गरिएको छः

### ८.१ रनवे र टर्मिनल सुविधाहरूको अभाव

रेसुङ्गा विमानस्थलमा रनवे र टर्मिनल सुविधाहरूको अपर्याप्तता र अभाव प्रमुख चुनौती हो ।

रनवे समस्या : रनवेको लम्बाइ र चौडाइ सीमित हुनु, साथै हालको अवस्था अनुकूल नभएको कारणले ठूला विमानहरूको उडान र अवतरणमा समस्या उत्पन्न हुन्छ । यसकारण, नियमित र व्यावसायिक उडानहरूको संख्या बढाउन कठिनाइको सामना गर्नुपर्छ ।

टर्मिनल सुविधाहरू : यात्रु सेवा, सुरक्षा जाँच, विमान सेवा र अन्य आवश्यक सुविधाहरूको अभावले यात्रुको अनुभवमा नकरात्मक असर पुऱ्याउँछ । अहिलेको टर्मिनल सुविधाहरूको सुधार र विस्तार अत्यावश्यक छ ता कि विमानस्थललाई अधिक यात्रु सेवा र व्यापारिक अवसर प्राप्त होस् ।

सुरक्षा सुविधाहरूको अभाव : सुरक्षा सुविधामा सुधारको आवश्यकता छ । विशेष गरी, विमानस्थलका लागि आवश्यक सुरक्षा प्रविधि र स्टाफको अभावले यात्रुहरूको सुरक्षामा चुनौती उत्पन्न गर्न सक्छ ।

## ८.२ मौसमसम्बन्धी चुनौतीहरू

**मौसमी अस्थिरता :** रेसुङ्गा विमानस्थलमा मौसमी अस्थिरता प्रमुख समस्या हो । विशेष गरी वर्षा र तुवाँलो मौसममा दृश्यता कम हुने समस्या देखा पर्न सक्छ । यसले उडानहरूको सुरक्षामा जोखिम बढाउँछ ।

**वायु प्रवाहको परिवर्तन :** पहाडी भूभाग भएकोले, हावाको प्रवाहमा आकस्मिक परिवर्तन आउन सक्छ । यसले अवतरण र उडानका क्रममा चुनौती थप्न सक्छ ।

**वर्षा र हिउँदमा सञ्चालन :** वर्षा र हिउँदको समयमा रनवेमा पानी वा तुषारो जम्ने सम्भावना हुन्छ, जसले विमानलाई अवतरण र टेकअफ गर्दा चिप्लिने जोखिम पुऱ्याउँछ ।

## ८.३ डेटा र मोनिटरिङसम्बन्धी चुनौतीहरू

**सटीक मौसम डेटा अभाव :** विमानस्थलको वरिपरिका क्षेत्रहरूको मौसम विवरणको डेटा संकलन र विश्लेषणको कमीले सटीक मौसम पूर्वानुमान दिन कठिन हुन्छ । यस्तो अवस्थामा, मौसमको अप्रत्यासित परिवर्तनलाई मध्यनजर गर्दै तत्काल निर्णय लिन कठिनाइ हुन्छ ।

**डेटा रेकर्डिङको अभाव :** यात्री र कार्गोको सही–सही डेटा रेकर्डिङको अभावमा विमानस्थलको आर्थिक र व्यावसायिक योगदानको पूर्ण मूल्याङ्कन गर्न कठिनाइ हुन्छ । सही रेकर्डिङ प्रणालीले विमानस्थलको सक्षमता र सुधारका उपायहरू पहिचान गर्न मद्दत गर्न सक्छ ।

**नेभिगेसन र ट्र्याकिङ उपकरणको अभाव :** उन्नत नेभिगेसन उपकरणहरू जस्तै VOR, ILS, र डिजिटल राडार प्रणाली जडानको कमीले विमानस्थलमा टेक्नोलोजीमा निर्भरता कम देखाउँछ । यसले सुरक्षा र निगरानीमा चुनौती थप्छ ।

## ८.४ सीमित उडान र यात्रुहरूको कम संख्या

रेसुङ्गा विमानस्थलले हालको अवस्थामा सीमित उडान र यात्रुहरूको कम संख्यालाई सामना गर्दैछ ।

उडानको कमी : रेसुङ्गा विमानस्थलमा नियमित र पर्याप्त उडानको अभाव छ, जसले विमानस्थलको व्यावसायिकता र प्रतिस्पर्धात्मकतामा असर पुऱ्याउँछ । यात्रु र मालवाहनको कम मात्राले विमानस्थलको आर्थिक स्थिरतामा असर पुऱ्याउँछ ।

यात्रुहरूको कम संख्याः सस्तो र द्रुत यातायातको अभाव, र यात्रुहरूको कम चासोले गर्दा विमानस्थलमा अपेक्षित यात्री प्रवाह घटेको छ । यसका कारण विमानस्थलको स्थायित्व र व्यावसायिकता सुनिश्चित गर्न कठिनाइहरू छन् ।

## ८.५ विमानस्थल सञ्चालनमा रहेका व्यवस्थापनका चुनौतीहरू

रेसुङ्गा विमानस्थलको व्यवस्थापनमा पनि केही समस्याहरू छन् :

वित्तीय व्यवस्थापन र सञ्चालनमा समस्याहरू : वित्तीय स्रोतहरूको सीमितता र व्यवस्थापनको अभावले गर्दा विमानस्थलको सही सञ्चालनमा समस्या आउँछ । पर्याप्त बजेट र कार्यसम्पादन सुधार गर्नका लागि आवश्यक व्यवस्थापनमा कमी छ ।

कर्मचारी र प्रशिक्षित स्टाफको अभाव : विमानस्थलको दक्षतासाथ सञ्चालन गर्न आवश्यक स्टाफ र प्राविधिक तालिममा पनि कमी रहेको छ । कार्यसम्पादनमा सुधार गर्नका लागि योग्य जनशक्ति र व्यवस्थापनमा प्रशिक्षण आवश्यक छ ।

प्रशासनिक चुनौतीहरू : केन्द्र सरकार र स्थानीय प्रशासन बीचको समन्वयको कमी र नीति निर्माणमा अवरोधले विमानस्थलको समग्र सञ्चालनमा असर पुऱ्याउँछ ।

## ८.६ विमानस्थलका लागि आवश्यक लगानीको कमी

रेसुङ्गा विमानस्थलको विस्तार र सुधारका लागि आवश्यक लगानीको कमी ठूलो चुनौती हो ।

**वित्तीय असुविधा :** विमानस्थलको आधारभूत संरचना, विमान सेवा र अन्य सुविधाहरूको सुधारका लागि ठूलो मात्रामा लगानीको आवश्यकता छ । राज्य र निजी क्षेत्रबाट सही र पर्याप्त लगानीको अभावले विमानस्थलको वृद्धि र विस्तारमा समस्या पुऱ्याउँछ ।

**निवेशको आकर्षणमा कमी :** विमानस्थलको अपग्रेडेशन र समग्र क्षेत्रमा प्रगति गर्नका लागि निजी क्षेत्र र अन्तर्राष्ट्रिय निवेशकर्ताहरूको आकर्षण महत्त्वपूर्ण छ । यद्यपि, विमानस्थलका आधारभूत सुविधाहरूको अभाव र समग्र विकासको अनिश्चितताका कारणले निवेश आकर्षित गर्न कठिनाइ हुन्छ ।

## ८.७. सरकारी नीति र सहयोगको कमी :

विमानस्थलको सफल सञ्चालन र विस्तारका लागि आवश्यक सरकारी सहयोग र नीति विकासको अभावले विमानस्थललाई अझ चुनौतीपूर्ण बनाएको छ ।

सरकारी नीति : विमानस्थलको उचित विकास र संचालनका लागि सरकारी नीतिहरूको स्पष्टता र समर्थन आवश्यक छ । वर्तमानमा, रेसुङ्गा विमानस्थलका लागि दीर्घकालीन र द्रुत विकास नीति अस्तित्वमा छैन ।

सहयोग र समन्वयको कमी : केन्द्र र स्थानीय सरकारबीचको सहयोग र समन्वयको कमीले विमानस्थलका विकास योजनामा अवरोध पुऱ्याउँछ । साथै, स्थानीय समुदाय र सरकारी निकायहरू बीचको समन्वयको अभावले पनि सुधारको गति सुस्त बनाएको छ ।

## ९. भविष्य र सुधारका अवसरहरू

रेसुङ्गा विमानस्थलको भविष्यमा थप विस्तार र सुधारका अवसरहरू छन्, जसले यसलाई न केवल स्थानीय, वरिपरिका क्षेत्रीय, बल्कि राष्ट्रियस्तरमा पनि प्रमुख विमानस्थल बनाउन सक्छ । विमानस्थलको समग्र विकासमा सुधारका सम्भावनाहरूका विभिन्न क्षेत्रहरू छन् जसमा विमानस्थलको भौतिक संरचना, आर्थिक रणनीतिहरू, निजी र सार्वजनिक साझेदारी, र पर्यटनलाई प्रोत्साहन गर्ने योजनाहरू समावेश छन् । तल भविष्यका अवसरहरू र सुधारका सम्भावित क्षेत्रहरूको बारेमा विश्लेषण गरिएको छ ।

## ९.१ विमानस्थलको विस्तारीकरण र अपग्रेड

रेसुङ्गा विमानस्थलको विस्तार र आधुनिकीकरणका अवसरहरू यथेष्ट छन् जसले यसको क्षमता र प्रभावकारिता वृद्धि गर्न सक्छः

**रनवेको विस्तार :** विमानस्थलको रनवेको लम्बाइ र चौडाइ बढाएर ठूला विमानहरूको अवतरण र उडानको क्षमता वृद्धि गर्न सकिन्छ । यो विस्तारले विमानस्थललाई उच्च यात्रु र मालवाहन क्षमता प्रदान गर्न मद्दत पुऱ्याउँछ ।

**नयाँ टर्मिनल निर्माण :** यात्रुहरूको संख्या र सेवामा सुधार गर्न नयाँ र अधिक सुविधायुक्त टर्मिनल भवन निर्माण गर्न आवश्यक छ । यसले यात्रुहरूको आरामदायी अनुभव सुनिश्चित गर्दछ र विमानस्थलको प्रभावकारिता बढाउँछ ।

**उन्नत सुरक्षा र प्रविधि सुविधाहरू :** सुरक्षा प्रोटोकलको स्तर सुधार गर्न र यात्रु सेवाहरूलाई थप आधुनिक बनाउन बायोमेट्रिक चेक-इन, स्मार्ट सुरक्षा गेट्स र उच्चतम प्रविधिको यातायात व्यवस्थापन प्रणाली लागू गर्न सकिन्छ ।

## ९.२ नयाँ उडानहरूको सुरूआत र नियमित उडान सेवा

रेसुङ्गा विमानस्थलका लागि नयाँ उडान सेवा र नियमित उडानहरूको सुरूआत भविष्यका लागि महत्त्वपूर्ण अवसर हो । नयाँ आन्तरिक उडान मार्गहरूको सुरूआत गरेर विमानस्थललाई प्रमुख शहरहरूसँग जोड्न सकिन्छ, जसले यात्रुहरूको संख्या र सुविधा वृद्धि गर्नेछ ।

**सटीक मौसम मापन उपकरण स्थापना :** विमानस्थल वरपर आधुनिक मौसम उपकरण जडान गरेर मौसमसम्बन्धी सटीक जानकारी संकलन गर्न सकिन्छ ।

**डेटा व्यवस्थापन र डिजिटल प्रणाली :** विमानस्थलमा यात्रु र कार्गो डेटा दर्ता गर्न र संचालनमा सुधार ल्याउन डिजिटल प्रणालीको उपयोगले मद्दत पुऱ्याउँछ ।

**विमानचालन र नेभिगेसन उपकरण थप :** यदि सम्भव छ भने, थप नेभिगेसन र ड्याकिङ उपकरण स्थापना गरेर विमानस्थलको सञ्चालनलाई सुरक्षित र प्रभावकारी बनाउन सकिन्छ ।

## ९.३ निजी र सार्वजनिक साझेदारीको भूमिका

विमानस्थलको सफल विस्तार र सञ्चालनका लागि निजी र सार्वजनिक साझेदारी (एएए) मोडेलको ठूलो महत्त्व रहेको छ :

निजी क्षेत्रको सहभागिता : विमानस्थलको सुधार र विकासमा निजी क्षेत्रको लगानी र सहकार्य बढाउनका लागि प्रोत्साहन दिनुपर्नेछ । निजी क्षेत्रले उच्च प्रविधि र व्यवस्थापन क्षमताका साथ विमानस्थलको गुणस्तर सुधार गर्न सक्छ ।

पब्लिक-प्राइवेट साझेदारी : सरकार र निजी क्षेत्रको सहकार्यले विमानस्थलको ढाँचागत सुधार र प्राविधिक विकासलाई द्रुत बनाउन सक्छ । उदाहरणका रूपमा, विमानस्थलको टर्मिनल निर्माण, रनवे विस्तार, र अन्य सुविधाहरूमा साझेदारी गर्न सकिन्छ ।

## ९.४ सरकारी र गैर-सरकारी क्षेत्रको सहकार्यमा सुधारको प्रयास

सरकारी र गैर-सरकारी क्षेत्रका संस्थाहरूको सहकार्यले विमानस्थल सुधार र समुदायका लागि विकास कार्यक्रमहरू चलाउन मद्दत पुऱ्याउन सक्छ ।

विकासका लागि सरकारी नीति : सरकारले विमानस्थलको समग्र सुधारका लागि स्पष्ट नीति बनाउनुपर्छ । यसले एयरलाइन्स कम्पनीहरू, पर्यटन व्यवसायीहरू र स्थानीय समुदायसँग सहकार्य गर्दै विमानस्थलको सुधारमा सहयोग पुऱ्याउन सक्छ ।

गैर-सरकारी क्षेत्रको योगदान : सामाजिक र पर्यावरणीय दृष्टिकोणले विमानस्थलको विकासमा गैर-सरकारी संस्थाहरूको पनि ठूलो भूमिका हो । स्थानीय समुदायको समावेशी विकास र सामाजिक-आर्थिक सशक्तीकरणमा उनीहरूको योगदान महत्त्वपूर्ण हुन सक्छ ।

## ९.५ विमानस्थललाई आर्थिक हबको रूपमा विकसित गर्नका लागि रणनीतिहरू

रेसुङ्गा विमानस्थलको आर्थिक महत्त्वको सुधारका लागि केही रणनीतिहरू अपनाउन सकिन्छ :

**आवश्यक लगानी आकर्षण :** विमानस्थलको विस्तार र सेवाहरूको सुधारका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई आकर्षित गर्नका लागि विशेष योजनाहरू बनाउनुपर्छ । विशेष आर्थिक क्षेत्रको रूपमा विमानस्थललाई आकर्षक बनाउन सकिन्छ, जसले रोजगारी र व्यापारका अवसरहरू बढाउँछ ।

**मालवाहन र व्यापार केन्द्रको रूपमा विकास :** विमानस्थललाई मालवाहनको प्रमुख केन्द्र बनाउनका लागि अन्तर्राष्ट्रिय र स्थानीय व्यापारमा जोड दिइन्छ । मालवाहन सेवाको विकासले स्थानीय उत्पादन र व्यापारमा वृद्धि गर्नेछ ।

## ९.६ पर्यटकीय योजनाका लागि विमानस्थल सम्पर्कको प्रयोग

पर्यटनको प्रवर्धनमा विमानस्थलको सम्पर्कले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ :

**पर्यटन प्रोत्साहनका कार्यक्रमहरू :** रेसुङ्गा विमानस्थलको सम्पर्कसँग सम्बन्धित पर्यटन योजनाहरू तयार पार्न आवश्यक छ । यसमा स्थानीय ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको प्रवर्धन गर्नको लागि विशेष अभियानहरू सञ्चालन गर्न सकिन्छ ।

**नयाँ पर्यटन गन्तव्यहरूको विकास :** विमानस्थलको सुधारसँगै, नयाँ पर्यटन गन्तव्यहरूको विकास गर्न र प्रचार गर्न प्राथमिकता दिनुपर्छ । यसले स्थानीय पर्यटन उद्योगलाई बढी समृद्ध बनाउन मद्दत पुऱ्याउँछ ।

**पुनः ब्राण्डिङ र प्रचार :** रेसुङ्गा विमानस्थललाई पर्यटनको लागि प्रमुख केन्द्रको रूपमा प्रचार गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ब्राण्डिङ रणनीतिहरू प्रयोग गर्न सकिन्छ । यसको उद्देश्य पर्यटकहरूलाई आकर्षित गर्नु र नेपालमा रहेका अद्वितीय गन्तव्यहरूमा तिनको पहुँच सहज बनाउनु हो ।

## १०. सुझावहरू

विमानस्थलको सफल सञ्चालन र विकासका लागि केही प्रमुख कदमहरू आवश्यक छन् :

१. **दीर्घकालीन योजना र लगानी**
रेसुङ्गा विमानस्थलका आधारभूत संरचनाहरूको सुधार र विस्तारका लागि दीर्घकालीन योजना बनाउनु आवश्यक छ । यसमा रनवे विस्तार, नयाँ टर्मिनल भवन र उच्चतम प्रविधिका सुविधाहरू समावेश गर्नुपर्छ । यी सुधारहरूका लागि पर्याप्त लगानी जुटाउनका लागि सरकार र निजी क्षेत्रको सहकार्य महत्त्वपूर्ण छ ।

२. **सरकार र स्थानीय निकायहरूको सक्रिय सहभागिता**
विमानस्थलको सुधार र विस्तारका लागि सरकारले स्पष्ट र समर्थनकारी नीति निर्माण गर्नुपर्छ । साथै, स्थानीय निकायहरूले पनि विमानस्थलसँग सम्बन्धित विकास कार्यमा सक्रिय भूमिका खेल्नुपर्छ । विशेषगरी, स्थानीयस्तरमा विमानस्थलको महत्त्व बुझाउन र त्यसका लागि सामाजिक र आर्थिक दृष्टिकोणबाट सहकार्य गर्न आवश्यक छ ।

३. **सार्वजनिक र निजी साझेदारीको प्रवर्धन**
विमानस्थलको सुधार र विकासमा निजी क्षेत्रको लगानी र साझेदारी बढाउनका लागि प्रोत्साहन दिनुपर्छ । सार्वजनिक-निजी साझेदारी (PPP) मोडेलले विमानस्थलको व्यवस्थापन र सुधारका कार्यहरूलाई द्रुत र प्रभावकारी बनाउन मद्दत पुऱ्याउँछ ।

## ११. नयाँ दिशा (New Directions)

विशेष गरी भविष्यका अवसरहरू र चुनौतीहरूको सन्दर्भमा विमानस्थल सम्पर्क र हवाइ यातायातको प्रभावको अध्ययन अझै महत्त्वपूर्ण रहेको छ । हवाइ यातायात र विमानस्थल सम्पर्कका आर्थिक, सामाजिक, र पर्यावरणीय प्रभावहरूको विस्तृत अनुसन्धानले नीति निर्माताहरू, विमानस्थल व्यवस्थापकहरू र अन्य सरोकारवालालाई दीर्घकालीन सुधारका लागि मार्गदर्शन गर्न सक्छ । यस्तो अध्ययनले हवाइ यातायातको क्षमता र प्रभावकारिता बढाउने उपायहरू पत्ता लगाउन मद्दत पुऱ्याउँछ र यसका प्रभावलाई स्थायित्व र दिगोपनामा परिवर्तन गर्न मार्ग खोल्छ ।

भविष्यमा, विमानस्थलको समग्र कार्यसम्पादन सुधार्न नवीनतम प्रविधिको समावेश गर्न अत्यावश्यक छ । नयाँ प्रविधिहरूको उपयोग, जस्तै स्वचालित जाँच प्रक्रिया, स्मार्ट सुरक्षा उपकरणहरू र डिजिटल टिकटिङ सिस्टमहरू आदिले सुरक्षा प्रक्रियालाई प्रभावकारी बनाउँछ, यात्रु अनुभवलाई सहज पार्छ र यातायातको गति बढाउँछ साथै, प्रविधिको विकासले विमानस्थलको सञ्चालनमा दक्षता वृद्धि गर्न र लागत घटाउन पनि सहयोग पुऱ्याउँछ, जसले समग्र हवाइ यातायात प्रणालीलाई अझ प्रतिस्पर्धी र सस्तो बनाउँछ ।

## १२. निष्कर्ष

कुनै पनि देशको समग्र प्रगति र समृद्धिमा विमानस्थल सम्पर्कले अत्यन्त ठूलो योगदान पुऱ्याउँछ, विशेष गरी नेपालको जस्तो पर्वतीय र दुर्गम भूगोल भएका देशमा । रेसुङ्गा विमानस्थलको जस्तै विमानस्थलहरूको विकासले व्यापार, पर्यटन, स्वास्थ्य सेवा, आपत्कालीन प्रतिक्रिया, र सामाजिक एकताजस्ता क्षेत्रहरूमा महत्त्वपूर्ण सुधार ल्याउन सक्छ । रेसुङ्गा विमानस्थलले गुल्मी र आसपासका क्षेत्रहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा जोड्दै, स्थानीय अर्थतन्त्र र सामाजिक विकासमा ठूलो भूमिका खेलेको छ । यसले व्यापार र कृषि क्षेत्रलाई गतिशील बनाएको छ, पर्यटनको प्रवर्धनमा सहयोग पुऱ्याएको छ र स्वास्थ्य सेवाहरूमा पहुँच विस्तार गरेको छ । यद्यपि, विमानस्थलको पूर्ण क्षमता हासिल गर्न केही चुनौतीहरू छन्, जस्तै भौतिक पूर्वाधारको अपर्याप्तता, सीमित उडान संख्या र सरकारी नीतिको अभाव । यी समस्याहरू समाधान गर्न समन्वय, लगानी र रणनीतिक योजना आवश्यक छ । यदि यी चुनौतीहरूको समाधान गर्न सकिन्छ भने, रेसुङ्गा विमानस्थलको क्षमतामा थप वृद्धि हुनेछ र यसले समग्र क्षेत्रीय विकासमा ठूलो योगदान पुग्नेछ । यसका साथै, विमानस्थलले नयाँ गन्तव्यहरूको सम्भावना खोल्दै, हवाइ यातायात केन्द्रको रूपमा विकसित हुन सक्छ । दीर्घकालीन योजनाका साथ यसको पूर्वाधारको सुधार, निजी र सार्वजनिक साझेदारीमा वृद्धि र नयाँ उडान मार्गहरूको सुरूआतले यसलाई एक प्रमुख आर्थिक हबको रूपमा परिणत गर्न सक्दछ । यसका अतिरिक्त, रेसुङ्गा विमानस्थलको सञ्चालित हुने प्रक्रियाले सामाजिक र आर्थिक दूरीलाई कम गर्ने, रोजगारका अवसरहरू सिर्जना गर्ने र स्थानीय समुदायको जीवनस्तरमा सुधार ल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ ।

## १३. सन्दर्भ

1. ACI EUROPE. (2024). Benefits of airports air connectivity [PDF] . Retrieved from https://www.aci-europe.org/

2. Civil Aviation Authority of Nepal. (n.d. ). About CAAN. Civil Aviation Authority of Nepal. Retrieved November 14-16, 2024, from https://www. caanepal. gov.np

3. Nepal Airlines Corporation. (n.d.). Welcome to Nepal Airlines. Nepal Airlines Corporation. Retrieved November 14-16, 2024, from https://www.nepalairlines.com

4. खत्री, अ. ( 2024, November 10-12). Nepal's economic recovery post-pandemic: Challenges and opportunities. Online Khabar. Retrieved from https://www.onlinekhabar.com

5. Transportation Research Board. (n.d.). ACRP Report 160: Case studies in airport resilience. Retrieved from https://onlinepubs.trb.org/onlinepubs/acrp/acrp_rpt_160_CaseStudies.pdf


ooo


# हार्दिक अनुरोध !

- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझ्नौं र ढुक्क बनौं ।
- गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

**शीतगङ्गा नगरपालिका**

ठाडा, अर्घाखाँची

# रेसुङ्गा

✍ **श्रीराम ज्ञवाली**
**रुरुक्षेत्र-५, बम्घा, गुल्मी**

रेसुङ्गाको वन वन डुली गाई वस्तु चरेका ।
छङ् छङ् छङ् छङ् झरझर गरी हेर झर्ना झरेका ।।
चीसो चीसो वनवन हवा चल्न लाग्यो सबेरै ।
जाऊँ क्यारे सहजसित यो घुम्नलाई उठेरै ।।१।।

गौंडाकोटे जनहरू त्यहाँ आउँछन् पूर्वबाट ।
तम्घासेले नवीन पथमा पार्दछन् खुब ठाँट ।।
सिँढी चढ्दा नउसय बढी थाक्न पो सक्छ त्याहाँ ।
घुम्ने इच्छा नहुन कसको हेर लौ सक्छ त्याहाँ ।।२।।

आए शृङ्गी ऋषिहरू बसे पत्नीकासाथ पैले ।
नौला नौली हनिमुन भनि आउँछन् हेर ऐले ।।
थोपा खस्दा अमृत सुरको बन्दियो स्वर्ग ठाउँ ।
भन्ने वाणी शशीधरजीको आज लौ सुन्न पाऊँ ।।३।।

स्वामीजीले तप कति गरे मुक्तिको मार्ग खोजे ।
वैरागीले तृणकुटीमहाँ आई यैं बस्न रोजे ।
वैरागीले आए नरपति सबै कोही बाँकी रहेनन् ।
रेसुङ्गाको पवन नलिने लोक जो एक छैनन् ।।४।।

त्रेता युग्मा पथ पयर भो रामको दिव्य याहाँ ।
तिर्खा लाग्यो जल पनि कतै छैन भेटिन्न जाहाँ ।।
निस्क्यो पानी सर पनि रघुनाथले एक हाने ।
बाह्रै मासे मूल छ जलको राम कुवा बनाए ।।५।।

रेसुङ्गाको नयन मनको जोश्मनी सन्तधारा ।
लिन्छौं हामी यदी मनमहाँ जिन्दगीको सहारा ।।
के होला त्यो मनबिच रह्यो जोश्मनि सन्तधारा ।
रेसुङ्गा कथन नपढी शीघ्र जानिन्न सारा ।।३।।

रेसुङ्गाको तलतिर जहाँ पोखरी मिल्छ यौटा ।
आई बस्थे भनिकन सधै किंवदन्ती छ द्यौता ।।
आए राजा पृथिवी वरको खोजीमा यत्र घुम्दै ।
हाँस्यो डाँडा गगन पथमा गुल्मीको शिर चुम्दै ।।७।।

ooo

# गणतन्त्र

✍ **कृष्ण पन्थी**
**वैज्ञानिक**
**युनिभर्सिटी अफ टेक्सास, आस्टिन, अमेरिका**

कस्तो हरामी गणतन्त्र आयो ?
नेता हँसाई जनता रुवायो ॥
नेपालमा छैन नि चैन आज ।
बाठो धनी बन्छ गरीब माफ ॥१॥
सोभा र साभा जनता चुसेर ।
नेता भयो मन्त्रीसमेत हेर ॥
के खालको यो गणतन्त्र आयो ।
सर्वत्र कोलाहल नै मचायो ॥२॥
पाखण्ड नेता अतिचार त्रास
अन्याय धेरै जनता निराश ॥
सर्वोच्च न्यायालयतर्फ हेर ।
नाङ्गै भयो वस्त्र सबै भिकेर ॥३॥
छोपी ती आँखा धनले ढपक्कै
अन्यायको दास भएर पक्कै ॥
पैसा बिटोमा सटही गरेरै ।
गर्ने भए न्यायसमेत धेरै ॥४॥
जताततै मानवको छ हत्या ।
साँढेहरूको नव राज्यसत्ता ॥
रह्यो र आशा पनि क्यै कसैको ?
बाटो भयो बन्द जताततैको ॥५॥
लिएर भाला खुकुरी खुडा ती ।
पेस्तोल बन्दूक सबै समाती ॥
छिन्नै छ पर्ने अति अत्यचारी ।
पापी बलत्कारी र भ्रष्टचारी ॥६॥
फर्केर आऊ अब दाजुभाइ ।
नेपालको गौरवमा रमाई ।
साच्चै छ गर्नु सुरूवात आज ।
नेपालको फेर्नू छ है मुहार ॥७॥

ooo

# कलम

✍ गोविन्दप्रसाद घिमिरे 'वेदमणि'

कलमको महिमा अविनाश छ
फगत साधन हो तर मूल्य छ ।
सकल लेखन सूत्र दिमागमा
जब जुट्यो तब बग्छ जहाँ तहाँ ।।

कलमले कविका कविता, कथा
निखिल निख्खर निर्मल नादका ।
प्रखर पौरख पर्वतझैं पुरा
प्रबल पार्छ प्रकल्पित पाखुरा ।।

कलम नै दिलको तल पुग्दछ
हृदयभाव लिईकन बग्दछ ।
सकल गन्ध सुगन्ध फिँजाउँछ
अनुपमा उपमा पहिल्याउँछ ।।

कलम लेख्छ कथा कविताहरू
सकलका सुखदुःख व्यथाहरू ।
अखिल जीव-वनस्पति-वेदना
फगत पोख्दछ सत्य सुभावना ।।

कलम देख्छ कुरा छलछामका
कपटका व्यवहार हरामका ।
प्रकट गर्छ विना डरले सदा
कलुष कुत्सित भाव र सम्पदा ।।

परम पार्छ परापर प्रेमका
प्रकृतिका अनमोल अपारका ।
घटक दुष्चर दुःशिल कारण
कलम देख्छ उपाय निवारण ।।

कलम पोत्छ मसी पिरती गरी
विविध रङ्ग उकेल्दछ बेसरी ।
नयन देख्छ यसै सँगमा बसी
सरस जाँच्छ सरी सुनमा कसी ।।

अगम आगम वा गमका कुरा
कलमकै रङमा सब छन् पुरा ।
विगतआगत जो इतिहासका
विषय देख्छ यही सब कालका ।।

कलम रेट्छ कतै तरबारझैं
कटक काट्छ कतै खुकुरी बनी ।
फगत शब्द बनाउँछ शस्त्रझैं
प्रलयकै बम फेक्दछ व्यङ्ग्यमै ।।

कलम फूलसुधा पनि छर्दछ
झलल पुष्पित वाग गराउँछ ।
अनि परीसित नृत्य गराउँछ
अमर प्रेम छरीकन रम्दछ ।।

कलम रच्छ यहाँ अलकापुरी
शिवपुरी महिमामय सुन्दरी ।
विविध स्वर्ग र नर्क यहीं रची
जन नचाउँछ झैं सुरकी शची ।।

कलम शून्य हिसाव मिलाउँछ
अऋणमा ऋण नै पनि पार्दछ ।
अलिक त्यो रकमी जब बन्दछ
धनिक रङ्क र रङ्क धनी त छ ।।

कलमले सपनाहरू कोर्दछ
शिखरमा कहिले मन फेक्दछ ।
सुतलमा कहिले छ समुद्रको
अकल झिक्छ कतैतिर स्वर्गको ॥

कलमले कहिले त हँसाउँछ
हृदयमै कहिले त रुलाउँछ
विरहभाव उजागर पार्दछ
जनक दिव्य कुरा पहिल्याउँछ ॥

कलम दिव्य मुहार गराउँछ
कलम कीर्ति सुकीर्ति सजाउँछ ।
कलम मानव उच्च बनाउँछ
कलम प्रेम हुनेसित रम्दछ ॥

कलम मूर्ति कुची बनि रच्दछ
कलम वास्तु छिनो पनि बन्दछ ।
कलमको रचना परिपूर्ण छ
अमर लेखक रक्षक बन्दछ ॥

ooo

*// कविता //*

# बोल्दिनँ म

✍ **चरित्रा शाह**
**खजुरा-३, बाँके**

तर आज म त श्रवणशक्तिविहीन भएको छ
छेपारोको रङ झै कुरा फेरिन्छन् यहाँ
त्यसैले त चुपचाप छु आज म पनि
जे बोले पनि हुन्छ बोल्नको लागि
अहँ म बोल्दिनँ
त्यसैले त सुन्दिनँ अरेका कुरा
शून्य मानवतामा रुमलिएका
देखेर पनि सत्य कहाँ हुन्छ र !
नटनटीहरू बढ्दै गएको यो देशमा
हेराइका चस्माअनुसार बन्ने न हो आकार
पढेर आँखामा कसले छाम्न सक्छ र हृदयहरू
आफ्नै कानले सुनेको पनि सत्य नहुन सक्छ
त्यसैले भयो म मुख खोल्दै खोल्दिनँ
हृदयको लय समातेर दिमागले ग्रहण गर्ने कुरा हो सुनाइ
बरू मुखमा सातु हालेरै बस्छु
जसले जसरी पनि लिन सक्छ
अहँ बोल्दिनँ ।
भन्छन् बुढापाका भित्ताको पनि कान हुन्छ ।

ooo

# फुल्छ तब नै, नेपालको यौवन

✍ **कृष्णशरण उपाध्याय पौडेल**
**देवघाट, चितवन**

रोप्छन् 'कष्ट किसान शुष्क मनका, बारी र टारीभरि
थाप्छन् निर्धनता सदा हृदयका, थाली कचौरी भरि
खान्छन् वा पिउँछन् सदैव पसिना, मेटूँ म तिर्खा भनी
बाँच्छन् ती मुटुमा लिएर खटिरा, गाँठा र गिर्खा पनि ।।१।।

गोठाला जति गाउँछन् विरहका, गाना दिवा साँझमा
खेताला जति रोप्दछन् कहरका दाना गरा माझमा
बित्छन् वर्षहरू यसै किसिमले, धोकेर पीडा - मद
नेपाली हर काँधमा र शिरमा छन् आपदै आपद ।।२।।

जन्माएर खुशीहरू नयनमा, पालेर बोका खसी
हुर्काएर प्रसन्नता वदनमा, चुल्हा र चौका पसी
भोका पेट किसानका भरिदिए, इच्छा सबै पुग्दथे
सुर्केनी सुखका र ग्रन्थि मनका, बाधा विना फुक्दथे ।।३।।

बत्ती स्वप्निल तारका शहरका, बालेर ढोकाभरि
बोकी भोक अभाव गाउँ घरका, थुन्से र डोकाभरि
ओर्लेको सरि लाग्छ देश अहिले, चढ्दा उकालाहरू
खस्केको सरि लाग्छ राष्ट्र जहिले, बढ्दा भिरालाहरू ।।४।।

छन् नेतृत्व जहाँ अनेक थरिका, धोका दिने मात्र नै
छन् आश्वासनका सुवर्ण धनका, पोका दिने मात्र नै
हिँड्ला देश विकासको शिखरमा, खै के गरी लौ भन
घाती मासिनुपर्छ फुल्छ तब नै, नेपालको यौवन ।।५।।

ooo

**पुस्तक, पत्र-पत्रिका किनेर पढ्ने बानी बसाल्नुहोस् ।**

# नाथे सुन

✍ **मित्र गौतम**
**अमरपुर, गुल्मी**

ए नाथे सुन !
मेरो कुरा सुन
के छ तेरो गुन?
बरू तँ भन्दा त
गुनिलो छ नुन ।
आजकल खुबै फुर्तिफार्ती छ तेरो
निकै भाउ बढेको छ
तेरो भाउ बढे मलाई बालमतलब ?
तेरो भाउ बढेर
न मेरो भान्सा अड्कन्छ
न मेरो ढाडै सड्कन्छ ।
तेरो सङ्गतै गर्नु छैन मलाई
तँलाई घाँटीमा भिरूँ त
फाँसीको फन्दा जस्तो लाग्छ
म स्वतन्त्र, उन्मुक्त बाँच्न चाहनेलाई
तैँले चरप्प
घाँटी नै अठ्याउँछस्
औँलामा औँठी बनाऊँ त
औँला टट्याउँछस् ।
दाहिने औँलामा लगाऊँ
खाना खाँदा सिकसिक
बायाँमा लगाऊँ त
आची अड्कने दिगमिग
घरि दायाँ सारूँ
घरि बायाँ सारूँ
यो झन्झट
किन ब्यहोरूँ ?
चेन बनाई नाडीमा लगाऊँ त
हत्कडीको आभाष हुन्छ

सम्झँदा नै चसक्क मुटु छुन्छ ।
न फाली बनाई हलो जोत्नु
न कोदाली बनाई बारी खन्नु
अलि जोड परे लल्याकलुलुक हुन्छस्
फलामको दाँजोमा कहाँ पुग्छस् ?
न चैनले सुत्न दिन्छस्
ऐन मौकामा ज्यानै लिन्छस्
के के हो के के काण्ड घटाउँछस्
मै हुँ भन्नेलाई पनि फ्याट्टै फसाउँछस् ।
तँ जाबो असती मोरो
सङ्गतले पार्छस् धर्मरो
तेरो भाउ बढ्नु, घट्नु
तेरै आफ्नो किस्मत
कागलाई बेल पाक्यो
हर्ष न विस्मात !

ooo


# हार्दिक अनुरोध !

- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

**धुर्कोट गाउँपालिका**

बर्बोट, गुल्मी

// गजल //

# नमस्कार !

उषा जोशी
कैलाली

तिमी हराएको धेरै भयो
उदासी छाएको धेरै भयो

ठोकिदा मुटुसङ्ग यादहरू
नयन रसाएको धेरै भयो

ओइलाए बगैंचामा फूलहरू
माली नपाएको धेरै भयो

आमा भोको पेट डकार्छिन्
छोराले नखाएको धेरै भयो

सम्झेर मुनामदनको कथा
हृदय डराएको धेरै भयो

शहरमा मोबाइल चल्दैन र ?
खबर नआएको धेरै भयो ।

ooo

## हार्दिक अनुरोध !

- गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर, व्यवसाय करलागयत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिताअनुसार नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न हुने फोहरलाई उचित व्यवस्थापन गरी सफा, सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
- खाद्य पदार्थहरूमा विषादिको प्रयोग नगरौं ।

अनुरोधक
**पाणिनि गाउँपालिका**
दुर्गाफाँट, अर्घाखाँची

# हाम्रो झण्डा

✍ **भाष्कर गौतम**

झन्डा राष्ट्रिय भावविम्ब र प्रभा संस्कारको द्योतक ।
झन्डा संस्कृति, सभ्यता र गरिमा आस्था सदा बोधक ॥
झन्डा शक्ति र देशभक्ति जनको प्रत्यक्ष दर्शाउँछ ।
झन्डा हो नि विशेष चिह्न यसमा सम्पूर्णता आउँछ ।

***

रातो सिम्रिक रङ्ग मङ्गल कला सामर्थ्य सौन्दर्य हो ।
सेतो वर्ण छ निष्कलङ्क मन हो सद्भाव तात्पर्य हो ॥
नीलो रङ्ग प्रतीक हो हृदयको प्रज्ञा र गाम्भीर्य हो ।
यस्को तत्त्व समष्टिमा सकलको कल्याण सत्कार्य हो ॥

***

आभा सूर्य प्रताप हुन् तम सरी गर्छन् नि वैरी पर ।
आत्मामा करुणा छ जागृत भनी ती चन्द्र भन्छन् घर ॥
यस्मा छन् नि त्रिकोण ती अ उ म जो सङ्केत ॐकार हुन् ।
हाँक्ने जो छ नि विश्वशक्ति त्यसकै चैतन्यका सार हुन् ॥

***

झन्डाको छ विशेषता युगयुगौं लत्रन्न झुक्दैन यो ।
हो स्वाधीन स्वतन्त्र तेजमणि झैं चम्कन्छ डग्दैन यो ॥
यो जीवन्त प्रभाव वीरगतिको आदर्श दृष्टान्त हो ।
हाम्रो आदर हो र उच्च गति हो वीरत्व वृत्तान्त हो ॥

***

ooo

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का
आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा
सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

*// लेख //*

# पं. ऋषिराम पन्थीको मृत्यु-प्रतीक्षा

✍ **डा. रामराज पन्थी**
**बुढानीलकण्ठ, काठमाडौं**

गुल्मी धुरकोट रजस्थल पन्थीटोलाबाट पण्डितटोला भयो अथवा पण्डित टोला पहिलेदेखि नै थियो यो बताउन पन्थी वा वाग्लेको इतिहासतर्फ जानुपर्ने देखिन्छ । हाम्रा पूर्वज पन्थीहरू गुल्मीको वाग्ला भन्ने स्थानबाट धुरकोट रजस्थलमा बसाइसराइ गरी आएको पन्थी वंशावलीमा देखिन्छ । पन्थीहरू पढेलेखेका शास्त्रार्थ गर्न जान्ने भएकोले तत्कालीन राजा रजौटाको सल्लाहकार भएका राजसभामा यिनीहरूको प्रभाव रहेको अनुमान गर्न गाह्रो छैन । त्यसो ता त्यो भेकमा अन्य ब्राह्मण परिवार घिमिरे, पोखेल, खनाल, पाण्डे र भण्डारी थिए । उनीहरूको भूमिका कस्तो थियो खोजविनको विषय हुन सक्छ ।

पं. माधवप्रसाद उपाध्याय पन्थीका तीन भाइ छोराहरू : यज्ञमूर्ति उपाध्याय पन्थी (जेठा), श्रीकृष्ण उपाध्याय पन्थी (माइला) र ईश्वरी उपाध्याय पन्थी (कान्छा) भए । समयक्रमसँगै विद्याआर्जन वा सामाजिक काममा लागेर आआफ्नो पहिचान बढाउँदै गए र कालान्तरमा छुट्टिभिन्न भई स्वाध्याय व्यवसायमा लागी आफ्नो समयका विद्वान् वा समाजसेवी कहलिए ।

धुरकोट रजस्थल पण्डित टोलाको छुट्टै पहिचान बनेको छ । माधवप्रसाद उपाध्याय पन्थी साविकै बसेको घरमा कान्छा छोरा ईश्वरीसँग रहनु भएकोले त्यो हाँगोलाई बुढाघरे, माइला श्रीकृष्ण, आफ्ना पिताजीभन्दा अलि तल घरमा रहनुभयो । यो हाँगोलाई तल्लाघरे र जेठा यज्ञमूर्ति अलि पर जानुभयो त्यस हाँगोलाई पल्लाघरे नामकरण गरी सजिलै हामी सन्ततिहरू कताका हाँगाका हौं जान्न सकिन्छ । यो बुढाघरे, तल्लाघरे र पल्लाघरेको पहिचान चाहे बुटवल वा काठमाडौं अथवा भैरहवा जहाँ भए पनि छुटेको छैन । यसरी हाम्रो थातथलोको पहिचान र गाउँघरे नामकरण कायम गरिएको पाउँदा हामीलाई खुसी पनि लाग्छ र रमाइलो पनि ।

यस आलेखलाई पं. ऋषिराम उपाध्याय पन्थीतर्फ केन्द्रित गर्न चाहन्छु । तल्लाघरे अर्थात् श्रीकृष्ण उपाध्याय पन्थीका सात भाइ छोराहरूमध्ये ऋषिराम ठाइँला वा छैठौं नम्बरका छोरा हुनुहुन्छ । मध्यमासम्मको अध्ययन तीनधारा संस्कृत पाठशाला, कठमाडौंबाट पूरा गरी सरकारी शिक्षण कार्यलाई मुख्य पेशा बनाउनुभयो भने अतिरिक्त पेशामा श्रीमद्भागवत् अध्ययन, पुराणवाचन वा धार्मिक

अनुष्ठान कार्य गर्नु गराउनुभयो । यस कार्यले गर्दा समाजमा उहाँलाई गुरु भनेर आदरभाव प्रकट गर्थे भने कसैले ठाइँला पण्डित भनेर सम्बोधन गर्दथे । छिमेकी गाउँ वा अन्यत्र जिल्लामा समेत हामीहरूले आफ्नो परिचय दिदा ठाइला पण्डितका नाति नातीना वा सन्तति भनेर गर्वले चिनाउँथ्यौं र बडो माया, आदर पाउँथ्यौं । जीवनमा उहाँले ४० वर्षभन्दा बढी बाग्लुङ र गुल्मी जिल्लामा सरकारी शिक्षण पेशामा व्यतीत गर्नुभयो । पण्डित ऋषिराम पन्थीले गुल्मी धुरकोट वस्तु हटियाको संस्कृत भाषा पाठशाला वि.सं.१९८१ सालमा स्थापना गर्नुभयो जुन अहिलेको श्री हिमालय माध्यमिक विद्यालयको आधारशिला तयार भएको मान्न सकिन्छ । त्यस्तै बाग्लुङ जिल्लाको सदरमुकामको चौरमा वि.सं. १९७१ सालतिर उहाँले नै संस्कृत भाषा पाठशाला स्थापना गर्नुभएको थियो ।

वि.सं. २०१६ सालतिर उहाँ सरकारी शिक्षण पेशाबाट निवृत्त हुनुभयो । अब उहाँको दैनिकी परिवर्तन भयो, नियमित स्कूल जान नपर्ने भयो र धार्मिक पुस्तकको स्वाध्यायनमा लाग्नुभयो । मैले उहाँलाई जान्दा घरको पेटीमा बसेर रामगीता वा अष्टावक्र गीता अध्ययन गरिहेको देख्थें । उमेर अवस्था अनुसार तीर्थ, व्रत, दान, धर्म, यज्ञकर्म आदिमा रुचि हुनु स्वाभाविकै हो । पण्डित ऋषिराम पन्थी सात्विक, सदाचारी, साँस्कारिक र अध्यात्म चिन्तन गर्ने एक कर्मनिष्ठ पण्डित हुनुहुन्थ्यो । गुल्मी जिल्लाकै अत्यन्त पवित्र मानिने तीर्थस्थल रिडी यस भेकका मानिसको कल्पवास होस् वा मृत्यु संस्कार किन नहोस् यही गण्डकी आम मानिसको पहिलो रोजाइ पर्दछ । गुल्मी, अर्घाखाँची र स्याङ्जा जिल्लाको त्रिवेणी संगममा रहेको नेपालको चार धाममध्येको एक धाम पवित्र तीर्थस्थल रिडीलाई उहाँले साधनास्थल वा मोक्षभूमिको रूपमा लिनुभएको देखिन्छ । प्रत्येक नववर्ष वैशाख महिना, कार्तिक ठूली एकादशी, माघे सङ्क्रान्ति वा मकर सङ्क्रान्ति यी तीन महिना विशेष उत्कृष्ट मानिन्छन् । यी पवित्र महिनामा उहाँ रिडीमा एक - एक महिना तीर्थाटन वा साधनाको लागि आउनुहुन्थ्यो । नित्य गंगास्नान, प्रसिद्ध ह्रषीकेश मन्दिरमा भगवान्को दर्शन, पाञ्चायान देवताको पूजा, बलिवैश्वदेव र तर्पण आदि गरेपछि सात्विक भोजन गर्नुहुन्थ्यो । रिडीमा बस्ने खाने व्यवस्था उहाँका भतिजा पण्डित ढुण्डीराज पन्थीका जेठा छोरा पण्डित उमानाथ पन्थीको गृहस्थाश्रम हरिकला पन्थीको कुटिमा रहेको बुझिन्छ । पण्डित ऋषिराम पन्थीको रेखदेख सेवा सुश्रुषा उहाँकी धर्मपत्नी स्वयं वाग्मतीदेवी पन्थीले गर्नुहुन्थ्यो । उहाँको सेवा नै आफ्नो परम धर्म सम्झिनुहुन्थ्यो । प्रायः उहाँको साथमा आफ्नै प्रिय नाति गोविन्द पन्थी हुनुहुन्थ्यो ।

वि.सं. २०१८ -२०१९ सालतिर "असारे प्रभु" नामले थानेश्वर पन्त एकाएक यस भेकमा देखा पर्छन् । पाल्पा जिल्लाको देउले अर्चलेका बासिन्दा थानेश्वर पन्त सामान्य खेती किसानी गरेर जीवन निर्वाह गरेका व्यक्ति हुन् । पढाइलेखाइमा कुनै विशिष्टता हासिल गरेका व्यक्ति पनि होइनन् केवल साक्षर हुन् । उनी सामान्य परिवारका घरगृहस्थीमा श्रीमती, छोराछोरीसित बसोवास गरेका व्यक्ति कसरी प्रभु भए यो रहस्यको विषय देखिन्छ । त्यो समय भनेको पञ्चायती व्यवस्थाको अति आक्रामक अवस्था थियो । पञ्चायतइतर लोकतान्त्रिक व्यवस्थामा आस्था राख्ने सबैप्रति प्रतिशोधको भावना व्याप्त थियो । कसै कसैले असारे प्रभुलाई "प्याँले प्रभु" पनि भन्दथे अर्थात् पहेंलो वस्त्रधारी भएकोले होला । उनी भविष्यवेत्ता या अन्तरयामी भनी प्रचार-प्रसार निकै भएको सुनियो गुल्मी धुरकोटमा । लोकआवाज यस्तो पनि सुनिएछ - नेपालका राजा महेन्द्रको अनिष्टको बारेमा भविष्यवाणी गरेको मिलेछ । उता भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको बारेमा मिलाएछन् । यस्तै यस्तै ..... । मनवाग नजिक देउले अर्चले भन्ने स्थानका सामान्य परिवारका यी कसरी प्रभु कहलिए ? कसरी भविष्यवेत्ता भए ? त्यसतर्फ म जान चाहिनँ । त्यो कुनै कालखण्डको अलौकिक रहस्य जस्तो लाग्ने विशेष प्रचार के थियो कतै प्रमाण भेटिएमा उल्लेख हुने नै छ । मैले यहाँ उल्लेख गर्न चाहेको पण्डित ऋषिराम पन्थी प्रभु निकट कसरी पुग्नुभयो र उहाँको भविष्यको बारेमा के कस्तो बताए, त्यसको बारेमा संक्षेपमा राख्न चाहन्छु ।

वि.सं २०१९ सालतिर हुनुपर्छ पं.ऋषिराम पन्थी रिडीको एक महिने कल्पवास सकेपछि आफ्नो घर धुरकोट फिर्ता हुँदा असारे प्रभुलाई भेट्ने इच्छा जागृत भएछ । यो कुरा उहाँले आफ्नी धर्मिणी वाग्मतीदेवी र सहयोगीलाई भन्नुभएछ । पं. ऋषिराम पन्थी सहयोगीका साथ असारे प्रभुको निवास देउले अर्चलेमा पुग्नुभएछ । उनी त्यसबेला स्नानादि नित्यकर्म गर्न हातमा सानो गाग्री लिएर घरबाट निस्किदै रहेछन् । एक आपसमा सामान्य परिचय भएपछि पं.ऋषिरामले भविष्यको बारेमा विशेष गरी आफ्नो आयु कति छ ? अर्थात् कति दिन बाँचिन्छ ? भनेर जिज्ञासा राख्नुभएछ । प्रभुले ऋषिरामको मुखाकृति मात्र हेरेर तीन वर्ष पछि तपाईंको मृत्युयोग देखिन्छ भनेछन् । पं.ऋषिराम पन्थीले अझ प्रष्ट पार्न आग्रह गर्दा प्रभुले तपाईंको वि.सं २०२२ साल वैशाख २९ गते तदनुसार ... बारमा मृत्यु हुन्छ भनिदिएछन् । यो भयावह भविष्यको सन्निकट मृत्युको कुरा सुनेपछि पं. ऋषिराम अलि फिका चेहरायुक्त र भावुक हुनुभएछ । तैपनि साथमा आएका साथी संगीहरूलाई यो लेखान्तको खेल हो भनेर सान्त्वना दिन थाल्नुभएछ । हे दैव ! के सुन्नुपर्‍यो । धर्मिणी वाग्मतीले लामो सुस्केरा

हाल्नुभएछ । शिक्षण पेशापछि सेवा निवृत्त, धार्मिक कार्यमा समर्पित छोरा, छोरी, पत्नी, नाति, नातिना घरमा भएका सुखपूर्वक जीवन यापनमा लागेका सामाजिक मान, प्रतिष्ठा आदि भएको अवस्थामा मृत्युयोगले धर्मपत्नीलाई अलि विचलित बनायो । प्रभुले भनेको कुरा बिर्सिन खोजे पनि बारंबार आइरह्यो यो तिथि ...यो मिति....मा तिम्रो मृत्यु .... । यो स्वाभाविकै हो तापनि मृत्यु शब्द भयावह नै लाग्छ सबैलाई । उहाँले अर्थात् पं. ऋषिराम पन्थीले तुरुन्तै जिज्ञासा राख्नुभयो - के यसलाई अर्थात् मृत्युलाई टार्न सकिदैन ? सबैले बुझिआएको हो कि मृत्युलाई किमार्थ टार्न सकिदैन । कविशिरोमणि लेखनाथ पौडेलले भनेजस्तै :

**'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।**
**इन्द्रै बिन्ति गरून् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ।।'**

तैपनि ऋषिरामलाई सान्त्वना दिदै तत्कालै प्रभुले बताएछन् - तपाईंले मृत्युमोचन कार्य गरेमा मृत्यु तत्कालको लागि टर्न पनि सक्छ । मृत्युञ्जय यज्ञ यज्ञादि कर्म, दान दक्षिणा गरेपछि यो कालको खड्को टर्छ । यस अन्तरगत धार्मिक अनुष्ठान कार्य गरी तिलतैल, कालोवस्त्र, सुन र भैंसी आदि दान गरेमा कालमोचन हुन सक्छ । यी सब कुराको जानकारी भएपछि पं.ऋषिराम आफ्नो जन्मथलो धुरकोट पण्डित टोला जानुभएछ । घरमा सबै परिवारसँग आफ्नो भविष्यवाणी मृत्युयोग भएको कुरा बेलिविस्तार लाउनुभएछ । घरमा सबैजना स्तब्ध भए र सन्नाटा छायो, एकैछिनमा रूवाबासी भएछ । भनिन्छ "मर्नुभन्दा बौलाउनु निको" उहाँले घर सल्लाहअनुसार धार्मिक अनुष्ठान पनि गर्नुभयो, दान दक्षिण भनिए अनुसार गर्नुभएछ ।

दिन, महिना, वर्ष गर्दै समय सकिन लाग्यो, अझ भनौं प्रभुले तोकेको मिति २०२२ साल नजिकै आयो । काललाई बडो असहजताका साथ स्वीकार्दै वैशाख महिनामा घरबाट बिदाबारी भई रिडीको लागि प्रस्थान गर्नुपर्ने भयो । यस्तो विषम परिस्थितिमा घरका सदस्यहरू : श्रीमती, छोराहरू साथमा आउनुपर्ने बाध्यता आइलागयो । आफ्ना दाजुभाइ, बन्धुबान्धव, इष्टमित्र र छरछिमेकी मान्यजन सबैसित बिदा मागी मृत्युको मिति स्मरण गर्दै २०२२ साल, वैशाख महिना जुन तिथि, बार, नक्षत्र भनेका थिए त्यसैमा पुग्ने गरी अविलम्ब रिडीतर्फ लाग्नुभयो । सोही समयमा कुनै पनि कुराको पश्चात्ताप नगरी मृत्युवरण गर्न गंगाजीका तटमा आफ्ना चरणले गंगा जल स्पर्श हुने गरी सूर्यलाई अर्घ दिई गंगा समाधिको लागि तयार हुनुभयो । उता परिवारजन : छोराहरू युवराज पन्थी, गुणानिधि पन्थी, प्रेमराज पन्थी र खिमराज पन्थी अत्यन्तै पिडादायी क्षण सम्झेर मलिन अनुहारमा गंगा तटमा प्रतीक्षारत देखिन्छन् । बडो कौतुहल वा

विस्मातको अवस्था थियो सायद । एक कान दुई कान गर्दै कैयौं मानिसहरू पनि प्रभुको भविष्यवाणी मिल्ने वा नमिल्ने भनेर गंगा किनारमा व्यग्र प्रतीक्षामा थिए । विं.सं. २०२२ साल वैशाख २९ गते बिहान सूर्योदयसँगै गंगा तटमा मृत्यु प्रतीक्षामा रहनुभएका ऋषिराम बेलुकी ८ बजेसम्म गंगाजल मात्र सेवन गरी बस्नुभयो तर चित्रगुप्तको पत्र लिएर कोही दूत आएनन् । प्रभुले दिएको समय व्यतीत भयो तर काल लिन आएन वा यमदूत अझै पुगेनन् रिडीमा । भनिएको पनि छ :

**'अरक्षितम् तिष्ठति दैव रक्षितम् सुरक्षितम् दैव हतम् विनश्यति ।**
**जीवत्यनाथोपि वने विसर्जित कृतः प्रयत्नोपि गृहेनजीवति ।।'**

विं.सं. २०२२ साल वैशाख २९ गते पं. ऋषिराम पन्थीले मृत्यु वरण गर्ने असारे प्रभुको भविष्यवाणी गण्डकीको भेलसँगै बगेर गयो । यो दृश्य त्यहाँ सम्बन्धित वा असम्बन्धित सबैले प्रभुको भविष्यवाणी जाँचकीको रूपमा हेरिरहेका थिए । पं.ऋषिराम पन्थीको खाने बस्ने स्थानको व्यवस्थामा निगरानी बढाइयो । प्रभुको भविष्यवाणी मेल नखाएपछि अरू केही अवाञ्छित घटना केही हुन्छ कि ! भनेर स्वजनहरू सचेत भए ।

वैशाख २९ गतेको भविष्यवाणी मरण पूरा नभएपछि पं. ऋषिराम पन्थीलाई उहाँका परिवारजनले बाजागाजासहित मृत्युञ्जयको रूपमा लिई आफ्नो जन्मभूमि धुरकोट लिएर गए । कुनै मानिसको मृत्यु अवधि क्यान्सर आदि घातक रोग लागेमा चिकित्सकबाहेक अन्य स्वयं घोषित प्रभुले भन्ने गरेको यदाकदा मात्र सुनिन्थ्यो । एक निरोगी कर्मनिष्ठ सात्विक ब्राह्मणले दिन गन्तीमा मृत्युको प्रतीक्षामा बस्दा कति मानसिक पीडा भयो होला ? त्यो ता केवल अनुमान मात्र गर्न सकिएला । आफन्त वा प्रियजनमा कति बेचैन भयो होला ! हाम्रोजस्तो पिछडिएको सामाजिक संस्कारले जकडिएको परिवारमा कथित प्रभुको भविष्यवाणी मान्नुको अरू के नै विकल्प थियो र ?

एक किसिमले पं. ऋषिरामले मृत्युमाथि विजय प्राप्त गर्नुभयो । उहाँ अब सामान्य जीवन यापनमा फर्कनुभयो । पवित्र रिडीप्रति उहाँमा श्रद्धा छदै थियो अझ प्रगाढ भयो । अहिले मरण नभए पनि भविष्यमा अवश्य मरिन्छ र मेरो समाधि यही हुनेछ र मलाई मोक्ष प्राप्त हुनेछ भन्नेमा उहाँ विश्वस्त हुनुहुन्थ्यो सायद । पं. ऋषिरामको रिडीमा पनि साधु, सन्त र विद्वान्हरूसँग शास्त्रार्थ सङ्केत पनि बढ्दै गयो । यसै क्रममा वेदान्त दर्शनका प्रकाण्ड विद्वान् ब्रह्मविद् श्री गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यू प्रमुख हुनुभएको अद्वैत संस्था नेपालमा स्थापना भएर प्रचार-प्रसारको अवस्थामा थियो । वि.सं. २०२४-२०२५ सालतिर हुनुपर्छ गुरुदेव

डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूले पश्चिम नेपालको पवित्र स्थल रिडीमा पनि शाखा खोलेर अद्वैत संस्थाको बारेमा प्रवचन दिनुहुन्थ्यो । पं.ऋषिराम पन्थी पनि गुरुदेव चक्रवर्तीज्यूको सम्पर्कमा आउनुभयो । "ब्रह्म सत्यम्, जगत् मिथ्या" अर्थात् एकात्मवाद केवल ईश्वर वा भगवान् जो चराचर जगत्को पालक हुनुहुन्छ यो सत्य हो अरू सबै देखिने भौतिक वस्तुहरू नाशवा्न छन्, क्षण भङ्गुर छन् । पं.ऋषिरामको अद्वैत संस्थाप्रति आस्था अझ बढेर गयो । आदरणीय डा. क्षितीशचन्द्र चक्रवर्ती गुरुज्यूले रचना गर्नुभएका वेदान्त पुस्तकहरूको अध्ययनमा तल्लीन हुनुभयो । "हुने हार दैव नटार" भने जस्तै कर्तव्यनिष्ठ पं.ऋषिराम पन्थीको इह लिला भनौ या भौतिक शरीरले विं.सं. २०२९ साल कार्तिक अमावश्या तिथिमा ७९ वर्षको सांसारिक सुखदुःख भोग गरी विश्राम लियो । आत्मा भने अमर नै छ । उहाँले स्थापना गरेका स्कूलहरूबाट शिक्षा आर्जन गरी शिष्यहरू आज देश देशावरमा फैलिएका छन् । पं.ऋषिराम पन्थी मृत्युपर्यन्त पनि बाँचिरहनु भएको छ । असतो मा सत्गमय । तमसो मा ज्योतिर्गमय । मृत्योर्मा अमृतम् गमय । भावपूर्ण श्रद्धाञ्जलि पितामह ।

***(गोविन्द पन्थीज्यूसँगको कुराकानीमा आधारित)***

ooo

---

*// कविता //*

# गजल

**✍ लीलाराज दाहाल**
**बागमती-११, कर्मैया, सर्लाही**

मलाई यसरी बिगार्नु बिगारे
यो मान्छेको जात म के जानूँ ?

बेइमानीको बात म के जानूँ ?
चोरी ठगीको भात म के जानूँ ?

विश्वास विश्वासमै हुर्के, बढे
अविश्वासको लात म के जानूँ ?

कस्तो तातो हो ! कस्तो नशालु
प्रशंसाको मात म के जानूँ ?

सहयोगी देखिए पहिले निकै
कोखामा छन् दाँत म के जानूँ ?

फुकाले तिनले त इज्जत् सबै
नग्नताको खात म के जानूँ ?

ooo

# हार्दिक अनुरोध !

- गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर, व्यवसाय करलागयत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिताअनुसार नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न हुने फोहरलाई उचित व्यवस्थापन गरी सफा, सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
- खाद्य पदार्थहरूमा विषादिको प्रयोग नगरौं ।
- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

# छत्रदेव गाउँपालिका

छत्रगञ्ज, अर्घाखाँची

# दुःख/सुख

✍ **महानन्द ढकाल**

कम्मरमा सेतो पटुका, छिटको गुन्यू, कालो चोली र चोलीमाथि तिलहरी सहितको पहेंलो पोते लगाएकी पुतलीले आंगनबाट हातको पाली लगाएर हेरेको आकृति क्रमशः नजिकिँदै गयो र पुतलीलाई झ्याम्म अंगालो हालेर रुन थाल्यो । यसरी अँगालोमा बेरिएर रुने आकृति अरू कसैको नभएर भारतको नयाँ दिल्लीमा बेचिएकी चेली नानी थंकुको थियो । दुबैजना आँखालाई सजल बनाएर केहीबेर रोइ मात्र रहे । रुवाइले निमन्त्रण गरेको मौनतालाई चिर्दै पुतलीले भनी, "बस्नुस् नानी म भित्रबाट पानी लिएर आउँछु" भन्नेबित्तिकै एक अम्खोरा पानी नन्दका अगाडि राखिदिएकी मात्र के थिई नानी थँकुले एकै सासमा पानीलाई घुट्को लगाएपछि उनीहरू दुईबीच कुराकानीको शृङ्खला सुरू भयो ।

यतिखेरसम्म आँखा ओभानो पारिसकेकी नानी थँकुले सोधी, "भाउजू, तपाईंहरू माथि दैव पनि के साह्रो निष्ठुरी बनेको ? मलाई त तपाईंहरूमाथि परेको विपत्तिले पोलेको छ । यो विपत्ति कसरी आइलाग्यो भाउजू ।"

प्रतिउत्तरमा पुतलीले भन्दै गई, "खै के भनौं नानी, जहाँ पातलो त्यहीँ छिड पर्ने रहेछ । यसपालिको वर्षाले हाम्रो हुर्मत लियो । खेतमा काम गर्न जानुभएका दुबैजना दाजुलाई बाढीले निल्यो । त्यही दिन घर लडेर दुई जना दिदी र आमाले पनि धर्ती छोड्नुभयो । कसोकसो म र तपाईंको कान्छा दाइ बजार निस्किएका थियौं । आउँदा त्यो सबैको कर्म देख्नुपर्‍यो ।"

यति बोलेर केहीबेर निःशब्द भएकी पुतलीले रुन्चे स्वरमा फेरि भन्न लागी, "अहिलेको गरिबी, पीडा र अभाव भोग्दा हामी किन बाँच्यौं जस्तो लाग्छ ।"

पुतलीको भनाइलाई बीचमै रोकेर नानी थँकु बोल्न मात्र के लागेकी थिई एउटा चिच्याउँदै गरेको आवाजले उनीहरूको ध्यान तान्यो । अष्टनारायण हर्षविभोर हुँदै खुशीले पागल जस्तै भएर पुतलीलाई भन्न थाल्यो, "पुतली हाम्रा दुःखका दिनहरू गए । हेर त मलाई डिभी परेको छ । हो अब हामी सबै अमेरिका जाँदै छौं अमेरिका ।"

ooo

**पुस्तकालयमा गई पढ्ने बानीको विकास गरौं ।**

// निबन्ध //

# नोबेल साहित्य पुरस्कार जित्ने पहिलो एसियाली महिला



✍ **जयदेव गौतम**
**बगनासकाली–५, पाल्पा**
**हाल – भर्जिनिया, अमेरिका**

हाल हामीसँगै हातेमालो गर्दै हिँडिरहेको विक्रमाब्ध २०८१ को असोज महिना (सन् २०२४ अक्टोबर १०) देखि अचानक दक्षिण कोरियाकी लेखक हान काङको नाम विश्वव्यापी बन्यो । यद्यपि, त्यसभन्दा पहिले पनि उनको नाम स्वदेशको सीमाना नाघेर केही देशहरूसम्म त पुगेको थियो र ती ठाउँहरूमा उनी धेरथोर चिनिएकी पनि थिइन् तर यसबाजी भने उनको नामले संसारका सबै देशलाई छोयो, अनि उनलाई विश्वविख्यात व्यक्तित्व –ग्लोबल सेलिब्रेटी– पनि बनाइदियो । यसको कारण बडो सरल रह्यो– यी त्रिपन्न वर्षीया लेखकले सन् २०२४ को नोबेल साहित्य पुरस्कार पाउने भइन् । यो घोषणा भएसँगै सर्वत्र उनको चर्चा चुलिन पुग्यो ।



नोबेल साहित्य पुरस्कार पाउने उनी दक्षिण कोरिया मात्र नभएर सिङ्गो एसियाकै पनि पहिलो महिला लेखक हुन् । एसियाबाट पहिलो पटक नोबेल साहित्य पुरस्कार (ब्रिटिसकालीन) भारतका कवि तथा लेखक रवीन्द्रनाथ टैगोरले सन् १९१३ मा पाएका थिए । यो पुरस्कार दिन थालिएको त्यो अवसर तेह्रौं वर्ष थियो । हानलाई नोबेल साहित्य पुरस्कार दिइने घोषणा गर्दै माउ संस्था स्वीडिस एकेडेमीले भन्यो, "उनको गहन कवितात्मक गद्य-लेखनका लागि जसले इतिहास-प्रदत्त पीडाहरूविरूद्ध प्रतिरोध बोल्दछ र मानव जीवनको क्षणभङ्गुरता एवं नाजुक पक्षहरूको वाचाल उद्घाटन गर्दछ ।"

यो पुरस्कारका लागि उनका अन्य किताब एवं लेखनका अतिरिक्त सर्वाधिक प्रभावपूर्ण बन्यो, सन् २००७ मा कोरियाली भाषामै प्रकाशित भए पनि पहिलो पटक सन् २०१५ मा अङ्ग्रेजी अनुवादमा छापिएको उनको उपन्यास, "द भेजिटेरियन" । यस किताबको कथानक दक्षिण कोरियाली राजधानी सोलमा

आधारित छ र यसले एकजना आंशिक कलाकर्मी -पार्टटाइम आर्टिस्ट- गृहिणी यीयोङ-हाईको कथा भन्छ । ती महिलाले एक रात मानव क्रूरताले सिर्जिएको रक्तपातपूर्ण घटनाहरू भएको दुःस्वप्न देख्छिन् र त्यस लगत्तै मांसाहार परित्याग गर्छिन् । यस कुराले उनको व्यक्तिगत एवं पारिवारिक जीवनमा विध्वंशकारी परिणाम ल्याउँछ । यही मार्मिक, हृदयस्पर्शी एवं प्रभावपूर्ण चित्रण यस किताबमा लछेप्रै छ ।

हानलाई अन्तर्राष्ट्रिय पहिचान दिलाउने उनको उपन्यास "द भेजिटेरियन" सन् २०१६ मा 'इन्टरनेशनल बुकर प्राइज' पाउने पहिलो कोरियाली भाषिक किताब बनेको थियो र त्यसका लागि किताबकी लेखक हान काङ र त्यस किताबकी अङ्ग्रेजी अनुवादक डेबोराह स्मिथ दुबैलाई पुरस्कृत गरिएको थियो । त्यो समयमा अनुवादक स्मिथ विद्यावारिधिका लागि अध्ययन-अनुसन्धान गर्दै गरिरहेकी अठ्ठाइस वर्षीया विद्यार्थी थिइन् र उनले कोरियाली भाषा सिक्न थालेको पनि भर्खर छ वर्ष भएको थियो ।

(अहिलेसम्म अर्थात् पहिलो पटक छापिएपछिको सत्र वर्ष (सन् २००७-२०२४) को अवधिमा "द भेजिटेरियन" उपन्यास बत्तीस भाषाहरूमा अनुवाद भइसकेको छ । नेपालीमा पनि यो किताब यही शीर्षकमा प्रवीण अधिकारीको अनुवादमा बुक हिल पब्लिकेशन काठमाडौंले सन् २०२२ मा छापेको छ) ।

युरोपेली मुलुक स्वीडेनका उदार धनाढ्य अल्फ्रेड नोबेल -जो रसायन शास्त्री (केमिस्ट) हुनुका साथै सर्वाधिक विस्फोटक पदार्थ डाइनामाइट समेत अनेक कुराका आविष्कारक, इन्जिनियर र व्यापारी पनि थिए- ले इच्छा गरेबमोजिम सन् १८९५ मा स्थापना भएको र सन् १९०१ देखि प्रदान गर्न थालिएको नोबेल साहित्य पुरस्कार दुनियाँकै ठूलो र सम्मानित साहित्यिक पुरस्कार हो ।

अल्फ्रेडको इच्छाअनुसार गठित "नोबेल फाउन्डेशन" को पाँच सदस्यीय 'नोबेल कमिटी' को अन्तिम सिफारिसमा माउ संस्था "स्वीडिस एकेडेमी" ले अल्फ्रेड नोबेलको इच्छाबमोजिम भौतिकशास्त्र, रसायनशास्त्र, शान्ति, चिकित्सा वा मेडिसिन र साहित्य गरी पाँच क्षेत्रमा बर्सेनी नोबेल पुरस्कार दिँदै आउने गरेको छ । पछि - सन् १९६९ देखि भने- थप एक क्षेत्रका रूपमा अर्थशास्त्र विषयमा पनि नोबेल पुरस्कार दिन थालिएको हो ।

नोबेल साहित्य पुरस्कारअन्तर्गत हान काङले स्वर्ण पदक, प्रमाण-पत्र र एक लाख दश हजार अमेरिकी डलर नगद पुरस्कार प्राप्त गर्ने छिन् । प्रचलन अनुसार, अक्टोबरमा घोषणा भएर यो पुरस्कार अन्य पाँच विजेताहरूसँगै विश्व मानव अधिकार दिवस अर्थात् डिसेम्बर १० तारिखमा स्वीडेनको राजधानी स्टकहोममा प्रदान गरिने छ ।

“शुरूमा कविता लेखेर मैले आफ्नो लेखन–जीवनको थालनी गरेकी हूँ । त्यसकारण भाषाबारे मभित्र एक किसिमको मिश्रित भावना विकसित हुँदै आएको छ, मानौं यो एउटा असम्भव संयन्त्र हो । भाषा त एउटा त्यस्तो तीर जस्तो हो जो सधैँ एउटा सानो छेउबाट हुँदै बाहिरिन्छ र आफ्नो लक्ष्य भेदन गर्न सफल हुन्छ तर सँगसँगै यसले त्यस्ता भावना र संवेदनाहरू पनि सम्प्रेषण गरिरहेको हुन्छ जसले पीडा उत्पन्न गर्ने क्षमता बोकेका हुन्छन् ।” नोबेल पुरस्कार नपाउँदै आफ्नो तेस्रो उपन्यास 'ग्रीक लेसन्स' सम्बन्धी एक अन्तर्वार्तामा हान काङले भनेकी थिइन् ।


भाषाबारे यस्तो गहन विचार राख्ने हान काङको जन्म अक्षरको दुनियाँमै रमाउने परिवारमा भएको हो । उनको जन्म कोरियाली प्रायःद्वीपको छेउमा रहेको प्रान्तीय सहर ग्वाङ्जूमा २७ नोभेम्बर सन् १९७० मा भएको थियो । तिनताका त्यस सहरको जनसङ्ख्या करीब छ लाख हुने गर्थ्यो । उनका पिता हान सियुङ–वोन पनि एकजना प्रख्यात उपन्यासकार थिए र धेरै नै साहित्यिक पुरस्कारहरू पनि पाएका थिए (पछिल्ला दशकहरूमा हान काङले पनि तीमध्ये धेरै ओटा पुरस्कार जितिसकेकी छन्) । हानका दुईजना दाजुभाइ पनि लेखक हुन् ।

उनका पिता लेखकका साथै शिक्षक पनि थिए र उनको कामको सिलसिलामा परिवार यताउता स्थानान्तरण भइरहनुपर्थ्यो । यस्तोमा एक बालिकाको रूपमा हानले पाँचओटा प्राथमिक विद्यालयहरूमा पढ्नुपरेको थियो, तर त्यो बेला पनि किताबहरू भने उनका स्थायी साथी हुने गरेका थिए ।

जतिबेला सन् १९८० मा हान दश वर्षकी थिइन्, उनको परिवार ग्वाङ्जू छाडेर राजधानी सोल आइपुग्यो । त्यसभन्दा ठीक केही समय पहिले जनरल चून डू–ह्वान (जसलाई द.कोरियामा कसाइ –द बूचर– पनि भनिन्छ) ले सैनिक विद्रोह गर्दै सत्ता कब्जा गरेका थिए र देशमा सैनिक कानून लागू गरेका थिए । लोकतन्त्र खोसिएको विरोधमा ग्वाङ्जूमा भएको शान्तिपूर्ण विद्यार्थी प्रदर्शनमा नृशंस दमन भयो । सेनाले प्रदशनकारी विद्यार्थीमाथि मात्र नभएर बाटो हिँडिरहेका र छेउमा उभिएर हेरिरहेकाहरूमाथि समेत गोली चलायो, बुट र लाठी प्रहार गर्‍यो अनि बन्दुकको सङ्गीनले घोच्यो । पुनः त्यस दमनको विरोधमा विद्यार्थी र मजदुरहरू मिलेर प्रतिरोधी दस्ता बनाए, प्रहरी चौकीहरूबाट हातहतियार कब्जा गरे र दमनकारी सेनाविरूद्ध लड्न–भिड्न थाले । चीनको तियानमेन चोक प्रकरणसँग तुलना भइरहने ग्वाङ्जू भिडन्त नौ दिन चलेको थियो, र, त्यसमा करीब दुई सयजना मारिएका थिए ।

हान काङ्ले त्यो दमनबारे पहिलो पटक आफू बाह्र वर्षकी हुँदा त्यस बखत थाहा पाएकी थिइन् जतिबेला कुनै जर्मन फोटोग्राफरले खिँचेका र गोप्य रूपमा वितरण

गरिएका ग्वाङ्जू-विद्रोहका तस्वीरहरू भएको एउटा एल्बम अचानक घरमा फेला परेको थियो । ती तस्वीर हेरेर अनि त्यस विद्रोह एवं त्यसमाथि भएको क्रूर दमनबारे प्राप्त जानकारीले उनको मुटु नै हल्लियो, उनी गहिरो गरी प्रभावित भइन् र यसले नै कालान्तरमा मानवता र साहित्य सिर्जनाप्रति उनको दृष्टिकोण निर्धारण गर्‍यो ।




नोबेल साहित्य पुरस्कार सन् १९०१ देखि प्रदान हुन थालेकोमा हालसम्म अर्थात् सन् २०२४ सम्ममा जम्मा १२१ जनाले पाएका छन् भने यो पुरस्कार पाउने लेखकहरूमा हान काङ अठारौं महिला हुन् । (बरू यही अवधिमा नोबेल शान्ति पुरस्कार उन्नाइस महिलाले पाएका छन् भने नोबेल चिकित्सा (मेडिसिन अथवा फिजियोलोजी) पुरस्कार तेह्र महिलाले, नोबेल रसायन शास्त्र (केमिस्ट्री) पुरस्कार आठजना महिलाले, नोबेल भौतिक शास्त्र (फिजिक्स) पुरस्कार पाँचजना महिलाले र नोबेल अर्थशास्त्र पुरस्कार तीनजना महिलाले पाएका छन्) । संयोग कस्तो रह्‍यो भने पछिल्ला केही वर्षमा दुईभन्दा बढी महिला लेखकले यो पुरस्कार पाएका छन् । यसअगि सन् २०२२ मा फ्रान्सेली लेखक आनी अरनौले र सन् २०२० मा अमेरिकाकी कवि तथा निबन्धकार लुइज एलिजाबेथ गुलाकले अनि सन् २०१८ मा पोल्याण्डकी लेखक एवं अभियन्ता ओल्गा टोकार्चोकले पाएका थिए । (यो बीचमा सन् २०२३ को नोबेल साहित्य पुरस्कार नर्वेका लेखक, अनुवादक एवं नाटककार योन ओलाभ फोसालाई प्रदान गरिएको थियो) ।

तथ्याङ्कको संसार हेर्ने हो भने नोबेल पुरस्कार पाउने पहिलो महिला म्यारी क्यूरी (म्याडम क्यूरी) हुन् । उनले यो पुरस्कार सन् १९०३ मा आफ्ना पति पियरे क्यूरी र अर्का वैज्ञानिक हेनरी बेकरलसँगै भौतिक शास्त्र (फिजिक्स) का लागि संयुक्त रूपमा पाएकी थिइन् । म्यारी क्यूरी दुई पटक नोबेल पुरस्कार जित्ने पहिलो व्यक्ति र हालसम्मकै एकमात्र महिला पनि हुन् जतिखेर सन् १९११

मा उनले रसायनशास्त्र (केमिस्ट्री) मा नोबेल पुरस्कार पाएकी थिइन् । त्यसको चौबीस वर्षपछि सन् १९३५ मा उनकी छोरी इरेन जोलियो क्यूरीले पनि रसायनशास्त्र (केमिस्ट्री) मा यो पुरस्कार पाएकी थिइन् । यसरी दुबै आमाछोरीले पालैपालो नोबेल पुरस्कार जितेको अहिलेसम्मको एउटै मात्र दृष्टान्त यो हो भने यसैगरी पालैपालो यो पुरस्कार जित्ने पियरे र इरेन क्यूरी पनि बाबु र छोरीको एक मात्र जोडी हो । (यद्यपि फरक-फरक विधामा नोबेल पुरस्कार जित्नेहरूमा छजना बाबु-छोरा जोडी छन्) ।

साहित्यतर्फ नोबेल पुरस्कार पाउने पहिलो महिला लेखक स्वीडेनकी सेल्मा लोगेरलोफ हुन् । (पहिलो नोबेल साहित्य पुरस्कार भने पुरस्कारकै पहिलो वर्ष सन् १९०१ मा फ्रान्सका लेखक सुली प्रूधोंमले पाएका थिए) । पुरस्कार वितरण प्रचलन शुरू भएको नवौं वर्ष अर्थात् सन् १९०९ मा यो पुरस्कार पाएकी लोगेरलोफ अनुवादक, शिक्षक, कवि, उपन्यासकार, बाल साहित्य एवं गद्य लेखक थिइन् । त्यसपछि यो पुरस्कार जित्ने महिला लेखकहरूमा क्रमशः ग्रेजिया डेलेडा (इटाली, सन् १९२६), सिग्रीड उन्डकट (डेनिश-नर्वेजियन, सन् १९२८), पर्ल बक (अमेरिका, सन् १९३८), गाब्रिएला मिस्ट्राल (चिली, सन् १९४५), नेली साक्स (जर्मन-स्वीडिश, सन् १९६६), नेदिन गोर्डाइमर (दक्षिण अफ्रिका, सन् १९९१), टोनी मोरीसन (अमेरिका, सन् १९९३), विसुआवा चेम्बोर्स्का (पोल्याण्ड, सन् १९९६), एल्फ्रीडा येलिनेक (अस्ट्रिया, सन् २००४), डोरिस लेसिङ (इङ्ग्ल्याण्ड, सन् २००७), हेर्टा मुलर (रोमानिया, सन् २००९), एलिस मुनरो (क्यानाडा, सन् २०1३), स्वेतलाना एलेक्सेइभिच (सोभियत संघ/युक्रेन/बेलारूस, सन् २०1५), ओल्गा टोकार्चोक (पोल्याण्ड, सन् २०1८), लुइज गुलाक (अमेरिका, सन् २०२०), आनी अरनौ (फ्रान्स, सन् २०२२), र, हान काङ (दक्षिण कोरिया, सन् २०२४) हुन् ।

माथि उल्लिखितहरूमध्ये सन् २००७ मा यो पुरस्कार जित्ने डोरिस लेसिङ सबभन्दा धेरै उमेरमा नोबेल साहित्य पुरस्कार जित्ने कीर्तिमानी साहित्यकार पनि हुन् । यो पुरस्कार पाउँदा उनी अठासी वर्षकी थिइन् । तर सबभन्दा कम उमेरमा नोबेल साहित्य पुरस्कार पाउने चाहिँ बेलायती कवि एवं उपन्यासकार रड्यार्ड कीप्लिङ हुन् । सन् १९०७ मा उनले यो पुरस्कार केवल एकचालीस वर्षको उमेर हुँदै पाएका थिए । कीप्लिङपछि कम उमेरमा यो पुरस्कार पाउने साहित्यकार फ्रान्सका दार्शनिक, लेखक एवं नाटककार अल्बेयर कामु हुन्, जो सन् १९५७ मा नोबेल साहित्य पुरस्कार पाउँदा केवल चौवालीस वर्षका थिए ।

यी कम र बढी उमेरका लेखकहरू एकातिर छन् भने अरू कतिपय विशिष्ट एवं कालजयी लेखक पनि छन् जसले नोबेल साहित्य पुरस्कार नै पाएनन्, अथवा, उनीहरूलाई दिइएन । यो पुरस्कार नपाउनेहरूको सूचीमा क्रमशः लियो

टोल्सटाय, हेनरी जेम्स, एन्टोन चेखव, मार्क ट्वेन, हेनरीक इब्सन, एमिली जोला, मार्शल प्राउस्ट, जेम्स ज्वायस, होर्गे लुइस बोर्गेस, हुलियो कोर्ताजार, कार्लोस फुन्तेस, भ्लादीमिर नोबोकोभ आदि प्रमुख नामहरू छन् । दुईजना भारतीय लेखक श्री अरबिन्दो र डा.सर्वोपल्ली राधाकृष्णन धेरैपटक पुरस्कार पाउनेहरूको सूचीमा छनोट भए पनि यो पुरस्कार भने कहिल्यै पाएनन् ।

अझ अनौठो प्रसङ्ग त फ्रान्सका कवि, निबन्धकार एवं दार्शनिक पल भ्यालेरीसँग भएको छ । नोबेल साहित्य पुरस्कार पाउनका लागि उनलाई विभिन्न वर्षहरूमा गरी समग्रमा बाह्रपटक छनोट गरियो तर त्रिहत्तर वर्षको उमेर हुँदा सन् १९४५ मा दिवंगत भएका उनले यो पुरस्कार भने कहिल्यै पाएनन् ! योभन्दा पनि बेसी त बेलायती उपन्यासकार ग्राहम ग्रीनसँग भएको छ । सन् १९५० देखि १९७१ बीचका वर्षहरूमा नोबेल साहित्य पुरस्कारका लागि उनलाई छब्बीस पटक नामाङ्कन –नोमिनेट– गरियो तर पुरस्कार भने कहिल्यै प्रदान गरिएन ! चर्चित बेलायती कवि डब्लू.एच.अडेन उन्नाइस पटक नोमिनेट भए तर उनले पनि कहिल्यै यो नोबेल साहित्य पुरस्कार पाएनन् !

फ्रेन्च दार्शनिक एवं लेखक जाँपल सार्त्र त्यस्ता एक मात्र व्यक्तित्व हुन् जसले सोह्रौं पटकको नोमिनेशनमा आफूलाई प्राप्त भएको नोबेल साहित्य पुरस्कार लिन स्वेच्छापूर्वक अस्वीकार गरेका थिए । तापनि सन् १९६४ मा यो पुरस्कार प्रदान गरिने घोषणा भयो तर उनी पुरस्कार ग्रहण गर्न नै गएनन् ! सार्त्र जस्तै अर्का एक मात्र व्यक्ति तत्कालीन उत्तरी भियतनामका राजनीतिक नेता ले डुक थो हुन् । उनले सन् १९७३ मा अमेरिकी विदेश मन्त्री हेनरी किसिन्जरसँगै संयुक्त रूपमा नोबेल शान्ति पुरस्कार पाउने घोषणा भएको थियो, तर उनले त्यो पुरस्कार लिनै अस्वीकार गरेका थिए ।

फेरि हान काङकै प्रसङ्ग । उनले किताब लेखेको भन्दा पुरस्कार धेरै पाएकी छन् । कसरी ?

परिवारले उनको नाम दक्षिण कोरियाको एक प्रमुख नदी 'हानगाङ' को नाममा 'हान काङ' राखेको हो । उनको परिवार अक्षरसँग खेल्ने र अक्षर खेलाउने परिवार हो । किनभने, उनी जन्मिनुभन्दा पहिले नै उनको परिवार साहित्यको क्षेत्रमा देशव्यापी लोकप्रियता कमाइसकेको परिवार थियो । उनका पिता हान सियुङ–वोन र दाइ हान डोङ–रिम उपन्यासकार हुन् भने उनको भाइ हान काङ–इन चाहिँ उपन्यासकार एवं कार्टुनिस्ट हुन् ।

'फ्री इन्साइक्लोपीडिया' का अनुसार, हान काङ दश वर्षकी छँदा उनी सपरिवार राजधानी सोलमा सुयु–री भन्ने ठाउँमा बसाइँ सरिन् किनभने त्यही समयमा उनका पिताले पूर्णकालीन लेखक बन्नका लागि शिक्षण पेशा छाडी दिएका थिए,

(यसकै चार महिनापछि चर्चित ग्वाङ्जू विद्रोह भएको थियो) । तर संयोग, स्वतन्त्र-लेखक-जीवनबाट पिताले परिवारको खर्च चलाउन सकेनन् । यसले परिवारमा नकारात्मक असर मात्र पर्‍यो । पछि हान काङले आफ्नो बालापनबारे लेखेकी छन्, "एउटी सानी बच्चीका लागि त्यो परिवेश र अवस्था पटक्कै सकारात्मक थिएन । ... तापनि वरिपरी टन्नै भएका किताबले मलाई ठूलो राहत दिने गर्दथे ।"

सन् १९८८ मा हान काङले पुङमून गर्ल्स हाइस्कूलबाट प्लस-टू उत्तीर्ण गरिन्, र, त्यसको पाँच वर्षपछि सन् १९९३ मा योनसेई युनिभर्सिटी, सोलबाट कोरियाली भाषा र साहित्य विषयमा स्नातक गरिन् । अलि पछि गएर सन् १९९८ मा उनले संयुक्त राज्य अमेरिकाको आयोवा राज्यस्थित युनिभर्सिटी अफ आयोवामा 'इन्टरनेशनल राइटिङ प्रोग्राम' अन्तर्गत अन्तर्राष्ट्रिय विद्यार्थीका रूपमा रहेर अध्ययन गरेकी हुन् ।

स्नातक तहको अध्ययन सकिएपछि हान काङले केही समय स्थानीय 'सीमतेओ' मासिक पत्रिका (म्यागेजिन) मा रिपोर्टर भएर काम गरिन् । यसै वर्ष उनले एकपछि अर्को गर्दै पाँचओटा कविता लेखिन र आफ्नो साहित्यिक जीवनको पनि शुरूवात भयो । "विन्टर इन सोल" शीर्षकको समेत पाँचओटै कविता 'लिटरेचर एण्ड सोसाइटी' त्रैमासिकको सन् १९९३ को हिउँदे अङ्कमा छापिए । अर्को वर्षदेखि उनले हान काङ-ह्यून नाम राखेर आख्यान पनि लेख्न थालिन् । उनको पहिलो कथा "द स्कारलेट एङ्कर" ले 'सोल सिल्मून' दैनिकले आयोजना गरेको 'नव वर्ष साहित्य प्रतियोगिता' मा प्रथम स्थान हासिल गर्‍यो । उनको पहिलो कथा-सङ्ग्रह 'अ लभ अफ यीओसू' सन् १९९५ मा प्रकाशित भयो । त्यसले राम्रै चर्चा र प्रशंसा पायो भने त्यसपछि नै उनले मासिक पत्रिकाको काम छाडिदिइन् र केवल साहित्य लेखनमै आफूलाई केन्द्रित तुल्याइन् ।

सन् २००७ मा उनले 'अ सङ टू सिङ कामली' शीर्षकको किताब र त्यससँगै एउटा सांगीतिक एल्बम प्रकाशित गरिन् । त्यसमा भएका गीतहरू उनले आफैँले गाएकी थिइन् । साथै, त्यही वर्षदेखि एघार वर्ष अर्थात् सन् २०१८ सम्म 'सोल इन्स्टीच्यूट अफ द आर्ट्स' शिक्षालयमा सिर्जनात्मक लेखन (क्रियटिभ राइटिङ) विषयमा प्रोफेसर भएर पनि काम गरिन् । यही अवधिमा उनले निबन्ध र संस्मरणहरू पनि लेखिन् ।

उनले नोबेल साहित्य पुरस्कार र मान बुकर प्राइजहरू पाउनुभन्दा पहिले नै दक्षिण कोरियाकै प्रतिष्ठित 'यी साङ लिटरेरी प्राइज' (२००५), 'टुडे'ज योङ्ग आर्टिस्ट अवार्ड' (२०००), 'कोरियन लिटरेचर नोवेल अवार्ड' (१९९९) र 'डोङ्ग्री लिटरेरी अवार्ड' (२०१०) आदि पुरस्कार पाइसकेकी थिइन् । उनले सन् २०१७

मा आफ्नो उपन्यास 'ह्युमन एक्ट्स' को इटालियन अनुवादका लागि इटालियन पुरस्कार 'प्रेमियो मालापार्ते' पाएकी थिइन् भने त्यसको अङ्ग्रेजी अनुवाद सन् २०१८ मा 'इन्टरनेशनल डब्लिन लिटरेरी अवार्ड' का लागि अन्तिम छनोट सूचीमा नामाङ्कित भएको थियो । यति मात्र नभएर एक वर्षअगि सन् २०२३ मै मात्र पनि आफ्नो उपन्यास 'वी डू नट पार्ट' को फ्रेन्च अनुवादका लागि उनले फ्रान्सेली साहित्य पुरस्कार 'प्री मेडीसिसी एट्रान्जा' पाएकी थिइन् । यसरी अहिलेसम्ममा राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी उनले पन्ध्रओटा पुरस्कार पाइसकेकी छन् ।

साहित्यमा यति धेरै सफलता, चर्चा र सम्मान पाएको भए पनि हान काङको निजी जीवन त्यही अनुपातमा खुशीयालीपूर्ण छैन । बालापन अभावमा बितेको थियो । युवा उमेरमा उनले 'क्युङ ही साइबर युनिभर्सिटी' मा पढाउने एक जना प्रोफेसर अनि साहित्यिक समालोचक होङ योङ-हीसित विवाह गरेकी थिइन् । तर उनीहरूको वैवाहिक जीवन धेरै लामो चल्न सकेन । उनीहरूको सम्बन्ध-विच्छेद भयो । त्यस उप्रान्त आफ्नो एउटा छोरासहित उकल आमाको रूपमा छन् र छोरासहित उनी सन् २०१८ देखि सोलमै एउटा पुस्तक पसल सञ्चालन गर्दै बस्दै आएकी छन् ।

हानका अनुसार, उनलाई बेला-बखत नराम्ररी टाउको दुख्ने रोग 'माइग्रेन' ले निकै सताउने गर्छ, तर त्यसले उनलाई "शान्त र स्थिर रहन खुबै सघाउँछ । "

कलेज पढ्ने ताका हानले कोरियाली कवि यी साङ (किम हायगयोङ) ले आफ्नो कुनै कवितामा लेखेको एउटा पङ्क्ति पढेकी थिइन् र औधी प्रभावित भएकी थिइन् । त्यो पङ्क्तिमा उनले भनेका थिए, "मलाई लाग्छ, मानव बरू रूख-बिरूवा हुनुपर्छ" -(आई बिलीभ द्याट ह्यूमन्स सुड बी प्लान्ट्स) । हानले यसबाट के बुझिन् भने कवि यीले जापानले कोरियामा उपनिवेश कायम गरेको बेला कडा सेन्सर भएपछि मात्र छाप्न पाइने समयमा कोरियाली जनताले भोग्नुपरेको हिंसा, दमन र प्रताडनाका विरूद्ध प्रतीकात्मक शैलीमा त्यो कविता लेखेका थिए ।

त्यही पङ्क्तिबाट अभिप्रेरित भएर अन्ततः उनले आफ्नो सर्वाधिक चर्चित, प्रशंसित, सम्मानित एवं पुरस्कृत उपन्यास "द भेजिटेरियन" लेखेकी हुन् । उनले तीन वर्ष लामो समय लगाएर लेखेको यो उपन्यास तीन खण्डमा छ- द भेजिटेरियन, मङ्गोलियन मार्क र फायर ट्री । किताबमा अधबैंसे उमेरकी नायिका यीयोङ-हाईको कथानकलाई तीन अलग पात्रमार्फत प्रस्तुत गरिएको छ- पहिलो भाग पति, दोस्रो भाग भिनाजु र तेस्रो भाग दिदीको दृष्टिकोणबाट । तर स्वयं नायिका भने मौन छिन्, खासै केही पनि बोलेकी छैनन् ।

यही क्रममा किताबमा कोरियाली समाजमा व्याप्त पितृसत्तात्मक सोचाइ, पहिलेपहिले खाने भएर पनि पछि कुनै समय मासु खान छोड्नेहरूप्रति देखाइने कठोर दृष्टिकोण, महिलाहरूप्रति रहेको साँघुरो एवं कठोर सामाजिक बन्धन, महिला शरीरप्रति पुरुषमा रहेको आकर्षण एवं कामुक सोच र शोषणको चाहना, र, विभिन्न पात्रहरूको मानसिक अवस्थाबारे गहन चित्रण छ ।

त्यस दिन हान काङ घरमै थिइन् र सधैँ जस्तै शान्त पनि । कोरियाली समयअनुसार राति आठ बज्दै थियो । उनी भर्खर छोरासँगै खाना खाएर उठ्ने तरखरमा थिइन् । त्यति नै बेला फोनको घण्टी बज्यो । त्यो फोन स्वीडेनस्थित नोबेल पुरस्कार समितिबाट आएको थियो । तर उनले त्यसअघि नै कोही परिचितबाट त्यो समाचार पाइसकेकी थिइन् । नोबेल पुरस्कार पाएपछि त्यही समितिकी जेनी राइडेनलाई दिएको पहिलो अन्तर्वार्तामा हान काङले भनिन्, "नोबेल पुरस्कार पाएको खबर सुनेर म विस्मित् पनि भएँ, खुशी पनि त्यति नै भएँ, र, आफैँलाई सम्मानित भएको पनि उत्ति नै अनुभव भयो । मलाई मदिरा सेवन गर्ने बानी छैन । त्यसकारण अहिले त छोरा र म मिलेर चिया खाँदै यो पुरस्कार पाएको खुशियाली मनाउने छौं । "

हानका अहिलेसम्म छापिएका किताबहरूमध्ये तीन ओटालाई विशेष मानिन्छ । ती हुन् क्रमशः 'द भेजिटेरियन', 'ग्रीक लेसन्स' र 'ह्यूमन एक्ट्स' । अब उनको पछिल्लो उपन्यासका रूपमा 'वी डू नट पार्ट' शीर्षकमा अङ्ग्रेजी अनुवाद सन् २०२५ जनवरीमा प्रकाशन हुँदैछ ।

नोबेल पुरस्कार घोषणा हुनुभन्दा करीब तीन महिनापहिले जुलाई २०२४ मा अमेरिकाको विश्व-विख्यात पत्रिका 'द न्यूयोर्क टाइम्स' ले "एक्काइसौं शताब्दीका श्रेष्ठतम एक सय पुस्तक" को सूची जारी गरेको थियो । यो सूची विश्वका प्रमुख देशहरू र त्यहाँ बसोबास गर्दै आइरहेका पाँच सयभन्दा बढी उपन्यासकार, गैर-आख्यान लेखक, कवि र अध्यनशील गहन पाठकको छवि बनाएका वरिष्ठ व्यक्तित्वहरूबाट बनेको थियो- ती सबै व्यक्तिहरूलाई सन् २००० जनवरी १ तारिखदेखि २०२४ जूनसम्मको अवधिमा छापिएका उपन्यासमध्ये दश ओटा किताब छनोट गर्ने चुनौतीपूर्ण उत्तरदायित्व सुम्पिइएको थियो । अनि मात्र त्यो सूची सार्वजनिक गरिएको थियो ।

त्यसरी जारी भएको त्यस महत्त्वपूर्ण साहित्यिक सूचीमा 'द भेजिटेरियन' उपन्यासको नाम ४९औं स्थानमा सगर्व मुस्कुराइरहेको थियो ।

ooo

# टइट

✍ **सपूत कार्की**
**चन्द्रपुर, रौतहट**

रातिको दश बजेपछि जब मेरो मोबाइलमा घण्टी बज्छ । मलाई डर लाग्छ । सामान्यतः राती टइटको फोन आउँछ । ऊसँग मोबाइल छैन प्रायः अरूको मोबाइलबाट फोन गर्छ । समस्या तेर्साउँछ । पिएको सुरमा एकोहोरो बोल्छ । उसका कुराहरू छोटा हुदैनन् । म कतिपय राति उसैको फोन होला भनेर उठाउँदिन । पछी फोन नउठाएको विषयमा आफन्त परिवारजनबाट गाली हप्की खानुपर्छ ।

टइटसँगको संगत चिनजान करिब दुई दशकको हुन थाल्यो । घरमा खेतीपाती गर्ने देखि सर-सफाइसम्मको सम्पूर्ण जिम्मेवारी उसैमा छ । ज्यालादारीमा काम गरेको पनि दुई दशक सुन्दा पनि अचम्म लाग्ने । तर वास्तविकता त्यही थियो । यही बीच उसको विवाह भयो । वर्षेनी छोराछोरी गर्दै केही वर्षको फरकमा चार छोरी दुई छोरा जन्मिए । एक छोरा र छोरीको विवाह पनि सिद्धायो । आठ जनाको परिवार एकजनाको कमाइले चल्थ्यो । श्रीमतीले पनि ज्याला गरेर यसो आर्थिक सहयोग पुऱ्याउँथी तर पनि टइट भने कमाइको सानो हिस्सा रक्सीमा खर्च गर्दथ्यो । यो उसको दैनिकी नै थियो ।

आज पनि उसको छोराले बदमासी गरेछ । छिमेकीको साइकल एकछिनको लागि भनेर लगेको बजार गएर उतै बेचेछ । उल्टै साइकलको विषयमा वादविवाद हुँदा छिमेकीलाई हातपात गर्न भ्याएछ । सदाझैं अप्ठ्यारो पऱ्यो कि फोन गर्ने उसले रक्सीको सुरमा फेरि फोन गऱ्यो । "मालिक मेरो छोरालाई पुलिसले पक्रेर लग्यो । मलाई ऊ मालिक भनेर सम्बोधन गर्दछ । मालिक नभन भनेर जति सम्झाए पनि मलाई मालिक नै भन्छ । उसको एकहोरो भनाइलाई मैले प्रतिवाद गर्न सकिन । एकहोरो सुन्नुबाहेक अर्को विकल्प थिएन । अन्तमा ल भोलि बिहान कुरा गरूँला भनेर फोन काटें तर पनि दुई चार चोटि घण्टी बज्यो

एक बिहानै टइट मेरो घरमा देखा पऱ्यो । मैले झपार्दै भनें - कति बिहानै आएको अरू काम छैन । मालिक भनेर सम्बोधन गर्दै छोरालाई पुलिसले समाएर लगेको, आफ्नो छोराको कुनै पनि गल्ती नभएको वृतान्त सुनायो । भन्दै थियो सबै छिमेकीहरू मेरो रिस गर्छन् । मैले कमाएको खाएको र मालिकसँगको मेरो चिनजान अनि संगत पनि छिमेकीहरूलाई मन परेको छैन भनेर मलाईसमेत जोड्यो ।

परिवारको एक्लो आय आर्जन गर्ने व्यक्ति सानो दैनिक मजदुरीमा आठ दश जनाको परिवार पाल्नुपर्दछ । कमाइको केही हिस्सा रक्सीमा खर्च गर्छ । श्रीमतीबाहेक छोराछोरीहरूबाट उसलाई सहयोग छैन । उल्टै बेला बेलामा छोराको उद्दण्डताले अनि गलत व्यवहारले दण्ड जरिवाना तिर्नुपर्दछ । समाजमा लज्जित हुनुपर्दछ ।

पारिवारिक झमेला र न्यून आयका कारण उसलाई तनाव हुने गर्दछ । तनावकै बीच पनि जेनतेन पारिवारिक डुङ्गालाई अगाडि बढाउँदैछ । कहिले छोराको तनाव कहिले छोरीपट्टिको झन्झट, छिमेकीसँगको बेमेल र दैनिक ज्यालादारी उसको जीवनचक्र जस्तै बनेको छ । रक्सीले जब मात्छ तब छिमेकीहरूसँग दैनिक उसको झगडा परेकै हुन्छ । बेलाबेलामा मलाईसमेत मुच्छ र भन्छ मेरो तिमीहरूले केही बिगार्न सक्दैनौ । मलाई अफ्ठ्यारो पर्दा सहयोग गर्ने मालिक छन् । तिमीहरू सबैलाई एकएक गरेर ठिक पारिदिन्छु भनेर धक्कु लगाउनसमेत भ्याउँछ ।

फेरि एक दिन सबेरै मेरो घरमा आयो । विगत केही दिनदेखि मलाई राति फोन गर्न छाडेको थियो । मकहाँ काम पर्दा मात्रै आउने अरू बेला आफ्नै ज्याला मजदुरीमा रमाउने गर्दछ । यसबाहेक उसको आम्दानीको विकल्प पनि छैन ।

मालिक भनेर सम्बोधन गर्दै उसले भन्यो - 'हजुर म निकै अफ्ठ्यारोमा परें' 'आज फेरि चोरीको आरोपमा छोरोलाई पुलिसले समात्यो ।' 'छोरी पनि हिजो अब घरमा कहिले फर्कन्न भनेर आएकी छे ।' 'श्रीमतीले हिजोदेखि पिरले गर्दा खाना पनि खाएकी छैन ।' यति धेरै कुरा एकै सासमा भन्न थाल्यो । दयाको भिख मागे जसरी मेरो अनुहार हेर्‍यो । हात जोडेर भन्यो - 'मालिक मलाई बचाउनुपर्‍यो ।' 'यस्तै हो भने मेरो बुढिया मर्छ ।' 'म टुहुरो जस्तै हुन्छु ।'

एकछिन सोचें - यो मान्छेको जीवन पनि अचम्मको छ । कमजोर आर्थिक अवस्था, ठुलो परिवार, सधै पारिवारिक झमेला तर पनि जिन्दगी चलेको छ । केही जबाफ दिन सकिन । केही बेर हामीबीच मौनता छायो । मनभित्र धेरै राम्रा नराम्रा कुराहरू खेले । लाग्छ उसको झमेला फर्स्याउने ठेक्का मलाई नै परेको छ । चाडपर्व आयो हात पसार्न आइहाल्छ । समस्याको पोका ऊसँग सधै नै रहन्छ । कसैगरी पनि मैले उसको गर्जो टारिदिनुपर्दछ । मैले झर्किदै भनें 'के गर्नुपर्‍यो त ।' 'सधै तेरो समस्या मात्रै हुन्छ ।' 'कसैसँग मिल्न सक्दैनस् ।' 'छोरा पनि बदमास छ । "अब मैले के गर्ने ? मेरो मुखमा पुलुक्क हेर्‍यो । केही जबाफ फर्काएन । हामीबीच फेरि लामै मौनता छायो । 'ल जा म भनिदिउँला ।' हात जोडेर मुन्टो निहुराएर कृतज्ञता व्यक्त गर्‍यो । खुशीले अनुहार उज्यालो भयो ।

'हेर भाइ यसरी हुँन सधै तेरो लफडा मैले ब्यहोरेर थेग्न सक्दिन । आफूलाई पनि सुधार, छोरालाई पनि सम्झा । नत्र कुनै दिन अफ्ठ्यारोमा पर्न सक्छस् ।

मानिसको जिन्दगी जसरी चलायो त्यसैगरी नै चल्ने रहेछ । निस्फिक्री उसले जिन्दगी चलाएको छ । उसलाई भोलिको केही चिन्ता छैन । चिन्ता छ त केवल आजको मात्रै, ज्याला मजदुरी, रक्सीसँगको दैनिक प्रेम । मातेको अवस्थामा छिमेकसँगको झगडा । अफ्ठ्यारो पर्दा मालिकसँगको गुहार । योभन्दा माथि उसले सोचेको पनि छैन । सोच्न पनि चाहँदैन । सोच्न पनि सक्दैन होला ।

व्यक्तिको जीवन चक्रमा सुख, दुःख त छँदै छ । त्यसको साथै मानसम्मान अपमान पनि छ । त्यस्तै पीडा र सुखद क्षणका बीचमा मानिसको दैनिकी चल्दछ । यसै समाजको एउटा सबल भनौं वा दुर्बल पात्र हो टइट । उसका हरेक दिन र क्षणहरू यस्तै यात्राबाट गुज्रिरहेको हुन्छन् । जब राम्रोको कल्पना गर्दछ तब भडखालोमा पर्दछ । सुखद क्षण त उसका लागि सपनाजस्तो मात्रै हो ।

समयसँगै जीवन चलाउनु एउटा नियति नै हो । यस्तै नियतिको पात्र हो ऊ । सायद उसको जीवनमा सुख आनन्द एउटा सपना अनि कोरा कल्पना मात्रै हो । नसोचेका समस्याहरूको सामना गरिरहनुपर्दछ उसले । छोराको गलत आचरण । छोरीको घरबार बिग्रिन लागेको अवस्था तर पनि सबै कुरा भुलेर अगाडि बढिरहेछ । उसले यो संसारमा गुनासो पोख्ने सहयोगको अपेक्षा राख्ने एउटै मात्र ठाउँ छ मालिक । मालिकप्रति असीम आस्था विश्वास सहयोगको अपेक्षा गर्दछ ।

रक्सी उसको सहयोगी साथी हो । पिर भुलाउने, बदला लिन सक्ने क्षमता विकास गर्ने एउटै मात्र शक्ति हो रक्सी । जब ऊ मातिन्छ संसारको सबैभन्दा बलवान् तर्कवान् ठान्दछ । जोसुकैसँग लड्न भिड्न झगडा गर्न तयार हुन्छ । सायद कुनै दिन होला मातेपछि झगडा नगरेको नत्र यो उसको नियमितता नै हो ।

कहिलेकाहीं सोच्ने गर्छु । यसरी गुजारा गर्ने कति होलान् । टइट मात्र हो कि अरू पनि होलान् ? मेरो जीवनसँग जोडिएर आड भरोसा गर्ने त्यस्ता व्यक्तिको आफ्नो निजी जीवन किन लथालिङ्ग छ । म सोच्छु मात्रै तर ऊ व्यवहारमा उतार्छ । हरेक गलत क्रियाकलापको साक्षी मलाई बनाउन खोज्छ । धाकधम्की रवाफ पिच्छे मलाई जोड्छ । छिमेकीहरू पनि कति आजित भइसके होलान् ? उसको व्यवहारबाट तर पनि दैनिकी फेरिदैन फेर्न पनि चाहँदैन ।

साँझ पख कसैले मलाई हेरेको जस्तो लाग्यो । सूर्यास्तको अन्तिम क्षणमा थियो । छाया विस्तारै मेरो नजिक आयो । मलाई उसले चलनचल्तीको शब्दले सम्बोधन गऱ्यो तर आज किन हो उसले मलाई नमस्ते पनि गऱ्यो । योभन्दा अगाडि कहिले पनि मलाई नमस्ते गरेको थाहा थिएन । मैले भनें - 'आज कहाँबाट यति साँझ आइस् ? घर जानु पर्दैन ।' बत्तीको उज्यालोमा उसको अनुहार हँसिलो देखियो । पहिलाको भन्दा मुहारमा बेग्लै चमक थियो ।

जिस्कने पाराले भनें - 'टइट' 'तेरो नाम कस्ले राखिदियो' । 'यसको अर्थ के हुन्छ ।' अरू दिन सधै चिन्तित रहने 'टइट' आज दिल खोलेर बोल्दै थियो । शब्दैपिच्छे मुस्कान छोड्थ्यो । 'खोइ मालिक कसले राखिदियो', थाहा छैन ।' यसको अर्थ के हो भन्ने उसले सायद बुझेन होला । 'अनि यतिका दिन कता हराइस् ?' हामीबीच पारिवारिक सम्वाद चलिरहे । उसको मुहारमा कुनै चिन्ता पिर थिएन । बेला बेलामा मस्त हाँस्थ्यो । मनमनै सोचे यसको जीवनले कोल्टे फेरेको हुन पर्दछ । किन यति धेरै खुशी छ । कुनै कारण त हुनुपर्दछ । म पनि मनमनै यस्तो व्यवहार देखेर भित्रबाटै व्यक्तिगत रूपमा खुशी छु । तर कारण भने सोध्न सकिन । चिया खान्छस् भनें मानेन, खाना खान्छस् भन्दा पनि मानेन ।

मनभित्र ऊसँग भएको कुराभन्दा पनि व्यवहार देखेर धेरै खल्दुली जागेको छ । तर पनि हिम्मत गरेर उसलाई सोधें - 'तँ यतिका दिन कता हराइस् ?' 'अनि आज फेरि निकै खुशी देख्छु ।' एकछिन घोरियो र तल खुट्टाको बुढी औलाले माटो कोट्यायो । 'हजुर म थुनामा थिएँ ।' 'पच्चीस दिन थुनामा बसें ।' 'आज दुई दिन भयो थुनाबाट छुटेको ।' सोधें - 'कसरी परिस् त थुनामा ?' 'मालिक मैले छोरा कुटें, ससुरालीबाट आएको ज्वाइँ कुटें, छोरी कुटें, रिसको झोंकमा नपिट्नुपर्ने स्वास्नीलाई पनि कुटें' । घर आएको दुई दिन भयो । आज हजुरसँग भेट गर्न मन लागेर आएको ।' अनि थुनामा चाहिं कसरी गइस् नि मैले प्रश्न गरें । आज ऊ खुलेर सबै कुरा निर्धक्कसँग भन्दै थियो । 'ज्वाइँले प्रहरीमा निवेदन दिएछ, अनि पक्रेर लग्यो ।'

'तर हजुर जब म थुनाबाट छुटेर घरमा आएँ । नसोचेको कुरा पाएँ । 'छोरी माइतीबाट आफ्नो घर गइछ, ज्वाइँ पनि लिन आएनछन् । 'जसरी पहिला घर जादिन भनेर आएकी थिई त्यसैगरी आफ्नै घर गरेर खान्छु, माइतीकहाँ आउँदिन भनेर गइछ । ज्वाइँले पनि समाजको अगाडि स्वास्नीलाई राम्रोसँग पालन पोषण गर्छु । कुनै दुःख दिन्न भनेर कसम खाएछ । छोरीलाई सँगै लिएर गएछ ।

हजुर, छोरा पनि आफ्नो स्वास्नीसहित म थुनामा आएको बखत छुट्टिएर गएछ । ऊ पनि ज्याला मजदुरी गरेर परिवार पाल्न थालेछ । जाँड रक्सी खान, चोरी चकारी गर्न सबै छोडेछ । 'मैले थुना परेदेखि रक्सी खाइन अनि मैले रक्सी खान छाडें । अब जीवनमा कहिले पनि रक्सी छुन्न ।' 'यसरी एक्कासि मेरो परिवारमा आएको परिवर्तन र छोराछोरीले दिएको दुःखबाट छुटकारा पाएँ ।' 'लाग्दछ भगवान्ले मेरो कुरा सुने । सायद त्यस दिन भगवान् मसँग थिए । अनि भनेका थिए 'तैले एक दिन यस्तै गर्नुपर्दछ ।' 'तैले मुक्ति पाउनेछस् ।' 'मैले यस्तो गरेर मुक्ति पाएँ ।' उसले सबै कुरा विस्तारमा सुनायो । मुहारमा कुनै चिन्ता पिर थिएन । अब उसले नयाँ जीवन पाएको जस्तो देखिन्थ्यो ।

एकै स्वरमा यति धेरै कुरा भनी सिद्धायो । लामो स्वास फेर्‍यो । मेरो मुखमा पुलुक्क हेर्‍यो र मुसुक्क मुस्कुरायो । ऊ आज ठुलो युद्ध जितेको सिपाही जस्तो लाग्दैथ्यो । मनमनै भनें धन्य छ । मान्छेको जीवनमा खुशी पनि कस्तो कस्तो तरिकाले आउने रहेछ । सायद यति नगरेको भए त्यही चपेटमा परिरहन्थ्यो कि ? यो मेरो कल्पना थियो ।

हात जोड्दै भन्यो - 'मालिक अब म जानुपर्छ ।' रात पनि परिसक्यो । फेरि टाढा पनि जानु छ ।' 'सम्झाउँदै भनें - फेरि केही लफडा झगडा त हुँदैन नि ।' 'कसम हजुर अब केही हुँदैन जे हुनुथियो भयो ।'

यसो सोचें धन्य 'टइट' तेरो जीवन पनि । कति हण्डर दुःख अपमानपछि सुखको कल्पना गर्दैछस् । यो सुख र शान्तिले स्थायित्व पाओस् । जीवन त पृथ्वीका सबै सजीव प्राणीले जिउँछन् । जिउने पनि आफ्नै तौरतरिका हुन्छ । मानव भएर पनि सधै पीडामा बाँच्नु पनि एउटा दुःख गर्ने पशुसरहको जिन्दगी नै हो । मेरो दिमागमा धेरै किसिमका कुराहरू भेलझैं उर्लिरहे ।

मालिक हजुर ! 'म त लाग्छु ।' भन्ने शब्दले म झस्किएँ । मैले आज चिनेजानेको भन्दा पनि फरक किसिमको टइटलाई भेटें । मनमनै खुसी पनि लाग्यो । कता कता पारिवारिक बिछोडको पनि दुःख लाग्दो कल्पना गरें । मेरो मनमा यस्ता कुराहरू आइरहे । तर पनि टइट त मेरो हो । उसको खुसीमा मेरो पनि खुसी गाँसिएको छ ।

रात झमक्कै परिसकेको थियो । ऊ मसँग छुट्टियो र अगाडि लम्क्यो । बिस्तारै टाढा टाढा हुँदै अँध्यारोमा हरायो ।

ooo

# यो देश जाने कता ?

✍ **काशीनाथ मिश्रित**
**जनकल्याण मा.वि.**
**कालीगण्डकी–५, फोक्सिङ्ग, गुल्मी**

हाम्रो उत्तरमा छ चीन तगडा छेडेर आकाश नै ।
पृथ्वीबाट छुटेर चन्द्रतिर गै बस्ला कि भौं गर्छ है ॥
काँचै निल्छु कि मैं गरेर दिनहुँ लम्कीरह्यो भारत
बाटो बन्द भएछ यो मुलुकको यो देश जाने कता ?॥

वर्षौंदेखि जमीरहेछ खँदिलो हीरा सकी संस्कृति ।
एकार्काबिच मित्रता छ दरिलो श्रद्धा र मायाप्रिति ॥
यो लोहा सरिको बलिष्ठ कसिलो तोड्ने गरी एकता
बढ्दैछन् दिनहुँ गतीविधि भने यो देश जाने कता ?....

मिल्दैनन् झगडा निरन्तर गरिराख्छन् ति नेताहरू !
वाक्कै भो दिनकै छ भाषण उही विश्वास कस्को गरूँ ?
दायाँ ठीक छ भन्छ एक अरको बायाँ यता हो यता ॥
छैनन् सारथि हाँक्न क्वै रथ रह्यो, यो देश जाने कता ?

टाढासम्मन देख्न सक्छ जसले पाउन्न सत्ता कवै ।
जस्को दृष्टि छ स्वार्थका वरिपरी त्यै चुम्छ सत्ता सधै ॥
टुङ्गै छैन कुनै, निरीह जनता भोग्छन् कठै बाध्यता ॥
भो गन्तव्यविहीन चाल पथमा यो देश जाने कता ?

नौलो लक्ष्य पछ्याउँदै युग बढ्यो सक्दैन पछ्याउन ।
बोल्छन् प्याच्च अनेक वाक्य नमिठा सक्दैन लत्याउन !!
कोही देश विरूद्ध बोल्दछ भने हेर्दै नहेर्ने त्यता ।
बाटै चिन्न सकेन उन्नति हुने; ये देश जाने कता ?

ooo

**'हाम्रो पुरुषार्थ'मा आफ्ना अमूल्य रचना पठाई सहयोग गर्नुहोस् ।**

# हार्दिक अनुरोध !

- गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर, व्यवसाय करलागयत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिताअनुसार नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न हुने फोहरलाई उचित व्यवस्थापन गरी सफा, सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
- खाद्य पदार्थहरूमा विषादिको प्रयोग नगरौं ।
- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

# भूमिकास्थान नगरपालिका

नुवाकोट, अर्घाखाँची

# भाषा सिकौं के गरी ?

✍ **विष्णुहरि पौडेल**
**काठमाडौं**

गाह्रो संस्कृत, धातु, रूप,गण के ? के हो परस्मैपदी ?
जिब्रो लट्पटिने, डिको नटुँगिने छन् सूत्र नेकीबदी ।
केमा लाग्छ विसर्ग, रेफ श, ष, का बेग्लै हुने कारक ।
फेरिन्छन् अनुस्वार रूप कसरी जान्नै महाभारत ।।

अङ्ग्रेजी नसिकी भएन दुनिया लाग्यो त्यतै फर्कन ।
जे लेखिन्छ नबोलिने फरक छन् लेखाइ, उच्चारण ।
साह्रा ओखर झैं प्रिपोजिसन ती गाह्रा क्रिया फ्रेजल ।
बेग्लै टोन हुने यु/के, र, यु/य/से, पार्छन् मनै पागल ।।

हिन्दीको छ प्रभाव गाउँ घरमा यी लाहुरे संगत ।
है लाए पुगिहाल्छ भन्न नहुने झन् भालुको कम्पट ।
उर्दू शब्द कतै, खडी र अवधी बोल्छन् मिसी संस्कृत ।
स्त्रीलिङ्गी र पुलिङ्ग शब्द कुन हो के चिन्नु झन् झन्झट ।।


नेपाली सजिलो भनेर पढियो यो मातृभाषा भनी ।
बोले झैं नहुने रहेछ अडियो लेख्ता यसै लेखनी ।
के हो तत्सम, ह्रस्व, दीर्घ र कता थोप्लो, कमा आउँछ ?
मैले भेउ नपाउँदा 'ङ/ञ/ण'ले छुट्टै व्यथा लाउँछ ।।

एम्/ए पास गरें पढेर उहिले ऐले पुरानो भयो ।
धेरै शब्द छिरे विदेशतिरका भाषा बिरानो भयो ।
भाँचे ढाड रहेन निख्खरपना, सिस्नो लगाए घरि ।
धेरै अक्षर नै झिकी सकिदिए भाषा सिकौं के गरी ?

ooo

# गुल्मीका एक समाजसेवी - डिट्ठा टेकबहादुर कुँवर

✍ **कृष्णबहादुर कुँवर**
**रेसुङ्गा नगरपालिका-३, बेहोरे, गुल्मी**



गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट चार कि.मि. उत्तरमा पर्ने रेसुङ्गा नगरपालिका वडा नं. ३ बेहोरेमा पिता चन्द्रवीर कुँवर (रामचन्द्र) र माता रुन्नतादेवी कुँवरको कोखबाट वि.सं. १९७६ साल भाद्र १० गते मङ्गलबारका दिन जेठो सुपुत्र टेकबहादुर कुँवरको जन्म भएको थियो । उहाँको पुर्खा बलिभद्र कुँवरबाट वि.सं. १९१० मा जन्मेका कान्छो सन्तान अमल्दार कर्णवीर कुँवरकी कान्छी श्रीमती सावित्रादेवीबाट वि.सं. १९४७ मा जन्मेका कान्छा छोरा चन्द्रवीर कुँवर प्रथम विश्वयुद्ध समय (वि.सं. १९७१–१९७५ तदनुसार सन् १९१४–१९१८) मा रोजगारीको लागि आसाम–बर्मामा गएको बेलामा भारतीय–बिट्रिश सेनामा भर्ती हुनुभयो । रोजगारीबाट फर्केपछि चन्द्रवीर गाउँको तालुकदार मुखिया (हाल पालिकाले जग्गाको मालपोत असुली गर्ने काम) समेत भई माईका थान, मन्दिर, बाटो, खानेपानी, सिञ्चाइ आदि सामाजिक तथा निर्माण काममा अगुवाइ गर्नुभएको रहेछ ।

वि.सं. १९८७ सालमा उहाँका पिता चन्द्रवीरले एघार वर्षको उमेरमा छोरा टेकबहादुरको अर्घा भँडीका जिम्मुवालमुखिया गङ्गारामकी नौ वर्षकी छोरी सरस्वती (१९७७–२०७७) संग विवाह गरिदिनु भएको रहेछ । कुलको मर्यादा र परम्परामा रही बाल्यकाल बिताएका टेकबहादुरले जिल्लामै विद्यालय नभएको बेला पनि घरमा वर्णमालाको पढाइपछि एक कोस दक्षिणको अर्खले गाउँमा भूतपूर्व भारतीय सैनिक पेन्सनवाला आर्मी सेकेण्ड क्लास कोर्स पास (हालको एसइइ सरह) गोमानसिंह सिञ्जालीको दलाने पाठशालामा प्राथमिक शिक्षा हासिल गर्नुभएको थियो ।

नेपालको एकीकरणपछि पनि केही राज्यरजौटा रहेका र बडामहाराजाधिराज पृथ्वीनारायण शाहको दिव्य उपदेश "अदालतमा पनि ठकुरी जाँची डिट्ठा राख्नू, मगर जाँची विचारी थाप्नू, कचहरीपिच्छे एक एक पण्डित राखी न्यायशास्त्रबमोजिम अदालत चलाउनू" भन्ने प्रचलन रहेछ । तत्कालीन ६ जिल्लाहरू (हालको गुल्मी जिल्लाका गुल्मी दरबार, धुर्कोट, इस्मा, मुसिकोट अर्घाखाँची जिल्लाको अर्घा र खाँची) समेटिएको गुल्मी राज्य तहसिल अड्डा (कार्यालय) मार्फत पञ्चखतबाहेकका मुद्दामामिला हेर्ने हाकिमकारिन्दा राखी दण्डकुण्ड जरिवाना इत्यादि खानू भन्नेसमेत ब्यहोराको तत्कालीन गुल्मीका राजा चिरञ्जीवी शाहका नाउँमा नेपाल सरकारबाट सनद लालमोहर बक्स भएअनुसार डिट्ठा दर्जासम्मका हाकिम, कारिन्दा राजाले नियुक्ति गरी कार्य सञ्चालन गरी आउनुभएको थियो ।

अड्डाअदालत एवं देशपरदेशको अनुभव बटुलेका उहाँका पिता चन्द्रवीरले 'सरकारी जागिर'को महत्त्व बुझेर तम्घास सदरमुकाम नबस्दैको अवस्थाको रेसुङ्गाको खौँचफँदीबस्तीबाट दश कि.मि. टाढा धैरेनीमा राजा चिरञ्जीवी शाहको दरबारमा अठार वर्षका टेकबहादुरलाई लैजानुभएको थियो । किशोर उमेरका टेकबहादुरको प्रतिभाबाट प्रभावित राजाले वि.सं. १९९३ मा नियुक्ति दिएकोले वि.सं. २००५ सम्म कार्यरत रही हाकिम डिट्ठा पदबाट अवकाश लिनुभयो ।

वि.सं. २००९ सालमा ६ जिल्लाका प्रमुख गन्यमान्य, साहूमहाजन बुद्धिजीवीहरू तम्घासमा भेला भई रेसुङ्गा वनजङ्गल, खानेपानी, सार्वजनिक चौर जग्गासमेत भएको र अड्डाखाना राख्न सुहाउने उपयुक्त जग्गा सर्वसम्मतिबाट तम्घासलाई नै ठहर भयो । अहिलेको प्रमुख जिल्ला अधिकारी रहने जिल्ला प्रशासन कार्यालय जस्तै तत्कालीन बडाहाकिम रहने गुल्मी छोटी गौंडा राख्ने सहमति भयो । प्रमुख मानिएका व्यक्तिहरू – पं. डिल्लिराज उपाध्याय, मुखिया गणेशबहादुर बस्नेत, जिम्मावाल मतिबहादुर थापा र डिट्ठा टेकबहादुर कुँवरसमेत चारजनाले रू.२००। का दरले नगद र दुई मुरी दरले अनाज चन्दास्वरूप दिने र दिनको एक रूपैयाँका दरले सिकर्मी र डकर्मीहरू लगाई जनश्रमदानसमेत जुटाई माघ महिना भरमै कच्ची अफिसघर बनाइयो । सबुज पल्टनबाट खटिएका सैनिकसहित गुल्मी भार्से निवासी भारतीय सेनाका भू.पू. सैनिक क्याप्टेन गिरिप्रसाद बुढाथोकी नेपाल सरकारबाट बडाहाकिम नियुक्ति भई २००९ साल फागुन ७ गते प्रजातन्त्र दिवसका दिन बाजागाजासहित बहाली स्वागत सम्पन्न भयो ।

वि.सं. २००९ सालमा पुरानो संरचना नभएको, नयाँ ठाउँ हुनाले सरकारी बजेटसमेत नहुँदा विकासनिर्माणको सरसल्लाह र सहयोगको लागि ६ जिल्लाका जनप्रतिनिधित्व गर्नसक्ने मुखिया, जिम्मुवाल, साहूमहाजन, गन्यमान्य, बुद्धिजीवी,

भद्रभलादमीहरूसहितको ठूलो जनसमूहको भेला तम्घासमा भयो । बडाहाकिमकै अध्यक्षतामा ६ जिल्लाकै गन्यमान्य व्यक्ति रहेको "गुल्मी जिल्ला सुधार समिति" गठन गरी सेक्रेटरी पदमा टेकबहादुर कुँवरलाई जिम्मेवारी दिएअनुसार एक दशकसम्म कार्य सञ्चालन गर्नुभयो ।

वि.सं. २००९ सालमा स्कूल सञ्चालक समिति गठन गरी तत्कालीन बडाहाकिमको अध्यक्षतामा स्थानीय भीमलाल मरासिनी, पुनाराम श्रीस, सुबेदार शेरबहादुर कुँवर, पद्मपाणि पन्थी समेतका सदस्यहरू र टेकबहादुर कुँवर सदस्य–सचिव भै अहिले महेन्द्र माध्यमिक विद्यालय भएकै घडेरीमा पैँयाका खाबाँ, बाँसका बला, डाँडाभाटा, सल्लीपिरलको छानो गरी स्कूलघर बनाई मिडिल स्कूलको स्थापना गरियो । भारतीय सेनाबाट सेवानिवृत्त स्थानीय तम्घास खानीगाउँ निवासी प्रेमलाल थापा मगरलाई माष्टर नियुक्ति गरियो । नयाँ पुस्ता सक्षम हुँदै आएकोले टेकबहादुर कुँवरले २०२६ तिर सचिव पदबाट अवकाश लिनुभयो ।

वि.सं. २०१७ सालमा बडाहाकिम चन्द्रमान थकालीको कार्यकालमा हालको तम्घास बजार बसाउने जग्गा भुजेलखर्क निवासी पुने चुँदाराबाट गुल्मी जिल्ला सुधार समितिको कोष रकम रू. १०,०००। ले खरिद गरी ६ महिनाभित्र घर बनाई सक्नुपर्ने र नबनाए घडेरी पजनी गर्ने शर्तमा रू.४५०।, रू.१००। र रू.५०। का दरले घडेरी वितरण गर्ने निर्णय भयो । टेकबहादुर कुँवरले सचिवको हैसियतले घडेरी रजिष्ट्रेसन पास गरेर हस्तान्तरण गर्ने काम सम्पन्न गर्नुभयो ।

जिल्लामा कानूनसम्बन्धी कुनै समस्या परेर, झैभगडा परेर सदरमुकाम आउने व्यक्तिहरूका लागि उहाँ भरोसाका व्यक्ति हुनुहुन्थ्यो । हिजोआजझैं पढेलेखेका, कानून जानेका व्यक्तिहरू नहुने समयमा उहाँले धेरैको मेलमिलाप गराई सहयोग गर्नुभयो । कानून व्यवसाय ऐन लागू भएपछि वि.सं. २०३० सालमा चौवन्न वर्षको उमेरमा सर्वोच्च अदालतको परीक्षामा सफल भई वकालतको प्रमाणपत्र हासिल गर्नुभयो । लगत्तै २०३२ सालमा पहिलोपल्ट गठित गुल्मी जिल्ला अदालत बार एसोसियसनको सहसचिव भई कार्य गर्नुभयो ।

बयसट्ठी वर्षको उमेरमा उहाँ २०३८ सालमा चार वर्ष अर्खले गाउँ पञ्चायतको प्रधानपञ्च भई विकासनिर्माणका काम गर्नुभयो । उहाँ त्रिहत्तर वर्षको उमेरमा २०४९ सालको स्थानीय निर्वाचानमा नेपाली कांग्रेसबाट उम्मेदवार भई अर्खले गाउँ विकास समितिको अध्यक्षको पदमा अत्यधिक मतले विजयी हुनुभयो । आफ्नो जीवनकालमा उहाँले गरेका प्रमुख कामहरूमध्ये अर्खले पञ्चायत भवन, विद्यालय, भाडगाउँमा विद्यालय, सिद्धास्थान मन्दिर, बेहोरेमा पृथ्वी प्राथमिक विद्यालय (२०२१ मा भूमिसुधार बचत भवन), शिवगोरक्षनाथ मन्दिर, चेक्मीमा

फलोद्यान (सुन्तला बगैँचा), सिस्नेरी–सेउवा खानेपानी, बेहोरे खानेपानी, सामुदायिक वन संरक्षण आदि मुख्य हुन् ।

आफ्ना पिता चन्द्रवीर कुँवरको साथमा गुल्मीबाट हिँडेरै पाल्पा–स्याङजा–गोर्खा–धादिङ हुँदै बाह्र दिन लगाएर काठमाडौ पुगेर पशुपतिनाथको दर्शन गर्ने अवसर पाउनुभयो । घर फर्कदा गाउँका बालीघरे प्रतिष्ठित जेगा दमाईको लागि नरसिंहा बाजा बोकेर ल्याएको स्मरण पछिसम्म गर्नुहुन्थ्यो । पछि गुल्मी गौंडाको सरकारी कामको सिलसिलामा २०१० सालमा बडाहाकिम गिरिप्रसाद बुढाथोकीसंगै गुल्मीबाट बुटवल (त्यतिवेला बटौली) सम्म पैदल, बुटवलबाट भारतको नौतनवासम्म लरीबाट र गोरखपुर–पटना रेलबाट,पटनामा फेरीडुंगाबाट गङ्गानदी पार गरी पटनाबाट काठमाडौं गौचरमा हवाइ यात्रा गर्ने अवसर पाउनुभएको थियो ।

वि.सं. २०५८ सालमा आफ्नो अध्यक्षतामा मानव कल्याण वृद्धाश्रम सेवा समिति गठन गरेर पवित्र रुरुक्षेत्र रिडीमा वृद्धाश्रम स्थापना गर्नुभयो । पुराना कुराहरू बिर्सेर नजाऊन्, आउने पुस्ताले थाहा पाओस् भनेर रेसुङ्गा तपोभूमिसमेतलाई समेटी जीवनको उत्तरार्धमा बयासी वर्षको उमेरमा सोही वर्ष **'हाम्रो गुल्मी - मेरो अनुभव'** पुस्तकसमेत प्रकाशन गरी गुल्मीको परिचय दिने काम गर्नुभयो ।

मानिसको जीवन जसरी सुखदुःख, सजिलो असजिलो हुन्छ, त्यसरी नै उहाँको जीवन पनि सरल थिएन । त्यति बेलाको रहनसहनअनुसार उहाँका तीन पत्नीहरूसहितको ठूलो परिवारको लालनपालन, शिक्षादीक्षाको जिम्मेवारी वहन संघर्ष र कठिनाइपूर्ण थियो । पछि सन्तानहरू हुर्केपछि, उन्नति गर्न लागेपछि आफ्ना अधुरा कामहरू गर्न सजिलो भएको थियो । सार्वजनिक जिम्मेवारी निर्वाह गर्दा कतिपय समयमा विवादमा पर्नु स्वाभाविकै थियो । मिलनसार र सरल जीवनशैलीले गर्दा माओवादी सशस्त्र युद्ध चर्किरहेको बेला पनि उहाँ गाउँमा निर्भयताका साथ बस्नुभयो ।

डिट्ठा टेकबहादुर कुँवर गोरो वर्ण, मझ्यौला कद, छरितो शरीर भएका, छिटो नरिसाउने, मृदुभाषी, मीठो भोजनप्रेमी, अडिग स्वभावका हुनुहुन्थ्यो । सफा, सुकिलो कमिजसुरूवाल, भादगाउँले कालो टोपी तथा जवारी कोट लगाउन मन पराउनुहुन्थ्यो । उहाँ घरमा दैनिक शालिग्राम पूजापाठ गर्न र मठमन्दिरको दर्शनमा रमाउने गर्नुहुन्थ्यो । उहाँले यातायातको पूरा विकास भइनसकेको बेला पनि ताप्लेजुङदेखि टनकपुरसम्मको भ्रमण गर्नुभयो, पशुपतिनाथ, सीताको जन्मस्थान जनकपुर, कोशीबराहक्षेत्र, मुक्तिनाथ, गलेश्वरधाम, रुरु हृषीकेश क्षेत्र, भारतको तुलसीपुरपाटन, गोरखनाथ मन्दिर आदि उहाँका प्रिय स्थानहरू थिए ।

विभिन्न सामाजिक संस्थाका साथै विद्यालय, महाविद्यालयहरूको आजीवन सदस्य रहेर समाजसेवा गर्नुभएका उहाँको २०६५ साल कार्तिक १६ गते शनिवारका दिन ८९ वर्षको उमेरमा घरमै देहान्त भयो । उहाँलाई एउटा प्रेरणादायी शिक्षाप्रेमी, उदाहरणीय सामाजिक व्यक्तिको रूपमा लिइन्छ ।

गुल्मी भाडगाउँ निवासी प्रा.डा. टीकाराम पन्थीका यी पंक्तिहरू प्रेरणास्पद छन् – "बेहोरेका कुँवरहरूको एउटा परिवार राणाकालको प्रथम चरणदेखि आजसम्म उल्लेख्य चेतनशील, प्रज्ञाक्षेत्र, समाजसेवा आदि पक्षमा स्तरीय र सम्मानित देखिन्छ । कर्णवीर–चन्द्रवीर–टेकबहादुर–कृष्णबहादुर, यी चार पुस्तामध्ये कर्णवीर बाहेकका तीन पुरुष मेरा प्रत्यक्ष जानकारीभित्र पर्दछन् । टेकबहादुर डिट्ठा भनेर चिनिने यिनले अर्खलेका सिञ्जाली मगरकहाँबाटै शिक्षा ग्रहण गरेर विख्यात कानूनविद् बने । उनी राणाकालको अन्तिम चरणदेखि अहिलेसम्म (८४ वर्षको उमेरसम्म) निरन्तर समाज सेवामा संलग्न छन् ।"

त्यस्तै उहाँका बारेमा शिक्षणका साथै नेपाल सरकारको उच्च पदबाट अवकाश लिनुभएका भेषराज शर्माको लेखाइ मननीय देखिन्छ – "गुल्मी जिल्लाको स्थापनाकालदेखि जिल्ला सुधार समितिको सचिव भई काम गर्नुभएका त्यस्तै अन्य कतिपय सामाजिक संस्थामा आबद्ध भई स्वयंसेवकका रूपमा काम गर्दै आउनुभएका डिट्ठा टेकबहादुर कुँवर जिउँदो इतिहासको रूपमा उभिएको देख्दछु । त्यहाँ बस्ने व्यक्तिहरूले नै त्यस्ता व्यक्तित्वको खोजी गर्दै चिनाउँदै जानुपर्छ । यसबाट भावी पिढी पनि प्रोत्साहित हुँदै जानेछन् ।"

**सन्दर्भ-सामग्री**


- कृष्णबहादुर कुँवर, 'विद्या' रेसुङ्गा बहुमुखी क्याम्पस, २०५०
- कृष्णबहादुर कुँवर, 'हाम्रो पुरुषार्थ' किरण पुस्तकालय, तम्घास, २०७५
- कृष्णबहादुर कुँवर, 'रमणीय पवित्र रेसुङ्गा' मीना प्रकाशन, काठमाडौं, २०७६
- कृष्णबहादुर कुँवर, 'स्मृतिमा रुद्रमणि भण्डारी शर्मा' धनञ्जय गोत्रीय भण्डारी समाज, २०७७
- कृष्णबहादुर कुँवर 'गुल्मी ६ राज्यमा हाम्रा बाआँबै' मानव कल्याण वृद्धाश्रम सेवा समिति, गुल्मी, २०७८
- केशरबहादुर थापा, प्रधानाध्यापकको कलमबाट, 'शैल-सन्देश', महेन्द्र हाई स्कूल, तम्घास, २०७६

- टेकबहादुर कुँवर 'हाम्रो गुल्मी – मेरो अनुभव' मीना प्रकाशन, काठमाडौं, २०५८
- 'भाडगाउँ नि.मा.वि. दर्पण' भाडगाउँ निम्न माध्यमिक विद्यालय, भाडगाउँ, २०६१
- वैकुण्ठबहादुर चन्द, 'म वैकुण्ठ' प्रकाशक – डा. राजेन्द्र चन्द, काठमाडौं २०७६
- पं. परशुराम पन्थी, 'तपोभूमि रेसुङ्गाधाम', किरण पुस्तकालय, तम्घास २०६७
- भेषराज शर्मा, 'गुल्मी परिचय', गुल्मी समाज, काठमाडौं, २०६२
- भेषराज शर्मा, काठमाडौं, हेडमास्टर छँदाका सम्झना, 'शैलसन्देश' महेन्द्र उच्च माध्यमिक विद्यालय, तम्घास, गुल्मी, २०७६
- सूब सेन, 'मेरा कथाहरूका कथा' प्रकाशक – सुयश प्रताप सेन, काठमाडौं, २०६१
- प्रा. शशि पन्थी, तम्घासका मठमन्दिरहरू, 'तम्घास धर्मक्षेत्र दर्पण', तम्घासथान मन्दिर व्यवस्थापन समिति, तम्घास, २०६८
- 'शैलसन्देश' महेन्द्र उच्च माध्यमिक विद्यालय, तम्घास, गुल्मी, २०५८
- 'लुम्बिनी न्याय वाटिका' नेपाल कानून व्यवसायी परिषद्, लुम्बिनी प्रदेश, बुटवल, २०५८ ।

ooo

काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरी**

**(फोन नं. ०१-५३४१४८५/९८४१२०२६९६/९८६१०५०८७०)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# हार्दिक अनुरोध !

- गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर, व्यवसाय करलागयत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिताअनुसार नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न हुने फोहरलाई उचित व्यवस्थापन गरी सफा, सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
- खाद्य पदार्थहरूमा विषादिको प्रयोग नगरौं ।
- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

# मालारानी गाउँपालिका

खनदह, अर्घाखाँची

// लेख //

# कवि योगेश्वरको पुस्तकालयबाट

✍ **हरिराज भट्टराई**

**धरान-६, सुनसरी, कोशी प्रदेश**

प्रिय सम्पादक,

अहिले म धरान ६ को पानबारीमा कवि योगेश्वर भट्टराई (२००४-२०७५)को घरमा छु । यो घर उहाँका पिता पं. बैजनाथ भट्टराई (१९७१-२०५८) को मधेसको मूल घर हो । यो अहिले नाति पीताम्बर भट्टराईको संरक्षणमा रहेको छ।

सूचित गरिहालौँ कवि योगेश्वर भट्टराई प्रचीन भारतीय दर्शन र आध्यात्मिक नेपाली सहित्यका अध्येता र चिन्तक भए । १७ कृतिमध्ये केही प्रकाशित, केही अप्रकाशित र सम्पदित छन् । अझ महत्त्वपूर्ण कुरा के छ भने योगेश्वरको सङ्ग्रहमा चुनेका महत्त्वपूर्ण ग्रन्थहरू छन् जुन उपजीव्यको रूपमा स्वीकृत छन् । युगीन प्रकाशनलाई पनि बुझेर चाखेर संग्रहमा ल्याइएका छन् । सीधै भनौं गाउँमा एउटा व्यक्तिको निजी निवासमा यस्तो सङ्ग्रह हुनु उदेक लाग्दो सन्दर्भ होला किन्तु उनी जुन गुरुकुल वा पैतृक संस्कारबाट अनुप्राणित, परिपोषित हुन्, त्यसको चर्चाको सन्दर्भ पृथक् होला । वस्तुतः सामाजिक, राजनीतिक, सांस्कृतिक तथा पारिवारिक संस्कारको छाहारीभित्र नै कवि योगेश्वर भट्टराईको चिन्तन र लेखनको जग बसेको हो भन्न संकोच लाग्दैन । एउटा स्रष्टाका सङ्ग्रहमा इतिहास, दर्शन, समाजशास्त्र, राजनीति र युग-युगका अमूल्य कृति भेटिनु स्वाभाविक हो । सबैतिर विचरण नगरी स्रष्टा सफल हुन्थ्यो कसरी ? यस अर्थमा कवि योगेश्वरको चिन्तन, साधना र सिर्जनाले उनको प्रखर तथा गरिमापूर्ण ज्ञानको भण्डारलाई स्वतः मुखरित गर्दछ । पर्खौं पारखीहरूलाई पौरख गरेर प्रकाशनमा ल्याउलान् या दुर्गम वा गम्भीर ठानेर बाटो फेर्लान् । सिलाइ गरेर राखिएका पत्रिकाहरूको प्रेम अनुपम छ । त्यो अर्को सन्दर्भ होला ।

केही पुस्तक हेरौं । झण्डै ५०० देखि १००० पेजसम्मका पुस्तक छामें, पल्टाएँ । केही पुस्तक शीर्षकले आकर्षक थिए । केही व्यक्ति व्यक्तित्वले महिमा मण्डित थिए । केही एक व्यक्तिका मौलिक थिए अनि केही सम्पादित स्मृतिग्रन्थ र सङ्कलित प्रकाशनहरू थिए । कवि योगेश्वर भट्टराईको पुस्तक सङ्ग्रहको छेउमा बसेर के दुष्ट सन्देश छर्कन मिल्ला ?

प्रशंसाको युग छ। अरूले प्रशंसा नगरे आफैँले आत्मश्लाघा गर्नुपर्ने स्थिति छ । फोटो र प्रचार नभए मान्छे नचिन्ने स्थिति छ । त्यसैले दुष्ट वचन गर्ने डराउनै

पर्छ कि ! कतै मैले आफैले लेखेको थिएँ । दोहोस्याउन मन लाग्यो - कसैलाई बिगार्नु छ भने पूजा गर, प्रशस्ति गाऊ । कसैलाई सुधार्नु छ, धार लगाउनु छ भने - आलोचना गर । बस् साहित्यले सङ्लिने र यश लिने युगको आरम्भ हुन्छ ।

कवि योगेश्वर भट्टराईको सङ्ग्रहमा असाध्य बिझाउने पुस्तक पनि देखें । दुष्ट वाणीमा यति नै भनौं गतिलो सामग्रीको अनाडीी सम्पादन । हो सम्पादन कर्म सही भएन भने असल वस्तु पनि दुष्ट देखिन्छ । कुलस्त्री कुलटा भई भने कसको चित्त नदुख्ला !

हो, लेखनाथ पौड्यालले परम्पराभिन्न गए झैं गरेर काव्यको स्वरूपबाट नौलो बाटो खोजे - नव्य काव्य (तरूण - तपसी) लेखे । देवकोटाले पनि विचार र विधानमा सधै विद्रोह देखाए । सम पनि परम्पराबाट भिन्न देखिएकै हुन् । मोदनाथ प्रश्रित यस दिशामा अतुल रहे । योगेश्वर पनि यस्तै पथका स्रष्टा भएका छन् ।

आज रूप र आत्मा बदलेर आएका महाकाव्यको महिमा छ । मानवीय गुण र प्रकृति नभए पनि मान्छे नै हुन्छ । कसैको कुनै अङ्ग छैन; अपूर्ण छ, तर मान्छे त हो । उसलाई अमानुष भन्ने अधिकार कसैलाई छैन । महाकाव्य भनिदिएपछि त्यो महाकाव्यमा दरिनुपर्छ, बस् । स्थिति यस्तै छ । महाकाव्य या कविता जस्ता पुराना, रूढ शास्त्रीय थोत्रा शब्द भिल्काउने युगमा यत्रो खुला परिवेश पाएर पनि मेरो कवि पुरानो चिन्तन र व्यवहारलाई पछ्याउन छोड्दैन, गजब छैन के ?

म मेरो स्रष्टालाई मुरिमुरि प्रशंसा पनि गर्छु - हिजो जुन कुरा त्याज्य थियो त्यसलाई हाम्रा कविले स्वीकार गरेका छन् । स्वागत गरेका छन् । जस्तो अश्लील, जटिल, ग्राह्य, अप्रसिद्ध आदि कुरा शिष्ट साहित्यमा वर्जित थिए । आज ती ग्राह्य भएका छन् । समय, भूगोल र संस्कृतिको भिन्नताले हिजोका तुच्छ कुरा आज प्रिय वा ग्राह्य मानिएका हुन् कि ! आज भन्न बल पनि पुग्छ । प्रतिगमन नगर्न पुराना कुरा मिल्काउने, पर्खाल तेछ्र्याउने र यसका लागि निरपेक्षका वार्तिक र युगीन फक्किका तेछ्र्याउने, अझ त्यतिले नपुगे अनियम नियम भन्ने, अवशेष विशेष ठान्ने अनि न्याय तेछ्र्याएर निरुपण गर्ने साहित्यको संसार आफ्नै होइन र ! राजनीतिक पात्रलाई नचाएर आफनो आख्यान भन्ने र खल पात्रलाई नायक बनाउने नि ! के शुकमाया या छेकुसरा अब पनि नायिका बन्न नपाउने हो र ! कत्रा-कत्रा मान्छेले फोहोर खाए तँ चाहिँ अझै आदर्शवादी कुरा गर्ने गतिहीन दुष्ट ! नभन्ने किन ?

कुरा त खाट्टी हो । तर साहित्य जगत् सांसारिक भएर पनि आफ्नो फरक पहिचानले हिंड्छ । अँ, त्यो साहित्य भो कि भएन त्यो अर्को कुरा हो । त्यहाँ अर्कै न्यायाधीश हुन्छ । किन्तु अब साहित्यका पृष्ठबाट इतिहास र राजनीतिका सामग्री गृहीत हुनुपर्छ अन्यथा अबको लेखन विश्वसनीय हुनसक्तैन ।

यहाँ एउटा अप्रसङ्ग ल्याएर चर्चा गरौं । एउटाले कथा लेख्यो त्रिशक्तिको सरकार चलेका बेला । नारीको रक्षाका लागि एउटा कानून आयो - केटाले विवाहयोग्य भएको प्रमाण-पत्र लिनै पर्ने भो । हरि संसारीले पनि आवेदन भऱ्यो । अन्तर्वार्ताको सूचना आयो । जिल्ला कार्यालयमा ऊ अन्तर्वार्ता दिन पुग्यो । अन्तर्वार्ता शुरु भो र ऊ असफल भएर निस्क्यो किनभने कंनिस्टिक तर्कका अगाडि सबै फेल हुन्छन् । ऊ पनि फेल भो । घरका प्रत्येक नारी एउटै हुन्, उस्तै हुन् । सबैको काम वा उपयोग एउटै हो । ती वस्तु हुन् मात्र उपयोगका वस्तु भन्ने कंनिस्टिक जीवन दर्शनका अगाडि विचरा हरि संसारीका बुद्धिले के भ्याओस् । पछि उनीहरू वेश्यालयको माग गर्ने निर्णयमा पुगे ।

सार यही मात्र हो - गलत कुरालाई समर्थन गर्दै जाँदाको परिणाम यस्तै होला । शब्दको अर्थ, संस्कृति, परिवेश र त्यसको इतिहास र संरचना नबुझिदिंदा साहित्य पनि अर्थिन सक्तैन कि ! योगेश्वर साहित्यको चुरो देशभक्ति र सांस्कृतिक प्रेम नै हो ।

हिजोको परिवेशबाट साहित्य सामग्री ग्रहण गर्ने, आजकै स्थितिबाट कथ्य सामग्री सञ्चित गर्ने हैन, मिथक इतिहासका कुराबाट लिएर लेख्ने या पूरै अर्को जगत् र भविष्यको कल्पना गरेर लेख्ने ? गोपाल पराजुलीका कविता निकट अतीत र मन्थन हुँदैरहेको आजलाई बाँध्ने, टिप्ने ऐतिहासिक तथ्य बोकेका सामग्री भएनन् र !

स्रष्टालाई बाटो देखाउने अधिकार मसँग छैन - अनुरोध गर्नुबाहेक । तिमी चाहे मौलिक/सिर्जनात्मक कुरा देऊ या मीमांसा गर किन्तु अगति पार्ने काम नगरौं । उमेरका खेल खेल, रहरका कुरा गरौं तर भोलिलाई सन्मार्ग देखाउने काम पनि गरौं । ध्वनि, व्यङ्ग्य, प्रतीक, सादृश्यबाट हिंडौं कि ?

तिम्रा शरीरमा केही अङ्ग च्यापिएका, टाँसिएका झुण्डिएका पछि देखिएका पनि छन् ? तिनका नाम पनि छन् ? तिनका त्रीडा र रुचि पनि छन् ? क्रीडा वा खेलका नाम पनि छन् । कतै यी सबै अश्लीलको दर्जामा त पर्दैनन् ? जब अङ्ग छ भने त्यसको नाम, काम, रुचि, खेल, परिणाम, अश्लील भयो अहिले ? बस्, स्थिति र प्रसङ्ग मिलाएर गर्दा त्यो अश्लील र हेय हुँदैन । दृष्टिदोष नहोस् । तिमी लेख । राम्रोभित्र नराम्रो होइन, नराम्रोभित्र राम्रो देखियोस् ।

अब फर्कौं योगेश्वर भट्टराईका रचनाले गैरराजनीतिक व्यक्तिलाई उसका मन र मस्तिष्कलाई पोषण गर्छन्, समृद्ध पार्छन् । राजनीतिक व्यक्तिलाई कोर्रा हान्छन् । अझ निरपेक्ष भन्ने शब्दावलीले यदि राजनीतिक जीवलाई शक्ति दिन्छ भने त्यसको परिणति ज्यादै कहाली लाग्दो हुन्छ भन्ने सत्य ऊ बुझिंदिदैन किनकि ऊ मात्र राजनीति गर्छ, यसको राजनीतिमा - माटो, जीवन, संस्कृति र स्वतन्त्रता जस्ता कुरा अटाउँदैनन् । त्यसैले कवि योगेश्वर भट्टराईका कृति पढ्नेले विद्वान्, शब्दकोश, इतिहास, संस्कृति, विश्वराजनीति, दर्शन र समाज मनोविज्ञानको सहयोग लिनै पर्छ ।

इन्द्रबहादुर राई भन्नुहुन्थ्यो - साहित्य सपरिश्रम तयार गरिएका थोक हो । एउटा शब्द टिप्यो, कोट्यायो, सुङ्यो, चाख्यो, चम्कायो, तौलियो अनि उचित ढंगले राख्तै गयो । बल्ल यसरी एउटा साहित्यिक महल (मन्दिर) तयार हुन्छ । अझ त्यसमा प्रवेश गर्न चाहनेले पनि त्यस्तै योग्यता हासिल गर्नुपर्छ । हिमाल चढ्न जानेले योग्यता विना चढ्छु भन्ला र ! यो भनाइ योगेश्वर भट्टराईका कृतिको पठनका सन्दर्भमा हो कि !

अवाच्य कुरा भनिहालौं प्रसङ्ग यही हो - मेरो स्रष्टा वाचाल छ, तर्कशील पनि छ । चेतनायुक्त छ । तर उसले विधि र संहिताबारे सचेत रहनै पर्छ । सीधै काट्दा खुकुरीले पनि काट्तैन । श्रम, समय र सामर्थ्यको विवेक पुगोस् । मेरो चिन्तन र क्षमताले नभ्याउने कृति बजारमा छन्, आउँदैछन् । मैले तिनको अध्ययनका लागि योग्य बनाउनै पर्छ । भूमिका लेख्नेले कहिले मुसालाई हात्ती बनाउने र सुनलाई पित्तल बनाउने पुरुषार्थ गरेकै छन् । त्यसतर्फको अनाडी कर्ममाथि नलागौं । सामान्यतः भूमिका मुकुट हुने गर्छ, अर्थात् अलङ्कार । मण्डन हो खण्डन होइन । किन्तु विवेक र औचित्य सर्वत्र चाहिन्छ ।

**योगेश्वर भट्टराईका कृतिहरू :**

**प्रकाशित**

प्रतिक्रिया, २०३२ (नाटक)
गुरुदेव पं. बैजनाथ भट्टराई : उत्सर्ग सिद्धि २०५७
दूध पोतेको ढुङ्गो (खण्डकाव्य), २०३३
उसैको यादमा (कविता), २०७३
अमृत वातावरण (कविता), २०७३
बलराम दाहाल स्मृति-ग्रन्थ

**११ अप्रकाशित कृति** (काव्य, नाटक र आख्यायिका) ।

ooo

# हार्दिक अनुरोध !

- गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर, व्यवसाय करलागयत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिताअनुसार नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न हुने फोहरलाई उचित व्यवस्थापन गरी सफा, सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
- खाद्य पदार्थहरूमा विषादीको प्रयोग नगरौं ।
- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

**मुसिकोट नगरपालिका**

वामीटक्सार, गुल्मी

# फूलहरू

✍ **रामबाबु सुवेदी**
**काठमाडौं**

प्रकृति नै फूलबारी
फूलहरू थरीथरी
लालुपाते रातैराते
लालीगुराँस रातैराते

सुनजस्तै सुनगाभा
हिलैमाथि कमल आहा !
सयपत्री चम्पा बेली
प्याउली र यो चमेली

सूर्यमुखी वनैभरि
मखमली मनैभरि
बारीभरि गोदावरी
जाई जुई लरीबरी

फूलसित हाम्रो प्यार
धरती नै बास्नादार
यै बास्नाले सृष्टि मीठो
दृष्टि मीठो, वृष्टि मीठो ।

ooo

***तपाईंले पढ्न छुटाउनुभएको त छैन ?***

**किरण पुस्तकालय, गुल्मीबाट विविध विषयका २० थरी पुस्तकहरू प्रकाशित भएका छन् नि !**

# मैले भोगेको पहिले र अहिलेको अवस्था



✍ **पुष्पराज पोखरेल**

*(किरण पुस्तकालयका आजीवन सदस्य तथा रूपन्देही जिल्ला भैरहवाबाट सञ्चालन हुने समता टेलिभिजनको **'जिन्दगीका तीन घुम्ती'** कार्यक्रमका सञ्चालक श्री शेरजंगबहादुर बस्नेतले हाम्रो पुरुषार्थका लागि गोर्खा निवासी ९७ वर्षीय वृद्ध पुष्पराज पोखरेलसँग जीवनका विभिन्न पाटाका अनुभवहरूको बारेमा राखेको जिज्ञासाको प्रत्युत्तर यहाँ प्रस्तुत गरिएको छ । -सम्पादक)*

**१. हजुर, नमस्कार आराम हुनुहुन्छ ?**

❑ सन्चो अथवा बिसन्चोबारेमा भरे भोलि म जान्दिनँ, लेखनको मितिसम्मलाई सकुशल छु ।

**२. हजुरको सामान्य परिचय दिनुहुन्छ कि ?**

❑ मेरो जन्म वि.सं. १९८५/०८/२२/५ मा भएको हो । नाम पुष्पराज पोखरेल घर गोरखा छोप्राक जैसीथोक वडा नं. ४ मा हो । मेरो परिवारमा एक धर्मपत्नी, २ छोरा ३ छोरी छन् ।

**३. बाल्यकाल, युवाकाल र हालको अवस्थाका अनुभव बताइदिनुहोस् न?**

❑ बाल्यकालमा पढ्नलाई स्कुल पाठशाला थिएन । खेलवाडमै दिन गए । जेठी श्रीमतीको नाम मधुकुमारी हो । ऊ बितेपछि अर्कीसँग २०२४ सालमा बिहे गरें । पछिल्ली श्रीमतीको नाम पनि मधुकुमारी नै हो । ठूली छोरी मेनका हो, माहिली छोरी वृन्दालक्ष्मी, कान्छी छोरी सुमित्रा हुन् र छोराहरूमा ठूलो छोराको नाम राजेन्द्र र कान्छो छोराको नाम देवेन्द्र हो ।

**४. पढाइलेखाइको सुरूवात कहाँबाट कसरी प्रारम्भ गर्नुभयो ?**

❑ पढाइ लेखाइबारे अघि नै भनिसकें सालको पात, केराको पातमा लेखेर अक्षर चिनें ।

### ५. विवाह कहिले कति जनासँग किन गर्नुभयो ?

❑ पहिलो विवाह गर्दा म १४ वर्षको थिएँ । दोस्रो विवाह २०२४ साल वैशाखमा भएको हो । जन्मदेखि आजसम्म गृहस्थाश्रममै छु । पहिला १० वर्ष संन्यास लिएँ ।

### ६. बुढेसकालअघि गरिएको पेशा व्यवस्था के हो ?

❑ जन्मेदेखि आजसम्म म गृहस्थाश्रममै छु । काम या पेशा कृषि हो । बुढेसकालमा अघि किसान छँदा २८ मुरी मास यही हातले भित्र्याएँ । १२ मुरी भटमास बनाएको हो यही हातले । अहिले सम्झँदा सपना जस्तो छ ।

### ७. राणाकाल, पञ्चायतकालको छोटो अनुभव बताउनुहोस् ?

❑ राणकाल कस्तो थियो भन्दा धेरै पाप गरेकाले भोग्नुपर्ने यम कुण्डजस्तो थियो । फेरि पञ्चायती तन्त्र पनि भोगेँ । प्रजातन्त्र या लोकतन्त्र कौरवतन्त्र दुर्योधनतन्त्र अनि गणतन्त्र पनि भोगें । अब मेरो सिद्धान्त स्वतन्त्रतामा छ ।

### ८. हालको गणतन्त्रलाई यहाँले कसरी नियाल्नुभएको छ ?

❑ हालको गणतन्त्र राम्रो हो । लोकतन्त्र भन्छन्, लोकमा को छन् - गण : भनेको जनता । पौराणिक, असल, सत्गुणी नेता हुनुपर्दथ्यो । गणतन्त्र नीति राम्रो होः तर काम गर्न पाएनन् । कौरवहरूले दिएनन् ।

### ९. यहाँको राजनीतिक व्यवस्थाप्रति कति ढुक्क हुनुहुन्छ ?

❑ राजनीति भनेको भ्रष्टचार गरी गरी जनताले कर तिरी राखेको बैङ्क लुटेर, धन थुपारेर, जनताको खुन खाएर, कुर्सीमा बस्ने । यस्तो पनि राजनीति हुन्छ ? यो त कुनीति हो । राजनीति कसले गरे ? अघि राजा जनकले गरे, रामले गरे । अरूले त राजनीति गरेजस्तो लाग्दैन ।

### १०. तपाईंका जिल्लाका पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईसँग कति नजिक वा टाढा हुनुहुन्छ ? उहाँको विचारप्रति कति सन्तुष्ट हुनुहुन्छ ?

❑ बाबुराम भट्टराईले गोरखाको मात्र नभई पूर्वपश्चिम साराको उद्धार गरे । कृषि बैङ्कबाट पैसा ऋण ल्याएका ३० हजारभन्दा तलका साना किसानको ऋण माफ गरिदिए ।

**११. बाबुराम भट्टराईको प्रमुख काम गोर्खाले के कति पायो ?**

❑ सेवा पायो भनौं । दुई गंगामा पुल हालिदिनुभयो, माथि कैलाशसम्म गाडी जाने बाटो बनाइदिनुभयो । जनता सन्तुष्ट भए । बाबुराम भट्टराईका प्रमुख कार्य धेरै अरू पनि छन् ।

**१२. हालका नेताहरूमध्ये सबैभन्दा लोकप्रिय नेता र पार्टी कसलाई मान्नुहुन्छ ?**

❑ हालका नेता कस्ता छन् देखियो, बुझियो । जनताले कर तिरेर जम्मा गरेको सहकारी बैङ्कको धन गिद्धले सिनु खाँदा झै बाँडेर खाने, भ्रष्टचार गरेर खाने हालका नेताले हो कि होइन ?

**१३. गोरखाको नागरिक भएर काठमाडौं आउनुको कारण के होला ?**

❑ गोरखामा त खेती किसान गर्नैपर्छ । छोराहरू बाहिर भएकाले खेती गर्न नसकेकोले छोराछोरीले काठमाडौं ल्याएर राखे । त्यसैकारण काठमाडौं आउनुपरेको हो ।

**१४. गोरखा छोड्दा पछुतो वा खुसी के छ ?**

❑ गोरखा छोड्न परे तापनि दिन काट्नु, काल पर्खनु भन्छन् । हामी पति पत्नीले आफना प्यारा इष्टमित्र सबैसँग दर्शनाशीष गर्न पाएकोले खुसी छौं ।

**१५. अहिले अधिकांश मान्छे गाउँ छोडी शहर र विदेशमा जाँदा गाउँ खालि हुँदै छन्, कारण के हो ?**

❑ अहिले हरेक मान्छे गाउँ छोडी शहर, विदेश जान परेको कारण के हो भने नेपालमा सत्यताको संविधान र न्यायको कानुन छैन । विकासको नाममा निकास मात्रै छ, कलकारखाना केही छैनन् । अघि नेपाललाई धर्मक्षेत्र भन्थे अहिले कुरुक्षेत्र भइराखेको छ । यहाँ अहिले भ्रष्टाचारी, बलत्कारी, हत्यारा र अत्याचारी मात्र छन् । यसकारण बालबच्चा पाल्न विदेशिनु परेको हो ।

**१६. राजनीतिक अवस्था र व्यवस्थाबारे यहाँको दृष्टिकोण कस्तो छ ?**

❑ केही नागरिक नेता भनौदा खराब भएर नै विना मियोको दाइँ जस्तो भएको छ । नाङ्गो नाच चलेको छ । जनताको दुःखमर्का बुझ्ने खै यिनीहरूमा ज्ञानको दृष्टि ? नेता भन्नेवाला चारखुट्टे गोरु भए बरू हलो तान्थ्यो, गाढा तान्थ्यो । यी त भए दुईखुट्टे गोरु, अविवेकी नरपशु शोषक र सामन्ती संस्कार भएका पशु ।

**१७. राजसंस्था अहिले आवश्यक मान्नहुन्छ ?**

❑ अहिले राज संस्था नै छैन । अघि श्री ५ वीरेन्द्र सरकारले गर्नुभएको थियो राजानिति निष्पक्ष भएर, तर अहिले राजसंस्था नै छैन । राजाविनाको राष्ट्र छ नेपाल । राजा ज्ञानेन्द्रले दाजुले झैं जनता खुसी पार्न सकेनन् ।

**१८. भ्रष्टचारको चर्चा गर्दा, हल्ला सुन्दा यसको नियन्त्रण कसरी हुन्छ ?**

❑ अब यी भ्रष्टचारी जति छन् यिनको सम्पत्ति जति छ सारा सम्पत्ति राष्ट्रियकरण गरेर बैङ्कमा राखेर यिनीहरूलाई देशनिकाला गरेर काला पानी नतारेसम्म यो नेपालमा स्वतन्त्रता आउँदैन । जरा हालिसकेका छन् यी राक्षसी यमदूतहरूले । यिनलाई बेलैमा नियन्त्रण गर्नुपर्छ, यति नगरी हुँदैन ।

**१९. अहिलेको विकास निर्माणले खुसी हुनुहुन्छ ?**

❑ अहिले के नयाँ विकास र निर्माण भएको छ र खुसी हुने आफै बुझ्नुहोस् न ।

**२०. तपाईं बुढेसकालमा हुँदा पनि यति झिल्के देखिनुहुन्छ अनि तन्नेरी अवस्थामा तपाईंका पछि लाग्नेको संख्या के कति थियो ?**

❑ यो प्रश्न त पट्ठापट्ठी बसेर हाँसखेल गरे जस्तो पो भयो । मैले बाल्यकालदेखि नै श्रीमद्भागवत पढ्न थालें । १८/१९ वर्षदेखि नै मलाई फसाउन खोज्ने धेरै थिए । तर डगाउन सकेनन्, आफै लज्जित भए ।

**२१. विवाह गर्दा के के झन्झट आइलागे ?**

❑ विवाहको बारेमा पहिलो विवाह माथि नै भनिसकें । पहिली विवाहित पत्नी २०२३ साल श्रावण २ गते परलोक भइन् । त्यससपछि २४ सालको वैशाखमै दोस्रो विवाह गरें । झञ्झट केही परेन । राम्रोसँग उत्सव मनाएरै विवाह भयो ।

**२२. बुबाआमा र मान्यजनको लागि सम्मान सत्कार कस्तो गर्नुपर्छ ?**

❑ बाबाआमा र मान्यजनहरूलाई हर दिन उहाँहरूलाई जीवित छँदैमा तन, मन, वचन र कर्मले सम्मान मात्र होइन सबै कुराबाट सन्तुष्ट पार्नुपर्दछ । बाआमा जीवित छँदा पेटभरि खान र शरीरमा राम्रो लुगा लगाउन नपाईकन आँसु झारेर मरेर जान्छन् । अर्को जन्म कुन योनीमा गएर बास

लिइसक्छ । लासलाई घाटमा लगेर पोलेर खरानीसमेत पखालेर आउँछन् मलामीहरू । जीवित छँदा मीठो र सजिलो बिस्तरा खाटमा सुताउन भनिएको हो । छोरा, नातिले बाआमालाई मरेपछि शय्या दान गर्छन् । त्यसमा मोज गर्ने कसले ? इतिहास धेरै छ । यति मात्र ।

**२३. अहिले वृद्धाश्रममा वृद्धवृद्धाहरूको संख्या दिनानुदिन बढ्दै छ, कारण के हो ?**

❑ अब दिनप्रतिदिन सत्य, धर्म, कर्म लोप हुँदै गएको छ । छोरा, बुहारी घरमा हुँदा वृद्धवृद्धा बाबुआमालाई लगेर वृद्धाश्रममा राख्न थाले । छोरा बुहारीले आमाबाबुको सेवा, माया, सत्कार त कता कता, पाप लाग्छ भन्ने खै डर मानेको ? यस्ता छोरा, नातिले आमाबाबु मर्दा किरिया गर्नु, जुठो बार्नु किन पर्‍यो ?

**२४. ब्राह्मणवाद र हिन्दूवादले जातीय र धार्मिक द्वन्द्व बढ्यो भन्नेहरूलाई यहाँको भनाइ के छ ?**

❑ ब्राह्मणवाद र हिन्दूवादको बारेमा सृष्टिकर्ता ब्रह्मलाई अन्तर्दृष्टिले हेर्ने ब्रह्मस्वरूप कस्तो छ ? कहाँ छ ? आफूभन्दा भिन्नै छ कि आफ्नै पासमा देख्नुहुन्छ । हिन्दूवाद भनेको आफूले आफैलाई चिन्ने धर्म हो । क्रिश्चियन धर्म, मुस्लिम धर्म, बौद्धधर्म, उही ब्रह्मात्मालाई पहिचान गरेर ब्रह्मात्मामा गएर, मिलेर आनन्द लिएर बस्ने मार्ग हो, यही नै धर्म हो ।

**२५. छुवाछूत समाजको लागि कलंक हो भन्ने विचार ठिक या बेठिक के मान्नुहुन्छ ?**

❑ छुवाछूतको बारेमा कोही व्यक्तिहरू आहारविहारमा नमिलेर अलग हुन्छन्, कोही अनेक प्रकारका रोगी हुन्छन्, रोग सर्न सक्छ । आँखाले त्यो रोग देखिदैन । स्वास्थ्य ठिक नहुनु मानवलाई कलङ्क हो । तर छुवाछूत गर्नाले जात जाला भन्ने कुरा होइन ।

**२६. सन्तानदेखि टाढा बस्नु पर्दाको पीडा कस्तो छ ?**

❑ सन्तान चाहिने नै बुढेसकालका लागि हो । सन्तानहरू नजिक बसेर सेवा गरून् भन्ने चाहना हुन्छ । त्यो नहुँदा पीडाको अनुभव हुन्छ । आफ्ना परिवारले बुढेसकाल भइसकेका वृद्धवृद्धाहरूलाई सेवा सत्कार गरिराखून् भन्ने सबैले चाहन्छन् ।

**२७. सन्तानले बुढेसकालमा गर्नुपर्ने कर्तव्य के हो ?**

- ❑ दिनहुँ रेखदेख र सोधपुछ गर्ने । केही खाने, लगाउने इच्छा छ कि ? कतै घुम्ने इच्छा छ कि ? आदि सोधपुछ गरेर खुशी बनाउनुपर्छ ।

**२८. अहिलेका बच्चा, युवाहरूको आनिबानी कस्तो लाग्छ ?**

- ❑ अघिका जमानामा शिक्षादीक्षा केही थिएन । बच्चा, युवा गट्टा, तास खेल्थे । अहिले ३ वर्ष नपुग्दै क, ख पढ्न थाले । वर्तमानको स्थिति राम्रो छ ।

**२९. सुखी हुन, खुसी र शान्ति पाउन के गर्नुपर्छ ?**

- ❑ सुखी हुन, खुसी र शान्ति पाउन लोभ, लालच, द्वेष, ईर्ष्या त्याग्नुपर्दछ । सानुतिनु त्याग नगर्नाले शान्ति मिल्दैन । ऋषिमुनि कसलाई भनिन्छ ? जसले रिसलाई मुनि पारेको छ, जितेको छ उसलाई भनिन्छ । ऋषिमुनि महर्षिको अर्थ के हो ? जुन विद्वान् पुरुषले म को हुँ भन्दा आफूलाई चिन्छ, आफूमा आफू देखेर जहाँ आफैँ रमाउँछ । उसलाई आफैमा हर्ष हुन्छ । उसैलाई हुन्छ शान्ति ।

**३०. वर्तमानको समाज र सरकारलाई के सुझाव छ ?**

- ❑ वर्तमान समाज र सरकारलाई म के सुझाव दिन्छु भने हुन त 'यथा राजा तथा प्रजा'जस्तै भइरहेको छ । किनकि सत्यता र असल निष्पक्षको दरो मिओ हुनुपर्दछ । हाम्रो नेपालमा अहिले खिर्राको मिओ छ या मिओको दाँजी भइराखेको छ । अहिलेको सरकार द्वापर युगमा कौरवहरूको कपटी पाशा बनाई पाण्डवहरूलाई जुवा खेलाएर सर्वस्वहरण गरीकन वनबास पठाउने शकुनीजस्तो छ । अहिलेको सरकारदेखि कतिले के के विकास गरे ? यही हो नीति ? यही हो संवैधानिक कानूनी राज्य ? सरकारमा भएर ज्यानमारा, हत्यारा, बलत्कारीहरूलाई लुकाएर गुपचुप राख्ने । यस्तालाई न्यायनिसाफ गर्ने अधिकार दिई कुर्सीमा गोडो हल्लाएर बस्ने ? लाज लाग्दैन ? दूधको दूध पानीको पानी गरेर निसाफ गर्नुपर्छ सरकार भएर । निर्मला बालिकाको हत्या गरेको कसले हो ? किन खोजिदैन ? लाज लाग्दैन सरकारमा बस्न ?

  नारायणहिटी दरबार हत्याकाण्ड र मदन भण्डारीलाई हत्या गराउने मतियारहरूको खान्तलास किन गरिदैन ? गुपचुप गराई राखिएको छ । हो कि हैन ? त्यसकारण वर्तमानको सरकार कस्तो रहेछ ? बिच्छी बसेको खिर्राको मिओ भएपछि कसरी दाँजी हुन्छ ? नेतारूपी गोरुको जुधाजुध र हानाहान ताकाताक भइराखेको छ, किनभने असल धर्मात्मा निष्पक्षताको मिओ नभएर हो । जबसम्म यो उतै घोच्ने र यतै पोल्ने बिच्छीको मिओ

उखेलिदैन तबसम्म यो देशमा शान्ति आउँदैन । अनि अर्को विद्वान् पुरुषहरूले बुझ्नुपर्ने ज्ञान हो । स्वर्ग जाने र नरक जाने दुई मार्ग छन् । जुन मानिस मर्दा गाउँ छिमेकीले आज फलानु मरेछ कसैले भन्यो भने ओहो धर्मात्मी मानिस थियो । उसले कसैलाई अहित कर्म गरेर कुनै प्राणीमाथि अन्याय गरेन । असल मानिस थियो । अब डाँडै शून्य भयो तर मरेर गए पनि स्र्वगबास होस् भनी कसैले भन्यो भने त्यो मानिस स्वर्ग जान्छ । किनभने ज्ञानी आत्मा हुनेले मात्र बुझ्दछ । यसको अर्थ त्यो मानिसले जन्मान्तर कसैमा कुभलो र अन्याय गरेको रहेनछ, सबैको उपकार र भलो चिताएरै बाँचेको रहेछ भनेर सम्झन्छ । अब नरक जान्छ को ? आफनू दोष लुकाउने, अर्कोको बिगार गर्ने । जसका स्त्री राम्रा छन् तिनीहरूलाई तन, मन, धन दिएर अथवा जबर्जस्ती बलत्कार गरेर पनि फँसाएरै विघटन नपारी छोडदैनन् । विनाराजाको देश । विनामिओको दाँत्री यही नेपालमा भइराखेको छ । जनताहरूलाई पैसा पाए पुगिहाल्यो । कोही कोहीलाई त पैसै चाहिंदैन । एक छाक मासु, भात र एक बोतल रक्सी खान पाए भयो ।

नाङ्गै नाँचेका छन् थै थै ! यस्ता अन्यायी नेता भनौदा र मन्त्रीको सरकार भएपछि सिधासाधा जनताले कसरी जीवन निर्वाह चलाउने ?

यस्ता नीच व्यक्ति कसरी स्वर्ग जान्छन् ? आज फलानो मऱ्यो अरे भन्दा ठिक भएछ देशको काँडो थियो, मऱ्यो । अब देशमा केही दिन त शान्ति आउला भनेर सबैको मुखले भन्नेछन् । अनि त्यो मृतक स्वर्ग जाला ? कदापि जाँदैन । अब त्यो सातै जन्मसम्म नरकवासी गुहुको कीरा भएर बस्नुपर्ने छ ।

**३१. केही कुरा छुटेको भए छोटकरीमा बताउनुहुन्छ कि ?**

❑ मेरो हृदयका दृष्टि भएको कुरा लेखेको हुँ । म त अब डाँडामा पुगें । सबैले सुख र शान्तिले लाउन र खान पाऊन् भन्ने शिवसँग प्रार्थना छ । हृदयदेखि नै मेरो शुभकामना यत्ति छ । केही कुरामा गल्ती भए म न पढेको, न स्कुल देखेको, न मलाई गुरुले शिक्षा–दीक्षा दिन पाउनुभयो, न मलाई क, ख, ग, घ, ङ चिनाउने थिए कोही ? कोसँग सोध्नु ?

**३२. छोटो समयमा धेरै जानकारी गराउनुभएकोमा हजुरलाई सम्मान गरें । बधाईसहित हार्दिक धन्यवाद । यहाँको सुस्वास्थ्य र दीर्घायुको कामना छ ।**

❑ केही कुरा लेखें । मलाई माफ दिइबक्सेला । म आभारी छु । अरू पछि । ॐ शान्ति !

ooo

# हार्दिक अनुरोध !

- गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर, व्यवसाय करलागयत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिताअनुसार नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न हुने फोहरलाई उचित व्यवस्थापन गरी सफा, सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
- खाद्य पदार्थहरूमा विषादिको प्रयोग नगरौं ।
- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

# गुल्मीदरबार गाउँपालिका

गौंडाकोट, गुल्मी

पुस्तकालय परिचय

# गिराञ्चौर सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र

✍ **सञ्चमाया तामाङ**
**लाइब्रेरियन**

## संक्षिप्त परिचय

रिड नेपालको आर्थिक सहयोग, स्थानीय समुदायको सक्रियता, स्थानीय निकायको समन्वयमा सञ्चालित गिराञ्चौर सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र नेपालको ४४ जिल्लाको ७० औं पुस्तकालयमध्ये ६९ नम्बरमा सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका - १२, गिराञ्चौरमा रहेको छ । यस गिराञ्चौर सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको स्थापना वि.स. २०७५ सालमा जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा दर्ता भएपश्चात् पुस्तकालय भवन निमार्ण कार्य शुरू गरिएको थियो । यो पुस्तकालय १९आना क्षेत्रमा निर्माण भएको छ । यस पुस्तकालयमा विभिन्न कक्षहरू जस्तै : बालकक्ष, पुस्तकालय कक्ष, महिला तथा सहकारी कक्ष, युवा तथा वृद्धाकक्षबाट दिने सेवाहरू सुचारू गरिएको छ । दिगो रूपमा सञ्चालन गर्नको लागि सहयोग रकमले सहकारी सञ्चालन गरी आवश्यकता अनुसार ऋण प्रवाहसँगै आयमूलक कार्यक्रम र सिपमूलक तालिम सञ्चालन गरिएको छ । कोविड - १९ को समयमा पुस्तकालयको मध्यमबाट कोविडसम्बन्धी जनचेतनामूलक सूचना अदानप्रदान र कोविडपश्चात् सहयोगी संस्था रिड नेपाल, रिड ग्लोवल, पिपुल फोरमको समन्वय र आइरेक्सको सहयोगमा पुस्तकालयको



मध्यमबाट वैदेशिक रोजगारसम्बन्धी जनचेतनामूलक सूचना अदानप्रदान तथा जनचेतनामूलक कायक्रमहरू सञ्चालन तथा व्यावहारिक सामुदायिक कार्यक्रमअन्तर्गत स्थानीय समुदायका लक्षित वर्गका व्यक्तिहरूलाई जीविकोपार्जनको लागि १८ जनालाई बाख्रा, १ जनालाई बङ्गुर तथा १ जनालाई ढाका कपडा बुन्ने धागो सहयोग गरिएको थियो ।

गिराञ्चौर सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रबाट हालसम्म सञ्चालन भएका कार्यक्रमका गतिविधिहरू निम्नानुसार छन् :

१. समुदायमा भइरहेका घटनाहरूलाई मध्यनजर गर्दै सचेतताका लागि आवश्यक सल्लाह-सुझाव, पुस्तक तथा सूचना अदान प्रदान ।

२. जन्मेदेखि १५ महिनासम्मका बालबालिकालाई खोप कायक्रम सञ्चालन ।

३. प्रत्येक महिनामा नियमित रूपमा सञ्चालन भएको स्वास्थ्य आमा समूहको बैठक तथा महिलामा हुने विभिन्न प्रकारका रोगसम्बन्धी जनचेतनामूलक कायक्रम सञ्चालन ।

४. दिगो परियोजना कायक्रमअर्न्तगत सहकारी सञ्चालन गरी समुदाय स्तरमा बचत संकलन तथा ऋण प्रवाह ।

५. प्रत्येक हप्ताको शनिबार बालबालिकाहरूको रुचिअनुसारका विभिन्न क्रियाकलापहरू निरन्तर रूपमा सञ्चालन ।

६. दियो परियोजना कायक्रमअर्न्तगत वैदेशिक रोजगारसम्बन्धी सूचना अदान-प्रदान तथा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन ।

७. पुस्तकालय तथा सूचना कर्नर अवलोकन गर्न आउने प्रयोगकर्ताहरूलाई वैदेशिक रोजगारसम्बन्धी जानकारी तथा जिज्ञासा संकलन ।

८. पुस्तकालयबाट वैदेशिक रोजगारसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनपश्चात् वैदेशिक रोजगारमा जानको लागि आवश्यक पर्ने कागजपत्रको प्रतिलिपि पुस्तकालयमा छोड्ने बानीको विकास भएको छ ।

९. पुस्तकालयको दिगोपनाको लागि सञ्चालनमा रहेको सहकारी निरन्तर रूपमा क्रियाशील ।

१०. पुस्तकालयबाट दिने सेवा सुविधासँगै स्थानीय समुदायको खानेपानीको बिल पुस्तकालयमा भुक्तानी गर्ने बानीको विकास भएको छ ।

११. व्यावहारिक सामुदायिक कार्यक्रमअन्तर्गत पुस्तकालयबाट २० जना लक्षित वर्गको लागि सहयोग गरेकोमा हालसम्म सम्पूर्ण सहयोग प्रभावकारी र आयमूलक भएको छ ।

गिराञ्चौर सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रबाट २०८०/०८१ मा गरिएका कार्यक्रमहरू

१. पुस्तकालयका सेवाग्राहीहरूलाई वित्तीय साक्षरता कार्यक्रम सन्चालन ।

२. व्यवसायउन्मुख तालिम सन्चालन ।

३. कर्मचारी कार्यविधि तथा आचारसंहिता निर्माण गरी कार्यान्वयन ।

४. कृषि अनुदानका कार्यक्रमहरूलाई प्राथमिकता ।

५. संस्थागत आर्थिक तथा प्रशासनिक नीति निर्माण गरी कार्यान्वयन ।

६. महिला उद्यशीलता विकाससम्बन्धी तालिम सन्चालन ।

७. नेतृत्व विकास तथा आत्मनिर्भरतासम्बन्धी गोष्ठी सन्चालन ।

८. महिला स्वास्थ्यसम्बन्धी परामर्श कक्षा सन्चालन ।

९. पुस्तकालयमा आजीवन सदस्यहरूको संख्या वृद्धि ।

१०. पुस्तकालयको स्पष्ट नीतिनियम निर्माण ।

११. सहकारीमा सूचना प्रविधिमार्फत सेवा सुनिश्चितता ।

१२. संस्थाको ध्येय, लक्ष्य, उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्यहरू गरिएको ।

१३. सरोकारवाला संघ-संस्थासँग समन्वय ।

१४. तोकिएको समयमा नियामक निकायमा प्रतिवेदन पेश ।

यसरी ६ वर्षपहिले स्थापित यस पुस्तकालयमार्फत पठन संस्कृतिको विकासका साथै समाजको सेवा गर्ने प्रयास भइरहेको छ । यस पुस्तकालयमा सङ्गृहीत पुस्तकहरूको सङ्ख्या ७ हजार जति छ । पुस्तकालय सञ्चालन गर्न एउटा ९ सदस्यीय व्यवस्थापन समितिको गठन गरिएको छ । समितिको वर्तमान अध्यक्ष गोर्खाबहादुर तामाङ हुनुहुन्छ । समिति पुस्तकालयलाई व्यवस्थित बनाउन क्रियाशील छ ।

ooo

# हार्दिक अनुरोध !

- गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर, व्यवसाय करलागयत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिताअनुसार नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न हुने फोहरलाई उचित व्यवस्थापन गरी सफा, सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
- खाद्य पदार्थहरूमा विषादिको प्रयोग नगरौं ।
- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

# रुरुक्षेत्र गाउँपालिका

घिउबेंसी, गुल्मी

# पुस्तकालयका संक्षिप्त गतिविधि

❑ विगत वर्षहरूमा जस्तै यस वर्ष पनि महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११६ औं जन्मजयन्ती विविध कार्यक्रमको आयोजना गरी एक विशेष समारोहकाबीच मनाइयो । यसै दिन किरण पुस्तकालयको ५६ औं वार्षिकोत्सव, हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको ५१ औं वर्षको १०३ औं अङ्क प्रकाशनोत्सव र ५७ औं पुस्तकालयसभा पनि एकै साथ आयोजना गरियो । कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेशसभाका माननीय सदस्य डिल्लीराज भुसालले आफूले प्रतिवर्ष किरण पुस्तकालयलाई रू. १ लाखको सहयोग गर्ने प्रतिबद्धताअनुसारको राशि पनि पुस्तकालयलाई सोही अवसरमा हस्तान्तरण गर्नुभयो ।

सभामा पुस्तकालयको वार्षिक प्रतिवेदन सचिव चनकबहादुर कुँवरले र लेखापरीक्षणको प्रतिवेदन कोषाध्यक्ष हिमकला रानाले प्रस्तुत गर्नुभएको थियो । आर्थिक वर्ष २०८०/०८१ मा पुस्तकालयको यथार्थ खर्च रू.२३,३५,०४४।९३ भएको थियो भने चालू आर्थिक वर्ष २०८१/०८२ का लागि रू. ३५,००,०००।०० को अनुमित आय-व्ययक सभाबाट पारित गरिएको छ ।

❑ किरण पुस्तकालयले यस वर्ष २०८१ पुसमा पठन संस्कृतिको विकासका लागि गुल्मी र अर्घाखाँची जिल्लाका सम्पूर्ण नगर तथा गाउँपालिकाहरूको परिभ्रमण कार्यक्रमको आयोजना गरेको थियो । पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष शशि पन्थीको नेतृत्वमा उपाध्यक्ष दीन पन्थी, आजीवन सदस्य श्री चन्द्रकान्त पन्थी र श्री ढुण्डिराज पोखरेल तथा सहायक ग्रन्थपाल ज्ञानराज मरासिनीसहितको ५ सदस्यीय टोलीले दुई जिल्लाका सम्पूर्ण पालिकाहरू, केही क्याम्पसहरू र केही विद्यालय, पुस्तकालयहरूको अध्ययन अवलोकन भ्रमण सम्पन्न गरेको थियो । भम्रणका अवसरमा पठन संस्कृतिको विकासका लागि सबैले सहयोग गर्नुपर्ने र पठन-पाठनको उपयुक्त वातावरण बनाउन आ-आफ्नो ठाउँबाट सबैको योगदान हुनुपर्ने कुरामा जोड दिइएको थियो ।


❑ परिभ्रमण कार्यक्रमका अवसरमा पुस्तकालयका प्रकाशनहरू पुस्तकालयका पाठक, लेखक, कविहरूलाई वितरण गर्ने, विक्री गर्ने, विज्ञापन सङ्कलन गर्ने, रचनाहरू जम्मा गर्ने जस्ता कामहरू पनि भएका थिए । परिभ्रमण कार्यक्रम सफल, उत्साहजनक र प्रेरणादायी भएको अनुभव भेटघाटका क्रममा धेरैबाट व्यक्त गरिएको थियो ।

**– सचिव**

०००

# नौलो सृष्टि : सानो दृष्टि

## १. लोकवार्ता ११





नेपाली लोकवार्ता भाग ११ को पहिलो संस्करण २०८० अकिञ्चनका हातमा परेको छ । ६०० भन्दा धेरै पृष्ठहरूमा काठमाडौंमा सङ्कलित गोष्ठीहरूसँग सम्बद्ध ३९ वटा अनुसन्धानमूलक रचनाहरू प्रकाशित छन् भने स्थानीय तहमा सङ्कलित गोष्ठीहरूसँग सम्बद्ध १९ वटा रचनाहरू प्रकाशन गरिएको छ । अन्त्यमा लोकवार्ता परिषद् नेपालद्वारा पाल्पा, गुल्मी र अर्घाखाँची जिल्लामा सञ्चालित ११ औं सङ्गोष्ठीका छायाँचित्रहरू (२०७९) राखिएको छ । यस भागको संयोजकमा गुल्मी, पाल्पा, र अघाँखाची जिल्लाका लोकवार्ता सङ्गोष्ठीका संयोजकहरू रहनु भएको छ । प्रधान सम्पादक डा. मुकुन्द शर्मा र सम्पादकहरू प्रा.डा. भवेश्वर पंगेनीसहीत ६ जना रहनुभएको छ ।

प्रस्तुत भागमा लोकसाहित्यिक विषयका लोककथा, लोकगीत, लोकगाथा, उखान टुक्का, लोकनाटक, गाउँखाने कथा अदि १४ वटा गोष्ठीपत्रहरू, जातीय पहिचान र संस्कृतिसँग सम्बद्ध ११ वटा गोष्ठीपत्र, स्थानीय संस्कृतिसँग सम्बन्धित १० वटा, रीतिरिवाज र परम्परासँग सम्बद्ध सातवटा र ज्योतिषसँग सम्बद्ध एउटा कार्यपत्र समावेश गरिएको छ । अँग्रेजी खण्डमा परशुराम राई र डा. रामप्रसाद घिमिरेका दुईवटा लेख समावेश छन् ।

हृषीकेश मन्दिर पाल्पा, फागुनाच अर्गली, पाल्पा, एकतारे भजन - गुल्मी, सरायँनाच - अर्घाखाँचीका आकर्षक छायाँचित्रहरूले यस भागको मुहार उज्यालो बनाएका छन् । नेपालका विभिन्न क्षेत्रमा बस्ने नेपाली समुदायमा प्रचलित लोक साहित्यलाई लिपिबद्ध गरेर राख्दा भावी पुस्ताले परिचित हुने अवसर प्राप्त गर्ने छन् । लोकवार्ता परिषद् नेपालले स्थानीय तहसम्म पुगेर लोप हुन थालेका अमूल्य सम्पत्तिहरू सङ्कलन गरेर निकै महत्त्वपूर्ण कार्य गरेको छ । यसका लागि परिषद् धन्यवादको पात्र बनेको छ । देशका सबै स्थानमा पुगी यसका १०० औं भाग प्रकाशित गर्न परिषद् सफल बनोस् । शुभकामना !

## २. विनय कसूज (स्मृति-ग्रन्थ)




विनय कसजू स्मृति प्रतिष्ठानको प्रकाशन र प्रा.डा. कपिल लामिछानेसहितको पाँच सदस्यीय सम्पादक मण्डलको सम्पादकत्वमा विनय कसजू स्मृतिग्रन्थ २०८० फागुन, (सबै गरेर ८१२ पृष्ठमा) प्रकाशित भएको छ । गङ्गादेवी कसजूको क्रियाशीलतामा प्रस्तुत विशाल कायकृति तयार हुन सकेको सन्दर्भ सम्पादकीयबाट बुझ्न सकिन्छ ।

विनय कसजू राजनीतिक, समाजिक, सञ्चारकर्मी, सहित्यकार र समीक्षक व्यक्तित्वको समष्टि रूप हो ।


प्रस्तुत स्मृति ग्रन्थलाई सम्पादक मण्डलले अन्यन्त परिश्रमसाथ विभिन्न भागमा विभाजन गरेर कलात्मक ढङ्गले प्रस्तुत गर्नुभएको छ । ग्रन्थको पहिलो क्रममा डा. हरिप्रसाद भण्डारीले विनय कसजूको जीवनी, व्यक्तित्व तथा कृतित्वमाथि प्रकाश पार्नुभएको छ । दोस्रो क्रममा संस्मरण खण्ड राखिएको छ । यस खण्डमा उहाँकी श्रीमती, सुपुत्र, आफन्तजन, मित्रहरू, समीक्षकहरूलगायतका विशिष्ट विद्वान्हरूका १०९ वटा लेखहरूमा कसजूको जीवनका विविध पाटाहरू प्रस्तुत भएका छन् ।

तेस्रो क्रममा लेख समालोचना राखिएका छन् । यसभित्र सम्पादक प्रा.डा. कपिल लामिछानेसहितका १८ जना समीक्षकहरूले समीक्षात्मक लेखहरू तयार गर्नुभएको छ भने चौथो क्रममा स्मृतिमा विभिन्न आठवटा कविताहरू छन् ।

यस ग्रन्थको पाँचौं क्रममा कसजूको ग्रन्थनायकद्वारा रचित, लघुकथा, कथा, बालकथाहरू समावेश गरिएको छ । छैठौं क्रममा उहाँले लेखेका विभिन्न विधासम्बन्धी पुस्तकहरूका छायाँचित्रहरू उतारिएको छ । सातौं क्रममा शब्दाञ्जलि शीर्षकाभित्र उहाँको दुःखद निधनका सन्दर्भमा विभिन्न संघ-संस्था र व्याक्तिहरूद्वारा प्रस्तुत शब्दाञ्जलिहरू छन् । अन्तिम खण्डलाई फोटो फिचर नाम दिएर रिडी गाउँपञ्चायतको प्रधानपञ्च हुँदैका समय (२० वर्षको उमेर) देखि मेडिसिटी अस्पतालकै बेडबाट उहाँले खिचिदिएको उपस्थित परिवारका सदस्यहरूको छायाँचित्र समावेश गरिएको छ ।

प्रस्तुत ग्रन्थले कसजूको कीर्ति जीवन्त राख्न कुनै कसर बाँकी नराखेको अनुभव गर्न सकिन्छ ।

### ३. मान्छेका रङहरू




वनमाली निराकार नेपाली साहित्यको इतिहासमा कथा र कविताका क्षेत्रमा आफ्नै पहिचान कायम गरेका व्यक्तित्व हुन् । लामो समयसम्म प्राध्यापन सेवाबाट अवकाशप्राप्त निराकारले मान्छेका रङहरू चैत्र ७ मा पहिलो संस्करण निकालेका छन् । मानव स्वभाव र जीवन-जगत्का वास्तविक तथ्यलाई प्रस्तुत संग्रहभित्रका कविताहरूमा पोखिएको छ ।

कवि निराकारले मसिना कविताभित्र न्यूनतम तीन पङ्क्तिदेखि ७-८ पङ्क्तिसम्मका २४ वटा कविता तयार गरेका छन् । तीमध्ये जिन्दगीअन्तर्गत (१ र २) दुई भिन्न रङ छोराछोरी (१, २, ३) भिन्न रङ प्रस्तुत गरेका छन् । कविताका भिन्न-भिन्न शीर्षकमा मानिसका रङहरू कसरी फेरिदा रहेछन् भन्ने तथ्य मसिना कविताले मिहिन पारामै बताएका छन् ।

दोस्रो खण्डमा गद्य शैलीका मुक्तक कविताहरूअन्तर्गत विभिन्न शीर्षक दिदै मानिसका भिन्न रङ देखाइएको छ । १६ वटा मुक्तकमध्ये प्रकृति, मानवजीवन र यसका विविध पाटाका रङ उतारिएको छ । मायालुलाई जेबी रूमाल पावरवाला चस्मा, लेटरबक्स र अख्तियारसँग तुलना गर्दै भिन्न प्रकृतिको चर्चा गरिएको छ ।

तेस्रो खण्डमा हाइकु समावेश छन् । जीवन-जगत्, मानव स्वभाव, प्रकृतिका साथै समसामयिक सन्दर्भ कोट्याउदै कवि लेख्दछन् :

**यति सजिलै**
**आकाश छुन सक्ने**
**पक्कै भाउ हो ।**
(मान्छेका रङहरू पृ. ३०)

अन्य सबै हाइकुहरू उद्धरणयोग्य छन् ।

चौथो खण्डमा रूवाइ शैलीका मुक्तकअन्तर्गत विभिन्न ३५ वटा मुक्तक सङ्कलन गरिएको छ । कवि मुक्तकमार्फत यसरी व्यङ्ग्य गर्छन् :

**नेपालका योजनाहरू विद्यार्थीका कपी रफ जस्तो छ**
**चौतारीमा बसेर गँजडीहरूले चुटेको गफ जस्तो छ**
**धेरैले धेरै कुरा गर्छन् तैपनि हालत उस्तै छ**
**महाशय, नेपालमा विकास ठ्याक्कै घाँटीमा अड्केको कफ जस्तो छ ।**
(मान्छेका रङहरू पृ. ३६)

संग्रहको पाँचौ खण्डमा लामा कविताहरू छन् । यसभित्र भिन्नभिन्न शीर्षकका १४ वटा कविता छन् । यस खण्डको पहिलो कविता मृत्यु, विवशता र वर्तमान हो भने चौधौं कविता सिद्धार्थ अहिले जन्मेका भए के हुन्थे ? भन्ने हो । कवि आँकलन गर्छन् । उतिबेला जन्मिएका सिद्धार्थले मनचिन्ते कटौरा थमाइदिनाले हामी त्यही थापेर भिख मागिरहेका छौं । त्यस्तै ढुङ्गाले भन्छ शीर्षकको कवितामा मान्छेमा देखिने कठोरता, हत्या, हिंसा, आतङ्क, बेइमानीप्रति ढुङ्गाको माध्यमबाट कवि भन्दछन् :

**मान्छेले मान्छेको हत्या गरेजस्तै**
**ढुङ्गाले ढुङ्गालाई मारेको कतै सुन्नुभएको छ ?**
**ढुङ्गाले ढुङ्गालाई अन्याय अत्याचार र शोषण गरेको**
**समाचार कतै छापिएको छ?**
**तैपनि मान्छे आरोप लगाउँछन्**
**ढुङ्गाको मान कठोर हुन्छ ।**


*(पृ.६४)*

यसरी पाँच भिन्न भिन्न खण्डमा कविताका मसिना मुक्तक रूमानी हाइकु र लामो कविताका माध्यमबाट मानिसमा देखिने बहुरङ्गी अवस्थालाई प्रस्तुत सङ्ग्रहभित्र समावेश गरेका छन् ।

## ४. नयाँ सालिकको जन्म

कथाकार वनमाली निराकारले नयाँ सालिकको जन्म (वि.सं. २०८०) सँगै आफनो लघुकथा-सङ्ग्रह सार्वजनिक गरेका छन् । भिन्न भिन्न भाव र परिवेश कथ्यमा रचित ३२ वटा लघुकथाहरूले नेपाल, नेपाली, नेपाली परम्परा, संस्कृति, राजनीतिक चिन्तनका साथै मानवीय जीवनशैलीमा आएका परिवर्तनका यथार्थलाई शब्दचित्रमा उतारेका छन् ।

हेप्पी फादर्स डे, विचरा बा पुस्तान्तर, दृश्यान्तर, बाकस, जीवन पग्लँदै छ, देश कहाँ जाला? जस्ता कथाहरूमा कथाकारले नेपाली जनजीवनका साश्वत अनि समसामयिक यथार्थलाई समेटेका छन् । सरकार, अपराध, मन्त्री भएपछि, प्रमुख अतिथिजस्ता कथाले वर्तमान सन्दर्भ र नेताहरूको यथार्थ स्थितिको चित्रण गरेका छन् । अझ लोकतन्त्र, गणतन्त्रको वास्तविक चित्रण गर्नमा अपराध कथा निकै सफल छ ।




यस संग्रहभित्रका ३२ वटै कथाले हाम्रो समाज, सामजिक स्थिति, राजनीतिक चरित्र, प्रशासनिक संयन्त्र, पारिवारिक कथा व्यथालाई चित्रित गरेका छन् । कथाहरू पढ्दै जाँदा कथाका चरित्र र उनीहरूका विशेषता हाम्रो समाज र देशभित्रका व्यक्तिहरूको चरित्र याद आउँछ । नयाँ सालिकको जन्म कथाबाट व्यक्तिहरूको चरित्र याद आउँछ । नयाँ सालिकको जन्मसँगै निराकारले लघुकथाका क्षेत्रमा नयाँ प्रवृत्ति भएका लघुकथा-सङ्ग्रहको पनि जन्म दिएका छन् ।

## ५. अर्चना

पार्वती शर्मा (निशा) द्वारा रचित सामाजिक आदर्शोन्मुख यथार्थवादी धारामा लेखिएको अर्चना उपन्यास हातमा परेको छ । यो उनको चौथो औपन्यासिक कृति हो । अहिलेका मान्छेले वर्तमानको मोजमस्तीलाई नै जीवनको लक्ष्य ठान्दछ । यसैबाट मानवजीवनमा परेको प्रत्युत्पादक प्रभावलाई यस उपन्यासमा चित्रण गरिएको छ ।





शहरी जीवनलाई सुखी र सुरक्षित ठान्दै भौतिक सम्पन्नतामा नै

सुखशान्ति, उन्नति र प्रगति सम्भव हुन्छ भन्ने ठान्ने अर्चनाले अपरिचित र छद्मभेषी विनयबाट सम्पूर्ण धन लुटिएर अलपत्र परेपछि आत्मालोचना गर्दै सम्पूर्ण सामाजिक अवस्थाको निरीक्षण गर्छे र हरेक मानिस आफै सचेत भएर वास्तविक धरातलमा उत्रनु पर्ने निष्कर्ष निकाल्छे । आफू परिवर्तन भएर पुनः ग्रामीण जीवनमा फर्कन्छे ।

उपन्यासकारले अर्चनाका माध्यमबाट वर्तमान युवापुस्ताका सोच, परिवर्तन, पतन वा उत्थानका स्थितिलाई चित्रण गर्दै मानिसले आत्मालोचना गरेर आफूलाई सुधार गर्न सके नेपाली समाज विकृति, विसङ्गतिबाट मुक्त हुँदै उन्नति र प्रगतिमा लाग्न सक्दछ भन्ने सकारात्मक तथा सुधारात्मक सन्देश यस उपन्यासले प्रस्तुत गरेको छ । यस्तै सन्दर्भमा कृति उत्कृष्ट छ ।

### ६. संगम





वामी विश्व सम्पर्क मञ्च अन्तर्राष्ट्रिय समन्वय समितिले संगम वर्ष १ (अंक१), २०८० प्रकाशित गरेको छ । तत्कालीन वामी गा. वि. स. मा जान्मिएर नेपालभित्र र बाहिरका विभिन्न स्थानहरूमा रोजगारी र अन्य सिलसिलामा छरिएर रहेका वामेली बन्धुहरूको साझा थलो नै 'वामी विश्व सर्म्पक मञ्च' हो । यसै मञ्चभित्र अन्तर्राष्ट्रिय समन्वय समिति पनि रहेको छ ।

संगमभित्र मन्तव्य र विवरणका प्रसङ्ग छोडेर विभिन्न २६ वटा लेख-रचनाहरू छन् । मुसिकोट नगरपालिका, महेन्द्र आदर्श माध्यमिक विद्यालय, व्यक्तिहरूका जीवनी, नौमती सांस्कृतिक समिति, वामी क्षेत्रको भौगोलिक र सांस्कृतिक परिवेशको समेत चित्रण गरिएको छ । केही सिर्जनात्मक रचनाहरू अनुभव अनुभूतिहरूको समेत सँगालो हो प्रस्तुत संगम पत्रिका ।

हाल मुसिकोट नगरपालिकाभित्र पर्ने वामी क्षेत्र गुल्मी जिल्लाको सदरमुकाम तम्घासपछिको पहिलो विकसित, शिक्षित र सम्पन्न क्षेत्र पनि हो । यो प्राकृतिक

स्रोत र सम्पदाको धनी स्थान पनि हो । यहाँको सेरोफेरोमा जन्मे हुर्केर यसैको सेरोफेरो र विश्वलाई कर्मक्षेत्र बनाएका वामेली बन्धुहरूको यो पौरख प्रशंसनीय छ ।

## ७. गुल्मी सन्देश




नेकपा (एमाले) गुल्मीको मुखपत्र (वर्ष १, अङ्क १, जेठ २०८१) हातमा परेको छ । नेपालको राजनीतिक इतिहासमा नेकपा (एमाले) गुल्मीले पनि लामो तथा गौरवपूर्ण इतिहास बोकेको छ । गुल्मी जिल्लाभित्र भए गरेका गतिविधि र कम्युनिष्ट आन्दोलनको इतिवृत्तका साथै विभिन्न लेख, रचना र ऐतिहासिक दस्तावेजहरू यसभित्रका उल्लेख्य पक्ष हुन् ।

समृद्धिका लागि संकल्प यात्राका क्रममा कमरेड केपी शर्मा ओलीले 'हाम्रो देश हामी नै बनाउँछौं' भन्ने मन्तव्य प्रतिवेदन र मिसन ग्रासरूटको लक्ष्य ५१ प्रतिशत विजय हो (प्रशिक्षण मन्तव्य) बाट गुल्मी सन्देश मुखपत्रको शुभारम्भ गरिएको छ । यसभित्र कम्युनिष्ट आन्दोलन र यसका लागि अविस्मरणीय योगदान दिने व्यक्तिहरूप्रति श्रद्धासुमन प्रकट गरिएको छ । गुल्मी जिल्लाको महिला आन्दोलन, अखिल नेपाल महिलासंघ, कृषक र कृषकका चुनैती, महिला नेतृत्व विकासलगायतका लेखरचनाहरू यसमा समावेश छन् । अन्त्यका दुईवटा लेखमा मदन भण्डारीलाई आश्रय दिने व्यक्तिहरूको सूची प्रस्तुत गरिएको छ । यसभित्रका सबै लेखहरू अत्यन्त उत्कृष्ट, सन्देशमूलक र प्रेरणादायी छन् ।

गुल्मी जिल्लाको राजनीतिक इतिहासमा नेकपा (एमाले) को विगत, वर्तमान र यसका गौरव गर्न लायक उपलब्धिहरूको सन्देश नै गुल्मी सन्देश हो । नेकपा एमाले गुल्मीको इतिवृत्त बुझ्न पत्रिका उत्कृष्ट छ ।

**- अकिञ्चन**

ooo

# ५० वर्षपहिलेका समाचार

## किरण पुस्तकालयमा लेखनाथ जयन्ती

तम्घास,

पौष शुक्ल एकादशीका दिन ताम्घास किरण पुस्तकलयको तत्त्वावधानमा एक समारोहको आयोजना गरी स्वर्गीय कविशिरोमणि लेखनाथ पौड्यालको स्मृतिमा श्रध्दाञ्जलि अर्पण गरियो ।

प्रवचनमा भेषबहादुर कुँवरले नेपाली साहित्यमा कविशिरोमणिको सेवा, उनका रचनाको वर्णन, उनको शैली तथा उनका कवितामा पाइने दर्शनको विषयमा बोल्नुभयो । शाखा अधिकृत श्री दीप्तिनारायण शर्माले नेपाली साहित्यमा उनले ल्याएको नयाँ क्रान्ति र कवि र कविको विषय समाजमा कविले देखाउने बाटो र विषयको परिचय दिंदै लेखनाथको नयाँ काव्य तरुण तपसीमा "मै खाऊँ; मै लाऊँ, सुख समल वा मोज म गरूँ" भन्ने सिलोकको व्याख्या गर्नुका साथै पिंजराको सुगा, बुद्धि विनोद, हितोपदेश आदिको पनि परिचय दिनुभएको थियो । सभा आयोजकबाट उनको विषयमा अरू नयाँ कुराको प्रकाश पारिएको थियो ।

समारोहको सभापतित्व पुस्तकालय सञ्चालक समितिका अध्यक्ष प्र.प. डिल्लीराज उपाध्यायले ग्रहण गर्नुभएको थियो । यस समारोहमा श्री ५ युवराजाधिराज वीरेन्द्र वीरविक्रम शाहादेवको २७ औं शुभ जम्मोत्सवको उपलक्ष्यमा दीर्घायु र सुस्वास्थ्यको कामना पनि गरिएको थियो ।

*– **साभार : 'दैनिक निर्णय'*** वर्ष ६, अङ्क ३९, २०२८ पुस २१ गते बुधबार

---

# गुल्मीमा शैक्षिक जागरण ल्याउन परिभ्रमण

रमेश विश्वकर्मा/हिटा
गुल्मी, ६ मंसिर



गुल्मीमा शैक्षिक जागरण ल्याउने उद्देश्यले पाँच दिनको परिभ्रमण कार्यक्रम सञ्चालनमा ल्याइएको छ । यस जिल्लाको इतिहास बोकेको ५६ वर्ष पुरानो

तम्घासस्थित किरण पुस्तकालयले साहित्यिक जागरण र पठन संस्कृतिको विकाससँगै शैक्षिक जागरण ल्याउन पाँच दिनको परिभ्रमण कार्यक्रम सञ्चालनमा ल्याएको बताइएको छ ।

यस पुस्तकालयद्वारा प्रकाशित **'हाम्रो पुरुषार्थ'** राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकासँगै हालसम्म पुस्तकालयले प्रकाशनमा ल्याएका विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरू लिएर यस जिल्लाका १२ वटै स्थानीय तह र जिल्लास्थित विभिन्न क्याम्पसहरूमा पुग्न लागिएको हो । विशेषगरी 'हाम्रो पुरुषार्थ'को प्रचारसँगै पत्रिकालाई विभिन्न स्थानमा पुऱ्याउने र यस जिल्लाको वर्तमान विकासका गतिविधिहरूको संक्षिप्त अध्ययन गर्न परिभ्रमण कार्यक्रम तय गरिएको किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीले बताउनुभयो ।

परिभ्रमणमा पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'का विभिन्न विशेषाङ्क र करिब ३० प्रकारका प्रकाशनहरूलाई विभिन्न स्थानमा पुऱ्याउने र वितरण गरिने छ । विशेषगरी गुल्मी जिल्लासँग सम्बन्धित तथा नेपाली भाषा, साहित्य र संस्कृतिसँग सम्बन्धित कृतिहरू लैजानुका साथै स्थानीय तहका जनप्रतिनिधि तथा अधिकृतहरू, शैक्षिक व्यक्तित्वहरू, क्याम्पसप्रमुखहरू, स्थानीय लेखक तथा कविहरूसँग पनि भेटघाट गरी विभिन्न विषयमा जानकारी लिन सकिने उहाँले बताउनुभयो ।

किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीको नेतृत्वमा उपाध्यक्ष दीन पन्थी, पुस्तकालयका सभासद् एवम् रेसुङ्गा बहुमुखी क्याम्पसका पूर्व क्याम्पसप्रमुख चन्द्रकान्त पन्थी र ढुण्डिराज पोखेल, पुस्तकालयका सहायक ग्रन्थपाल ज्ञानराज मरासिनीसहित पाँच सदस्यीय टोलीले जिल्ला भ्रमण गर्नुहुनेछ ।

२०३० सालदेखि वार्षिक रूपमा प्रकाशित हुँदै आएको 'हाम्रो पुरुषार्थ' २०३६ सालमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी अर्धवार्षिक रूपमा निरन्तर रूपमा प्रकाशित गर्दै २०७० सालदेखि त्रैमासिक रूपमा प्रकाशित गरिएको छ । हालसम्म १०३ अङ्क प्रकाशनमा ल्याइएको छ । यस पत्रिकामार्फत नेपाली भाषा, साहित्य, संस्कृतिको उत्थान र विकास गर्नुका साथै पुराना प्रतिभालाई कदर र नयाँ प्रतिभालाई स्थान दिइएको छ ।

***– साभार : 'हिमालय टाइम्स'***

वर्ष २९, अङ्क ३१९, २०८१ मंसिर ७ गते शुक्रबार

**ooo**

# हाम्रो पुरुषार्थको एक सय तीन अङ्क पढिसकेपछि

गत महिना आफ्नो प्यारो जन्मभूमिको संक्षिप्त भ्रमणको अवसर मिल्यो । फर्किंदा कोसेलीको रूपमा हाम्रो पुरुषार्थको एक सय तीन अङ्कको प्रति हात लाग्यो । गुल्मी जिल्लामा मात्र होइन नेपाल र प्रवासमा पनि हजारौं पाठक रहेका हाम्रो पुरुषार्थका सबै अङ्क प्रायः पठनीय र संग्रहणीय रहने गरेका छन् । मेरो हातमा रहेको १०३ औं अङ्कका सबै लेख रचनाहरू सर्सती पढें । ५१ वर्षअघिदेखि निरन्तर प्रकाशन हुँदै आएको यो पत्रिका मूलतः साहित्यिक पत्रिका हो । यति धेरै वर्षमा वार्षिक, अर्धवार्षिक, त्रैमासिक हुँदै अहिलेसम्म जम्मा १०३ अङ्क प्रकाशित भएका रहेछन् ।

सिकारू पाठकको हैसियतमा यस अंङ्कमा रहेका सबै रचनाहरू पढ्नयोग्य पाएँ । प्रस्तुत अंङ्कमा **निरन्तर शिक्षाका लागि पुस्तकालय** शीर्षकमा सम्पादकीय छापिएको रहेछ । शिक्षा क्षेत्रको विकासमा शैक्षिक संस्थाका साथै पुस्तकालयहरूको भूमिका सदैव उच्च रहेको छ । प्रस्तुत सम्पादकीयले पनि यही कुरामा जोड दिएको पाएँ । पत्रिकाको शुरूतिर अमेरिकाको नेवाडा विश्वविद्यालयमा कम्प्यूटर विज्ञान विषयमा प्राध्यापन गर्ने प्रा.डा. लक्ष्मी ज्ञवालीज्यूको अन्तर्वार्ता छापिएको रहेछ । आफू पनि सोही विषयको विद्यार्थी भएको नाताले उहाँका संघर्ष, लगनशीलताले त्यो उचाइ प्राप्त गर्न सक्नुभएको रहेछ । गुल्मीको थोर्गामा जन्मेर नेवाडा जस्तो शैक्षिक संस्थामा प्राध्यापन गर्नु चानचुने कुरा थिएन । आफूलाई सगौरव गुल्मेली माटोको हिस्सा बताउने उहाँले जागिरे जीवनको अवकाशपछि ६ महिना नेपाल र ६ महिना अमेरिका बस्ने विचार गर्नुभएको रहेछ । सँगै उडान समय ६ घण्टा भइदिए जाती हुने कुरा गर्नुभएको रहेछ । लामो र पट्यार लाग्दो हवाइ उडानबाट दिक्क लागेर होला तर वर्तमान समयमा त्यो कुरा भने संभव देखिदैन, पछि त विज्ञानको चमत्कारले अहिलेको भन्दा उडान समय थोरै हुन सक्ला । जे होस् लक्ष्मी सरको अन्तर्वार्ता रोचक र प्रेरणादायी रहेको छ ।

सोही अंकमा प्रा.डा. कृष्णचन्द्र शर्माको प्रा. लुसियन गोल्डम्यानको साहित्यको मोडेल : जेनेटिक स्ट्रकचरालिस्म (गोल्डम्यानको पद्धति) शीर्षकको लेख प्रकाशन भएको छ । उक्त लेख गम्भीर पाठकको लागि राम्रो खुराक हुन सक्दछ । श्राद्धसम्बन्धमा केही जानकारी शीर्षकमा डा. लक्ष्मीकान्त पन्थीको लेख पनि पठनीय रहेको पाएँ । पितृतर्पणको महत्त्व सो लेखमा बुझाइएको छ । श्राद्ध कसरी र किन गर्ने विस्तृत रूपमा उल्लेख रहेको छ । यसैगरी प्रस्तुत अङ्कमा

किसुनजी र स्वप्नभङ्ग शीर्षकमा हरिराज भट्टराईको लेख छापिएको रहेछ । तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले पुस्तक विमोचनका लागि समय दिन नसकिने आसयमा बताउनुभएको कुरा मननीय रहेको लाग्यो । देशको प्रधानमन्त्री जस्तो व्यक्तिलाई लोकार्पण, विमोचन जस्ता सामान्य काममा लगाउनु उचित हुँदैन । यस्तो शिक्षा अरूले पनि सिक्नु पर्ने हो । यस अंकमा नेपालका प्रथम जगत्गुरु र कुम्भ मेला शीर्षकमा तेजनिधि पौडेलको लेख प्रकाशन भएको छ । यसै गरी डा. हरिप्रसाद घिमिरेको हो कि भैं अलका कविता–संग्रहमा बिम्बको प्रयोग शीर्षकमा छापिएको लेखमा मूलतः कवितासङ्ग्रहमा प्रयोग भएका बिम्बहरूको समीक्षा गरिएको छ । डा. श्यामप्रसाद न्यौपानेको उक्त कविता सङ्ग्रहको समीक्षा साहित्यिक पाठकका लागि राम्रो खुराक हुन सक्दछ । दीन पन्थीको लेनदेन शीर्षकको सूत्रनिबन्ध पठनीय र रोचक लाग्यो । धन्न गुण्डाको फन्दामा फसिएन भन्दै हुमकला पौडेलको अनुभव पनि रोचक लाग्यो ।

हाम्रो पुरुषार्थको प्रस्तुत अंकमा ७ वटा कथा/लघुकथा छापिएका छन् । ओ.हेनरी द्वारा लेखिएको मेजाईको उपहार अमेरिकी कथा प्रकाशित भएको छ । प्रसिद्ध साहित्यकार ओ.हेनरीको कथालाई नेपाली भाषामा अनुवाद गरेर जयदेव गौतमजीले प्रशंसनीय काम गर्नुभएको छ । विदेशी लेखकका रचनाहरू नेपाली भाषामा अनुवाद गरेर नियमित रूपमा प्रकाशित गर्ने व्यवस्था गरेमा नेपाली पाठकहरूलाई लाभ पुग्ने थियो । यसैगरी नाता–कल्पना पौडेल जिज्ञासु, मलाई नमान्ने - धनराज गिरी, चमजुम्रो - शेखर अर्याल,अनौ भांचिएपछि - दर्गादत्त पौडेल,अमूल्य उपहार - मित्र उराठी गौतम र किलो सेरा - २ - रमेश ज्ञवालीका कथा/लघुकथा छापिएका छन् । प्रायशः कथा विधामा नवोदित लेखकहरूका रचना समावेश गरेर हाम्रो पुरुषार्थले हौसला दिएको पाएँ । आगामी दिनमा पनि उदीयमान लेखकका रचनाहरू यसरी नै प्रकाशित हुँदै जाऊन् ।

हाम्रो पुरुषार्थको प्रस्तुत अंङ्कमा १३ थान गीत/कविता/गजल/मुक्तकहरू समावेश गरिएको रहेछ । यसमा स्थापित र सशक्त कविहरूका मनग्य गजल,कविताहरू पढ्न पाइन्छ । बूँद राना, नारद गौतम, रामप्रसाद पन्थीलगायतका रचनाहरू पठनीय रहेका छन् ।

यसबाहेक पत्रिकाका नियमित स्थायी स्तम्भहरू पनि समावेश गरिएका छन् । पचास वर्ष पहिलेको समाचार – दैनिक निर्णय (२०२८ वैशाख ४) समावेश गरेर प्रशंसनीय काम भएको रहेछ । यसैगरी आगामी अंकहरूमा पनि नियमित रूपमा किरण पुस्तकालय र हाम्रो पुरुषार्थबारे छापिएका सामग्रीहरू समावेश गर्दै जानुहुने अपेक्षा राख्दछु । हाम्रो पुरुषार्थको निरन्तर प्रगति र विकास हुँदै जाओस् भन्ने कामना गर्दछु ।

**सुवास मरासिनी,** फेयरफक्स, भर्जिनिया, अमेरिका

ooo

# हार्दिक अनुरोध !

- गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर, व्यवसाय करलागयत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिताअनुसार नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न हुने फोहरलाई उचित व्यवस्थापन गरी सफा, सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
- खाद्य पदार्थहरूमा विषादिको प्रयोग नगरौं ।
- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

# कालीगण्डकी गाउँपालिका

पूर्तिघाट, गुल्मी

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय



**आजीवन सदस्य**

नाम : **हरिनारायण सापकोटा**
जन्ममिति : २०२२/०१/२५
ना.नं. : ४०२
मातापिता : रूक्मिणी/झुन्जलाल सापकोटा
पत्नी : वसुन्धरा (सावित्रा) सापकोटा
शिक्षा : बी.एल्. एम्.ए.
मो.नं. : ९८६३१९४९२८
इमेल : sapkotahn27@gmail.com
ठेगाना : मुसिकोट न.पा.-७, वामीटक्सार, परूवा, गुल्मी ।
अभिरुचि : समाजसेवा
संलग्नता : सल्लाहकार - रुद्रावती क्याम्पस, वामीटक्सार, पूर्व अध्यक्ष - वामी गा.वि.स., पूर्व सदस्य - जिल्ला विकास समिति, पूर्व अध्यक्ष - ने.वि.सं., गुल्मी, पूर्व सचिव - नेपाली काँग्रेस, गुल्मी, पूर्व अध्यक्ष - महेन्द्र आदर्श माध्यमिक विद्यालय, वामीटक्सार, गुल्मी ।

---



नाम : **योगराज कँडेल शर्मा**
जन्ममिति : २०३१/०४/०८
ना.नं. : ५१२, गुल्मी
मातापिता : नरमदा/खिमानन्द कँडेल
पत्नी : शोभा पाण्डेय कँडेल शर्मा
शिक्षा : बी.एस्सी., एम्.बी.ए., एम्.ए.,
एफ.डी. (एफ्.ए., अमेरिका)
मो.नं. : ९८५१०२९३३३
इमेल : yograjkandelsharma@gmail.com
ठेगाना : छत्रकोट-४, गुल्मी, लुम्बिनी, नेपाल
हाल : काठमाडौं-१०, वागमती, नेपाल
संलग्नता : मौसम विज्ञान र मौसम सेवा,
सदस्य - नेपाली काँग्रेस, जिल्ला कार्य समिति, गुल्मी ।
अभिरुचि : पर्यटन, खेलकूद र शिक्षा
अन्य : गुल्मेली हुनुमा गर्व गर्ने व्यक्ति ।



नाम : **डिलाराम आचार्य**
जन्ममिति : २००९/०१/१३
मातापिता : डिलकुमारी/डिलाराम आचार्य
पत्नी : भीमकुमारी आचार्य
सन्तान : २ छोरा, १ छोरी
मो.नं. : ९८४१०४६२६३
ठेगाना : मुसिकोट न.पा.-१, पौंदीअमराई, गुल्मी
हाल : नागार्जुन-२, देवनगर, काठमाडौं
पेशा : समाजसेवा
रुचि : अवलोकन, भ्रमण
भ्रमण : भारत, अमेरिका, बेलायत
संलग्नता : क्रियाशील सदस्य - नेपाली काँग्रेस, विभिन्न संघसंस्थामा संलग्न
आबद्धता : सामुदायिक वन उपभोक्ता समितिमा ८ वर्ष अध्यक्ष (संस्थापक), व्यक्तिगत लगानीमा २०६७ सालमा काशी बालुवामा पौवा निर्माण, पौंदीअमराई, गुल्मी, रेडक्रस सोसाइटीको सदस्य, खानेपानीको प्रतिनिधि, सदस्य - जनज्योति मा. वि., भवन निर्माण समिति, सदस्य - जगदम्बा भगवती कालिका माई मन्दिर ।

---



नाम : **घनश्याम पराजुली**
जन्ममिति : २०४०/०४/२१
मातापिता : बागमती/जितबहादुर पराजुली
पत्नी : अमृता पराजुली
शिक्षा : स्नातक
मो.नं. : ९८४७१०४२७६
इमेल : smartdesignprint2078@gmail.com
ठेगाना : रेसुङ्गा-२, उधिनढुङ्गा, तम्घास, गुल्मी ।
संलग्नता : भारतीय सेनाबाट सेवा निवृत्त ।
पेशा : व्यापार, ग्राफिक डिजाइन, नेटवर्किङ्ग ।
रुचि : समाजसेवा, भ्रमण ।



नाम : **पुष्पराज पोखरेल**
जन्ममिति : १९८५/०८/२२
ना.नं. : १४९३/२७०
मातापिता : तुलसादेवी/पदमप्रसाद पोखरेल
पत्नी : मधुकुमारी पोखरेल
शिक्षा : श्रीमद्भागवत गीता, महाभारत, पक्षपातरहित अनुभव प्रकाश, अध्यात्म रामायण आदि ।
सन्तान : छोरा २, छोरी ३
मो.नं. : ९८४०७००३२०
ठेगाना : गोरखा छोप्राक, साहू गाम, जैसीथोक, वडा नं. ४, सिरानचोक ।

---

**हाम्रो पुरुषार्थका आजीवन/स्थायी ग्राहकहरूको नामावली**

## आजीवन ग्राहक

| क्र.सं. ग्राहकको नाम | ठेगाना |
|---|---|
| ९६५. प्रदीप पौडेल | छत्रदेव गाउँपालिका-८, बेताहारी, अर्घाखाँची । मो.नं.: ९८४१०३४४६४ |
| ९६६. डिलाराम आचार्य | मुसिकोट नगरपालिका-१, पौंदीअमराई, गुल्मी । हाल - नागार्जुन-२, देवनगर, काठमाडौं । मो.नं.: ९८४००४६२६३ |
| ९६७. घनश्याम पराजुली | रेसुङ्गा नगरपालिका-२, उधिनढुङ्गा, गुल्मी । मो.नं.: ९८४७१०४२७६ |
| ९६८. योगराज कँडेल शर्मा | छत्रकोट-४, गुल्मी ।हाल-काठमाडौं - १०, काठमाडौं। मो.नं.: ९८५१०२९३३३ |
| ९६९. पुष्पराज पोखरेल | गोरखा छोप्राक, साहू गाम जैसीथोक वडा नं. ४, सिरानचोक । मो.नं. : ९८४०७००३२० |

## स्थायी ग्राहक

**क्र.सं. ग्राहकको नाम ठेगाना**

६२. रानीपोखरी आधारभूत विद्यालय, रेसुङ्गा-१२, उर्लेनी, गुल्मी ।
६३. रिडी बहुमुखी क्याम्पस रुरुक्षेत्र-१, रिडी, गुल्मी ।
६४. चक्रेश्वर इङ्गलिस बोर्डिङ्ग स्कूल (सेब्स), चन्द्रकोट-४, शान्तिपुर, गुल्मी ।
६५. भानु सेकेण्डरी बोर्डिङ्ग स्कूल, चन्द्रकोट-३, हरिचौर, गुल्मी ।
६६. ज्ञानोदय नमूना माध्यमिक विद्यालय, चन्द्रकोट-८, तुराङ, मजुवा, गुल्मी ।
६७. महेन्द्र आदर्श माध्यमिक विद्यालय, मुसिकोट-७, वामीटक्सार, गुल्मी ।
६८. त्रिभुवन माध्यमिक विद्यालय, मुसिकोट-६, भुवाचिदी, कुर्घा, गुल्मी ।

ooo




पठन संस्कृतिको विकास परिभ्रमणको सिलसिलामा पश्चिम नेपालकै सबैभन्दा पुरानो रिडी संस्कृत तथा साधारण माध्यमिक विद्यालय, रुरुक्षेत्र–१, रिडीका शिक्षक तथा छात्रहरूसँग परिभ्रमण टोली ।



पठन संस्कृतिको विकास परिभ्रमणको सन्दर्भमा
सरस्वती माध्यमिक विद्यालय, सूर्यथुम, अर्घाखाँचीमा पुस्तक हस्तान्तरण गरिंदै ।



पठन संस्कृतिको विकास परिभ्रमणको सिलसिलामा संस्कृत व्याकरणका प्रणेता महर्षि पाणिनिको तपोभूमि खिदिमस्थित हरिहर संस्कृत तथा साधारण माध्यमिक विद्यालयका शिक्षकहरूसँग भ्रमण टोली ।

# भारतीय नेपाली साहित्य र साहित्यकारहरू सम्बन्धी लेख–रचना पठाउनुहोस् ।

किरण पुस्तकालय, तम्घास, गुल्मीबाट प्रकाशित राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका

**‘हाम्रो पुरुषार्थ’ को सम्पूर्णाङ्क १०५,**

२०८१ सालको चैत्रमा

## भारतीय नेपाली साहित्य र साहित्यकार

विशेषाङ्कको रूपमा निस्कँदै छ । उक्त अङ्कका लागि २०८१ साल माघ महिनाभित्रमा भारतीय नेपाली साहित्य र साहित्यकारहरूको बारेमा लेखिएका आफ्ना बहुमूल्य लेख–रचनाहरू पठाई सहयोग गर्नुहुन हार्दिक अनुरोध छ ।

## हाम्रो पुरुषार्थ

## किरण पुस्तकालय

तम्घास, गुल्मी

सम्पर्क नं.: ०७९–५२०२८७, ९७६९२७७८७

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

मुद्रशिला प्रिन्टर्स, गुल्मी (५३०४५०)